
पाँचौ
संस्करण



गौतम बुद्ध

जीवनी, उपदेश र सिद्धान्त

गौतम बुद्ध

जीवनी, उपदेश र सिद्धान्त

आनन्द श्रीकृष्ण

सम्पादक/अनुवादक
ललिजन रावल

BN Pustak Sansar Pvt.Ltd.
Adwaitmarg, Bagbazar, ktm. +977-01-4233874
Email:info@bnpustaksansar.com
www.bnpustaksansar.com

गौतम बुद्ध : जीवनी, उपदेश र सिद्धान्त

लेखक/सम्पादक : ललिजन रावल

प्रकाशक : बी. एन. पुस्तक संसार प्रा.लि.
अद्वैतमार्ग, वागबजार, काठमाडौँ नेपाल
फोन नं. ०१-४२३३८७४
Email : info@bnpustaksansar.com
Webisit : bnpustaksansar.com

संस्करण : २०७० भदौ

ले-आउट/अवरण : फाइन आर्ट सेन्टर
अद्वैतमार्ग, वागवजार, काठमाडौँ
सम्पर्क : ९८४१३६७७४९

मुद्रक : सुजल अफसेट प्रेस
मूल्य : रु २२५/-

प्रथम अध्याय

सिद्धार्थबाट बुद्ध

ईसापूर्व छैठौं शताब्दीमा नेपालमा शाक्यवंशीहरूको एक गणराज्य थियो । तत्कालीन समयमा वज्जी, मल्ल आदि मानिसहरूका गणतन्त्र राज्य विद्यमान थिए । एक अथवा अनेक गाउँहरूको सर्वाधिकारी जमिनदार जसलाई राजा भनिन्थ्यो, उनीहरूमध्ये कुनै एकलाई महाराजा छान्थे र उसको अनुरोधले आफ्नो राज्य चलाउँथे । विशेष अवसरहरूमा महाराजले सबै राजाहरूको अनुमति लिनु पर्थ्यो । शाक्यहरूको राज्य पनि यसै प्रकारको थियो । राज्यको शासनव्यवस्था जनतान्त्रिक थियो र शाक्य परिवार एक-अर्कोपछि क्रमशः शासन गर्थे । कपिलवस्तु उनीहरूको राजधानी थियो ।

कपिलवस्तुमा सिंह-हनुका शुद्धोदन, धौतोदन, शुक्लोदन, शाक्योदन र अमितोदन नाम गरेका पाँच पुत्र र अमिता एवम् प्रतिमा- यी दुई पुत्री थिए । आफ्नो पालो आएपछि शुद्धोदन राजगद्दीमा बसे । शुद्धोदनको विवाह देवदहनिवासी कोलीय वंशका अंज्जन र सुलक्षणाकी पुत्री महामायासँग भएको थियो ।

महामाया सुत्केरी हुनका लागि आफ्नो माइती जाँदै थिइन्, बाटोमा पर्ने लुम्बिनी वन पुग्दानपुग्दै उनलाई प्रसवपीडा हुन थाल्यो, त्यहीं प्रसूतिको व्यवस्था मिलाइयो । यस प्रकार महामायाको गर्भबाट ई.पू. ५६३ बैशाख पूर्णिमाका दिन सालका वृक्षहरूले घेरिएको लुम्बिनी वनमा गौतम बुद्धको जन्म भयो । उनको बाल्यावस्थाको नाम सिद्धार्थ गौतम थियो । सिद्धार्थको अर्थ हो मनोकामना पूर्ण हुनु र गौतम उनको कुलनाम थियो ।

सिद्धार्थको जन्म भएको सातौं दिनमा माता महामायाको देहावसान भयो । सिद्धार्थको पालनपोषण उनकी ठूली आमा महाप्रजापति गौतमीले गरेकी थिइन् ।

महाप्रजापति गौतमी, महामायाकी दिदी र राजा शुद्धोदनकी दोस्रो पत्नी थिइन् ।

आठ वर्षको उमेर भएपछि सिद्धार्थको शिक्षा आरम्भ भयो । सिद्धार्थ बाल्यकालदेखि नै कुशाग्र बुद्धिका धनी थिए र खूब मन लगाएर पढाइ गर्थे । उनका शिक्षक उनको सिक्ने प्रवृत्तिबाट निकै प्रभावित हुन्थे । सिद्धार्थ साहित्य, सङ्गीत, धनुर्विद्या, उत्तम लेखन, खेलकुद आदिमा प्रवीण थिए ।

सिद्धार्थलाई शारीरिक श्रमसँग कुनै किसिमको अरूचि थिएन । वप्रमङ्गल उत्सव (धान छर्ने पहिलो दिन मनाइने उत्सव जसमा हरशाक्यले आफ्नो हातले हलो जोत्नु पर्थ्यो) को समयमा उनी स्वयम् हलो जोत्ने गर्थे । उनका पिता राजा शुद्धोदनसँग धेरै खेतहरू थिए । एक दिन आफ्ना केही मित्रहरूसहित सिद्धार्थ आफ्नो पिताको खेतमा गए । त्यहाँ उनले देखे कि मजदूरहरू खेतमा काम गरिरहेका छन् । तर उनीहरूका शरीरमा पर्याप्त लुगा पनि थिएनन् । उनीहरूलाई सूर्यको तातो रापले पोलिरहेको थियो । यस दृश्यले सिद्धार्थको कोमल मनमा गहिरो प्रभाव पर्‍यो । उनको मनमा यो प्रश्न उठ्यो कि मजदूरले मिहिनेत गर्ने र मालिक उनीहरूको मजदूरीमाथि मोजमस्ती गर्ने, यो कसरी ठीक हुन सक्छ ? एउटा मानिसले अर्को मानिसको शोषण गर्नु, के यसलाई ठीक भनिन्छ ?

प्रथम ध्यान

नौ वर्षको उमेरमा उनी एक पटक वप्रमङ्गल उत्सवमा गए । उत्सव चलिरहेको बेला उनी एउटा खेतमा भएको जामुनोको वृक्षको छायामा आए र पलेटी कसेर बसे । ढाडलाई सीधा पारेर, आँखा चिम्लेर उनी आफ्नो नाकबाट भित्र-बाहिर भइरहेको सासलाई हेर्न थाले । सहज-स्वभाविक सासलाई हेर्दाहेर्दै उनी गहन ध्यानावस्थामा पुगे । उत्सव समाप्त भएपछि सिद्धार्थलाई ध्यानावस्थामा देखेर राजा शुद्धोधन चिन्तित भए ।

सिद्धार्थ स्वाभावले दयालु थिए । एउटा मानिसको अर्को मानिसद्वारा हुने शोषण उनलाई राम्रो लाग्दैनथ्यो । हिंसाबाट उनी टाढै बस्थे । कसैले शिकार खेल्न जाऊँ भन्दा उनी एकै शब्दमा जान्न भनिदिन्थे । सिद्धार्थको भनाई थियो कि उनी निर्दोष प्राणीहरूको हत्याको भागी बन्न चाहँदैनन् । उनी एक क्षत्रिय हुन र लड्नु उनको धर्म हो भन्ने आमा गौतमीको तर्क सुनेपछि सिद्धार्थ सोध्थे- आमा, यो त बताऊ कि मानिसले मानिसलाई मार्नु एक मानिसको धर्म कसरी हुन सक्छ ? सिद्धार्थ सोध्थे- आमा, यदि सबै क्षत्रियहरूले परस्पर एक-अर्कालाई प्रेम गरे भने

के नकाटिएर, नमरेर उनीहरूको राष्ट्रको संरक्षण गर्न सक्दैनन् ? उनका यी तार्किक प्रश्नहरूको जवाफ कसैसँग थिएन ।

एक पटक एउटा घाइते पंक्षी उनको काखमा खस्यो । उनले त्यसलाई उठाए र त्यसको उपचार गरे । त्यसैबेला उनको भाइ देवदत्त त्यहाँ आइपुग्यो । उसले भन्यो कि शिकारको नियमअनुसार जसले पंक्षीलाई मार्छ ऊ नै मालिक हुन्छ, यसैले ऊ नै त्यस पंक्षीको मालिक हो । सिद्धार्थको भनाइ थियो कि देवदत्तको आधार नै सर्वथा गलत छ । जसले कसैको रक्षा गर्छ त्यो नै उसको मालिक हुन सक्छ । हत्यारा कसरी कसैको मालिक हुन सक्छ ? मामिला राज न्यायालयसम्म पुग्यो । न्यायालयले सिद्धार्थको तर्कलाई मान्यो र सिद्धार्थको पक्षमा निर्णय सुनायो ।

राजसी जीवनको प्रलोभन

सोह्र वर्षको उमेरमा सिद्धार्थको विवाह दण्डपाणि कोलियकी सोह्र वर्षिया पुत्री यशोधरासँग भयो, जो आफ्नो सौन्दर्य र शीलका लागि प्रसिद्ध थिइन् । विवाहको निकै समयपछि यशोधराले एक पुत्रलाई जन्म दिइन् जसको नाम राहुल राखियो । यशोधरा पालि साहित्यमा 'राहुलमाता' को नामले पनि परिचित छिन् । सिद्धार्थ प्रेमपूर्वक उनलाई 'गोपा' भनेर बोलाउँथे ।

सुखी वैवाहिक र राजसी जीवन भोग्दाभोग्दै पनि सिद्धार्थ चिन्तनमनन गरिरहन्थे कि आखिर दुनियाँमा यति दुःख किन छ ? किन बलिया मानिसहरू गरीबहरूको शोषण गर्छन् ? किन मानिसहरू आपसमा लड्छन् ?

चिन्तनशील र विचारमग्न सिद्धार्थलाई देखेर महाराज शुद्धोदन चिन्तित हुन पुग्थे कि कतै उनको छोरा सिद्धार्थ सन्न्यासी नबनिहालोस्, यसैले उनले सिद्धार्थलाई कामयोगहरूको बन्धनमा बाँध्नलाई पूरै कोसिस गरे । उनले भोगविलासका साधनहरूले सुसज्जित गर्मी, बर्षात् र जाडो यामका लागि तीनवटा अलग-अलग महल बनाउन लगाए । तिनमा एक नौ तल्ले, दोस्रो सात तले र तेस्रो पाँच तले थियो । चवालीस हजार सुन्दरीहरूले परिपूर्ण अन्तःपुर बनाउन लगाए र आफ्नो प्रधानमन्त्री उदायीलाई भने कि ती सुन्दरीहरूसँग सिद्धार्थको हृदय जित्नलाई भनुन् । सबै सुन्दरीहरूले मिलेर आफ्ना भावभङ्गी र हाउभाउले सिद्धार्थलाई मोहित गर्नलाई पूरै प्रयास गरे । तर तिनीहरू सिद्धार्थ गौतमलाई काम-भोगको बन्धनमा बाँध्न पूरै किसिमले असफल रहे ।

उदायीले बुझिहाल्यो कि तरुनीहरू असफल भएका छन् र राजकुमारले उनीहरूमा कुनै रुचि लिएनन् । नीतिकुशल उदायीले राजकुमारसँग स्वयम् कुरा गर्ने विचार गऱ्यो । राजकुमारसँग एकान्तमा उदायीले भन्यो-

"म एक मित्रको हैसियतले नै तपाईंसँग दुईटा कुरा गर्न चाहन्छु... । कामलाई नै सर्वप्रथम पुरुषार्थ मानेर, प्राचीनकालमा, इन्द्रसम्मले गौतम ऋषिकी पत्नी अहिल्यालाई अँगालोमा हाले । यस्तै प्रकारले अगस्त्य ऋषिले पनि चन्द्रमाकी पत्नी रोहिणीका साथ रमण गरे र श्रुतिअनुसार लोपमुद्राका साथमा पनि यही बित्यो । औतथ्य-पत्नी मरूतकी पुत्री ममताका साथ ऋषि वृहस्पतिले सम्भोग गरे र भारद्वाजलाई जन्म दिए । अर्ध्य अर्पण गर्दै गरेकी वृहस्पतिकी पत्नीलाई चन्द्रमाले ग्रहण गऱ्यो र दिव्य बुधलाई जन्म दियो । यसै प्रकारले पुरातन समयमा पराशर ऋषिले यमुना नदीको किनारमा वरुणपुत्रको छोरी कालीसँग सहवास गरे । वशिष्ट ऋषिले अक्षमाला नाम गरेकी स्त्रीसँग सहवास गरे र कपिंजलाद नामक पुत्रलाई जन्म दिए । र उमेर ढल्किसकेका राजर्षि ययातिले पनि चैत्ररथ वनमा अप्सरा विश्वाचीका साथ सम्भोग गरे । आफ्नी पत्नीसँग सहवास गर्दा आफ्नो मृत्यु हुनेछ भन्ने कुरा थाहा हुँदाहुँदै पनि कौरव-नरेश पाण्डु आफ्नी पत्नी माद्रीको रूप र गुणहरूमा मुग्ध भएर सहवासबाट भाग्न सकेनन् । यस प्रकारका महान् पुरुषहरूसम्मले जुगुप्सित कामभोगहरूको सेवन गरेका छन् । अनि प्रशंसनीय काम-भोगहरूको सेवनमा दोष नै के छ ? यो सबै हुँदा-हुँदै पनि, आश्चर्य लाग्छ कि शक्ति, तारुण्य र सौन्दर्यले सम्पन्न तपाईं ती काम-भोगहरूको उपेक्षा गर्दै हुनुहुन्छ जसमाथि न्यायत: तपाईंको अधिकार छ र जसमा सम्पूर्ण जगत आसक्त छ ।"

राजकुमारले उत्तर दिए- "म संसारका विषयहरूको अवज्ञा गर्दिनँ । मलाई थाहा छ कि सम्पूर्ण जगत यिनमै आसक्त छ । तर मलाई यो थाहा छ कि सारा संसार अनित्य छ, यसैले मेरो मन तिनमा रमण गर्दैन । यदि यो स्त्री-सौन्दर्य स्थायी रहन्छ भने पनि यो कुनै बुद्धिमान मानिसको योग्य होइन कि उसको मन विषयहरूमा रमण गरोस् । र जहाँसम्म तपाईं भन्नुहुन्छ कि ठूलाठूला महात्माहरू पनि विषयहरू वशीभूतमा भएका छन्, त्यसो हुँदा पनि उनीहरू यस विषयमा प्रमाण होइनन् किनकि अन्तमा उनीहरू पनि नाश भएका छन् । जहाँ नाश छ त्यहाँ वास्तविक महानता छैन, जहाँ विषयासक्ति छ त्यहाँ वास्तविक महानता छैन, जहाँ असंयम छ त्यहाँ वास्तविक महानता छैन । र यो जुन तपाईंको भनाइ छ कि बाहिरी मनले नै स्त्रीहरूलाई स्नेह गर्नु पर्छ, यदि यो दक्षताका साथ हुन्छ भने

पनि मलाई यो रुचिकर छैन । यदि यो यथार्थ होइन भने मलाई स्त्रीहरूको इच्छाअनुसार अनुसरण पनि प्रिय छैन । यदि मानिसको मन त्यसमा छैन भने यस्तो अनुसरणमाथि पनि धिक्कार छ । जहाँ रागको बाहुल्यता छ, जहाँ मिथ्या तत्वमा विश्वास छ, जहाँ असीम आसक्ति छ र जहाँ विषयहरूको दोषको यथार्थ दर्शन छैन- यस्तो ठगीमा पनि के राखिएको छ ? र यदि रागको वशीभूत भएका प्राणी परस्पर एक-अर्कालाई ठग्छन् भने के यस्ता पुरुष पनि यस योग्य छैनन् कि स्त्रीहरू उनीहरूतिर हेर्नसम्म नहेरुन् र के स्त्रीहरू पनि यस योग्य छैनन् कि पुरुषहरू उनीहरूतिर हेर्नसम्म नहेरुन् ? किनकि यो सबै यस्तै हो, यसैले मलाई विश्वास छ कि तपाईं मलाई विषय-भोगको अभद्र कुपथमा लिएर जानुहुने छैन ।"

राजकुमारको सुनिश्चित दृढ सङ्कल्पले उदायीलाई निरुत्तर बनाइदियो । उसले बुझ्न सकिरहेको थिएन कि के गरोस् ? उसले सारा वृत्तान्त गएर राजालाई सुनायो । जब शुद्धोदनलाई यो थाहा भयो कि उनको चित्त कुन प्रकारले विषयहरूबाट सर्वथा विमुख छ, त्यसपछि उनलाई रातभरि निद्रा लागेन । राजा सोचिरहन्थे कि कुन तरिकाले सिद्धार्थलाई राजसी भोगविलासमा व्यस्त राख्न सकिन्छ ।

सिद्धार्थ पालैपालो मौसम बदलिएअनुसार निर्धारित राजमहलहरूमा बस्थे । उनी पत्नीसहित जनताहरूको बीचमा जान्थे र यथासम्भव उनीहरूका दुःख, कष्टहरूलाई हटाउने कोसिस गर्ने गर्थे । समाजसेवामा उनको निकै नाम चलेको थियो । राजा शुद्धोदनलाई अब यो आस लाग्न थालेको थियो कि उनका पुत्र सिद्धार्थ अब त्यस मार्गमा हिँड्न थालेका छन्, जो उनी चाहन्थे । आफ्नो पुत्र र बुहारीको सतत् सुखद मनोरञ्जनलाई ध्यान दिएर उनले सर्वोत्तम सङ्गीतकारहरू र नर्तकीहरूको चयन गरेका थिए । तर सिद्धार्थमात्र होइन यशोधरा पनि यस धन-वैभव र विलासितापूर्ण माहौलबाट प्रभावित थिएनन् । उनीहरू एक-अर्काको आन्तरिक मनोभावहरूलाई बुझेर अगाडि बढ्थे । आध्यात्मिक प्रश्नहरूको उत्तर पाउनु र समाजमा नयाँ व्यवस्थाको स्थापना गर्नु उनीहरू दुवैको उद्देश्य थियो ।

एक पटक गर्मीको मौसममा सिद्धार्थ ग्रीष्मकालीन राजमहलमा गए । उनले पत्नी यशोधरालाई पूरा राज्य देखाए । उनी प्रत्येक स्थानमा कैयौं दिनसम्म रोकिए । कहिलेकाहीं गाउँलेहरूका घरमा पनि बसे । उनीहरूका साथमा भोजन गरे, उनीहरूका खाटमा सुते । उनले घुमीघुमी प्रत्येक स्थानका जीवनचर्या र

परम्पराहरूको अध्ययन गरे । उनले गरिबभन्दा गरिब परिवारलाई भेटे । यस्ता परिवारहरूलाई, जहाँ नौ-नौ, दस-दस बच्चाहरू थिए, आमा-बाबु तिनको पालन-पोषण गर्नमा समर्थ थिएनन् । हाल-बेहाल किसानहरूलाई देखे । मानिसहरू दरिद्रताका कारणले भीख मागेर जीवनयापन गर्थे, लुला-लङ्गडाहरू देखे, बिरामीहरू देखे । यो सबै देखेर उनको मन निकै खिन्न भयो । उनका सारा खुसीहरू समाप्त भए । उनले देखे कि निर्धनता र रोगहरूका अतिरिक्त ब्राम्हणहरूले उनीहरूलाई थप कष्ट दिइरहेका छन् । उनले महसुस गरे कि मानिसहरू विषम परिस्थितिहरूमा फसेका छन्, जसबाट उनीहरूलाई कहिल्यै मुक्ति प्राप्त हुन सक्दैन । एक त राज्यको राजधानी त्यहाँबाट निकै टाढा थियो, अर्को, यदि तिनीहरू त्यहाँ पुगिहाल्छन् भने पनि तिनीहरूको कुरा त्यहाँ सुन्नेछ कसले ? सिद्धार्थले महसुस गरे कि राजालाई पनि यस स्थितिमा परिवर्तन ल्याउनलाई कुनै खासै अधिकार छैन । उनलाई थाहा थियो कि राज्यका अधिकारीहरू पनि महास्वार्थी थिए । हर अधिकारी गरिबहरूलाई मदत गर्नुको साटो आफ्नो सत्ता सुदृढ गर्न र आफ्नो कुर्सी सुरक्षित गर्नमा लागेका छन् । अधिकारीहरू पनि भित्रभित्रै एकअर्काप्रति द्वेष राख्थे र एक-अर्काका विरुद्ध कुनै न कुनै षडयन्त्रमा लागिरहन्छन् । उनीहरूको धेरैजसो समय यस कोसिसमा बित्थ्यो कि कसरी आफ्नो समकक्षी अधिकारीलाई तल पार्ने र राजाको बढीभन्दा बढी विश्वास जित्ने । यस कारणले सिद्धार्थको राजनीतिसँग मोहभङ्ग भयो । उनले महसुस गरे कि एक राजालाई पनि कुनै खास स्वतन्त्रता छैन र ऊ आफ्नो स्थितिको कैदमा फसेको छ ।

राजा शुद्धोदन सिद्धार्थलाई राजकाजमा व्यस्त राख्नका लागि निकै कोसिस गर्थे । सिद्धार्थलाई अनेक राजसभाहरूमा आमन्त्रित गरिन्थ्यो । उनले राम्रैसँग थाहा पाइसकेका थिए कि राजनीतिज्ञहरूका आफ्ना निजी स्वार्थ नै राजनीतिक, आर्थिक र सैनिक समस्याहरूको जड हो । भ्रष्ट अधिकारीलाई नैतिकता र सदाचारमाथि भाषण दिइरहेको देखेर सिद्धार्थलाई निकै रिस उठ्थ्यो तर उनी चुप लागिबस्थे किनकि उनीसँग कुनै विकल्प थिएन । एक दिन राजा शुद्धोदनले उनीसँग सोधे कि राजदरबारमा उनी चुप लागेर किन बस्छन्, त्यसपछि सिद्धार्थले उत्तर दिए-

“यस्तो कुरा होइन कि मेरो मनमा विचार हुँदैनन्, तर तिनलाई व्यक्त गर्नु व्यर्थ हुनेछ । मेरा विचारहरूले केवल रोगतिर मात्र संकेत गर्न सक्नेछन् । राजदरबारका मन्त्रीहरूको स्वार्थपूर्ण महत्वाकांक्षाहरूको मैले अहिले कुनै उपचार निकाल्न

सकेको छैन । उदाहरणको निम्ति विस्सामित्तलाई नै लिनुहोस् । दरबारमा ऊ अति शक्तिसम्पन्न मन्त्री हो । तपाईंलाई थाहा छ कि ऊ महाभ्रष्ट हो । कैयौँपटक त उसले तपाईंको अधिकार क्षेत्रमा पनि घुस्ने प्रयास गऱ्यो तर तपाईं अहिले पनि उसका सेवाहरूमाथि निर्भर रहनका लागि बाध्य हुनुहुन्छ, आखिर किन ? किनकि तपाईंलाई थाहा छ कि यस्तो गर्नु भएन भने त अराजकता फैलिने छ ।"

राजा शुद्धोदन निकैबेरसम्म आफ्नो छोरालाई चुपचाप हेरिरहे र त्यसपछि भने, "सिद्धार्थ, तिमीले राम्रैसँग बुझेका छौ कि आफ्नो परिवार र राज्यमा शान्ति बनाइ राख्नको लागि व्यक्तिले केही चीजहरू सहन गर्नुपर्ने हुन्छ । मेरो आफ्नो सत्ता पनि सीमित छ । तर मलाई विश्वास छ कि यदि तिमीले स्वमय्लाई राजा बनाउनका लागि तयार गर्न सक्यौ भने तिमी मैलेभन्दा राम्रो शासन गर्न सक्छौ । तिमीमा यति प्रतिभा छ कि भ्रष्टाचारलाई समाप्त गर्न सक्छौ र आफ्नो देशमा अराजकता पनि फैलिन दिने छैनौ ।"

सिद्धार्थले दु:ख भरिएको स्वरमा भने, "पिताजी, मलाई लाग्दैन कि यसमा कुनै प्रकारको प्रतिभाको आवश्यकता हुन्छ । मेरो विश्वासमा मूल समस्या यो हो कि व्यक्तिले आफ्नो चित्त र हृदयलाई मुक्त गरोस् । म स्वयम् पनि क्रोध, ईर्ष्या, भय र इच्छाहरूका भावनाहरूले ग्रसित छु । जबसम्म म आफ्नो चित्तलाई विकारहरूबाट मुक्त गर्न सक्दिनँ तबसम्म अरूलाई कसरी सुधार्न सक्छु ?"

सिद्धार्थका कुराहरू सुनेर राजा शुद्धोदन चिन्तित हुन्थे । उनी राम्रैसँग बुझ्थे कि सिद्धार्थको सोच र विचारहरूमा निकै गहिराइ छ, संसारलाई बुझ्ने उनको दृष्टि निकै तीक्ष्ण छ र राजाको दृष्टिभन्दा निकै अलग छ । तैपनि उनी आशावादी थिए कि समय आएपछि सिद्धार्थ राजा बन्न स्वीकार गर्ने छन् र कुशलतापूर्वक राजकाज सम्भाल्ने छन् । तर सिद्धार्थ त धम्मको मार्ग खोज्न चाहन्थे । सिद्धार्थले पितासामु आफ्ना विचार स्पष्ट गरिदिए-

"पिताजी, सिंहासनमा एक दिनका लागि बस्नु पनि मेरा निम्ति दन्किरहेको आगोमा बस्नुसमान हो । यदि मेरो हृदय नै शान्त भएन भने म तपाईंको या जनताको विश्वासको रक्षा कसरी गर्न सक्छु ?"

यस किसिमले सिद्धार्थको मनमा राजनीति र सन्न्यासलाई लिएर विचार-मन्थन चलिनै रहन्थ्यो । आफ्ना जिम्मेवारीहरूलाई उनी निकै राम्ररी बुझ्थे, यसैकारण समय आएपछि उनले शाक्य सङ्घको दीक्षा पनि लिए ।

शाक्य सङ्घ

शाक्यहरूको शासन प्रणाली लोकतन्त्रमा आधारित थियो । शाक्यहरूको लोकतन्त्रमा कैयौं राजपरिवार थिए र उनीहरू एक-अर्कापछि क्रमशः शासन गर्थे । शाक्य राज्य स्वतन्त्र राज्य थियो तर अगाडि गएर कोसल नरेशले यसलाई आफ्नो शासन क्षेत्रमा सामेल गरेका थिए । यसको परिणाम यो थियो कि कोसल नरेशको स्वीकृतिविना शाक्य राज्य स्वतन्त्र रीतिले आफ्ना केही राजकीय अधिकारहरूको उपयोग गर्न सक्दैनथ्यो ।

शाक्यहरूलाई त्यसो त स्वायत्तता प्राप्त थियो तर केही मामिलाहरू जस्तो कि कसैलाई मृत्युदण्ड दिने अथवा निर्वासित गर्ने जस्ता फैसलाहरूमा कोसल नरेशको अनुमति लिनु आवश्यक थियो । बाँकी विषयहरूमा शाक्यहरूलाई स्वयम् निर्णय गर्ने अधिकार प्राप्त थियो । कोसल र मगध साम्राज्यहरूका साम्राज्यवादी नीतिले शाक्य जस्ता स-साना राज्यहरूलाई आफ्नो स्वायत्तता खोसिने डर भइरहन्थ्यो, यसका बावजूद शाक्यहरूमा आफू मूलनिवासी भएकोमा निकै आत्मविश्वास र राज्याभिमान थियो । यसै कारणले छिमेकी राज्यहरूसँग अक्सर झगडा पनि भइरहन्थ्यो । मध्य एसियाबाट आएका आर्यहरूद्वारा सुरु गरिएको वर्ण व्यवस्था र जाति व्यवस्था शाक्यहरूमा थिएन । शाक्यहरूको आफ्नो सङ्घ थियो, जसलाई शाक्य सङ्घ भनिन्थ्यो । राष्ट्रिय समस्याहरू र राष्ट्रलाई प्रभावित गर्ने किसिमका फैसलाहरू शाक्य सङ्घले नै गर्थ्यो र राजाले त्यसलाई मान्नु पर्थ्यो । शाक्य सङ्घको नियमित रूपले बैठक बस्थ्यो र महत्वपूर्ण निर्णयहरू विस्तृत चर्चा र बहसपछि सर्वसम्मतिले गरिन्थे । बीस वर्षको उमेर भएपछि प्रत्येक युवा शाक्यले सङ्घमा दीक्षित हुनु पर्थ्यो र सङ्घको सदस्य हुनु पर्थ्यो । त्यसैअनुरूप सिद्धार्थ पनि सङ्घमा दीक्षित भए ।

शाक्य सङ्घका सदस्यहरूका लागि आठ नियम थिए :

-आफ्नो तन, मन र धनले शाक्यहरूका हितहरूको रक्षा गर्नु,

-सङ्घका सभाहरूमा उपस्थित रहनु,

-बिना कुनै डर या पक्षपात, कुनै पनि शाक्यको दोष खुलेर भनिदिनु,

-दोषारोपण हुँदा क्रोधित नहुनु, दोष भएमा आफ्नो दोष स्वीकार गर्नु,

निर्दोष भएमा त्यही कुरा भन्नु,

-व्यभिचार नगर्नु,

-कसैको हत्या नगर्नु,

-चोरी नगर्नु,

-झुटो गवाही नदिनु ।

सिद्धार्थ शाक्य सङ्घको कामकाजमा पूरै अभिरुचि लिन्थे र त्यसमा आफ्नो योगदान दिन्थे ।

सिद्धार्थको शाक्य सङ्घसँग मतभेद

शाक्य सङ्घको सदस्य वनेको आठ वर्षसम्म सिद्धार्थ सबैका प्रिय सदस्य रहे । शाक्यहरूको राज्यसँग टाँसिएको कोलीहरूको राज्य थियो । रोहिणी नदीले दुवै राज्यका बीच विभाजक रेखाको काम गर्थ्यो । दुवै राज्य यस नदीबाट सिँचाइ गर्थे । रोहिणीको पानीको पहिले कसले र कति उपयोग गर्नेछ, यसलाई लिएर शाक्य र कोलीहरूमा अक्सर विवाद हुन्थ्यो । यस विवादले कहिलेकाहीं युद्धको स्थिति पैदा गरिदिन्थ्यो ।

सिद्धार्थको उमेर अट्ठाइस वर्ष भइसकेको थियो, त्यस वर्ष पनि रोहिणीको पानी झगडाको कारण बन्यो र स्थिति युद्धको नजिक पुगिसकेको थियो । सङ्घको सभा बोलाइयो । सिद्धार्थ र शाक्य सेनापतिका बीच समस्या समाधान गर्ने उपायलाई लिएर मतभेद उत्पन्न भयो । सेनापति युद्धका लागि तत्पर थियो जबकि सिद्धार्थ युद्ध चाहँदैनथे । सिद्धार्थको मत थियो कि युद्ध कहिल्यै कुनै समस्याको समाधान होइन । उनको विचारमा परस्पर एक-अर्काको नाश गर्नु बुद्धिमानी होइन । सिद्धार्थ गौतमको मत थियो कि झगडा शाक्यका मानिसहरूले नै सुरु गरेका थिए त्यसैले गल्ती शाक्यहरूको पनि हो । उनले सुझाव दिए कि शाक्य र कोलीहरूमध्येबाट दुई-दुई मानिसलाई चुनौं र ती चारजना मिलेर पाँचौं मानिसको चयन गरुन् । ती पाँचै पञ्चले मिलेर झगडा मिलाई दिउन् । जबकि, सेनापतिको भनाइ थियो कि जबसम्म कोलीहरूलाई कडा दण्ड दिइँदैन, तबसम्म यो मामिला समाप्त हुने छैन । सेनापतिको तर्क थियो कि ब्राम्हणहरूको धर्म हो यज्ञ गर्नु, क्षत्रीयहरूको धर्म हो युद्ध गर्नु, वैश्यहरूको धर्म हो व्यापार गर्नु र शुद्रहरूको धर्म हो सेवा गर्नु, सबैले आफ्नो धर्म पूरा गर्नु नै पुण्य हो । त्यसपछि

सिद्धार्थले भने, "जहाँसम्म मैले बुझ्न सकेको छु, धर्म त यस कुरालाई हृदयङ्गम गर्नुमा हुन्छ कि शत्रुताले शत्रुता कहिल्यै शान्त हुँदैन । त्यो केवल शत्रुता समाप्त गरेपछि शान्त हुन्छ । आगोले आगो निभ्दैन, त्यो पानीले मात्र निभ्न सक्छ । झगडा, झगडाबाट होइन बरु आपसी कुराकानीबाट मात्र सुल्झिन सक्छ ।"

शाक्य सङ्घमा वहुमत सेनापतिको विचारलाई मान्दै युद्धको पक्षमा थियो । शाक्य सङ्घलाई सिद्धार्थको मत मन्जुर थिएन र शाक्य सङ्घको फैसला सिद्धार्थलाई मन्जुर थिएन । शाक्य सङ्घको नियअनुसार यदि कुनै सदस्य शाक्य सङ्घको विरुद्ध गयो भने सङ्घ उसको परिवारको सामाजिक बहिष्कारको निर्णय गर्न सक्थ्यो, उसको परिवारका खेतहरूलाई जफत गर्न सक्थ्यो, त्यस व्यक्तिलाई दण्डित गर्न सक्थ्यो र देशनिकाला गर्न सक्थ्यो । सिद्धार्थ गौतमले सुझाव दिए कि उनको परिवारको सामाजिक बहिष्कार नगरियोस्, न राजा शुद्धोदनको सम्पत्ति नै जफत गरियोस् । ऊ स्वयम् दण्ड भोग्नलाई तयार छ । तर शाक्य सङ्घका सामु समस्या यो थियो कि कोसल नरेशलाई यस कुराको जानकारी भएमा उनले शाक्य सङ्घका विरुद्ध कारवाही गर्न सक्थे र शाक्यहरूको राज्य हत्याउन सक्थे । यसैकारण सिद्धार्थ गौतमले स्वयम् यो सुझाव दिए कि यदि उनी परिव्राजक बन्छन् र देशवाहिर गइहाल्छन् भने एक प्रकारले देशनिकाला पनि हुनेछ र शाक्य सङ्घलाई त्यसका लागि कोसल नरेशले दण्डित पनि गर्ने छैनन् । आखिर सिद्धार्थले प्रव्रज्या (पालि भाषामा पवज्या) अभिनिष्क्रमणको निर्णय लिए ।

महाभिनिष्क्रमण (गृहत्याग)

गलत वहुमतका सामु झुक्नु सट्टा सिद्धार्थले परिव्राजकको जीवन व्यतीत गर्ने निर्णय लिए ।

केही विद्वानहरूको यो मत कि सिद्धार्थ गौतमले एक रोगी मानिस, एक वृद्ध मानिस, एक मूर्दा र एक सन्न्यासीलाई देखेर गृहत्यागको फैसला गरे, सर्वथा भ्रामक एवम् तर्कहीन प्रतीत हुन्छ । यस्तो लाग्छ कि मानौं अज्ञानतावश या निजी स्वार्थहरूको पूर्तिका लागि यस्तो कथा रचियो ।

यो कुरा सर्वमान्य हो कि सिद्धार्थ गौतमले उनन्तीस वर्षको आयुमा गृहत्याग गरेका थिए, यो पनि सर्वमान्य सत्य हो कि उनको जन्म भएपछि नै उनकी माता महामायाको निधन भएको थियो । धान छर्ने ग्रामीण उत्सवमा हलो जोत्न जब उनी जान्थे त्यस बेला हरेक उमेरका मानिसहरू देखिन्थे नै होलान् । उनी स्वयम्

पनि बच्चाबाट युवक भएका थिए, सोह्र वर्षको उमेरमा पूरै धुमधामका साथ विवाह गरेका थिए । विवाह उत्सवमा हर उमेरका मानिसहरू हुन्छन् । वैवाहिक जीवनका फलस्वरूप उनी एक पुत्रको पिता वनेका थिए । आफ्नी पत्नीमा आइरहेको शारीरिक परिवर्तनहरूलाई देखे होलान् । आफ्ना पिता र ठूली आमा तथा अन्य नातेदारहरूलाई बूढो हुँदै गरेको देखे नै होलान् । भलै बूढा नोकरचाकरहरूलाई राजकुमार सिद्धार्थको सेवामा राखिँदैन थियो होला तर जब राजकुमार सिद्धार्थ उनन्तीस वर्षका थिए त्यस बेला उनकी ठूली आमा महाप्रजापति गौतमी र पिता शुद्धोदनको उमेर पनि सत्तरी वर्षको छेउछाउ भइसकेको थियो । पिताको सेतो कपाल, अनुहारका चाउरीहरू उनले पक्कै देखे होलान् । यति ठूलो राजपरिवारमा जहाँ पारिवारिक सदस्यहरूका अतिरिक्त अनेक नोकरचाकरहरू थिए, कोही न कोही बिमार पनि अवश्य हुन्थ्यो नै होला । धर्मवान राजपरिवार थियो, साधु-सन्तहरूलाई भोजनदान, उनीहरूको सम्मान सत्कार हुन्थ्यो नै होला । उनीहरूको वन्दना गर्न र उनीहरूबाट आशीर्वाद लिनका लागि राजकुमारलाई उनीहरूका सामु ल्याइन्थ्यो नै होला । अतः बूढा मानिसहरूलाई, बिमार मानिसहरूलाई, मृत मानिसहरूलाई र सन्न्यासीहरूलाई पहिले पनि देखे नै होलान् । यसका लागि उनन्तीस वर्षसम्म प्रतीक्षाको आवश्यकता थिएन । सामान्य परिवारमा पाँच वर्षको बच्चाले पनि सोध्छ कि हजुरबा-हजुरआमा किन बूढा भए ? किन बिमार छन् ? किन मरे ? मानिसहरू किन मर्छन् ?... आदि... आदि... त्यसो भए सिद्धार्थ गौतम जो जन्मदेखि नै बत्तीस महापुरुषीय गुणहरूले युक्त थिए, उनन्तीस वर्षसम्म बुझ्न सकेनन् कि मानिसहरू बूढो हुन्छन्, बिमार हुन्छन् र मर्छन्, यो असम्भव हो । अतः बूढा, बिमार, मृत र सन्न्यासीलाई देखेर गौतम परिव्राजक बने भन्नु सर्वथा भ्रान्तियुक्त हो । कथाहरू रचिएका मात्र हुन् कि रातमा जब परिवारका सबै सदस्यहरू सुतेका थिए त्यसबेला सिद्धार्थ चुपचाप, कसैलाई केही नभनेर घर छोडेर निक्लिए । राष्ट्रिय कविका रूपमा ख्यातिप्राप्त मानिसहरूले त कविता नै रचिहाले, 'सखी, उनी मसँग भनेर गएका भए हुन्थ्यो' । केही विद्वानहरू अज्ञानतावश गौतम बुद्धको यसकारण आलोचना गर्छन् कि उनी आफ्नी सुन्दरी पत्नी, सानो छोरा र बूढा आमा-बाबुलाई छोडेर हिंडे । आलोचकहरू यो बिर्सिहाल्छन् कि बुद्धत्व प्राप्त गरेर गौतम बुद्धले पत्नी, छोरा, आमा-बाबु र पूरै परिवारलाई निर्वाणको परम आनन्द प्राप्त गर्नमा मदत गरे । 'गृहस्थ जीवन बिताएर उनले जुन सांसारिक सुख प्रदान गर्न सक्थे, त्योभन्दा कता हो कता बढी र अतुलनीय भवसंसारबाट मुक्त हुने परम सुख उनीहरूलाई प्रदान गरे ।' केही आलोचकहरू भन्छन् कि 'सिद्धार्थ गौतम

सत्यको खोजीमा संसार छोडेर हिँडेका थिए, यसैले उनले घर छोड्नु युक्तिसङ्गत थिएन' । यसको अर्थ हो कि अरूको उपकारका लागि होइन बरु आफ्नो जिज्ञासा पूरा गर्नका लागि उनले घर छोडे । यस प्रकारका आलोचनाहरू सत्यभन्दा सर्वथा टाढा छन् । आलोचकहरूले या त सत्यलाई पूर्ण रूपमा बुझ्न सकेनन् या कुनै पूर्वाग्रहले ग्रसित थिए । वास्तविकता यो हो कि सिद्धार्थ गौतम एक बोधिसत्व थिए र सम्यक सम्बुद्ध बन्नका लागि अनेक जन्महरूदेखि दस पारिमिताहरू पूरा गर्दै आइरहेका थिए । उनको मनमा सबै प्राणीहरूका प्रति करुणा थियो । जब उनी देख्थे कि मानिसहरू आपसमा लडिरहेका छन्, एक-अर्काको शोषण गरिरहेका छन्, जन्म लिने हर प्राणीले रोग, बूढेसकाल र मृत्युका दुःखहरू भोग्नुपर्दा उनको मनमा विचार आउँथ्यो कि आखिर यी दुःखहरूबाट मुक्त हुने कुनै बाटो त होला । उनले त्यसै बाटोको खोजी गर्नु थियो । उनको मनमा दृढ विश्वास थियो कि जहाँ यति धेरै दुःख क्लेश उपस्थित छन्, त्यहाँ सुख-शान्तिको बाटो पनि पक्कै उपस्थित होला । उनलाई त्यसै बाटोको खोजी गर्नु थियो जसले दुःख-क्लेशहरूको भवसंसारबाट मुक्ति दिलाउन सकोस्, जसमाथि उनी एक्लै मात्र होइन बरु संसारका सबै मानिसहरू हिँडेर मुक्त हुन सकुन् । अरूलाई मुक्तिको बाटो उनी त्यसबेला मात्र देखाउन सक्थे जब त्यस बाटोलाई खोजेर त्यसमाथि हिँडेर पहिले उनी स्वयम् मुक्त हुन सक्छन् । जो स्वयम् गरिब हुन्छ उसले अरूको गरिबीलाई कसरी हटाउन सक्छ ? जो स्वयम् जञ्जीरहरूमा जकडिएको हुन्छ उसले अरूलाई कसरी स्वतन्त्र बनाउन सक्छ ? जो स्वयम् दुःखी छ उसले अरूलाई सुखी कसरी बनाउन सक्छ ?

वास्तविकता यो हो कि सिद्धार्थले गृहत्याग गर्नुको उनको उद्देश्य न त परम सत्य बुझ्ने जिज्ञासा पूरा गर्नु थियो र न आफ्नो स्वार्थ नै सिद्ध गर्नु थियो बरु त्यस बाटोको खोजी गर्नु थियो जो बहुजनहरूको सुख र शान्तिका निम्ति होस् । केही स्वार्थी मानिसहरूले यो पनि प्रचार गरे कि परम सत्यसको खोजी गर्नका लागि घर छाड्नु पर्ने आवश्यकता के थियो ? परम सत्य त घरमा बसेर पनि आफूभित्र चियाएर हेरेमा ज्ञात हुन सक्छ । यस्ता मानिसहरू यो बिर्सिहाल्छन् कि सम्यक सम्बोधि घरमा बसेर प्राप्त हुँदैन । जब कुनै व्यक्तिले सम्यक सम्बोधि प्राप्त गर्छ भने उसको हृदय अनन्त करुणा, अनन्त मैत्री र अनन्त मुदिताले भरिएर आउँछ र ऊ धेरै-धेरै मानिसहरूलाई मुक्त हुनमा, परम निर्वाण पद प्राप्त गर्नमा सहायक बनिदिन्छ । यस्तो प्रतीत हुन्छ कि यी आलोचनाहरू र मनगढन्त कथाहरू यसकारण रचिए जसले गर्दा सीधासादा मानिसहरू स्वर्गको लालसा र नरकको डरले पुरोहित-पुजारीहरूको चङ्गुलमा फसीरहुन्, जसले गर्दा धर्म र भगवानको नाममा ठेक्केदारी गर्नेहरूको गोरखधन्दा चलिरहोस् । यदि मानिसहरू

गौतम बुद्धका बारेमा सही कुराहरू थाहा पाउँथे कि प्रत्येक मानिसले स्वयम् आफ्नै मिहिनेतबाट मुक्त हुनु छ, अनि त तिनीहरू पुजारीहरूको चङ्गुलबाट स्वतन्त्र भई हाल्थे र पुजारीहरूको कमाइ बन्द भई सक्थ्यो ।

महाभिनिष्क्रमण (गृहत्याग)को वास्तविकता

सिद्धार्थ गौतमले आम जनतालाई युद्धको विनाशबाट बचाउनको लागि र जीव जगतमा जो दुःख मौजुद छन्, ती दुःखहरूका कारण र ती दुःखहरूलाई हटाउने उपायहरूलाई खोज्नको लागि समस्त शाक्यहरू, आफ्नो राज्यका जनताहरू, मातापिता र पत्नीलाई थाहा दिएर परिव्राजक बन्ने निर्णय लिए र गृहत्याग गरे । पिता शुद्धोदन, माता गौतमी र पत्नी यशोधरासँग भएको उनको मार्मिक वार्तालाप उल्लेखनीय छ-

सिद्धार्थ- "म आशा गर्छु कि यति त तपाईं बुझ्नु नै हुन्छ होला कि मैले कसरी परिस्थितिलाई अझ बढी बिग्रनबाट बचाएँ । म सत्य र न्यायको पथबाट विचलित भइनँ र सत्य र न्यायको आग्रह गर्नुको जेजस्तो दण्ड थियो, मैले त्यसलाई आफ्नै टाउकोमा बोकें ।"

शुद्धोदन- "तिमीले यो सोचेनौ कि यसले हामीमाथि कस्तो असर पर्नेछ ?"

सिद्धार्थ- "तर यसैको कारणले त मैले प्रवज्या लिन स्वीकार गरेको हुँ । अलिकति सोच्नुहोस् त, यदि शाक्यहरूले सारा खेतहरू जफत गर्ने आज्ञा दिई हालेका भए के हुन्थ्यो ?"

शुद्धोदन- "तर, तिमीबिना हामी यी खेतहरूलाई राखेर के गरौंला ? सम्पूर्ण परिवार नै शाक्य जनपदको परित्याग गरेर देशबाट बाहिर किन नजाने ?"

रोइरहेकी प्रजापति गौतमी पनि राजा शुद्धोदनसँग सहमत थिइन् । उनले भनिन्- "हामी सबैलाई यस प्रकारले छोडेर तिमी एक्लै कसरी जान सक्छौ ?"

सिद्धार्थले सान्त्वना दिए- "माता ! के तिमीले सधैं क्षत्राणी भएको दावा गरिनौ ? यस प्रकारले दुःखी हुनु तिम्रो निम्ति अशोभनीय हो । यदि म युद्धभूमिमा गएको भए र त्यहाँ मरेको भए तिमी के गर्थ्यौ ? के तिमी त्यसबेला पनि यसै प्रकारले दुःखी हुन्थ्यौ ?"

गौतमी- "अहँ, यो त एक क्षत्रीयका निम्ति योग्य कुरा हुन्थ्यो । तर अब तिमी मानिसहरूबाट टाढा जङ्गलमा बस्नलाई जाँदै छौ । हामी यहाँ शान्त कसरी रहन सक्छौं ? म यही भन्छु कि तिमी हामीलाई पनि सँगै लिएर हिंड ।"

सिद्धार्थले प्रश्न गरे- "म तपाईंहरू सबैलाई कसरी सँगै लिएर हिँड्न सक्छु ? नन्द सानै छ । मेरो छोरा राहुलको भर्खरै जन्म मात्र भएको छ । के तपाईं यिनीहरूलाई छोडेर मसँग हिँड्न सक्नुहुन्छ ?"

गौतमीलाई सन्तोष भएन । उनको भनाइ थियो, "हामी सबै शाक्यहरूको देश छोडेर कोसल नरेशको अधीनतामा रहनका लागि कोसल जनपदमा जान सक्छौं ।"

सिद्धार्थले आपत्ति प्रकट गरे- "तर माता ! शाक्यहरूले के भन्नेछन् ? के उनीहरूले यसलाई देशद्रोह ठान्ने छैनन् ? फेरि मैले वचन दिएको छु कि म वचन या कर्मले कुनै यस्तो कुरा भन्ने छैन, गर्ने छैन कि जसले गर्दा कोसल नरेशलाई शाक्यहरूका विरुद्ध केही गर्नलाई मौका मिल्न सकोस् ।"

सिद्धार्थले आफ्नी आमासँग भने- "यो सही हो कि मैले एक्लै जङ्गलमा बस्नु पर्ने हुन्छ । तर कोलीहरूका विरुद्ध लडाइँमा भाग लिनु र जङ्गलमा बस्नु, यी दुवैमा बढी श्रेयस्कर के हो ?"

सिद्धार्थको स्पष्ट मत थियो कि कोलीहरूका विरुद्ध लडाइँ गर्नुभन्दा परिव्राजक जीवन व्यतीत गर्नु बढी ठीक हुनेछ ।

शुद्धोदनले भने- "तर यति छिटै केका लागि ? शाक्य सङ्घले अहिले केही समयका लागि लडाइँलाई स्थगित गरेका छन् । हुन सक्छ कि युद्ध कहिल्यै नछेडिएला । तिमी आफ्नो प्रव्रज्या पनि किन स्थागित गर्दैनौ ? हुन सक्छ कि शाक्य सङ्घले तिमीलाई यहाँ बसिरहनलाई अनुमति पनि दिइहाल्ने छ ।"

सिद्धार्थ- "यो पनि सम्भव छ कि मैले प्रव्रज्या ग्रहण गरिसकेपछि शाक्य सङ्घले आफ्नो युद्धको घोषणालाई फिर्ता लिने छ । तर यो सबैथोक मैले पहिले प्रव्रज्या लिइसकेपछि मात्र निर्भर गर्छ । मैले वचन दिएको छु र मैले त्यसलाई अवश्य पूरा गर्नु पर्छ । वचनभङ्गको ठूलो नराम्रो परिणाम हुन सक्छ, हाम्रो लागि पनि र शान्तिपक्षका लागि पनि... माता, अब मेरो मार्गमा बाधक नबन । मलाई आज्ञा देऊ र आफ्नो आशीर्वाद । जेजस्तो हुँदैछ, राम्रोको लागि नै हुँदै छ ।"

गौतमी र शुद्धोदन चुप थिए । सिद्धार्थ यशोधराको कोठातिर लागे ।

सिद्धार्थ यशोधराको कोठामा पुगे, सिद्धार्थ मौन थिए, यशोधरा पनि चुप । यशोधराले मौनभङ्ग गरिन्- "कपिलवस्तुमा शाक्य सङ्घको सभामा जेजस्तो भयो त्यो सबै मैले सुनिसकेकी छु ।"

सिद्धार्थले सोधे- "यशोधरा ! मलाई बताऊ कि तिमीलाई मेरो प्रव्रजित हुने निर्णय कस्तो लागेको छ ?"

आफ्ना भावनाहरूलाई राम्रोसँगले आफ्नो वशमा राखेर यशोधराले उत्तर दिइन्- "यदि म पनि तिम्रो स्थितिमा भएकी भए मैले पनि त्यस्तै गर्थें, निश्चय नै म कोलीहरूका विरुद्ध छेडिने युद्धमा भाग लिन्नथें ।"

यशोधराले अगाडि भनिन्, "तिम्रो निर्णय ठीक हो । तिमीलाई मेरो अनुमति र समर्थन छ । म पनि तिमीसँग प्रव्रजित भई हाल्थें । यदि म भइरहेकी छैन भने यसको मात्र कारण हो कि मैले राहुलको पालनपोषण गर्नु छ ।

असल हुन्थ्यो यदि यस्तो नभएको भए । तर हामीले वीरतापूर्वक स्थितिको मुकाबिला गर्नु पर्छ । आफ्ना मातापिता तथा पुत्रको चिन्ता नगर्नु । म जबसम्म बाँच्नेछु, सबैको हेरविचार गर्नेछु ।

अब म यति चाहन्छु कि आफ्ना प्रिय सम्बन्धीहरूलाई छोडेर तिमी प्रव्रजित हुनलाई जाँदै छौ, तिमी कुनै यस्तो नयाँ पथको खोजी गर्न सक, जो मानवताको लागि कल्याणकारी होस् ।"

सिद्धार्थ यसबाट निकै प्रभावित भए । यसभन्दा अगाडि उनलाई थाहा थिएन कि यशोधरा यति दृढ थिइन्, यत्रो वीर भावले समन्वित थिइन् र यति धेरै उदार थिइन् । आजै उनलाई थाहा भयो कि उनी कति भाग्यवान थिए कि उनले यशोधराजस्ती पत्नी पाएका थिए । आजै परिस्थितिहरूले दुवैलाई पृथक-पृथक बनाइदियो । सिद्धार्थले यशोधरासँग राहुललाई ल्याउन भने । एक पिताको वात्सल्यपूर्ण दृष्टि दिएर उनी त्यहाँबाट बिदा भए ।

परिव्राजकको जीवन व्यतीत गर्नलाई पूरै तयारी गरेर सिद्धार्थ गौतम आफ्नो प्रिय घोडा कन्थकमा सवार भएर भारद्वाज ऋषिको आश्रममा पुगे । उनी परिव्राजक बनेको खबर आगोझैँ पूरै कपिलवस्तुमा फैलिसकेको थियो, यसैले आश्रमको द्वारमा मानिसहरूको ठूलो भीड सिद्धार्थलाई भेट्नको लागि उपस्थित थियो । मानिसहरूलाई भेट्दै र भीडबाट बाटो बनाउँदै सिद्धार्थ आश्रममा पुगे । राजा शुद्धोदन र महारानी प्रजापति गौतमी त्यहाँ पहिले नै पुगिसकेका थिए । सिद्धार्थका भाइ पर्ने महानाम एक परिव्राजकलाई आवश्यक पर्ने वस्त्र भिक्षापात्र बोकेर उपस्थित थिए । सिद्धार्थले आफ्नो सारथि छन्नलाई आफ्ना राजकीय वस्त्र दिए र आभूषणहरू दिए र परिव्राजकका कपडाहरू लगाए । यस प्रकार परिव्राजकको पूरै तयारी गरेर सिद्धार्थ भारद्वाजकहाँ गए । आफ्ना शिष्यहरूको सहायताले भारद्वाज ऋषिले आवश्यक संस्कार गरे र सिद्धार्थ गौतम परिव्राजक बनेको घोषणा गरे । सिद्धार्थ गौतमले प्रव्रज्याको संस्कार समाप्त हुनासाथ प्रतिज्ञाअनुसार

आफ्नो यात्रा आरम्भ गरे । प्रव्रज्याको समयमा सिद्धार्थ गौतमको उमेर मात्र उनन्तीस वर्ष थियो ।

कपिलवस्तुका मानिसहरूको ठूलो भीड उनका पछिपछि हिँडिरहेको थियो । सिद्धार्थले उनीहरूलाई रोके र भने, "दिदीबहिनी र दाजुभाइहरू ! मेरो पछिपछि आएर के फाइदा छ ? मैले शाक्य र कोलीहरू बीचको झगडा सुल्झाउन सकिनँ । यदि तिमीहरूले सम्झौताको पक्षमा जनमत तयार गर्न सक्यौ भने तिमीहरू सफल हुन सक्छौ । यसैले कृपा गरेर फर्केर जाऊ ।" सिद्धार्थको प्रार्थना सुनेर मानिसहरू पछाडि फर्किन थाले । राजा शुद्धोदन र गौतमी पनि महलमा फर्किए । उनीहरूले सिद्धार्थले त्याग गरेका वस्त्र र गहनाहरूलाई एक कमलको पोखरीमा प्रवाहित गरिदिए ।

मानिसहरूले उनलाई याद गर्थे र यो भनी-भनी उनको प्रशंसा गर्थे कि उच्च कुलमा जन्मेका हुन्, उनी श्रेष्ठ मातापिताका सन्तान हुन्, उनी सम्पन्न छन्, उनी तारुण्यको मध्यमा छन्, उनी सुन्दर शरीर र बुद्धिले युक्त छन्, सुखभोगमा हुर्केका छन् तर उनी आफ्ना सम्बन्धीहरूसँग यसकारण लडे कि पृथ्वीमा शान्ति बनिरहोस् र जनताको भलो होस् ।

यो एक शाक्य तरुण थियो जसले बहुमतका अगाडि झुक्नुको सट्टा स्वेच्छाले दण्ड स्वीकार गऱ्यो, जसको मतलब थियो ऐश्वर्यको ठाउँमा दरिद्रता, सुख-समृद्धिको ठाउँमा भिक्षाटन, गृहनिवासको ठाउँमा गृहत्याग । र यो त्यहाँ जाँदै छ जहाँ यसको चिन्ता गर्ने कोही छैन, र यो जाँदैछ कुनै पनि यस्तो चीज नलिएर, जसलाई ऊ आफ्नो भन्न सकोस् । यसको यो स्वेच्छाले गरिएको त्याग महान् हो । यो ठूलो वीरता र साहसको काम हो । संसारको इतिहासमा यसको तुलना छैन । यो शाक्यमुनि वा शाक्यसिंह भनिन योग्य छ । सिद्धार्थ गौतमकै सम्बन्धमा भनिएको शाक्य कुमारी कृषा गौतमीको कथन कति सही थियो- "धन्य हुन् ती मातापिता जसले यस्तो पुत्रलाई जन्म दिए र धन्य हो त्यो नारी जसको यस्तो पति छ ।"

मानिसहरूको भीड त गई हाल्यो तर सिद्धार्थको सारथि छन्नले जिद्दी गऱ्यो कि ऊ अनोमा नदीको किनारसम्म उनलाई पुऱ्याउन जानेछ । छन्नको जिद्दीलाई देखेर सिद्धार्थले उसको कुरा मान्नु पऱ्यो । अनोमा नदीको किनारामा पुगेर छन्नले सिद्धार्थलाई सम्झाउने कोसिस गरे कि उनी घर फर्किउन् । सिद्धार्थले उसलाई सम्झाउँदै भने-

"तिम्रो मप्रति जुन भाव छ त्यससँग म अति प्रसन्न छु । खेद छ कि म यस समयमा यस्तो स्थितिमा छु कि तिम्रो लागि केही गर्न सक्दिनँ । जोसँग उपकारको आशा हुन्छ ऊप्रति को अनुरक्त हुँदैन ? तर विपत्तिको समयमा मानिसका आफ्ना आफन्त र नातेदारहरूसम्म पराई बनिदिन्छन् । परिवारका लागि पुत्रको पालनपोषण गरिन्छ, आफ्नो भावी सुखको लागि पिताले पुत्रलाई मान्छ, कुनै न कुनै आशाले नै संसारका मानिसहरू बाँधिएका हुन्छन्, विनाआशाको नि:स्वार्थ भाव कतै छैन । जब वियोग अनिवार्य छ भने त यो कसरी हुन सक्छ कि आफन्तहरूसँग वियोग नहोस् । मानिस मरेपछि उसको सम्पत्तिका उत्तराधिकारीहरू त धेरै हुन्छन् तर उसको पुण्यको उत्तराधिकारी पाउन कठिन छ, शायद हुँदै हुँदैन । राजा-मेरा पिता-को हेरविचार गर्नु पर्छ । हुन सक्छ कि उनले भन्लान् कि मैले अनुपयुक्त समयमा गृहत्याग गरेँ, तर धर्म गर्नको लागि कुनै पनि समय अनुपयुक्त हुँदै हुन्न । छन्न ! मेरो वियोगले उत्पन्न हुने दु:खलाई परित्याग गर । नानाथरी जन्म ग्रहण गर्ने प्राणीहरूका लागि परस्पर वियोग अनिवार्य छ । यदि आज मैले स्नेहका कारणले आफन्तहरूलाई परित्याग गरिनँ भने पनि एक न एक दिन मृत्युले हामीलाई एक-अर्काबाट अनिवार्य रूपमा अलग गर्ने नै छ । मेरी जुन आमाले यति कष्ट सहन गरेर मलाई जन्म दिएकी थिइन्, अहिले उनी कहाँ छिन् ? र म कहाँ छु ? जसरी चराहरू आफ्ना विश्राम-वृक्षमा जम्मा हुन्छन् र फेरि नाना दिशाहरूमा जान्छन्, यही प्राणीहरूको दशा हो । उनीहरूको पनि वियोग अवश्यम्भावी छ । र यो संसार यसै प्रकारले परस्पर एक-अर्कासँग छुट्टिँदै गतिमान छ, यसैले कुनै पनि चीजलाई आफ्नो ठानी हाल्नु भयावह हुन्छ । किनकि यो यस्तै हो, यसैले मित्र ! शोक नमान ! फर्केर जाऊ । यदि मनले मानेन भने गएर फेरि आउनु । मलाई अब थप अरू केही नभनेर, कपिलवस्तुका मानिसहरूलाई गएर भन्नु कि तिमीहरू जसलाई स्नेह गर्छौ त्यसलाई छोडिदेऊ, किनकि उसको निश्चय दृढ छ ।"

जब स्वामी र सेवकवीचको यो कुराकानी कन्थकले सुन्यो त्यसवेला त्यस श्रेष्ठ घोडाले स्वामीका खुट्टा चाट्यो र उसका आँखाबाट तातो आँसु खस्न थाल्यो । सिद्धार्थ गौतमले उसलाई हातले धाप हान्दै एक मित्रलाई जस्तै सम्बोधन गरेर भने, "कन्थक ! सहन गर् ! आँसु नबगा । तेरो परिश्रम छिट्टै सफल हुनेछ ।"

जब छन्नले देख्यो कि अब तुरुन्त बिदा हुनु नै पर्नेछ, अनि उसले गौतमको त्यस परिव्राजक रूपलाई नमस्कार गऱ्यो र गौतमसँग बिदा माग्यो । कन्थक र छन्न गइसकेपछि गौतम पनि आफ्नो बाटो लागे ।

राजा बिम्बिसारबाट राजपाट सम्भाल्नलाई आग्रह

कपिलवस्तुबाट निक्लिएर सिद्धार्थ गौतम राजगृहतिर लागे । राजगृह मगध राज्यको राजधानी थियो । त्यस बेला त्यहाँ राजा बिम्बिसारको राज थियो । पाण्डव-पहाडीमा लोध वृक्षहरूले भरिएको जङ्गलमा, जहाँ मुजुरहरूको स्वर गुञ्जिरहेको थियो, सिद्धार्थ त्यहीं पर्वतासन लगाएर बसे । राजा बिम्बिसारलाई जब यो कुरा थाहा भयो तब उनी स्वयम् त्यहाँ पुगे । कुशलक्षेमपछि राजा बिम्बिसारले सिद्धार्थ गौतमसँग पुनः गृहस्थ जीवनमा जान र राजपाट सम्भाल्न अनुरोध गरे र भने :

"यदि तपाईं आफ्नो पैतृक राज्यमा फर्किन चाहनु नै हुन्न भने म तपाईंलाई आफ्नो आधार राज्य दिन्छु, यसलाई ग्रहण गर्ने कृपा गर्नुहोस् । यदि आफ्नो कुलाभिमानले मेरो भनाइ अमान्य हुन्छ भने अनन्त सेनाका साथ धनुष-वाणको उपयोग गरेर मेरो सहायताले आफ्ना विरोधीहरूमाथि विजय प्राप्त गर्नुहोस् ।"

राजा विम्बिसारले अगाडि भने :

"पहिले अर्थ र काम प्राप्तिको कामना गर्नुहोस् र अन्तमा मोक्षको इच्छा गर्नुहोस् । धर्म, अर्थ, काम र मोक्षको प्राप्तिमा नै जीवनको सफलता छ । तपाईंका भुजाहरूमा पृथ्वी त के तीनै लोकलाई जित्नसक्ने शक्ति छ । अहिले तपाईं जवान हुनुहुन्छ र यो समय काम-भोगहरूको आनन्द लिने समय हो । पछि बूढेसकाल आउने छ सौन्दर्यलाई मलिन गरिदिनेछ । यस संसारमा जवानीको धन र धर्मका बीच विरोध छ किनकि काम-सुखहरूलाई जतिसुकै सुरक्षित राख्न खोजे पनि तिनलाई सुरक्षित राख्न नै सकिँदैन । यसैले जहाँ र जहिले सुकै सुख भोग प्राप्त हुन्छ, त्यसको आनन्द लिनु पर्छ । र यदि तपाईंको धर्ममा नै विशेष रुचि छ भने यज्ञ गरेर ठूलोभन्दा ठूलो स्वर्ग प्राप्त गर्न सकिन्छ ।

सिद्धार्थ गौतमले राजा बिम्बिसारलाई उत्तर दिए-

"म संसारका कलहहरूबाट आहत छु । म शान्तिको खोजीमा छु । म यस दःखको अन्त गर्नुको सट्टा यस पृथ्वीको राज्य त के दिव्य लोकको राज्य पनि चाहन्नँ । यो जो तपाईंले भन्नुभयो कि धर्म, अर्थ र काम नै मनुष्यका तीन पुरुषार्थ हुन्, र तपाईंको यो पनि भनाइ हो कि म दुःखको मार्गमा छु, त्यसो हो भने तपाईंका तीनै पुरुषार्थ अनित्य हुन् र असन्तोषकारक हुन् । र जहाँसम्म तपाईंको यो भनाइ

छ कि बूढेसकाल आउने बेलासम्म प्रतीक्षा गर्नुपर्छ किनकि जवानीको कुनै ठेगान छैन, त्यसो हो भने तपाईंको यो कथन नै सुनिश्चित छैन किनकि जवानीमा पनि दृढता हुन सक्छ र बूढेसकालमा पनि नहुन सक्छ । चाहे तरुण होस्, चाहे वृद्ध होस् र चाहे जवान होस्, जो सुकैका लागि यही योग्य हो कि ऊ करुणाको धार्मिक पथतिर अग्रसर होस् । जहाँ तपाईंको यो भनाइ छ कि म यज्ञ गर्नमा अप्रमादी बनूँ, किनकि ती मेरो कुल अनुकूल हुन् र महान् फलदायी हुन्, तर म यस्ता यज्ञहरू गर्न चाहन्नँ जसमा निरीह प्राणीहरूको वध हुन्छ । कुनै पनि भावी फलका निम्ति कुनै पनि निरीह प्राणीको हत्या गर्नु कुनै पनि कारुणिक एवम् शीलसम्पन्न मनुष्यका लागि योग्य होइन, चाहे त्यस यज्ञको फल अनन्तकालीन नै किन नहोस् । याज्ञिक हुनु ठीक होइन, किनकि ठूलोभन्दा ठूलो फल पशुहरूको हत्याबाट मात्र पाइने कल्पना यज्ञहरूबाट गरिन्छ । म अर्को जन्ममा पाइने कुनै फलको आशाले कुनै कर्म गर्नका लागि प्रेरित हुन सक्दिनँ । हे राजन, भावी जन्महरूको कल्पनामा मेरो मनलाई सुख मिल्दैन, किनकि यस्ता कर्महरूको दिशा त्यसै प्रकारले अनिश्चित र अस्थिर छ जसरी बादलहरूबाट खसेको वर्षाले प्रताडित कुनै बिरुवाको दिशा ।"

राजा बिम्बिसारले हात जोडेर भने, "कुनै पनि बाधाबिना तपाईंको उद्देश्य सफल होस् । जुन बेला तपाईंले बोधि प्राप्त गर्नु हुनेछ त्यसबेला फेरि यहाँ आएर मलाई पनि दीक्षा दिने कृपा गर्नु होला ।"

सुखद समाचार

सिद्धार्थ गौतम राजगृहमा एउटा कुटी बनाएर बसेका थिए । त्यसै समय अरू पाँचजना परिव्राजक- कौंडन्न, वप्प, भद्दिय, महानाम र अस्साजी त्यहाँ आए र उनकै नजिक एक कुटी बनाएर बस्न थाले । यी पाँच परिव्राजकहरूबाट सिद्धार्थ गौतमले थाहा पाए कि उनले कपिलवस्तु छोडिसकेपछि कोलीहरूसँग युद्ध गर्ने मुद्दामा शाक्यहरूबीच ठूलो आन्दोलन छेडियो । "कोलिय र शाक्य भाइ-भाइ" का नारा लाग्न थाले, युद्धको विरोध हुन थाल्यो । बाध्य भएर शाक्य सङ्घले एक सभा बोलाउनु पर्‍यो । त्यसपछि शाक्य र कोलीहरूका तर्फबाट सन्धिवार्ताका लागि पाँच-पाँच जना दूतहरू छानिए र स्थायी पञ्चायतको स्थापना भयो । यस प्रकार युद्धको खतरा समाप्त भयो ।

समस्या नयाँ परिप्रेक्ष्यमा

शाक्य र कोलीहरूका बीच शान्ति स्थापना भएको खबर पाएपछि सिद्धार्थ गौतमले आफैसँग प्रश्न गरे कि अब जब युद्धको आशंका समाप्त भइसक्यो भने

के उनीहरूको समस्या पनि समाप्त भई हालेन ? गहिराइका साथ सोचेपछि उनले पाए कि समस्या त अझै पनि बाँकी छ, किनकि युद्धको समस्या त मुख्य रूपले विरोधको समस्या हो, एक ठूलो समस्याको अंश मात्र हो । यो विरोध न केवल जातिहरू र राजाहरूमा मात्र विद्यमान छ, बरु क्षत्रियहरूमा, ब्राम्हणहरूमा, गृहस्थीहरूमा, आमा-छोरामा, छोरा-बाबुमा, भाइ-भाइमा, दिदी-भाइमा र साथी-साथीमा यो विरोध, यो सङ्घर्ष विद्यमान छ । जातिहरूमा जुन सङ्घर्ष हुन्छ, त्यो त कहिलेकाहीं हुन्छ तर वर्गहरूका बीचमा जुन सङ्घर्ष हुन्छ त्यो स्थायी हो र लगातार जारी छ । संसारका कष्ट र दुःखहरूका मूलमा यो वर्गसङ्घर्ष नै छ । यो सत्य हो कि "मैले युद्धको कारणले नै गृहत्याग गरेको थिएँ । तर शाक्य र कोलीहरूको युद्ध समाप्त भई सकेपछि पनि म घर फर्किन सक्दिनँ । म देख्दै छु कि मेरो समस्याले व्यापक रूप धारण गरिसकेको छ । मैले सामाजिक सङ्घर्षको समस्याको हल खोज्नु छ ।"

पुराना परम्परागत दर्शनहरूसँग यस सामाजिक सङ्घर्षको समस्याको हल छ या छैन, र यदि छ भने कहाँसम्म ? के हामी यी सामाजिक दर्शनहरूमध्ये कुनै एकलाई सही मान्न सक्छौं ?

सिद्धार्थले हर परम्परा र हर मतको स्वयम् परीक्षण गर्ने निश्चय गरे । र उनी भृगुको आश्रममा गए । उनले स्वर्ग-कामी तपस्वीहरूका विचित्र-विचित्र तपस्याहरूको निरीक्षण गर्दै आश्रम हेरे । केही साधुहरू यस्ता थिए यो अन्न नखाएर फलफूल र कन्दमूलले नै गुजारा गर्थे । केही मानिस यस्ता थिए जो आफ्नो शरीरलाई जलमा या अग्निमा तड्पाउँथे । यी साधुहरूलाई विश्वास थियो कि शरीरलाई कष्ट दिनाले र कठोर तप गर्नाले मरेपछि स्वर्ग प्राप्त हुनेछ । सिद्धार्थले पाए कि सबै तपस्वीहरू स्वर्ग प्राप्त गर्नका लागि लालायित छन् । सिद्धार्थले विचार गरे कि यस्तो कठिन तपस्याले यदि स्वर्ग प्राप्त भई नै हाले पनि यसबाट दुनियाँका मानिसहरूका समस्याहरू त हल हुन सक्दैनन् । मानिसका समस्याहरू जस्ताको तस्तै रहनेछन्, जबकि सिद्धार्थको उद्देश्य यस्तो बाटोको खोजी गर्नु थियो जसबाट मानिसका दुःखहरूलाई हटाउन सकियोस् र उनीहरूको जीवनलाई सुखमय बनाउन सकियोस् । सिद्धार्थ गौतमको इच्छा त संसारका समस्त दुःखहरूको मूल कारण र त्यसको निवारण खोज्नु थियो । यसैले उनी भृगु आश्रम छोडेर अर्को आश्रमको खोजमा निक्लिए । एक आश्रमबाट दोस्रो आश्रम, दोस्रो आश्रमबाट तेस्रो आश्रम, यस प्रकार सिद्धार्थ गौतमले तत्कालीन भारतका करिब-करिब सबै प्रसिद्ध आश्रमहरूको भ्रमण गरे । कुनै आश्रममा तीन महिना

र कुनै आश्रममा छ महिना बसेर उनले सही बाटोको खोजी जारी राखे । किमिस-किसिमका ध्यान साधना सिकेर उनलाई केही आध्यात्मिक लाभ त भयो तर जन्म र मरणको भवसंसारबाट मुक्तिको मार्ग मिल्न सकिरहेको थिएन । समय तीव्रताका साथ बितिरहेको थियो । गृहत्याग गरेको तीन वर्ष बितिसकेको थियो तर खोजी जारी थियो । यसै प्रकार खोजी गर्दा-गर्दै उनी मुनि आलार कालामको आश्रममा पुगे ।

आलार कालामको आश्रममा उनले सांख्य परम्पराको अध्ययन गरे र सातवटै ध्यान सिके । ध्यान गर्ने बेला सिद्धार्थ आफ्नो मनमा विचारहरू र अतीतका रागद्वेषहरू तथा भविष्यसम्बन्धी कामनाहरूलाई आउन दिँदैनथे । यसबाट उनलाई शान्ति त मिल्थ्यो तर उनलाई यो थाहा थियो कि अन्तर्मनका गहिराइहरूमा दबेर रहेका राग र द्वेषहरू जस्ताका तस्तै छन् । ध्यान गर्दा-गर्दा यस्तो पनि अवस्था आयो जब उनलाई महसुस भयो कि चित्तबाट राग र द्वेष मेटिएका छन् र आनन्द अथवा पीडाका अनुभूतिहरू समाप्त भएका छन् । बिस्तारै-बिस्तारै उनले देखे कि इन्द्रियहरूका क्षेत्रबाट पनि उनी बाहिर निक्लिएका छन् र उनको चित्त शान्त सरोवरको जलझैँ स्थिर भएको छ । तर उनको अन्तर्मनका चिन्ताहरू र दुःख अझै पनि मौजुद थिए । ध्यानमा थप प्रगति गरेपछि उनी अपदार्थताको अवस्था जसमा व्यक्तिको चेतना द्रष्टाको जस्तै भई हाल्छ, त्यस अवस्थामा पुगे । तर उनले महसुस गरे कि उनको अन्तर्मनमा विकारहरू अझै पनि मौजुद थिए । जब उनले आलार कालामलाई भने कि उनले अपदार्थताको अवस्थालाई प्राप्त गरिसकेका छन् तर अन्तर्मनका विकारहरू अझै पूरै तवरले समाप्त भएका छैनन्, के यसभन्दा अगाडि पनि उनीसँग केही अरू ज्ञान छ ? आलार कालामले उनीसँग भने कि जति शिक्षा दिन सक्ने क्षमता उनमा थियो उनले सबै दिइसकेका छन्, अब उनीसँग सिद्धार्थलाई सिकाउनको लागि अरू बढी केही छैन । आलार कालामले सिद्धार्थसँग भने कि उनीहरू दुवैजना मिलेर आश्रम चलाऔँ । तर सिद्धार्थ गौतमले देखे कि उनलाई अझै पनि बोधि प्राप्त भएको छैन । अतः आलार कालामलाई धन्यवाद दिएर सिद्धार्थ आश्रमबाट निक्लिए ।

आलार कालामको आश्रमबाट उनी उद्दक रामपुत्तको आश्रममा गए । त्यहाँ उनले आठौँ ध्यान सिके । यस ध्यानमा साधक चेतनाको त्यस स्तरसम्म पुग्छ जहाँ भावबोध एवम् भावबोधहीनता दुवै अवस्था नै समाप्त भई हाल्छन् । यो विचारबाट निर्विचारको अवस्था हुन्छ, जब साधक चेतनाका सबै अवस्थाहरूलाई पार गरिदिन्छ । तर सिद्धार्थ गौतमले देखे कि उनको अन्तर्मनका गहिराइहरूमा

राग-द्वेषका विकारहरू अझै पनि मौजुद छन् र ध्यानको अवस्थाबाट बाहिर आउनासाथ आनन्दको अवस्था समाप्त भई हाल्छ । यस आठौं ध्यानले पनि जीवन र मरणको एवम् जीव-जगतमा विद्यमान दु:खहरूका न त कारणहरूको पत्ता लाग्यो न तिनको निवारणको बाटो नै भेटियो । सिद्धार्थ गौतमले उद्दक रामपुत्तलाई बताए कि उनले विचारबाट निर्विचारको अवस्थालाई प्राप्त गरिसकेका छन् । उनले उद्दक रामपुत्तसँग सोधे कि अब अगाडि के ? उद्दक रामपुत्तले भने कि उनलाई जेजति थाहा थियो, त्यो सबै सिद्धार्थलाई सिकाइसकेका छन् । यति मात्र होइन, उद्दक रामपुत्तले सिद्धार्थसँग भने कि उनी आफ्नो आश्रमको प्रमुख बनिदिउन् । तर यहाँ पनि सिद्धार्थले आफ्नो उद्देश्य पूर्ति हुने देखेनन् यसैले यहाँ पनि उनी रोकिएनन् र उद्दक रामपुत्तलाई धन्यवाद दिएर उनी उनको आश्रमबाट निक्लिए ।

तत्कालीन भारतको ध्यान-साधना जगतका दुई सर्वोत्तम र सर्वमान्य आचार्यहरूबाट शिक्षा पाएर सिद्धार्थले अध्यात्मका क्षेत्रमा केही प्राप्त गरिसकेका थिए तैपनि मानिसलाई दु:खहरूबाट पूर्णत: मुक्ति दिलाउने मूलभूत प्रश्नको उत्तर अझै पनि पत्ता लागेको थिएन । उनले अनुभव गरे कि पूरै भारतमा कुनै पनि साधु-सन्न्यासी या आचार्यले शायद योभन्दा बढी शिक्षा दिन सक्दैन, यसैले बोधि प्राप्तिको लागि उनले स्वयम् साधना गर्नु पर्नेछ । यस विचारका साथ हिँड्दाहिँड्दै सिद्धार्थ गयाको नजिकै निरन्जरा नदीको किनारमा पुगे । त्यस नदीलाई पनि पार गरेर त्यस बेलासम्म हिँडिरहें, जबसम्म उनी डुङ्गेश्वरी पर्वतसम्म पुगेनन् । त्यस पर्वतबाट उरुबेला गाउँसम्म आधा दिनमा पैदल हिँडेर पुग्न सकिन्थ्यो । सिद्धार्थले निश्चय गरे कि जबसम्म मुक्तिको सद्मार्गको खोजी गरिसक्दैननु, तबसम्म उनी यहीं साधनारत रहनेछन् । उनले त्यहाँ यस्तो गुफा पनि पाए, जहाँ उनी लामो समयसम्म साधना अभ्यास गर्न सक्थे । यस गुफामा बसेर उनले आफ्नो साधनाका ती चरणहरूमथि नयाँ ढङ्गले दृष्टिपात गरे जसको उनले पछिल्ला पाँच वर्षहरूभन्दा बढी समयसम्म महामान्य आचार्यहरूबाट शिक्षा प्राप्त गरेका थिए । उनलाई स्मरण भयो कि कुन प्रकार उनले सन्न्यासीहरूलाई सम्झाएका थिए कि आफ्नो शरीरमाथि अत्याचार नगर । यसबाट त दु:खमा डुबेको जगतका दु:खहरू झन् बढनेछन् । अब उनले उनीहरूको मार्गमाथि झनै गम्भीरताका साथ मनन गरे र सोचे कि अग्निप्राप्तिको कामना गर्ने व्यक्ति जलमा उभिएर या भूमिमा स्थिर भएर गिला वस्तुहरूको घर्षणबाट अग्नि प्रज्वलित गर्न सक्दैनन् । यही कुरा शरीरका लागि पनि सत्य हो । यदि व्यक्ति मनलाई त

भोगहरूबाट टाढा राख्छ तर शारीरिक रूपले त्यसमा लिप्त रहन्छ भने ऊ धर्म-सम्प्राप्तिको अधिकारी बन्न सक्दैन । यसैले मुक्तिलाभका लागि आत्मसाधना र रागातीत अवस्था प्राप्त गर्नका लागि उनले घोर शरीर-पीडन तप सुरु गरे ।

सिद्धार्थ गौतमले डुंगेश्वरी पर्वतमा लामो समयसम्म कठिनभन्दा कठिनतम तपस्या गरे । सुरुका तीन महिनासम्म उनी एक्लै नै डुंगेश्वरी गुफामा बस्थे तर चौथो महिनामा त्यहाँ उनले ती पाँचजना परिव्राजक पनि भेटे जसले कपिलवस्तुको शान्तिको समाचार सुनाएका थिए । ती पाँचैजना सिद्धार्थ गौतमको सेवा गर्दै उनको आज्ञाअनुसार बस्न थाले । उनीहरूमध्ये एक जना पालैपालो हरेक दिन छेउछाउका गाउँहरूबाट भिक्षा मागेर ल्याउँथ्यो । भिक्षामा जेजति पाइन्थ्यो त्यसको छ भाग लाउँथे र त्यसैबाट गुजारा गर्थे । अति थोरै खाना खाएको कारणले उनको शरीर सुकिसकेको थियो । शरीर यति दुर्बल भइसकेको थियो कि उनी हिँडडुल गर्न पनि सक्दैनथे । तर अझै पनि दुःखको समस्याको कारण देखिइरहेको थिएन ।

एक दिन, जब श्मशानमा बसेर सिद्धार्थ साधना गरिरहेका थिए, त्यसबेला उनलाई महसुस भयो कि आत्मज्ञान प्राप्तिका दृष्टिले घोर शरीर-पीडन तपको यो मार्ग निकै भ्रान्तिपूर्ण हो । उनले सोचे कि जसको शरीर बलहीन भएको छ, जो भोकतिर्खाले हैरान भएको छ, जसको मन थकावटको कारणले एकाग्र र शान्त छैन, उसलाई नयाँ ज्ञान प्राप्त हुन सक्दैन । शरीरमाथि अत्याचार गर्नु भनेको चित्तमाथि पनि अत्याचार गर्नु हो । साँचो शान्ति र चित्तको एकाग्रता शरीरका आवश्यकताहरूको पूर्तिले नै ठीकठीक प्राप्त हुन सक्छन् ।

उनले विचार गरेर निष्कर्ष निकाले कि अहिलेसम्म गरिएका तपस्या र साधना विफल रहेका छन् । विफलता यति बढी थियो कि कसैलाई पनि सम्पूर्ण रूपमा निरास बनाउन सक्थ्यो तर सिद्धार्थ बिलकुल निराश थिएनन् । उनलाई विश्वास थियो कि कुनै न कुनै मार्ग त अवश्य होला जसले यस संसारचक्रबाट र भवसागरबाट पार लिएर जान्छ होला । उनलाई विश्वास थियो कि दुःख-चक्रबाट पार हुने बाटो एक न एक दिन अवश्य पाइनेछ । सिद्धार्थ गौतमले तत्क्षण निर्णय गरे कि अब उनी भिक्षाटन गर्नेछन्, आफ्नो स्वास्थ्यको ख्याल राख्नेछन् र आफ्नो ध्यानसाधनाद्वारा तनमन दुइटैको पोषण गर्नेछन् । उनले सोचे कि सम्बोधि प्राप्त गर्ने आखिर कुनै न कुनै मार्ग त होला । उनले निर्णय लिए कि उनी आफ्नो गुरु स्वयम् बन्नेछन्, कुनै अरूबाट शिक्षा ग्रहण गर्ने छैनन्

र धम्मको मार्ग स्वयम् खोजेर निकाल्नेछन् , यस निर्णयबाट प्रसन्न भएर उनी धर्तीमाथि पल्टिए र शान्तचित्त निद्रामग्न भएर विश्राम गर्न थाले । अर्को बिहान उनी नदीसम्म हिडेर आए र निकै बेरसम्म नुहाए । नुहाइसकेपछि नदीबाट उनी बाहिर आउन खोजे, तर उनको शक्तिले जवाफ दिइरहेको थियो र उनी हिँड्नमा अक्षम महसुस गरिरहेका थिए । उनी बिस्तारैबिस्तारै उभिए र स्वभाविक सास लिन थाले । यस क्रममा उनले देखे कि एक वृक्षको शाखा पानीतिर झुकेको छ र त्यसका पातहरूले पानीलाई छोइरहेका छन् । उनी बिस्तारैबिस्तारै अगाडि बढे र त्यस हाँगालाई समातेर त्यसको सहारा लिएर, नदीको पानीबाट बाहिर आए । केहीबेर नदी किनारामा विश्राम गरिसकेपछि उनी उरुबेला गाउँतिर लागे र बरको रुखको छायामा बसेर ध्यान गर्न थाले ।

सिद्धार्थलाई सम्झना भयो कि नौ वर्षको उमेरमा जामुनोको रुखको शीतल छायामा बसेर उनले पहिलो पटक ध्यानसाधना गर्दै जब सहज- स्वभाविक सासलाई जस्ताको तस्तै हेरीहेरी ध्यान गरेका थिए त्यसबेला मन बिस्तारैबिस्तारै बिलकुल शान्त र एकाग्र भएको थियो र हेर्दाहेर्दै चित्त निर्मल भएको थियो । छन्न गई सकेपछि वनमा साधना गरेको अनुभूतिको पनि उनलाई स्मरण भयो । उनले पहिलो ध्यानका परिस्थितिहरूमाथि विचार गर्दा पाए कि त्यसबेला उनी एकान्तमा थिए र छेउछाउमा शान्ति भङ्ग गर्ने कोही थिएन । ध्यानका निम्ति एकान्त ठाउँ र शान्त वातावरण चाहिन्छ । वातावरणसँगै मन पनि शान्त हुनुपर्छ । उनले विचार गरे कि पहिले ५ वर्षको तपश्चर्याको क्रममा उनी आफ्नो सास र शरीरका क्रियाहरूलाई नियन्त्रित गर्ने कोसिस गरिरहेका छन् जो प्राकृतिक स्वभावअनुरूप नभएर निकै हदसम्म कृत्रिम थियो । पछि ६ वर्षको तपस्याका क्रममा उनी शरीर र चित्तको सहज-स्वभाविक प्रवृत्तिहरूसँग लडिरहन्थे र तिनलाई जबर्जस्ती काबूमा राख्नको लागि किसिमकिसिमका साधना गर्थे । यस क्रममा उनी प्रत्येक सुखको त्याग गरिरहेका थिए । उनले विचार गरे कि यसबाट त अहँ झनै बढ्दै गइरहेको छ । गहन सोच-विचारपछि निर्णय लिए कि सहज-स्वाभाविक सुखानुभूतिसँग डराउनुको सट्टा त्यसलाई तटस्थ भावले, द्रष्टाभावले अनुभव गर्नेछन् । उनले विचार गरे कि शायद यही प्रक्रिया सम्बोधि प्राप्त गर्ने मार्ग हो । शरीरलाई अत्यधिक कष्ट दिनुको सट्टा शरीरका सामान्य आवश्यकताहरूको पूर्ति गर्दै, सहज र स्वाभाविक रूपले सम्बोधि प्राप्त गर्नु शायद बढी सजिलो होला । यदि नौ वर्षको बालक सहज र स्वाभाविक सासलाई हेरीहेरी गहन ध्यानावस्थामा पुग्न सक्छ भने शायद यसै प्रक्रियाद्वारा चित्त

विमुक्तिको अवस्थासम्म पुग्न सकिन्छ । सिद्धार्थलाई विश्वास भयो कि यही बुद्धत्व प्राप्तिको मार्ग हो । अब उनले यसै बाटोवाट हिँड्नु थियो ।

सिद्धार्थले अव भिक्षाटन गरेर शरीरको आवश्यकताअनुसार नियमित भोजन गर्न सुरु गरे र शारीरिक आत्मपीडन छोडिदिए । पाँचजना परिव्राजक जो सिद्धार्थ गौतमका साथमा थिए, उनीसँग नाराज भए । उनीहरूलाई लाग्यो कि उनले आत्मपीडन जीवनको परित्याग गरिदिएका थिए । उनीहरू सिद्धार्थ गौतमलाई छोडेर हिँडे ।

सिद्धार्थ नियमित भिक्षाटनको निम्ति जान्थे र भिक्षामा पाइएको भोजन मध्यान्हभन्दा अगाडि खाइसक्थे । यो सिलसिला लगभग छ महिनासम्म चल्यो । बिस्तारैबिस्तारै उनको स्वास्थ्य सुध्रँदै गयो' ।

केही विद्वानहरूको यो मत कि तपश्चर्याको अन्त गरेपछि केवल एक पटक सुजाताले दिएको खीर खाएर सिद्धार्थ ध्यान गर्न बसे र त्यसै राती बुद्धत्व प्राप्त भयो, बढी तार्किक लाग्दैन । बुद्धत्वको मार्ग लामो र धीमा हुन्छ । बुद्धत्व चमत्कारबाट प्राप्त हुँदैन । यो बिस्तारैबिस्तारै उपलब्ध हुन्छ । बुद्धले स्वयम् भनेका छन्, जसरी महासागर बिस्तारैबिस्तारै भरिन्छ, बिस्तारैबिस्तारै उक्लिन्छ, बिस्तारैबिस्तारै उत्रिन्छ, त्यसरी नै यस बुद्धत्वको मार्गमा बिस्तारैबिस्तारै र लामो समयसम्म हिँड्नुपर्ने हुन्छ ।

प्रतिदिन प्राकृतिक क्रियाहरू सकेर र भोजन गरेर उनी ध्यानमा लीन भई हाल्थे । सवैभन्दा पहिले उनले प्रत्येक विचारका प्रति सजगताको विकास गरे । यो सजगता मनमा उठ्ने प्रत्येक विचारका साथसाथै शरीरमा हुने प्रत्येक संवेदनाका प्रति पनि थियो । मन र शरीरमा हुने प्रत्येक क्रिया र प्रतिक्रियाको उनी द्रष्टा भावले परीक्षण गर्थे । खाँदा-पिउँदा, उठ्दा-बस्दा, बोल्दा-चुप रहँदा, हिँडडुल गर्दा, झुक्दा-पल्टिँदा हरक्षण उनी जागरुक रहन्थे । हरपल सचेत र हरक्षण सजग रहँदारहँदा उनले देखे कि मन र शरीर ससाना अणु-परमाणुहरूको (जसलाई उनले ती दिनका भाषामा अष्टकलाप भने) एक पोको मात्र हो जो हरपल बन्दै र बिग्रँदै छन् । उनले पाए कि यी अष्टकलाप चार मूलभूत तत्वहरू- अग्नि, वायु, जल र पृथ्वी धातुले बनेका छन् र प्रत्येक धातुको आफ्नो गुणधर्म छ । प्रत्येक अष्टकलापमा यी चार धातुहरू र तिनका चार गुणधर्म छन् । यो सानो अष्टकलाप यति छिटो उत्पन्न हुन्छ र त्यति नै छिटो नष्ट हुन्छ कि जति बेरमा एक चुटकी बज्छ या परेली झिम्किन्छ, त्यति बेरमा यो एक चोटि सहस्र

पटक उत्पन्न हुन्छ र नष्ट भई हाल्छ । यो प्रक्रिया यति तेज गतिले भइरहेको छ कि कम्पनको अनुभव नभएर शरीर ठोस भएको आभाष भइरहन्छ । सिद्धार्थले आफ्नो प्रत्यक्ष अनुभवले देखे कि बाह्य जगतमा जेजति भइरहेको छ, मन र शरीर त्यसप्रति प्रतिक्रिया जनाइरहेका छन् । उनले निष्कर्ष निकाले कि सबै दुःखहरू हाम्रो यस साढे तीन हाथको काया र त्यससँग गाँसिएको चित्तमा नै उत्पन्न भइरहेका छन् । यसैले सबैभन्दा पहिले आफ्नो मन र शरीरको वास्तविक स्वभावलाई बुझ्नुपर्ने हुन्छ । सचेतन अवस्थाको अभ्यास गर्दागर्दा ध्यानावस्थामा उनले देखे कि मन र शरीरको कुनै पनि स्थिति स्थायी छैन । हरभाव, विचार या अवस्था केहीबेर रहन्छ र त्यसपछि आफैं अर्कोभाव, विचार या अवस्था आइहाल्छ । सबैथोक परिवर्तित भइरहेको छ सबै परिवर्तनशील छ, अनित्य छ । जीवनको अनित्यता नै दुःखको प्रमुख कारण हो । जीवनको दुःख रोग, बूढेसकाल र मृत्युजस्ता ठूला घटनाहरूले मात्र होइन बरु यो त क्षणप्रतिक्षण दिनप्रतिदिनका विफलताहरू, कुण्ठाहरू, निराशाहरू, हताशपनहरू, जीवनका कमीहरूका कारणले चलिनै रहन्छ । मनपर्ने कुरा भएन भने दुःख लाग्छ, मन नपर्ने कुरा हुँदा दुःख लाग्छ, प्रियजनहरूसँगको बिछोड र अप्रियजनहरूसँगको सम्पर्कको कारण दुःख लाग्छ । संक्षेपमा पञ्चस्कन्धहरूसँग टाँस्सिरहनु दुःख हो । आफ्नो क्षणिक सुख जसलाई हामी वास्तविक सुख ठानी दिन्छौं, त्यो पनि अगाडि गएर दुःख नै बनीदिन्छ किनकि जसै सुख आउँछ हामी त्यसलाई बचाइराख्ने चिन्तामा लागि हाल्छौं । उनले प्रत्यक्ष अनुभव गरे कि दुःखको मूलमा तृष्णा छ । हामी स्थितिहरू, परिस्थितिहरू र वस्तुहरूको यथापूर्व ज्ञान-दर्शन गर्दैनौं बरु आफ्नो शिक्षा र मान्यताहरूको रंगीन चश्माले तिनलाई हेर्छौं । इच्छाहरूले जे जगाउँछन्, तिनलाई हर मूल्यमा पूरा गर्न चाहन्छौं । यदि त्यसमा बाधा पर्‍यो भने ती सबैका प्रति जो इच्छापूर्तिमा बाधक छन्, क्रोध, घृणा, ईर्ष्या जस्ता मनोविकारहरूलाई जन्म दिन्छन् । यसका विपरीत यदि इच्छा पूरा भयो भने त्यराका प्रति टाँस्सिरहने भाव पैदा गर्छन् । जसैजसै सिद्धार्थले मनका प्रत्येक अवस्थाको सूक्ष्मभन्दा सूक्ष्मतर विश्लेषण गरे अनि उनलाई प्रत्यक्ष अनुभव हुँदै गयो कि कसरी एक तृष्णापछि अर्को तृष्णाको जन्म हुन्छ र मन सधैं वर्तमान परिस्थितिसँग सन्तुष्ट नभएर त्यो कुरा चाहन्छ जो यस समयमा छैन । यसवाट लगातार भयको निर्माण हुन्छ र निरन्तर केहीवाट केही बन्दै जान्छ । संसारको स्वभाव नै परिवर्तनशीलता हो र केहीबाट केही बन्दै गइरहेको छ । यो परिवर्तनको नियमसँग बाँधिएको छ र त्यसबेला दंग पर्छ जब परिवर्तनको प्रक्रियामा रहेको हुन्छ तर परिवर्तनशीलताप्रतिको लगावमा भय पनि लुकेको हुन्छ र यो भय आफैंमा दुःखको कारण हो ।

सिद्धार्थ गौतम प्रतिदिन भिक्षाटन प्राप्त भोजन मध्यान्हभन्दा अगाडि नै खाईसक्थे र ध्यानमा लीन भईहाल्थे । बोधगयामा एक पीपलको रुखमूनि पूर्व दिशातिर मुख फर्काएर पद्मासन लगाएर बसिहाल्थे र लगातार ध्यान गरिरहन्थे । ध्यान गरिसकेपछि मङ्गलमैत्रीको साधना गर्थे र चार दिशाहरूमा, अनुदिशाहरूमा समस्त प्राणीहरूको मङ्गलमयताको कामना गर्थे । यस मङ्गल मैत्रीको कामनामा सानाठूला, टाढा-समीप, जलका-थलका र आकाशका समस्त प्राणीहरू, रुख-बिरुवाहरू र पशु-पक्षीहरू समावेश रहन्थे । यस प्रकार सिद्धार्थको साधना प्रगतिपथमा थियो ।

वसन्त ऋतु समाप्त हुनै लागेको थियो । सिद्धार्थ केही दिनमै पैंतीस वर्षका हुन लागेका थिए । ध्यान गर्दागर्दा चार हप्ता पूरा हुनलाई चौबीस घन्टा बाँकी थियो । विहान हुनै लागेको थियो । सूर्योदय भएको थिएन र न उषाको आगमन नै । यस शान्त नीरव, ब्रम्ह मूर्हतमा पीपलको रुखमुनि ध्यानरत सिद्धार्थले आफ्नो शरीरलाई अलिकता आराम दिन चाहे । उनी त्यहीं पल्टिए र केही बेरमा उनलाई निद्रा परिहाल्यो । उनको निद्रा अवस्थामा एकपछि अर्को गर्दै पाँच स्वप्न प्रकट भए ज़ो भविष्यतिर संकेत गर्ने पूर्वाभाष थिए । स्वप्न समाप्त हुनासाथ नै बोधिसत्व ब्युँझिए र तिनका अर्थहरूमाथि विचार गर्न थाले । प्रथम स्वप्नअन्तर्गत उनले आफ्नो विशाल रूप देखे । उनले देखे कि उनी आजको नेपाल र भारतको सम्पूर्ण धरतीमाथि पल्टिएका छन् जो कि उनका लागि ओछ्यान बनेको छ । हिमालको उच्च शिखर उनको तकिया बनेको छ । उनका खुट्टाहरू दक्षिण भारतको कन्याकुमारीसम्म फैलिएका छन् र दक्षिण महासागरमा अडेका छन् र महासागरले उनका खुट्टाहरू पखालिरहेको छ । दायाँ हात पश्चिममा अरब सागरको किनारामा छ र बायाँ हात पूर्वमा बंगालको खाडीको किनारामा । दुवै समुद्रले उनका हत्केला र औंलाहरूलाई पखालिरहेका छन् । दोस्रो सपनामा उनले देखे कि छीरिका नामक घाँस उनको नाभिवाट निक्लिएर आकाशतिर उन्नतिशील छ र रथको पाङ्ग्राको आकारको कमल फुलेको छ । तेस्रो स्वप्नमा उनले देखे कि विभिन्न रंगका अनगिन्ती पक्षीहरू सबै दिशाहरूबाट उड्दै उनीकहाँ आइरहेका छन् । यसै प्रकार उनले दुई अरू स्वप्न देखे ।

बोधिसत्व सिद्धार्थ उठेर बसे र यी स्वप्नहरूका अर्थमाथि चिन्तन गर्न थाले । यी स्वप्नहरूले संकेत गर्थे कि उनलाई बुद्धत्व प्राप्त हुन लागेको छ र उनका उपदेशहरूको प्रभाव समस्त जम्बूद्वीप, आजको सम्पूर्ण भारत र नेपालमा पर्नेछ र त्यसपछि दक्षिण, पूर्व र पश्चिमी समुद्रहरूद्वारा तथा उत्तरी हिमालयको बाटो

हुँदै सारा विश्वमा फैलिनेछ । सबै दिशाहरूबाट विभिन्न रंगका पक्षीहरू आउनुले यस कुराको संकेत गर्थ्यो कि प्रत्येक वर्ग, जाति, सम्प्रदाय र देशका मानिसहरू उनले बताएको मार्गलाई अपनाउने छन् ।

उरुवेलामा सेनानी नामक एक गृहस्थ बस्थ्यो, उसकी छोरी सुजाताले वरको वृक्षका प्रति संकल्प गरेको थिई कि यदि उसको मनोकामना पूरा भयो भने प्रतिवर्ष वृक्ष देवतालाई भेटी चढाउने छे । मनोकामना पूरा भएपछि उसले आफ्नी पुण्णा नाम गरेकी नोकर्नीलाई पूजा थाली तयार गर्नलाई पठाई । सिद्धार्थ गौतमलाई वरको वृक्षमुनि बसेको देखेर पुण्णाले ठानी कि आज वृक्ष देवता नै साक्षात् प्रकट भएका छन् । सुजाता स्वयम् आई र उसले आफूले बनाएको खीर स्वर्णपात्रमा सिद्धार्थ गौतमलाई अर्पण गरी ।

सिद्धार्थ गौतमले स्वर्णपात्र लिए र निरञ्जना नदीमा सुपतिट्ठ नामक घाटमा स्नान गरेर तुरुन्त भोजन ग्रहण गरे । सुजाताको खीरले आफूलाई ताजा बनाएर सिद्धार्थ पुन: पद्मासन लगाएर यस दृढ निश्चयका साथ ध्यान गर्न बसे कि जबसम्म उनी सम्बोधि प्राप्त गर्दैनन्, आफ्नो आसनबाट उठ्ने छैनन् ।

जब उनी दृढ निश्चयका साथ बसे त्यस वेला खराब विचार र खराब चेतनाहरूका झुन्डका झुन्डले , जसलाई 'मार' भनिन्छ, उनीमाथि आक्रमण गरे । एक पटक त सिद्धार्थ गौतमलाई डर लाग्यो कि कतै यी 'मार' उनीमाथि हावी नहोउन्, उनको साधनालाई विफल नगरिदिउन् । तर आफ्नो सारा साहस बटुलेर उनले मारसँग भने, 'मभित्र श्रद्धा छ, मभित्र वीर्य छ, मभित्र प्रज्ञा छ । हे मार ! तँ कसरी पराजित गर्न सक्छन् ? चाहे वायु यस नदीको स्रोतलाई सुकाउनमा सफल होला तर तँ मलाई मेरो निश्चयबाट डगाउन सक्तैनस् । पराजित भएर जिउनुभन्दा युद्धमा मर्नु मेरा निम्ति बढी श्रेयस्कर छ ।'

सिद्धार्थ गौतमको दृढ निश्चय देखेर अकुशल र खराब विचारहरू (मार) आफैँ हिँडिहाले ।

बुद्धत्व-प्राप्ति

क्षण-प्रतिक्षणका सजगताको अभ्यास गर्दागर्दा सिद्धार्थको चित्त, शरीर र श्वासप्रश्वास पूरै किसिमले एकाकार भइसकेको थियो । लगातार ध्यान र सतत जागरुकताको कारण उनको चित्तलाई एकाग्र गरेर शरीरका अणुअणुको निरीक्षण गर्न सक्ने अद्भूत शक्ति प्राप्त भइसकेको थियो । उनी शरीर र चित्तको एक-एक अणु-

परमाणुलाई छेडेर त्यसको पारि जान सक्थे । ध्यान गर्दागर्दा बोधिसत्वले अनुभव गरे कि 'वेदहरूमा प्राणी मात्रमा एक आत्माको जुन भाव प्रतिपादित गरिएको छ, त्यो भ्रमपूर्ण छ । वास्तवमा सबै वस्तुहरू या प्राणीहरू आत्माहरूबाट रहित छन् । समस्त सांसारिक प्रपञ्चहरूको मूल प्रकृति आत्मरहित अथवा अनात्माको हो । आत्माको कुनै पृथक अस्तित्व नै हुँदैन । त्यो त एक चम्किने बिजुलीजस्तै हो जसले भ्रामक विचारहरूलाई नष्ट गरिदिन्छ ।' अनात्मभावको प्रत्यक्ष अनुभवले सिद्धार्थको अन्तर्दृष्टि झनै खारिइसकेको थियो । दिनरात-उनी पीपलको रुखमुनि ध्यान साधनामा लीन रहन्थे र नयाँ-नयाँ तहहरू उनका सामु बिजुलीको चमकजस्तै खुल्दै जान्थे ।

ध्यानको गहनभन्दा गहनतम अवस्थामा गएर उनले आफ्ना सबै भूतकालका जन्महरू, जीवन र मृत्यहरूलाई देखे । उनले आफ्नो शरीरका प्रत्येक अणु-परमाणुमा समस्त लोकहरूको उपस्थिति र भूतकाल, वर्तमान र भविष्यतकालका तीनै आयामहरू, देशकालका सबै अवस्थाहरू देखे । ध्यानको अझै गहन अवस्थामा पुगेपछि उनले देखे कि कुन प्रकारले अनगिन्ती जगतहरूको उत्थान र पतन हुन्छ, तिनको कसरी रचना र विनाश हुन्छ । उनले आफ्नो प्रत्यक्ष अनुभूतिले देखिहाले कि कुन प्रकारले तमाम प्राणीहरू अनगिन्ती जन्महरू र मृत्युहरूका बीचबाट हिँड्छन् । ध्यानको अझै गहिराइमा पुगेर उनले पाए कि प्राणी मात्र अज्ञानताका कारण अनेक प्रकारका दुःख र कष्ट भोगदछन् । लोभ, मोह, क्रोध, अहङ्कार, भ्रम, द्वेष, मोह इत्यादि समूल नष्ट भए र चित्त निर्मल भयो, निर्विकार भयो । चित्तमा अनन्त करुणा, अनन्त हर्ष, अनन्त समता, अनन्त उपेक्षाको उदय भयो । उनी इन्द्रियातीत अवस्थामा गए र अनुत्तर (सर्वोच्च) अवस्थामा पुगे जसलाई इन्द्रियहरूले न त बयान गर्न सकिन्छ र न बुझ्न नै सकिन्छ । उनले चार आर्य सत्य र आर्य आष्टाङ्गिक मार्गलाई खोजेर निकाले । ध्यानको गहनतम अवस्थामा उनले दिव्यदृष्टि, दिव्य श्रवण र आफ्नो ठाउँमा बसीबसी जहाँसुकै पनि आउनजान सक्ने सामर्थ्य प्राप्त गरिसकेका थिए । यसबाट उनी समस्त प्राणीहरूका हृदयलाई हेर्दै, प्रत्येक प्राणीको मनको अवस्थालाई बुझिरहेका थिए । सिद्धार्थलाई यस्तो अनुभूति भयो मानौं हजारौं योनीहरूको कारागारबाट मुक्ति पाइएको होस् । यस कारागारका अज्ञानरूपी द्वारपालहरूलाई उनले प्रत्यक्ष अनुभूतिले चिनिसकेका थिए । अज्ञानरूपी यस द्वारपाललाई चिन्नेबित्तिकै उनको मुखबाट वाणी निक्लियो-

अनेक जातिसंसारं सन्ध्याविस्सं अनिब्बिसं ।

गहकारकं गवेसन्तो दुक्खा जाति पुनप्पुनं ॥

गहकारकं ! दिट्ठोसि पुन गेहं न काहसि ।

सब्बा ते फासुका भग्गा गहकूटं विसङ्खितं ॥

विसाङ्खारगतं चित्तं तण्हानं. खयमज्झगा ॥

अनेक जातिसंसारं- (पूर्वजन्महरूको ज्ञानको अपूर्व सिद्धिद्वारा आफ्ना अनन्त पूर्वजन्महरूको स्मरण गर्दै उनले देखे कि) यस भव संसारमा म अनेकौं पटक जन्मैं र ...

सन्धाविस्सं अनिब्बिसं- केही प्राप्त नगरिकन, नरोकिएर यस भव संसारमा खोजीनीति गरी नै रहैं । दौड लगाई रहैं ।

गहकारकं गवेसन्तो- घर निर्माताको खोजी गर्दै, अर्थात् यस खोजीमा लागें कि प्रत्येक मृत्युमा अर्को जन्मका लागि नयाँ शरीरको निर्माण कसले गर्छ, जन्म-मरणको सृष्टिको रचयिता को हो ? तर यस्तो कुनै स्रष्टा व्यक्तिको निरर्थक र निष्फल खोजीमा

दुक्ख जाति पुनप्पुनं- पटक-पटक दु:खमय जन्म लिई रहैं, अर्थात् भव-संसारमा भौतारिने काम समाप्त भएन ।

गहकारकं दिट्ठोसि- हे घर निर्माता, (अब) तँ देखिई सकिस् ।

पुन गेहं न काहसि- अब तैंले पुन: (मेरा लागि) घर बनाउन सक्ने छैनस् । किनकि

सब्बा ते फासुका भग्गा- तेरा सबै कडीहरू भत्किसकेका छन् ।

र

गहकूटं विसंङ्खितं- घरको कूटस्थ स्तम्भ टुटिसकेको छ ।

को हो यो घर निर्माता, जसको तथागतले दर्शन गरे ? कस्तो हो यो गृहकूट र कस्ता हुन् यी करडजस्ता कडीहरू जो नष्ट गरिसकिएका छन् ? जबसम्म कुनै व्यक्ति विशेषका रूपमा रचयिताको खोजी थियो, तबसम्म भ्रान्ति नै भ्रान्ति थियो । अब सम्पूर्ण भवचक्रको निर्माणको र त्यो भत्किएको सत्यताको यथापूर्व दर्शन गरेर जुन ज्ञान जाग्यो, त्यसबाट वास्तविक सत्यता स्पष्ट रूपले उनले बुझे ।

यो जुन अविद्या अर्थात् अज्ञानको अन्धकार छ, त्यसैमा पुन:पुन: जन्म दिने सांसारिक क्रम बनिरहन्छन् र तृष्णाका यी कडीहरू छन् जो अविद्याजन्य क्रमहरूसँग जोडिइरहन्छन् । पटिच्चसमुप्पादको यो सारा क्रम देखिसकियो र त्यसलाई विनष्ट गरिसकियो । अनि उनले भने :

विसाङ्खारगतं चित्तं- नयाँ जन्म दिने सबै क्रमहरूबाट चित्त सर्वथा रिक्त भई सक्यो ।

तण्हानं खयमज्झगा- (अर्हत्व फलको) त्यो अवस्था प्राप्त भयो, जहाँ सारा तृष्णाहरूको क्षय भयो ।

उनले देखे कि उनीभित्रको अज्ञानको अन्धकार पूर्णतया विलीन भई सक्यो र ज्ञान प्रकट भयो, प्रज्ञा प्रकट भयो, नयाँ प्रकाशसँग साक्षात्कार भयो र एक यस्तो नयाँ पथको खोजी भयो जसका बारेमा उनले पहिले कहिल्यै सुनेका पनि थिएनन् ।

पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि, ञाणं उदपादि, पञ्ञा उदपादि, विज्जा उदपादि, आलोको उदपादि ।

(पहिले कहिल्यै सुनेकोसम्म थिइनँ, यस्तो धर्ममा मेरा अन्त: चक्षु खुले, ज्ञान जाग्यो, प्रज्ञा जाग्यो, अविद्या हरायो, विद्या जाग्यो, अन्धकार हरायो, आलोक जाग्यो ।)

जुन सत्यको उनले साक्षात्कार गरे, त्यसलाई चार आर्यसत्य र जुन मार्गलाई उनले खोजेर निकाले त्यसलाई आर्य आष्टाङ्गिक मार्ग भने । यस प्रकार उनले निर्वाणको साक्षात्कार गरे जसलाई इन्द्रियातीत भएको कारणले अनुभव त गर्न सकिन्छ तर शब्दहरूमा बयान गर्न सकिदैन ।

सन् ५२८ ई.पू. बैशाख पूर्णिमाको दिन बुद्धत्व प्राप्त गरेर सिद्धार्थ गौतम सम्यक् सम्बुद्ध बने । महा करुणानिधिले असीम करुणाका साथ बोधि-नेत्रहरूले संसारतिर हेरे । गौतम बुद्धले सम्बोधि भरिएको चित्तले सबै प्राणीहरूका चित्तको अवलोकन गरे र देखे कि समस्त प्राणीहरूका अन्तरालमा सम्बोधिका बीजहरू विद्यमान छन्, तैपनि अज्ञानवश, प्राणीहरू हजारौं वर्षसम्म हजारौं योनीहरूबाट जन्म-मरणको भवसागरमा डुबिरहन्छन् । उनले विचार गरे कि निर्वाणका ढोकाहरू त सबैका लागि खुला छन्, उनी आफ्नो हृदय मानिसहरूका लागि कसरी बन्द गर्न सक्थे ।

सम्बोधि प्राप्तिपछि बुद्ध आफ्नो सुखद् एवम् दिव्य अनुभूतिका साथ एक हप्ता

बोधिवृक्षमुनि नै बसी रहे र एउटै आसनमा बसेर विमुक्ति सुखको आनन्द लिई रहे । 'यस आसनका लागि चार असङ्ख्य एक लाख कल्पहरूसम्म दौडिरहें । यसैमाथि बसेर मेरा संकल्पहरू पूरा भए । म यहाँ अहिले उठ्दिनँ ।' रातको पहिलो प्रहरमा पटिच्चसमुप्पादको आदिदेखि अन्ततिर र अन्तदेखि आदितिर मनन गरे । रातको दोस्रो र तेस्रो प्रहरमा पनि पटिच्चसमुप्पादको आदिदेखि अन्ततिर र अन्तदेखि आदितिर मनन गरिरहे कि कुन प्रकारले अविद्याका कारण दुःखपुन्जको जन्म हुन्छ र कुन प्रकारले अविद्या जरैदेखि नष्ट भई दिंदा दुःखपुन्जको नाश हुन्छ ।

उनले सम्बोधि प्राप्त गरेको आसनभन्दा अलिकता पूर्वतिर उत्तर दिशामा उभिएर- 'यसै आसनमा मलाई सर्वज्ञता (बुद्धत्व) प्राप्ति भयो' र चार असङ्ख्येय एक लाख कल्पसम्म पूरा गरिएका सीमाहरूका फलस्वरूप प्राप्त स्थान, त्यस आसनलाई निर्निमेष दृष्टिले हेर्दै अर्को एक हप्ता व्यतीत गरे । यसैले त्यस स्थानको नाम अनिमेष चैत्य रह्यो ।

यसपछि त्यस आसन र उभिएको स्थानका बीच चंक्रमण बनाएर पूर्व पश्चिम लामो रत्नचंक्रमण गर्दै एक हप्ता बिताए । त्यो स्थान रत्नचंक्रमण चैत्य भनियो । बुद्धले चौथो सप्ताह रत्नघरमा अभिधम्मका बारेमा ध्यान गर्दै बिताए । यस प्रकार बोधिवृक्षका नजिक चार सप्ताह बिताएर, बोधिवृक्षलाई छाडेर अजपाल नामक बरको रुखनेर गए ।

पाँचौं सप्ताह यस अजपाल बरको रुखमुनि धम्ममाथि विचार गर्दै र विमुक्तिसुखको आनन्द लिंदै बिताए । जब भगवान अजपाल बरवृक्षमुनि बसेका थिए, उनको छेउमा एक अभिमानी ब्राम्हण आयो र सोध्यो कि कुनै व्यक्ति ब्राम्हण कसरी बन्छ ? बुद्धले ऊसँग भने कि जन्मले न त कोही ब्राम्हण हुन्छ र न चण्डाल । केवल कर्मले नै मानवलाई ब्राम्हण या चण्डाल बनाउँछ ।

त्यहाँबाट उठेर मूचलिन्द वृक्षमुनि आए । त्यहा हप्तादिनसम्म उत्पन्न मेघजनित चिसोको निवारणार्थ मुचलिन्द नागराजद्वारा सात पटक फणले वेष्ठित भएर, वाधारहित गन्धकुटीमा बसेझैं विमुक्तिसुखको आनन्द लिंदै छैठौं सप्ताह व्यतीत गरे । एक सप्ताहसम्म चित्त-विमुक्तिको आनन्द लिंदै एक आसनमा बसी रहे । त्यस क्रममा घनघोर वर्षा भयो, र चिसो हावा चलिरहेको थियो । नागराज मुचलिन्दले यस प्राकृतिक विपदबाट बुद्धको रक्षा गऱ्यो । मुचलिन्द वृक्षमुनि सप्ताह बिताएर बुद्ध राजायतन वृक्षमुनि आए र त्यहाँ आसन लगाएर बसे र एक

सप्ताहसम्म विमुक्तिको आनन्द लिँदै बिताए । यस प्रकार सात सप्ताह पूरा भए । यसै वीच उनले न मुख धोए, न स्नान गरे, न आहार ग्रहण गरे । यी सात हप्ता उनले ध्यानसुख, मार्गसुख, फलसुखमा बिताए । यस प्रकार सात सप्ताह व्यतीत गरेपछ उनन्चासौँ दिनमा उनले दाँत माझे र मुख धोए ।

त्यसै बेला त्यहीँवाट हिँडिरहेका बर्मा देशका दुई व्यापारी तपस्सु र भल्लिक बुद्धको छेउमा आए र मह एवम् चामलले बनेका लड्डुहरू दान गरे । उनीहरू दुवैले बुद्ध र धम्मको शरण लिए र दुई वचनहरूले प्रथम उपासक बने । उनीहरूले बुद्धसँग 'भन्ते, हामीहरूलाई पूजाका लागि एक निमित्त दिनुहोस्' भनेपछि बुद्धले दाहिने हातले आफ्नो टाउको छोएर उनीहरूलाई केशधातु (कपाल) प्रदान गरे । उनीहरूले आफ्नो नगरमा त्यस केशधातुलाई स्वर्णमञ्जुषाभित्र राखेर त्यसमाथि चैत्य बनाए ।

सम्यक् सम्वुद्ध अजपाल वरवृक्षमुनि वसे । धम्मको गम्भीर भावमाथि विचार गर्दै अरूलाई उपदेश दिने सम्वन्धमा अनिच्छापूर्वक वितर्क उत्पन्न भयो । 'मैले गम्भीर, दुःदर्शन, दुर्ज्ञेय, शान्त, उत्तम, प्रत्यक्ष अनुभवले प्राप्य, विद्वानहरूले जान्नयोग्य यस धम्म मार्गलाई खोजेर निकालेको छु । यो जनता कामतृष्णामा, रमणमा, कामरत काममा प्रसन्न छ, कामरत मानिसहरूले यो जो कार्य-कारणरूपी पटिच्चसमुप्पादको नियम छ, त्यसलाई सजिलैसँग बुझ्न सक्ने छैनन् । सबै संस्कारहरूको शमन, सबै मन्त्रहरूको परित्याग, तृष्णा-क्षय, विराग, दुःख-निरोध र निर्वाणप्राप्तिको मार्ग लामो छ, मैले यदि धम्म उपदेश दिएँ र मानिसहरूले त्यसलाई बुझ्न सकेनन् भने यो कुरा मेरा लागि पीडाजनक हुनेछ, योभन्दा राम्रो हो कि म निर्वाणको आनन्द लिई रहुँ ।'

उनले सोचे कि यो जुन ज्ञान उनले यत्रो तपस्या र त्यागबाट प्राप्त गरेका छन्, जसलाई प्राप्त गर्ने बाटो बिलकुल सीधा र सरल तर लामो छ, थाहा छैन मानिसहरूले बुझ्छन् कि बुझ्दैनन् । किनकि मानिसहरूले आफ्नो आँखामाथि किसिम-किसिमका दार्शनिक मान्यता र परम्पराहरूका बाक्लाबाक्ला लेप लगाइराखेका छन् । 'लोकनाश हुनेछ ! लोकको विनाश हुनेछ, लोक धम्मलाभबाट वञ्चित हुनेछ' यो सोचेर सहम्पतिले बुद्धसँग प्रार्थना गरे कि 'भन्ते ! भगवान धम्म उपदेश दिनुहोस् ! दुनियाँमा अल्पमत भएका प्राणी पनि छन् । धम्मलाई नसुनेमा ती नष्ट हुनेछन् ।' 'केही मानिसहरू त अवश्य यस्ता छन् जसको अन्धकारको पर्दा निकै पातलो छ, तिनीहरू यसलाई तुरुन्त बुझ्नेछन् ।'

लोकमाथि अनुकम्पा गर्दै मानिसहरूको भलाईका लागि बुद्धले धम्म उपदेश दिने निश्चय गरे र सारनाथमा धम्मचक्र प्रवर्तन गरे ।

दोस्रो अध्याय

धम्मचक्र प्रवर्तन

बुद्धको मनमा ती सबै मानिसहरूप्रति कृतज्ञता थियो, ज-जसले ज्ञानको खोजीमा उनलाई मदत गरेका थिए । सबैभन्दा पहिले उनले आलार कालामका बारेमा सोचे, जसबाट उनले सात ध्यान सिकेका थिए । थाहा भयो कि सात दिनअगाडि नै आलार कालामको देहान्त भइसकेको छ । त्यसपछि उनले उद्दक रामपुत्तका बारेमा सोचे जोसँग आठौँ ध्यान सिकेका थिए, तर एक दिनअगाडि नै उनको पनि देहान्त भइसकेको थियो । त्यसपछि उनले ती पाँचजना परिव्राजकहरूका बारेमा सोचे जसले ५ वर्षसम्म उनको सेवा गरेका थिए । पत्ता लाग्यो कि उनीहरू पाँचैजना सारनाथको नजिक इसिपत्तनको मृगदाय वनमा साधना गरिरहेका छन् । ती पाँचै जना परिव्राजकहरूलाई धम्म सिकाउने ध्येयले भगवान बुद्ध इसिपत्तनको मृगदाय वनतिर लागे ।

गयाको नजिक उनको भेट उपक नामक जैन सन्न्यासीसँग भयो । भगवान बुद्धको शान्त, सौम्य, दैदीप्यमान र ओजस्वी व्यक्तित्वलाई देखेर उपक निकै प्रभावित भयो, र उनीसँग सोध्यो, 'मान्यवर ! तपाई को हुनुहुन्छ ? तपाईंका गुरु को हुन् ? तपाई कुनचाहिँ धर्मलाई मान्नुहुन्छ ?' उपकका प्रश्नहरूलाई सुनेर तथागतले भने, 'म गौतम बुद्ध हुँ, म आफ्नो गुरु स्वयम् हुँ, म सबै धर्महरूमा निर्लिप्त छु, सम्पूर्ण लोकमा म सामान कुनै पुरुष छैन, म अर्हत् हुँ, म सम्यक सम्बुद्ध हुँ, धम्मको चक्र घुमाउनको लागि ब्राह्मणहरूको विद्या नगरी बनारस जाँदै छु ।'

भगवान बुद्ध सारनाथ पुगे । ती पाँचैजना परिव्राजकहरूले भगवान बुद्धलाई आफूतिर आउँदै गरेको देखेर आपसमा तय गरे कि बुद्ध आइपुगेपछि न त

उनीहरू उभिनेछन्, न उनको अगवाई गर्नेछन् र न उनलाई प्रणाम नै गर्नेछन्, किनकि उनले शरीरलाई कठोरतम पीडा दिने तपको मार्ग छोडिदिएका थिए । तर भगवान बुद्धले जब मृगदाय वनको मुख्य द्वारबाट भित्र प्रवेश गरे त्यसबेला उनको आत्मविश्वासपूर्ण एवम् साधित चाल, शान्त, शालीन, कान्तिपूर्ण एवम् ओजस्वी व्यक्तित्वसँग ती परिव्राजकहरू यति प्रभावित भए कि आफ्नो दुःनिश्चयलाई बिर्सेर तुरुन्त उभिए । भगवान बुद्धका आँखाहरूको चमक, अनुहारको मुस्कान, मुखमण्डलको आभा र आकर्षक व्यक्तित्वले उनीमा बुद्धत्व प्राप्तिको स्पष्ट झलक देखिँदै थियो । उनको महाकरुणामय दृष्टिबाट ती परिव्राजकहरू अवाक्झैँ भए । कौँडन्न दौडेर उनको भिक्षापात्र समाते, महानामले दौडेर एक भाँडो पानी लिएर आए ज़सबाट बुद्धले आफ्ना हातखुट्टा धुन सकून् । भद्दीयले उनलाई बस्नको लागि छिटोछिटो एक आसन तयार गरे, बप्पले पातहरूद्वारा बनेको पङ्खा लिएर आए र अस्साजीले पिउनको लागि एक कचौरामा चिसो पानी दिए । भगवान बुद्धले उनीहरूलाई अपार करुणाका साथ बताए कि उनले भवसंसारबाट र जीवनमरणको चक्रबाट मुक्त हुने मार्ग खोजिसकेका छन् र त्यो मार्ग अब उनी तिनीहरूलाई सम्झाउनेछन् ।

केहीबेरको कुराकानीबाटै ती पाँच परिव्राजकहरूलाई पूरा विश्वास भयो कि सिद्धार्थ गौतमलाई बुद्धत्वको प्राप्ति भइसकेको छ र ती पाँचैजनाले हात जोडेर, टाउको झुकाएर भगवान बुद्धसँग प्रार्थना गरे कि उनी ती पाँच जनालाई पनि धम्म सिकाउन् ।

भगवान बुद्धले ती पाँचैजनालाई सम्बोधन गर्दै भने, "भिक्षुहरू, जो परिव्राजित छन् उनीहरूले दुई अतिहरूबाट बच्नु पर्छ । पहिलो अति हो, कामभोगहरूमा लिप्त रहने जीवन जो हीन छ, कमजोर बनाउँछ, असभ्य छ, तुच्छ छ, ज्ञानी मानिसहरूका लागि अयोग्य छ, अनर्थहरूले युक्त छ र कुनै कामको छैन । दोस्रो अति हो आत्मपीडाप्रधान जीवन जो कि दुःखद हुन्छ, व्यर्थ हुन्छ र बेकार हुन्छ । यी दुईटै अतिहरूमा नगएर तथागतले मध्यम मार्गको आविष्कार गरेका छन्, यो मध्यम मार्गले साधकहरूलाई अन्तर्दृष्टि प्रदान गर्छ, बुद्धि दिन्छ, ज्ञान दिन्छ, शान्ति दिन्छ, सम्बोधि दिन्छ र पूर्ण मुक्ति अर्थात् निर्वाणसम्म पुऱ्याउँछ । यो मध्यम मार्ग श्रेष्ठ आष्टाङ्गिक मार्ग हो । यो आर्य आष्टाङ्गिक मार्ग जसमा सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायम, सम्यक् स्मृति, सम्यक समाधि छ ।"

धम्मचक्र प्रवतर्न गर्दै भगवान बुद्धले भने, "यो दुःख आर्य सत्य हो, भिक्षुहरू !

यस्तो मैले पहिले कहिल्यै सुनेको थिइनँ । यस्तो सत्यमा मेरा चक्षु उत्पन्न भए, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो । यो दुःख आर्य सत्यलाई जान्न सकिन्छ, भिक्षुहरू । यस्तो मैले पहिले कहिल्यै सुनेको थिइनँ । यसले सत्यमा मेरा चक्षु उत्पन्न भए, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो । 'यो दुःख-आर्य सत्य पूरै किसिमले जान्न सकियो' भिक्षुहरू । यस्तो मैले पहिले कहिल्यै सुनेको थिइनँ । यस्तो सत्यमा मेरा चक्षु उत्पन्न भए, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।

'यो दुःख-समुदय आर्य सत्य हो,' भिक्षुहरू । यस्तो मैले पहिले कहिल्यै सुनेको थिइनँ, यस्तो सत्यमा मेरा चक्षु उत्पन्न भए, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो । 'यो दुःख-समुदय आर्य सत्य त्याज्य हो', भिक्षुहरू । यस्तो मैले पहिले कहिल्यै सुनेको थिइनँ, यस्तो सत्यमा मेरा चक्षु उत्पन्न भए, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो । 'यो दुःख-समुदय आर्य सत्य छुटिहाल्यो' भिक्षुहरू ! यस्तो मैले पहिले कहिल्यै सुनेको थिइनँ । यस्तो सत्यमा मेरा चक्षु उत्पन्न भए, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।'

'यो दुःख-निरोध आर्य सत्य हो', भिक्षुहरू । यस्तो मैले पहिले कहिल्यै सुनेको थिइनँ । यस्तो सत्यमा मेरा चक्षु उत्पन्न भए, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो । 'यो दुःख निरोध आर्य सत्य प्रत्यक्ष अनुभूतिबाट जान्नु पर्छ,' भिक्षुहरू यस्तो मैले पहिले कहिल्यै सुनेको थिइनँ । यस्तो सत्यमा मेरा चक्षु उत्पन्न भए, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, अलोक उत्पन्न भयो । 'यो दुःख निरोध आर्य सत्य प्रत्यक्ष अनुभूतिबाट जानियो' भिक्षुहरू । यस्तो मैले पहिले कहिल्यै सुनेको थिइनँ । यस्तो सत्यमा मेरा चक्षु उत्पन्न भए, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।'

'यो दुःख निरोध गामिनी प्रतिपदा हो,' भिक्षुहरू । यस्तो मैले पहिले कहिल्यै सुनेको थिइनँ । यस्तो सत्यमा मेरा चक्षु उत्पन्न भए, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो । 'यस दुःख निरोध गामिनी प्रतिपदामाथि हिँड्नुपर्छ,' भिक्षुहरू । यस्तो मैले पहिले कहिल्यै सुनेको थिइनँ । यस्तो सत्यमा मेरो चक्षु उत्पन्न भए, ज्ञान उत्पन्न भयो । 'यस दुःख निरोध गामिनी प्रतिपदामाथि हिँडियो,' भिक्षुहरू । यस्तो मैले पहिले कहिल्यै सुनेको

थिइनँ । यस्तो सत्यमा मेरो चक्षु उत्पन्न भए, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो ।

भगवान बुद्धले भने, 'यस प्रकार हे भिक्षुहरू, यी चीजहरूका बारेमा मैले पहिले कहिल्यै सुनेको थिइनँ, ममा अन्तर्दृष्टि जाग्यो, ज्ञान जाग्यो, प्रज्ञा जाग्यो, अनुभूति जाग्यो र प्रकाश जाग्यो ।" बुद्धले आफ्नो कुरा पूरा गर्दै अगाडि भने, "हे भिक्षुहरू ! जब मैले आफ्नो अनुभूतिले यी चार आर्यसत्यहरूलाई यिनका तीनै रूपहरूका साथ र तिनका बाह्र कडीहरूका साथ, पूर्ण रूपले सत्यका साथ जानेँ, पूरै किसिमले बुझेँ र पूरै किसिमले अनुभव गरेँ, त्यसपछि मात्र मैले भनेँ कि मैले सम्यक सम्बोधि प्राप्त गरिसकेको छु । यस किसिमले ममा ज्ञानको अन्तर्दृष्टि जाग्यो, मेरो चित्त सारा विकारहरूबाट मुक्त भइसकेको छ । हे भिक्षुहरू ! जब मैले आफ्नो स्वयम्को प्रत्यक्ष अनुभवहरूबाट र पूणै ज्ञान र अन्तर्दृष्टिका साथ यी चार आर्यसत्यहरूलाई जानेँ, यो मेरो अन्तिम जन्म हो, अब यसपछि कुनै नयाँ जन्म हुने छैन ।" भगवान बुद्धका यी चार आर्यसत्य र आर्य अष्टाङ्गिक मार्गलाई सुनेर कौँडन्नका धर्मचक्षु जागे र उनलाई प्रत्यक्ष अनुभव भयो कि जेजति उत्पन्न हुन्छ त्यो नष्ट हुन्छ, जसको उत्पादन हुन्छ त्यो व्यय भएर जान्छ । कौँडन्नको अनुहारका भावहरूलाई देखेर भगवान बुद्धले भने, 'आहा ! कौँडन्नले जानी हाले ! आहा ! कौँडन्नले जानी हाले !' यसैले कौँडन्नको नाम ज्ञानी कौँडन्न हुन पुग्यो । भगवान बुद्धको यस उपदेशले कौँडन्नभित्र भवसंसारचक्र, धम्मचक्रमा परिवर्तित भयो, यसैले यस प्रथम उपदेशलाई धम्मचक्र प्रवर्तन सुत्त भनिन्छ । धम्मचक्र प्रवर्तन वास्तवमा प्रथमत: बोधिवृक्षमुनि भयो जो बुद्धले आफूभित्र चलाए, अर्थात् धम्मचक्षु जगाए र आफ्नो अनुभूतिमा उतारेर धम्मचक्र चलाए । पञ्चवग्गीय भिक्षुहरूलाई धम्म उपदेश दिएर मानिसहरूका लागि पहिलो पटक धम्मचक्र चलाए । भगवान बुद्धले यो उपदेश आषाढ पूर्णिमाको दिन दिएका थिए, यसैले बौद्ध आषाढ पूर्णिमालाई पवित्र मान्छन् । यो पहिलो उपदेश निकै महत्वपूर्ण छ, धम्मको सम्पूर्ण सार यसमा निहित छ । चारै आर्यसत्य एवम् आर्यआष्टाङ्गिक मार्ग विस्तृत रूपले यस सुत्तमा सम्झाइएको छ ।

पालि ग्रन्थहरूका अनुसार धम्मचक्र प्रवर्तन सुत्तबाट प्रकट भएर धम्मतरंगहरू यति शक्तिशाली र प्रभावशाली थिए कि दश हजार सौर्यमण्डल उल्लास र आनन्दले कम्पायमान भए । पाँचै जना परिव्राजकहरूलाई यो आभाष भयो कि उनीहरूले साँचो र पवित्र गुरु एवम् मार्गदर्शक पाइसकेका छन्, जो सम्यक सम्बोधि प्राप्त छन्, जो निकै राम्ररी बुझ्न सकिने भाषामा पूर्ण मुक्तिको सहीसही

मार्ग बताएर सही मार्गदर्शन गर्न सक्छन् । आभार र कृतज्ञताले गदगद भएर पाँचै परिव्राजकहरू भगवान बुद्धका खुट्टामा लडे र उनीसँग आफ्नो शिष्य बनाउनका लागि प्रार्थना गर्न थाले । भगवान बुद्धले उनीहरूलाई 'भिक्षु आ' भनेर आफ्नो शिष्य बनाए र यस किसिमले ती पाँचै परिव्राजकहरू पहिला पाँच भिक्षु बने र पञ्चवरगीय भिक्षु भनिए । भगवान बुद्धले उनीहरूसँग भने कि यदि उनीहरूले पूरै सजगताका साथ पूरै मिहिनेतका साथ धम्मको साधना गरे भने तीन महिनामा नै उनीहरूका राग-द्वेष-मोह सम्पूर्ण रूपमा जरैदेखि निक्लिने छन् र उनीहरूलाई अर्हंत पदको प्राप्ति हुनेछ ।

पञ्चवर्गीय भिक्षुहरूलाई ध्यान सिकाउनको लागि भगवान बुद्ध मृगदाय वनमा नै वस्न थाले ।

अनत्त लक्खन सुत्त

जब पाँचै भिक्षुहरूले श्रोतापण्ण अवस्था प्राप्त गरे अनि भगवान बुद्धले ती पाँचै भिक्षुहरूलाई अनत्त लक्खन सुत्तको उपदेश दिए जसमा अनित्य र अनात्मवादलाई विस्तारसँग सम्झाए ।

अनात्म लक्षण, लक्षण अर्थात् स्वभाव, प्रकृति । के लक्षण छ, के स्वभाव छ ? सम्पूर्ण प्रकृतिका तीन लक्षण छन्, अनित्य, दुःख र अनात्म । निर्वाणका यतातिर जति अवस्थाहरू छन्, ती सबै अनित्य हुन्, दुःख हुन्, अनात्म हुन् । छ इन्द्रियहरू र तिनीहरूसँग जोडिएका विषयहरूको सीमाभन्दा पर जो निर्वाणको अवस्था हो, त्यो अनित्य होइन, दुःख होइन, तर त्यो पनि अनात्म हो ।

शरीर र मनको सत्यतालाई जस्ताको जस्तै हेर्दा पहिले अनित्यबोध जाग्छ, अनि दुःख बोध र त्यसपछि अनात्म-बोध जाग्छ । जबसम्म अहम् भाव छ, हामीलाई मुक्त हुन दिने छैन । 'म त रहन्छु नै' यो भाव बनी रह्यो भने त त्यो अवस्था जहाँ अहङ्कारको नाम नै छैन त्यहाँ पुग्छ कसरी ? अहम्लाई खतम गरेपछि मात्र अनात्म 'अनात्म' हुन्छ ।

अनत्त लक्खन सुत्तको उपदेश दिँदै भगवान बुद्धले भने : "यो जो रूप (शरीर) छ, यो जो परमाणु छ, परमाणुहरूको जो समूह अष्टकलाप छ, यो अनात्म हो, यसमा 'म', 'मेरो', 'आत्म' भन्नलाई केही छैन । के परमाणुको यो पुञ्ज 'मेरो आत्मा' हो ? यस्तो होइन । यदि यो रूप 'आत्मा' भएको भए, 'मेरो' भएको भए, 'म'भएको भए त जो शरीर छ, यसमाथि मेरो अधिकार हुन्थ्यो र यो

मेरो आज्ञानुसार हिँड्थ्यो, अनि यस रूपसँग हामीलाई कुनै दुःख हुँदैनथ्यो, म यसको मालिक भएको भए यसमाथि मेरो आधिपत्य हुन्थ्यो, यो मेरो वशमा रहन्थ्यो, हामीले भनेअनुसार हुन्थ्यो । हामी भन्थ्यौँ ए रूप यस्तो वन, यस्तो नबन । अनि त्यो त्यसैअनुरूप बन्थ्यो तर यस्तो हुँदैन । यसैले यो 'म' होइन, 'मेरो' होइन, 'मेरो आत्मा' होइन । 'आत्मा' भएको भए, 'म' भएको भए, 'मेरो' भएको भए त यस रूपमा हामीलाई कुनै रोग हुँदैनथ्यो । यो बूढो हुँदैनथ्यो, यो बदलिँदैनथ्यो, यो मर्दैनथ्यो । यो 'म' हुन्थ्यो, 'मेरो' हुन्थ्यो, 'आत्म' हुन्थ्यो, यदि साँच्चिकै यो आफ्नो हुन्थ्यो भने त हामीलाई कहिल्यै दुःख हुने थिएन । यसको मालिक हामी भएका भए त यो हामीअनुसार चल्थ्यो । आत्मको अर्थ केवल आत्मा मात्र होइन, आफ्नोपन, आत्मभाव हो, यो आत्मभाव शरीरप्रति धोका हो । यदि साँच्चिकै यसमा मेरो आफ्नोपन हुन्थ्यो भने यसले हामीलाई दुःखतिर लिएर जाँदैनथ्यो । हामी यस रूपमाथि आधिपत्य जमाउन सक्दैनौँ यसैले यो अनात्म हो ।

"वेदना अनात्म हो । वेदना आत्म हो कि अनात्म, 'म' हो के ? 'मेरो' हो के ? होइन । यदि भएको भए त हाम्रा रोगहरूको, हाम्रा दुःखहरूको कारण बन्दैनथ्यो । यदि हाम्रो हुन्थ्यो, यदि हाम्रो हातमा यसको प्रभुत्व हुन्थ्यो, यसमाथि आधिपत्य हुन्थ्यो भने हामी अनुसार वेदना हुन्थ्यो तर यस्तो होइन । जुनसुकै वेला सुखद वेदना उत्पन्न भइहाल्छ, जुनै बेला दुःखद वेदना उत्पन्न भइहाल्छ । वेदना हाम्रो इच्छाअनुसार आउँदैन । वेदना आफैँ आउँछ र हेर्दाहेर्दै आफैँ गईहाल्छ । हामी चाहेर पनि त्यसलाई रोक्न सक्दैनौँ र मन लागेको वेदना पैदा गर्न सक्दैनौँ । यदि वेदना आत्म हुन्थ्यो भने त यसमाथि हाम्रो अधिकार हुन्थ्यो, यसले हाम्रो आज्ञा मान्थ्यो । जब चाहन्थ्यौँ त्यस बेला सुखद वेदना आइहाल्थ्यो, जब चाहँदैनथ्यो दुःखद वेदना आउँदैनथ्यो । तर यस्तो हुँदैन, वेदना हाम्रो वशमा हुँदैन । वेदनाका कारण हामी दुःखी हुन्छौँ, वेदनामाथि हाम्रो आधिपत्य छैन, वेदनामाथि हाम्रो कुनै अधिकार छैन, त्यसको म मालिक होइन, वेदना 'म' होइन, 'आत्म' होइन ।

"यसै प्रकार संज्ञा अनात्म हो । संज्ञा पनि 'म' होइन, 'मेरो' होइन, 'मेरो आत्मा' होइन । यसै प्रकार संस्कार पनि म होइन, मेरो होइन, मेरो आत्मा होइन । हाम्रो चित्तले बनाएको कारणले जे बन्देछ, त्यो पनि संस्कार हो । संस्कार हाम्रा कर्महरूको बीज पनि हो, र फल पनि हो । के यो संस्कार म हुँ, मेरो हो, मेरो आत्मा हो ? यदि साँच्चिकै हुन्थ्यो भने त दुःख किन हुन्थ्यो ?

"विज्ञान पनि अनात्म हो । यदि यो म, मेरो, मेरो आत्मा हुन्थ्यो भने यसमाथि

मेरो आधिपत्य हुन्थ्यो । हामी सत्यलाई त्यसबेला बुझ्न सक्ने छौं जब त्यसका अलग-अलग टुक्राहरू बनाएर हेर्छौं । यदि त्यो सङ्गृहीत रहन्छ भने त भ्रान्ति पैदा गर्छ । विज्ञान एक होइन ६ वटा छन्, आँखाको विज्ञान अलग, कानको विज्ञान अलग, जिब्रोको विज्ञान अलग, नाकको विज्ञान अलग, त्वचाको विज्ञान अलग, मनको विज्ञान अलग छ । आँखासँग जब रूपको सम्पर्क हुन्छ त्यसबेला चक्षु विज्ञान जाग्छ, तर आँखाले सुन्ने काम गर्न सक्दैन, चाख्ने काम गर्न सक्दैन, सास फेर्ने काम गर्न सक्दैन । निर्वाणको अवस्थामा विज्ञानको निरोध हुन्छ भने विज्ञान पनि म होइन, मेरो होइन, मेरो आत्मा होइन । एक विज्ञानले एउटै काम गर्न सक्छ । यदि हामीभित्र एक आत्मा हुन्थ्यो भने, यदि त्यसले एक काम गर्न सक्छ भने अर्को किन सक्दैन ? जसले सुन्न सक्छ त्यसले देख्न किन सक्दैन ? विज्ञान यदि आत्मा भएको भए आँखाले सुन्ने काम किन गर्न सक्दैन, छ इन्द्रियहरू परस्पर एक-अर्काको काम किन गर्दैनन् ? यस प्रकार विज्ञान पनि अनात्म हो ।"

यस प्रकार भगवान बुद्धले बताए कि रूप (शरीर) अनात्म हो, वेदना अनात्म हो, संज्ञा अनात्म हो । संस्कार अनात्म हो । विज्ञान अनात्म हो ।

र भिक्षुहरूसँग सोधे- तिमीहरू के मान्छौ भिक्षुहरू, यो जो रूप (शरीर) छ, यी जो भौतिक परमाणु छन्, अनित्य हुन् ? यो जो वेदना छ, संज्ञा छ, संस्कार छ, विज्ञान छ, अनित्य हुन् कि नित्य ?

भिक्षुहरूले भने- अनित्य हुन् ।

भगवानले सोधे- जो अनित्य हो, त्यो हाम्रा लागि सुख हो ?

भिक्षुहरूले भने- जो अनित्य हो, त्यो हाम्रा लागि सुख कसरी हुन सक्छ ? त्यो दुःख नै हो ।

भगवानले सोधे- जो अनित्य हो, जो दुःख हो, जो विपरिणामधर्मा हो, के त्यसलाई यो म हुँ, यो मेरो हो, यो मेरो आत्मा हो, मेरो स्वर हो, मेरो आफ्नोपन हो, मान्नु ठीक हो ?

भिक्षुहरूले भने- यस्तो मान्नु ठीक होइन ।

अनत्त लक्खन सुत्त बुझिसकेंपछि विपस्सना साधनाको अभ्यास गर्दागर्दा कौंडन्नले प्रत्यक्ष अनुभूतिद्वारा चारै आर्यसत्यहरूलाई बुझिहाले, अनित्य एवम् अनात्मको बोध भयो र अर्हत पद प्राप्त गरे, दुई महिनापछि नै वप्प र भद्दियले पनि अर्हत पद प्राप्त गरे, केही दिनपछि महानाम र अस्साजीलाई पनि अर्हत पदको प्राप्ति

भई हाल्यो । यस प्रकार तीन महिनाभित्रै पाँचैजना भिक्षुहरूलाई पूर्ण मुक्तिको अवस्था प्राप्त भई हाल्यो र अर्हत पद प्राप्त भयो । यी पाँचै जना भिक्षुहरूलाई लिएर भगवान बुद्धले भिक्षु सङ्घको स्थापना गरे जो कि यस्ता मानिसहरूको समुदाय थियो जो पूर्ण जागरुक भएर सौहार्दपूर्वक बस्छन् । यस भिक्षु सङ्घमा कुनै केन्द्रिय सत्ता थिएन र यो एक लचिलो सङ्गठन थियो ।

त्यस बेला बनारसमा एक निकै धनी व्यापारी थियो जसको 'यश' नामक एक पुत्र थियो । जाडो, गर्मी र वर्षात्का लागि ऊसँग तीन अलगअलग महल थिए । वर्षाका चारै महिना ऊ महलबाट बाहिर निक्लिदैनथ्यो र सयौं सुन्दरीहरूको सङ्गतमा बस्थ्यो, ती सुन्दरीहरूले नाना प्रकारले उसलाई मनोरञ्जन गराउँथे । दियो बलिरहने हुनाले महलमा उज्यालो भई रहन्थ्यो । एक रात यशको निद्रा खुल्यो, उसले देख्यो चारैतिर स्त्रीहरू निर्वस्त्र अवस्थामा लडिरहेका छन् । कसैको घाँटीमा वीणा छ, कसैको घाँटीमा मृदङ्ग छ, कोही निद्रामा बर्बराईरहेका छन् । यो दृश्य देखेर यशको मनमा बैराग्य जाग्यो । उसको मुखबाट आवाज निस्कियो, 'अरूचिपूर्ण ! घृणास्पद !' यसै मनस्थितिमा ऊ घरबाट निक्लियो र इसिपत्तन मृगदाय वनमा पुग्यो । त्यस बेला बुद्ध हावा खाँदै घुमिरहेका थिए । बुद्धले उसलाई 'अरूचिपूर्ण ! घृणास्पद !' भन्दै बर्बराइरहेको सुने र आफ्नो छेउमा बोलाएर सोधे, "के अरूचिपूर्ण हो ? के घृणास्पद हो ?" यशले आफ्नो परिचय दिएर आफ्नो कुरा भन्यो । भगवान बुद्धले उसलाई शील-सदाचारको उपदेश दिए, कामवासनाहरूको दुष्परिणामको बारेमा बताए, दान र अन्य पारमिताहरूका बारेमा बताए । जब यशको चित्त शान्त र प्रसन्न भयो तब बुद्धले उसलाई पञ्चशीलको उपदेश दिए :

पाणातिपाता वेरमणी सिक्खापदं समादियामि ॥१॥

अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि ॥२॥

कामेसु-मिच्छाचारा वेरमणी सिक्खापदं समादियामि ॥३॥

मूसा वादा वेरमणी सिक्खापदं समादियामि ॥४॥

सुरा-मेरय-मज्ज पमादट्ठाना वेरमणी सिक्खापदं समादियामि ॥५॥

(प्राणीले हिंसाबाट टाढा रहनु । चोरीबाट टाढा रहनु । अनैतिक व्यवहार, व्यभिचार एवम् मिथ्याचारबाट टाढै रहनु । झुटो बोल्न, कुरा लाउन, तीतो भाषा

बोल्न, व्यर्थ बोल्नबाट टाढा रहनु । रक्सी, विँडी-चुरोट, गाँजा-सूर्ती आदि नशालु र लागू पदार्थहरूको सेवनबाट टाढा रहनु ।)

त्यसपछि चार आर्यसत्य र आर्य अष्टाङ्गिक मार्गको उपदेश दिए । बुद्धले उसलाई केहीवेर 'आना-पान'को अभ्यास गराए । यसबाट यशको जलिरहेको हृदयलाई शीतलता मिल्यो र उसले बुद्धका खुट्टामा लडेर शिष्य बनाउनलाई अनुरोध गरे । बुद्धले उसलाई भिक्षु जीवनको सादगी र विनम्रता तथा भिक्षुहरूको साधना र समाजकाप्रति उनीहरूको जिम्मेवारीका बारेमा बताउँदै भने, "भिक्षुले आफ्नो चित्त र शरीरलाई मुक्ति प्राप्तिमा लगाउनु पर्ने हुन्छ, जसबाट उसले आफ्नो र समाजको सेवा गर्न सकोस् । मानिसहरूलाई कष्टहरूबाट मुक्ति दिलाउनमा सहायता हुने दिशामा नै सारा प्रयास केन्द्रित हुन्छन् । के तिमी यस्तो गर्न सक्छौ ?" यशले "सक्छु" भनेपछि बुद्धले 'भिक्षु आ' भनेर उसलाई आफ्नो शिष्य स्वीकार गरे । थोरै अभ्यासपछि नै यशलाई प्रत्यक्ष अनुभव भई हाल्यो कि 'जे जति समुदय धर्म छ, त्यो सबै निरोध धर्म हो ।'

दिनको तेस्रो प्रहरतिर यशको पिता उसका पदचिन्हहरू हेर्दै उसलाई खोज्दै मृगदाय वनमा पुग्यो र बुद्धसँग यशका बारेमा सोध्यो । बुद्धले यशको दीक्षाका बारेमा बताए कि उसले चित्तको विमुक्तिको मार्ग भेटिसकेको छ, उसलाई श्रद्धा, शान्ति र आनन्द प्राप्त भइसकेको छ । बुद्धले उनलाई शील, सदाचार, दानको महिमा तथा कामवासनाहरूको दुष्परिणामका बारेमा सम्झाए र बताए कि कसरी दुःख र चिन्ताहरूलाई समाप्त गरेर स्वयम् आफूलाई र छेउछाउका मानिसहरूलाई लिएर शान्ति र आनन्दको मार्गमा हिँड्न सकिन्छ । बुद्धका वचन सुनेर व्यापारीको मनको बोझ हल्का भयो र उसले स्वयम्लाई पनि शिष्य बनाउनलाई अनुरोध गर्‍यो । बुद्धले भने, "मेरा शिष्यहरू सादगीका साथ सजग र सचेत रहने कोसिस गर्छन्, जीवहिंसा, चोरी, परस्त्रीगमन, झूठ, परनिन्दा र मदिरा एवम् मादकपदार्थहरूको सेवन नगर्ने शिक्षा लिन्छन्, जसले गर्दा चित्त व्याकुल हुँदैन । के तपाईं यस्तो गर्न सक्नुहुन्छ ?" यशको पिताले जीवनभरि शील-सदाचारको पालन गर्ने वचन दियो । त्यस बेलासम्म भिक्षुको चीवर धारण गरेर यश पनि त्यहाँ आइपुग्यो । यशलाई प्रसन्न र शान्त मुद्रामा देखेर यशको पितालाई सन्तोष भयो । उनले यशलाई बताए कि घरमा उसकी आमा निकै चिन्तित छे । यशले आमालाई भेट्न आउनेछु भनेर ढाडस दियो । पिताले बुद्ध र सबै ६ जना भिक्षुहरूलाई अर्को दिन भोजनका निम्ति आमन्त्रित गरे । बुद्धले मौन स्वीकृति दिए । अर्को दिन बुद्ध भिक्षु सङ्घसँगै भोजनका लागि यशको

घरमा गए । भोजनपछि उनले यशकी माता र पत्नीलाई पनि पञ्चशीलको शिक्षा दिए । शील-पालनले हुने लाभहरू सुनेर उनीहरूको हृदय गद्‌गद् भयो । उनीहरूले हात जोरेर बुद्धसँग आफ्नो उपासिका बलाउनलाई प्रार्थना गरे । बुद्धले उनीहरूलाई आफ्ना उपासिकाका रूपमा स्वीकृति दिए । यशका पिता, माता र पत्नी 'बुद्धम शरणम् गच्छामि ! धम्मम् शरणम् गच्छामि !' यी तीन रत्नहरू (त्रिशरण)को शरण लिएर पहिला गृहस्थ उपासक बने । बुद्ध र उनका ६ भिक्षुहरू इसिपत्तन फिर्ता भए ।

विमल, सुवाहु, पूर्णजित र गवाम्पति यशका चार गृहस्थ मित्र थिए, जो यशकै जस्तो धनी व्यापारी परिवारका थिए । उनले जब सुने कि यश भिक्षु भईसक्यो त्यसबेला उनीहरूको मनमा विचार आयो कि 'त्यो धम्म मार्ग अवश्य महान् होला जसमा यश प्रव्रजित भएको छ ।' उनीहरू चारै जना बुद्धकहाँ आए र शिष्य बनाउनलाई अनुरोध गरे । बुद्धले भने, "भिक्षुहरू ! आऊ ! धम्म-सुआख्यात छ । चित्त विमुक्तिका लागि शील-समाधि-प्रज्ञाको अभ्यास गर ।" यहीं उनीहरू चारै जनाको उपसम्पदा भयो । बुद्धले कौंडन्नसँग उनीहरूलाई आधारभूत निर्देशन दिनलाई भने । केही दिनमै चित्त विकारहरूबाट मुक्त भएर उनीहरू चारै जनाले पनि अर्हत पद प्राप्त गरे । लोकमा त्यस समय एघार अर्हत थिए । यशका अरू पचास जना गृहस्थ मित्र उसलाई भेट्न आए । उनीहरूले जब आर्य आष्टाङ्गिक मार्गको बारेमा सुने कि यसलाई अपनाउनाले दु:खहरूको अन्त तथा शान्ति र आनन्द प्राप्त हुन्छ, त्यसपछि उनीहरू पनि भिक्षु बने । यस प्रकार भिक्षुहरूको सङ्ख्या साठी भयो । बुद्धले तीन महिनासम्म उनीहरूलाई धम्म अभ्यासको मार्गदर्शन गरिरहे । यस क्रममा सयौं स्त्री-पुरुषहरू पनि बुद्ध, धम्म र सङ्घको शरण लिएर उपासक-उपासिका बने । बुद्धले भिक्षुहरूलाई अभ्यास गर्न सिकाए कि कुन प्रकारले विपस्सना गर्नुपर्ने हुन्छ । कुन प्रकारले वेदना-संवेदनालाई द्रष्टाभावले जान्नुपर्ने हुन्छ । कुन प्रकारले शरीर र मनमा हुने संवेदनाहरूलाई हेर्नुपर्ने हुन्छ । कसरी श्वासमाथि ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ र मनमा आउने विचारहरूको द्रष्टाभावले 'यथापूर्व ज्ञान दर्शन' गर्नुपर्ने हुन्छ । कसरी पटिच्चसमुप्पादको साक्षात्कार गर्नु छ । केही दिनमै ती पचास भिक्षुहरूले पनि अर्हत पद प्राप्त गरे । त्यस बेला लोकमा एकसट्ठी अर्हत थिए ।

गौतम बुद्धले पहिलो वर्षको बास भिक्षु सङ्घका साथ सारनाथमा बिताए । वर्षा याम समाप्त भएपछि भिक्षु सङ्घलाई सम्बोधन गर्दै बुद्धले भने :

"चरथ भिक्खवे चरिकं, बहुजन हिताए, बहुजन सुखाए, लोकानुकम्पाय अत्थाय हिताय, सुखाय देवमनुस्सानं, माकेन द्वे अगमिथा'

"भिक्षुहरू ! हामी सबै पूर्णत : मुक्त छौं र कुनै बन्धनमा बाँधिएका छैनौं, वहुजनको हितको लागि, बहुजनको सुखको लागि, लोकमाथि अनुकम्पा गर्नको लागि, देवता र मनुष्यहरूको भलाइको लागि, सुखका लागि विचरण गर । सँगै दुई जना नजाऊ । भिक्षुहरू ! आदिमा कल्याणकारी, मध्यमा कल्याणकारी, अन्तमा कल्याणकारी सद्धम्मको उपदेश देऊ, अल्पदोष भएका प्राणीहरू पनि छन्, धम्मको श्रवण नगर्दा उनीहरूको हानि होला । श्रवण गर्दा उनीहरू धर्मलाई बुझ्ने बन्लान् । भिक्षुहरू, म पनि बोधिवृक्षको दर्शन गरेर उरुवेलाका मानिसहरूलाई भेट्दै राजगृह जानेछु ।"

बुद्ध र भिक्षुहरू जताजता गए उताउता उनीहरूको बोलाबाला हुँदै गयो र मानिसहरू चुम्बकझैं तानिएर आउन थाले । धम्म प्रचारप्रसारको उनीहरूको तरिका एकदमै अनौठो थियो । उनीहरूको भनाइ र गराइमा कुनै अन्तर हुँदैनथ्यो । उनीहरू शव्दहरूभन्दा बढी व्यवहारमा ध्यान दिन्थे । उनीहरू तिनै कुराहरू सिकाउँथे, जुन आफूले व्यवहारमा लागू गरेका हुन्थे । उनीहरूले अर्हत पद प्राप्त गरेका थिए यसैले उनीहरूका कुरामा, उनीहरूका शब्दहरूमा धम्म तरंगहरूको पनि प्रवाह हुन्थ्यो र यसले मानिसहरूमाथि राम्रो प्रभाव पर्थ्यो । भनाइ र गराइ एउटै देखेर मानिसहरूमा उनीहरूप्रति श्रद्धा र आदरभाव जाग्थ्यो र धम्म मार्गमा हिंडेर अनगिन्ती मानिसहरू शील, सदाचारको जीवन जिउन थाले र उनीहरूको जीवन खुसीहरूले भरिन थाल्यो । धम्म मार्गमा हिंड्नेहरूको जीवनमा आएको परिवर्तनलाई देखेर बुद्धका अनुयायीहरूको सङ्ख्या निकै तेजीले बढ्न थाल्यो । त्यस समयका प्रसिद्ध विद्वान, राजा, व्यापारी, योद्धा, गृहस्थ, किसान, मजदूर, धनी-गरिव, हरवर्ग र सम्प्रदायका मानिसहरू धम्मको शरणमा आउन थाले ।

भिक्षुहरू जहाँजहाँ भिक्षाटनका लागि जान्थे, त्यहाँ मानिसहरू उनीहरूसँग प्रभावित नभई रहन सक्दैनथे । बिस्तारैबिस्तारै बुद्ध र उनीद्वारा उपदेशित धम्मको ख्याति चारैतिर फैलिन थाल्यो । सबै दिशाहरूबाट मानिसहरू प्रव्रजित हुनको लागि इसिपत्तन आउन थाले । बुद्धको धम्मोपदेश सुनेर प्रव्रज्या हुन इच्छुक मानिसहरू बुद्धसँग प्रव्रज्या दिनलाई प्रार्थना गर्थे । यस प्रकार बुद्धका शिष्यहरूको सङ्ख्या दिनदिनै निकै तेजीले बढ्न थाल्यो । एक दिन बुद्धले भिक्षु सङ्घलाई एकत्रित गरेर सम्बोधन गरे, "भिक्षुहरू, अब यो जरुरी छैन कि नयाँ भिक्षुलाई म नै प्रव्रज्या

दिउँ । जो मानिस भिक्षु बन्न चाहन्छन्, उनीहरू आफ्ना गाउँले र आफन्तहरूका सामु भिक्षु बनून् । अब तपाईंहरू स्वयम् जहाँ जानु हुन्छ त्यहीं इच्छुक व्यक्तिहरूलाई प्रव्रज्या दिएर भिक्षु सङ्घमा सामेल गर्न सक्नु हुन्छ । प्रव्रज्याको विधि यस प्रकार हुनेछ- "इच्छुक व्यक्तिको कपाल र दाह्रीजुँगा खौराउनु पर्छ । त्यसपछि चीवर लगाउन सिकाउनु पर्छ । उसले आफ्नो दायाँ कुम खुला राखोस् र हात जोरेर टुसुक्क बसेर तीन पटक बुद्धम् शरणम् गच्छामि ! यी त्रिरत्नहरूको उच्चारण गरोस्, यसपछि उसलाई भिक्षु सङ्घमा सामेल गरिनेछ ।"

भिक्षुहरूलाई धम्म शिक्षाको प्रचार-प्रसारका निम्ति विभिन्न दिशाहरूमा पठाएर बुद्ध उरुवेलातिर हिंडे । बाटोमा एक जङ्गल पर्थ्यो । भगवान बुद्ध जङ्गलमा एक वृक्षमुनि बसेर ध्यान गर्न थाले । त्यसै दिन बनारसका भद्रवर्गीय तीस मित्र, एक नर्तकी र गाउने-बजाउने बाजागाजासहित त्यसै जङ्गलमा मोजमस्ती गर्न आएका थिए । तिनीहरू सबै खानपान सकेर आराम गरिरहेका थिए, नर्तकी सबैका पैसा, कपडा, गरगहना बोकेर भागिहाली । उनीहरू सबै नर्तकीलाई खोज्दै बुद्धको छेउबाट हिंडे । उनीहरूले बुद्धसँग सोधे, "भन्ते, तपाईंले कुनै युवतीलाई दौडिँदै भागेको त देख्नुभएन ?" बुद्धले सोधेपछि उनीहरूले पूरै कथा सुनाए । बुद्धले शान्त भावले उनीहरूसँग सोधे, "ल बताऊ, तिमीहरूको लागि के उत्तम होला, त्यस केटीलाई खोज्नु या आफू स्वयम्लाई ?" युवकहरूले भने, "भन्ते, यदि हामीले आफू स्वयम्लाई खोज्न सक्यौँ भने हाम्रो निम्ति यही उत्तम हो ।" बुद्धले भने "त्यसो भए बस, म तिमीहरूलाई धम्म उपदेश दिन्छु । जीवन वर्तमान पलमा खोज्न सकिन्छ तर हाम्रो मनको स्वभाव यस्तो छ कि वर्तमानमा रहन नै चाहँदैन, यो त अतितका सम्झनाहरूमा हराइरहन्छ या फेरि भविष्यका कामनाहरूमा लागिरहन्छ । हामीलाई लाग्छ कि हामी आफूलाई चिन्छौं तर सत्यता यो हो कि हामी आफ्नो वास्तविक व्यक्तित्वलाई महसुस नै गर्न सक्दैनौं । खुसी जीवन जिउने केवल एक मात्र बाटो छ- वर्तमान पलको सत्यतालाई स्वकिार गर्नु । एक पटक यदि यो थाहा पायौ भने कि वर्तमान पललाई कसरी लिइनु पर्छ, अनि तिमी सजग र सचेत हुनेछौ र त्यसै बेला आफ्नो वास्तविक रूपलाई भेट्टाउने छौ ।" यसपछि बुद्धले उनीहरूलाई चार आर्य सत्य र आर्य आष्टाङ्गिक मार्गका बारेमा उपदेश दिए । जब बुद्धले आफ्नो उपदेश समाप्त गरे, त्यसैबेला ती सबै युवकहरूले शिष्य बन्ने प्रार्थना गरे । बुद्धले ती सबैलाई प्रव्रज्या दिए । गहन साधनाको निम्ति बुद्धले उनीहरूलाई इसिपत्तन पठाए, जहाँ कौंडन्नको मार्गदर्शनमा उनीहरू साधना गर्न सकून् । त्यो रात जङ्गलमा नै बिताएर अर्को दिन बुद्ध उरुवेलातिर हिंडे ।

बुद्ध घुमघाम गर्दै एक हप्तापछि उरुवेला पुगे । उरुवेला र त्यसको छेउछाउमा उरुवेला काश्यप, नदी काश्यप र गया काश्यप नामक तीन ब्राम्हण आचार्य बस्थे जो जटिल (जटाधारी) सम्प्रदाय चलाइरहेका थिए । तीनै जना दाजुभाइ थिए । उरुवेला काश्यपका पाँच सय, नदी काश्यमका तीन सय र गया काश्यपका दुई सय शिष्यहरू थिए । यिनीहरू अग्निपूजक थिए । अग्निकुण्डलाई सधैं प्रज्वलित राख्नुका साथै उनीहरू पशुबलि दिएर केही कर्म काण्ड र यज्ञ-हवन पनि गर्थे । उनीहरूको मान्यता थियो कि अग्नि तत्व नै सम्पूर्ण संसारको सार हो । सूर्यको गर्मी र प्रकाशको स्रोत अग्नि हो, अग्निबाट नै जीवन चल्छ र मृत्युपछि अग्निद्वारा नै ब्रम्हमा विलीन हुन्छ । उनीहरूका अग्निशालामा लगातार अग्नि प्रज्वलित भइरहन्थ्यो । उनीहरूको विश्वास थियो कि चालिस बलि दिनाले एक दिन मोक्ष प्राप्त हुन सक्छ ।

बुद्ध उरुवेला काश्यपको आश्रममा पुगे । बुद्धको प्रभावशाली व्यक्तित्वबाट प्रभावित उरुवेलाले बुद्धको आतिथ्य सत्कार गरे । दुवैका बीच वार्तालाप भयो । बुद्धले उरुवेला काश्यपलाई बताए कि सबै वस्तुहरू कार्य-कारण नियमले सञ्चालित हुन्छन् । दुनियाँमा कसैको पनि स्वतन्त्र र शाश्वत सत्ता छैन, सबैथोक परस्पर एक-अर्कामाथि निर्भर हुन्छ । सबैथोक पटिच्चसमुप्पादको नियमसँग बाँधिएको छ । बुद्धका सैद्धान्तिक र व्यावहारिक पक्षहरूको गहन ज्ञानबाट काश्यम निकै प्रभावित भयो । रात पर्नै लागेको थियो । उरुवेला काश्यपले बुद्धसँग आग्रह गरे कि उनी उनकै कुटीमा सुतुन् । बुद्धले उरुवेलाको आग्रहलाई अस्वीकार गर्दै भने कि उनलाई राती एक्लै सुत्ने बानी छ । उरुवेलाले बताए कि आश्रममा यस्तो स्थान मात्र अग्निशाला हो र त्यसमा एक विषालु नाग घुसेको छ, यसै कारण त्यहाँ सुत्नु उचित हुन्न ।

बुद्धले भने कि जङ्गलमा तपस्याका क्रममा उनले अनुभव गरेका थिए कि यदि यस कुराका प्रति सतर्क रह्यौं कि वन्यजीवलाई कुनै किसिमको आघात नहोस्, त्यसो गर्दा उनले पनि तपाईंलाई कुनै क्षति पुऱ्याउने छैनन् । अन्ततः उरुवेलाले उनलाई अग्निशालामा सुत्ने अनुमति दिए । बुद्धले अग्निशालाभित्र प्रवेश गरेपछि एकातिर चन्दनका काठहरूको थुप्रो देखेर अनुमान लगाए कि त्यो नाग यी काठहरूभित्रै होला । यसैले बुद्ध अर्कोतिर आफ्नो चीवरलाई आसन बनाएर बसे र मङ्गलमैत्रीको साधना गर्न थाले । साधनापछि बुद्धले देखे कि एक विशाल नाग कोठाको बीचमा फणा फैलाएर उनीतिर एकटक हेरिरहेको छ । बुद्ध उनलाई हेरेर मुस्कुराए । मङ्गल तरंगहरूका प्रभावले नागराज चुपचाप

अग्निशालाबाट बाहिर निक्लियो । केही बेरपछि बुद्ध पल्टिए र गहिरो निद्रामा सुते । रातको अन्तिम प्रहरमा बुद्धको निद्रा पूरा भयो र उनी बाहिर आएर चलित ध्यान गर्न थाले । केही बेरपछि कुनै कारणवश अग्निशालामा आगो लाग्यो । ह्वारह्वार जलिरहेको अग्निशालालाई देखेर उरुवेला काश्यम र उनका शिष्यहरूलाई आशंका भयो कि बुद्ध आगोमा जलिसके होलान् तर उनलाई बाहिर हिँडिरहेको देखेर उनीहरू चकित भए । उनीहरूलाई लाग्यो, बुद्धले शायद कुनै चमत्कार गरे ।

अर्को दिन आश्रममा प्रवचनको कार्यक्रम थियो, जसमा छेउछाउको गाउँका हजारौँ मानिसहरू सामेल भएर दान-दक्षिणा दिने कुरा थियो । काश्यपले मनमा सोच्यो कि कतै यस्तो नहोस् कि बुद्धको तेजस्विताबाट मानिसहरू प्रभावितै होउन् । बुद्धले बोधिचित्तबाट काश्यपको मनको कुरा थाहा पाए र गाउँमा भिक्षाटनका लागि हिँडिदिए । भोजन गरेर उनी कमल सरोवरको नजिक विश्राम गर्न थाले । उरुवेला काश्यप अपरान्हतिर बुद्धलाई खोज्दै त्यहाँ पुगे । जब उनले बुद्ध हिँडेको कारण बुझे अनि उनलाई आभाष भयो कि बुद्ध अर्काको भावनाहरूप्रति कति संवेदनशील छन् र मानिसहरूको कति ख्याल राख्छन् ।

उरुवेला र बुद्धमा वार्तालाप भइरह्यो र बुद्ध निरन्तर उरुवेलाका भ्रान्तिहरूलाई तोडिरहे । बुद्धले उरुवेलालाई आफ्नो शरीर, भावनाहरू, भाव-बोध, मानसिक संकल्पहरू र चेतनामाथि ध्यान गर्नका लागि भने । उरुवेलाले त्यस्तै गऱ्यो र बुद्धले बताएको निष्कर्षमा पुग्यो कि व्यक्तिका भावनाहरू र उसको भाव-बोध उसको जीवनको श्रेष्ठतालाई निर्धारित गर्छ । बुद्धले उरुवेलालाई बताए, “मानसिक विकारहरूको कारण अज्ञान हो जसबाट सत्यको दर्शन भ्रमित दृष्टिले हुन्छ । अनित्यलाई नित्य ठान्नु अज्ञान हो । लामो समयदेखि मानिसहरू यस गलत बुझाइको शिकार भइरहेका छन् कि आत्मा अजर, अमर, अविनाशी छ र शरीर नरहेपछि आत्मा एक शरीरलाई छोडेर अर्को शरीरलाई धारण गरिहाल्छ । वास्तवमा आत्मा हुँदैहुँदैन । र आत्मा हुँदैन यसैले उसको सत्ता मान्नु अज्ञान हो । अज्ञानबाट मोह, लोभ, क्रोध, भय, द्वेष र अन्य असङ्ख्य विकार जन्म लिन्छन् । मुक्तिको मार्ग यही हो कि सबैलाई चेतन भएर सत्य रूपमा हेर्नुपर्छ । यदि अज्ञानमाथि विजय प्राप्त गरियो भने त विकारहरूभन्दा पारि पनि जान सकिन्छ । यही साँचो मुक्ति हो । यदि व्यक्ति अज्ञात र चित्तका संकल्प-विकल्पहरूभन्दा पारि जाँदैन भने त ऊ मुक्ति पाउनका लागि भवसागरभन्दा पारि कसरी जान्छ ?” उनले उपमा दिँदै सम्झाए कि कुनै मानिसलाई नदी पार गर्नु छ

तर ऊ पौडिएर पारि जान, डुंगाबाट पारि जान या कुनै अंन्य तरीकाबाट नदी पार गर्नुको सट्टा एउटा किनारामा उभिएर प्रार्थना गर्छ कि नदीको अर्को किनारामा पुगोस्, यसो गरेर ऊ पल्लो किनारामा पुग्ने छैन, भलै त्यस व्यक्तिले आफ्नो सम्पूर्ण जीवन प्रार्थना गर्न मै किन नलगाओस् । त्यस किनारामा पुगनको लागि उसले पहिले यस किनारालाई छोड्नु पर्छ । यसै प्रकार यदि मानिस चित्तका संकल्प-विकल्पहरू र विकारहरूभन्दा पारि जाँदैन भने उसलाई साँचो मुक्ति कसरी मिल्छ ?

बुद्धको शिक्षाले अभिभूत उरुवेला काश्यप आफ्ना समस्त शिष्यहरू समेत बुद्ध, धम्म र सङ्घको शरणमा आयो । उरुवेला र उसका शिष्यहरूले आफ्ना कपाल र दाह्री खौरिए । कपाल र अग्निपूजामा प्रयोग गरिने सम्पूर्ण सामानहरूलाई उरुवेलाले नदीमा बगाइदियो । उनीहरू बुद्धका सामु प्रणत भए र त्रिशरण ग्रहण गरेर भिक्षु सङ्घमा प्रव्रजित भए । निरञ्जरा नदीमा बगिरहेका जटाहरू, अग्निपूजामा प्रयोग गरिने सामान देखेर दाजुमाथि कुनै आपत त आइलागेन, यो सोचेर नदी काश्यप अर्को दिन उरुवेला पुग्यो । उरुवेला काश्यपबाट बुद्धका बारेमा थाहा पाएपछि नदी काश्यप पनि आफ्ना शिष्यहरूसमेत भिक्षु सङ्घमा सामेल भयो । आफ्नो भाइ गया काश्यपलाई पनि बोलाए, ऊ पनि आफ्ना शिष्यहरूसमेत भिक्षु सङ्घमा सामेल भयो ।

यस प्रकार आचार्य उरुवेला, नदी काश्यप र गया काश्यप, जसलाई काश्यप बन्धुहरूका नामले चिन्ने गरिन्थ्यो, आफ्ना एक हजार शिष्यहरूका साथ बुद्ध, धम्म र सङ्घको शरणमा आए ।

बुद्धले एक दिन गया शीर्ष पहाडमा भिक्षुहरूलाई बोलाएर 'आदित्त परयाय सुत्त'को उपदेश दिए । धम्मचक्र पवर्तन सुत्त र अनत्तलक्खन सुत्तपछि यो तेस्रो सवैभन्दा महत्वपूर्ण उपदेश मानिन्छ । बुद्धले भने, "भिक्षुहरू ! सबैथोक जलिरहेको छ । के जलिरहेको छ ? ज्ञानेन्द्रियहरू- आँखा, नाक, कान, जिभ्रो, त्वचा र चित्त जलिरहेका छन् । यिनका छ वटै विज्ञान, दर्शन, गन्ध, श्रवण, स्वाद, भावनाहरू र मानसिक चिन्तन जलिरहेका छन् । यी इन्द्रियहरूको संस्पर्श जलिरहेको छ र यस संस्पर्शका कारण जुन वेदनाहरू- सुखद, दुःखद, न सुखद, न दुःखद उत्पन्न हुन्छन्, ती पनि जलिरहेका छन् । केले जलिरहेका छन् ? राग अग्निले, द्वेष अग्निले, मोह अग्निले जलिरहेका छन् । जन्म, रोग, बूढेसकाल, मृत्युको योगका कारण रोइधोई गर्नाले, कपटहरूले, दुर्मनताले, हैरानी, हतासपन र निराशाले, चिन्ता-भयको आगोले जलिरहेका छन् ।

"भिक्षुहरू ! प्रत्येक संवेदना चाहे त्यो दुःखद होस् या सुखद होस् या न दुःखद न सुखद, जलिरहेको छ । हाम्रा मनोसंस्कारहरू, छ ज्ञानेन्द्रियहरू, तिनका विषयहरू, तिनका ज्ञान, तिनका विज्ञान तथा तिनका कारणले हुने संवेदनाहरूका अनुरूप बन्छन् । यसैले भिक्षुहरू ! आफूलाई राग, द्वेष, मोह र भ्रान्तिहरूले जल्न नदिनुहोस् । सबै संस्कारहरू अनित्य छन्, सबै संस्कारहरूले दुःख दिन्छन् । यिनलाई द्रष्टा भावले हेर्न सिक । प्रत्यक्ष अनुभूतिले यिनको अनित्यताको ज्ञान प्राप्त गरेर स्वयम्लाई जन्म-मरणको भवचक्रबाट बाहिर निकाल । एक पटक जब प्रत्यक्ष अनुभूतिले विषयहरूको अनित्यता, तिनको निस्सारता र तिनबाट हुने दुःखहरूका बारेमा बुझ्यौ भने चित्त विमुक्ति प्राप्त गर्ने छौ ।"

एक हजार भिक्षुहरू भावमुग्ध भएर बुद्धको उपदेश सुनिरहेका थिए । उनीहरूलाई आभाष भयो कि बुद्धद्वारा खोज गरिएको मार्ग नै सद्धम्मको मार्ग हो र ध्यान साधनाप्रति उनीहरूको विश्वास झन् पक्का भयो । भिक्षुहरूलाई ध्यान सिकाउनको लागि उनीहरूलाई मार्गदर्शन गर्नका लागि बुद्ध तीन महिनासम्म गयाशीर्ष पर्वतमा नै बसे । ध्यान साधना गर्दा-गर्दा सबै भिक्षुहरूले अर्हत पद प्राप्त गरे ।

त्यहाँबाट बुद्ध राजगृहतिर लागे । उरुवेला काश्यपले आग्रह गरे कि सबै भिक्षुहरूलाई आफूसँग लिएर हिँडुन् । बुद्धले यसको अनुमति दिए । भिक्षु समुदाय दस दिनपछि राजगृह पुग्यो । उरुवेला काश्यपले उनलाई राजगृहको नजिक ताडवनमा लिएर गए, जो राजधानीभन्दा दुई मीलको दूरीमा थियो ।

मगध नरेश बिम्बिसारले बुद्ध यहाँ पाल्नुभएको समाचार पाएपछि उनी ताडवन पुगे । उनीसँग रानी र राजकुमार आजातशत्रु, कैयौं ब्राम्हण आचार्यहरू र बुद्धिजीवीहरू पनि थिए । मगध नरेश बिम्बिसार त्रिशरण लिएर उपासक बने र भिक्षु सङ्घलाई भोजनदानको निम्ति राजमहलमा निमन्त्रित गरे ।

उपतिष्य (सारिपुत्त) र कोलिन्त (मौग्गाल्यायन) नामक दुई ब्राम्हण परिव्राजक जो सञ्जय परिव्राजकका शिष्य थिए, आफ्ना साढे दुई सय साथीहरूका साथ बुद्ध, धम्म र सङ्घको शरणमा आए । उनीहरू दुवैले केही दिनमै अर्हत पद प्राप्त गरे । उनीहरूको सङ्गठन क्षमता र मानिसहरूलाई विस्तारपूर्वक धम्म बुझाउन सक्ने योग्यताका कारण बुद्धले उनीहरूलाई अग्र श्रावक (धम्म सेनापति) को पदवी दिए । पूर्णिमाका दिन बुद्ध बाह्र सय पचास जना भिक्षुहरूका साथ राजमहलमा भोजनका लागि गए । त्यहाँ एक लाख बीस हजार मानिसहरूले धम्म दीक्षा लिए, राजा बिम्बिसारले भिक्षु सङ्घलाई वेलुवन दान दिए । बुद्धले

दोस्रो वर्ष वेलुवनमा बिताए (ई.पू. ५२७) । त्यसै वर्ष महाकाश्यप नामक ब्राम्हण पनि बुद्ध, धम्म र सङ्घको शरणमा आए । यसै वर्षको बसाइका क्रममा उपाध्याय, आचार्य र शिष्यका कर्तव्यहरू निर्धारित गरिए । भिक्षुहरूलाई सम्बोधन गर्दै बुद्धले भने, "भिक्षुहरू, म उपाध्याय कर्म गर्नलाई अनुज्ञा दिन्छु । उपाध्यायले शिष्यमाथि पुत्र-बुद्धि राख्नुपर्छ र शिष्यले उपाध्यायमाथि पिता-बुद्धि ।"

पितासँग अन्तिम भेटघाट

सिद्धार्थले बुद्धत्व प्राप्त गरिसकेपछि र उनी राजगृहको वेलुवनमा बिहार गरिरहेका छन् भन्ने कुरा राजा शुद्धोदनले थाहा पाएपछि उनले बुद्धलाई कपिलवस्तु ल्याउनका लागि एक मन्त्रीलाई पठाए । वेलुवनमा गएर भिक्षुहरूलाई ध्यान गरिरहेका देखेर उसको मनमा धम्म संवेग जाग्यो र प्रव्रज्या लिएर ऊ भिक्षु बनिहाल्यो । केही समयसम्म उसको समाचार नआएपछि राजाले अर्को मन्त्रीलाई पठाए, ऊ पनि राजगृह आएर भिक्षु बनिहाल्यो । त्यसपछि तेस्रो, अनि चौथो, अनि पाँचौं । यस प्रकार एक-एक गर्दै नौ मन्त्रीहरू कपिलवस्तुबाट राजगृह आए, भिक्षु बने र फर्किएनन् । अन्तमा राजाले आफ्नो प्रधानमन्त्री कालुदयीलाई पठाए । कालुदयीले राजाका सामु शर्त राख्यो कि यदि उसले प्रव्रज्या लिने अनुमति पाउँछ भने ऊ बुद्धलाई ल्याउन सक्छ । राजाले अनुमति दिए । वर्षायाम सकिनै लागेको थियो । उदायी राजगृह पुग्यो । र बुद्धसँग जन्मभूमि कपिलवस्तु जानका लागि प्रार्थना गर्दै भन्यो, तपाईंका पिता शुद्धोदन तपाईंलाई हेर्न चाहनुहुन्छ । अरूले त बुद्धद्वारा खोज गरिएको धम्मको अमृत पान गर्न पाएका छन् तर उनका पिताले पाएका छैनन्, उनका नातागोताका मानिसहरूले पाएका छैनन् । बुद्धले कपिलवस्तुमा हिंड्नका लागि अनुमति दिए र भिक्षु सङ्घका साथ कपिलवस्तुका लागि घुमफिर गर्दै हिंडे । कपिलवस्तुभन्दा तीन मील अगाडि न्यग्रोध उद्यान थियो । भिक्षु सङ्घका साथ बुद्धले त्यहीं विहार गरे ।

अर्को दिन तथागतले भिक्षापात्र बोके र कपिलवस्तुमा भिक्षाटनका लागि निक्लिए । उनले भिक्षा माग्ने खबर पूरै नगरीमा आगोजस्तै फैलियो । जुन नगरमा कुनै वेला सिद्धार्थ राजसी रथमा बसेर सवारीका लागि निक्लिन्थे, आज त्यसै नगरमा भिक्षापात्र हातमा बोकेर घरघर चहारिरहेका थिए । चीवरको रंग पनि रातो माटोजस्तै थियो र हातको भिक्षापात्र पनि माटो कै थियो ।

राजा शुद्धोदन रथमा सवार भएर बुद्धलाई भेट्न उद्यानतिर गए तर बुद्ध भिक्षाटन गर्दै हिँडिरहेकाले बाटोमा नै भेटिए । शुद्धोदनले देखे कि बुद्ध हातमा भिक्षापात्र

समातेर एक गरिबको ढोकामा उभिएका छन्, च्यातिएका लुगा लगाएकी एक स्त्री बाहिर निक्लिई र बुद्धको भिक्षापात्रमा एउटा आलु हालिदिई । बुद्ध उसलाई नमस्कार गरेर अर्को घरतिर लागे । राजासँग जब भेटघाट भयो त्यसबेला उनले बुद्धलाई प्रणाम गरे । राजाले बुझिसकेका थिए कि, सिद्धार्थ अब युवराज होइनन् बरु आध्यात्मिक गुरु हुन्- बुद्ध हुन् । उनले बुद्धसँग भने, "मैले सोचेको थिएँ कि तपाईं आफ्ना परिवारलाई भेट्न राजमहल आउनुहुनेछ । कसले यो सोच्न सक्थ्यो कि तपाईं आफ्नै राज्यमा भिक्षाटन गर्नु हुनेछ । तपाईं भोजनका निम्ति राजमहलमा किन आउनुभएन ?"

बुद्ध मुस्कुराउँदै भन्न थाले- "म भिक्षु हुँ र अन्य भिक्षुहरूले जस्तै मैले पनि भिक्षाटन गर्नु पर्छ । भिक्षु नबोलाएर कसैकहाँ भोजन गर्न जाँदैनन् ।"

शुद्धोदनले बुद्धसँग भने- तपाईं यसप्रकार मलाई किन लज्जित पार्नु हुन्छ ? के तपाईं बुझ्नुहुन्न कि म तपाईं र तपाईंको सङ्घलाई भोजन गराउन सक्छु ।

तथागतको उत्तर थियो- यो हाम्रो वंश-परम्परा हो ।

शुद्धोदनले भने- यो कसरी हुन सक्छ ? हाम्रो वंशमा कहिल्यै कसैले पनि भिक्षाटन गरको छैन ।

तथागतको उत्तर थियो- राजन ! निश्चय नै तपाईंको वंश क्षत्रियहरूको वंश हो । तर अब मेरो वंश बुद्धहरूको वंश हो । उनीहरूले भिक्षाटन गरेका छन् र सधैं भिक्षामाथि नै निर्भर रहेका छन् । सबै बुद्धहरू भिक्षाटन गर्छन् । भिक्षाटन पनि एक आध्यात्मिक साधना हो । यसले भिक्षुहरूलाई आफ्नो अहम् मेटाउनमा, विनम्र बन्नमा र सबै व्यक्तिहरूका प्रति समताभाव विकसित गर्नमा सहायत मिल्छ । मैले कुनै गरिबबाट एक आलु पाउँछु र राजाकहाँबाट छप्पन भोग, तर मेरा निम्ति दुइटै समान हुन् । यस प्रकार भिक्षु गरिब, धनीको भेदबाट माथि उठ्छ । मेरो सद्धम्ममा सबै समान छन् । कोही जतिनै गरिब किन नहोस्, ऊ आध्यात्मिक उन्नतिको हकदार हो । भिक्षा माग्नाले मेरो इज्जत कम हुँदैन । भिक्षा दिनेलाई आफ्नो दान सीमा बढाउने अवसर मिल्छ । भिक्षा दिनाले, दान दिने मानिसको अहम्मा कमी आउँछ । यसबाट उनीहरूलाई पनि अध्यात्मको लाभ मिल्छ ।

राजा शुद्धोदनले बुद्ध र भिक्षु सङ्घलाई राजमहलमा भोजनका लागि आमन्त्रित गरे । राजा शुद्धोदान एवम् महाप्रजापति गौतमीले उनीहरूको अगुवाई गरे । यशोधरा र पुत्र राहुलले बुद्धलाई प्रेमपूर्वक भेटे । यशोधरा भावुकतावश सुँक्कसुँक्क गरिरहेकी थिइन् ।

भगवान बुद्धले राजा शुद्धोदनसँग भने- राजन् ! तपाईंलाई आफ्नो पुत्रका लागि महान् दु:ख छ । तर प्रेमका जुन धागाहरूले तपाईंलाई आफ्नो त्यस पुत्रसँग बाधिराखेका छन्, जो तपाईंलाई छोडेर हिँडिहाल्यो, त्यसै प्रेमअन्तर्गत तपाईं आफ्ना सारा मानव बन्धुहरूलाई बाँध्नुहोस् । अनि तपाईंलाई आफ्नो पुत्र सिद्धार्थभन्दा पनि ठूलो कुनै लक्ष्यको प्राप्ति हुनेछ । तपाईंले त्यो पाउनुहुनेछ, जो सत्यको संस्थापक हो र तपाईंले त्यो पाउनुहुनेछ जो धम्मको मार्गदर्शक हो र तपाईंले त्यो पाउनुहुनेछ जसले शान्तिलाई ल्याउँदै छ, अनि तपाईंको हृदय निर्वाणले भरिनेछ ।

शुद्धोदन निरुत्तर थिए, तथागत भन्दै गए- कसैले कतै केही खजाना पायो भने त्यसमध्ये जुन बहुमूल्य रत्न हुन्छ, त्यो उसले आफ्नो पितालाई नै दिनेछ । म तपाईंलाई यो धम्म निधि अर्पण गर्दछु ।

यदि तपाईंले स्वयम्लाई यी मिथ्या स्वप्नजालहरूबाट मुक्त गर्नुभयो, यदि तपाईंले सत्यलाई अङ्गिकार गर्नुभयो, यदि तपाईं आप्रमादी रहनुभयो र यदि तपाईं धम्मको पथमा नै हिँड्नुभयो भने तपाईंलाई अक्षय सुख प्राप्त हुनेछ ।

शुद्धोदनले नि:शब्द भएर यी शब्दहरू सुने र भने- "पुत्र ! म तिम्रो कथनअनुसार आचरण गर्ने प्रयास गर्नेछु ।"

राजाले न्यग्रोध उद्यानमा बुद्ध र भिक्षुहरूका लागि कुटीहरू बनाइ दिए । बुद्ध छ महिनासम्म भिक्षु सङ्घका साथ कपिलवस्तुको न्यग्रोध उद्यानमा रहे ।

बुद्ध तेस्रो वर्षको बसाइका लागि मगधको वेलुवन फर्किन चाहन्थे । राजा शुद्धोदनले एक पटक फेरि बुद्ध र भिक्षु सङ्घलाई भोजनका निम्ति राजमहलमा आमन्त्रित गरे । भोजनपछि बुद्धले शासनमा धम्मको प्रयोग कसरी गर्न सकिन्छ र कसरी सरकारी कार्यहरूमा लागेका मानिसहरूले सामाजिक समरसता र समानता ल्याएर सबै वर्गका मानिसहरूलाई न्याय प्रदान गर्न सक्छन्, यी विषयहरूमा उपदेश दिए । धम्म उपदेशपछि शुद्धोदनले बुद्धसँग भने कि उनी बूढो हुँदै गइरहेका छन् र एकपटक फेरि बुद्धसँग अनुरोध गरे कि उनी राजपांट सम्भालुन् र आफ्नो धम्म शासनद्वारा मानिसहरूको कल्याण गरुन् । बुद्धले राजालाई दयादृष्टिले हेर्दै भने :

"राजन म अब कुनै एक परिवार, वंश अथवा कुनै एक देशको पुत्र रहिनँ । समस्त जीव मेरा परिवारजन हुन् र सम्पूर्ण विश्व मेरो घर हो । म एक भिक्षु हुँ, जो अर्काको दानमाथि निर्भर छ । मैले आफ्नो लागि धम्मको मार्ग चुनेको

छु न कि राजनीतिको । मलाई विश्वास छ कि धम्मबाट म सम्पूर्ण जगत र समस्त प्राणीहरूको सेवा गर्न सक्नेछु ।"

यसपछि बुद्धले उपस्थित मानिसहरूलाई शील-सदाचारको उपदेश दिए र राजमहलबाट प्रस्थान गरे ।

यशोधराले राहुललाई बुद्धकहाँ पठाइन् र पितासँग उत्तराधिकार माग्नलाई भनिन् । बुद्धले राहुललाई श्रामणेर दीक्षा दिएर भिक्षु सङ्घमा सामेल गरे । शुद्धोदनको दोस्रो पुत्र नन्दले पहिले नै प्रवज्या लिइसकेका थिए । राहुलको प्रवज्याले शुद्धोदन झनै दुःखी भए र बुद्धसँग अनुरोध गरे कि कुनै बच्चालाई उसका मातापिताको आज्ञाविना प्रव्रज्या नदिइयोस् । बुद्धले यस सुझावलाई मानेर नियम बनाए कि अबदेखि कुनै बच्चालाई उसका मातापिताको इजाजत लिएर मात्र प्रव्रज्या दिइयोस् ।

न्यग्रोधबाट जब बुद्ध राजगृहका लागि निक्लिए, त्यसबेला राजा शुद्धोदन एक पटक फेरि रुन थाले, उनले आफ्ना मन्त्री र पुरोहितसँग सोधे कि उनीहरू गएर सिद्धार्थ (भगवान बुद्ध)लाई यहीँ रोकेर राख्ने र आफ्नो परिवारमा नै सम्मिलित गराउनलाई प्रयास गर्न सक्छन् ? राजाको इच्छाअनुसार मन्त्री र पुरोहित्र विदा भए र बाटोमा हिँडिरहेका बुद्धकहाँ पुगे । अभिवादनपछि राजपुरोहितले निवेदन गरे- हे राजकुमार ! जुन राजाको हृदयलाई तपाईंको बिदाइको तीरले नराम्रोसँग छेडेको छ र जसका आँखाहरूबाट आँसुका धारा बगिरहन्छन्, त्यस राजाका भावनाहरूको अलिकति त ख्याल गर्नुहोस् । उसको कामना छ कि तपाईं फेरि घरमा आउनुहोस् । ऊ त्यसपछि मात्र शान्तिले मर्न सक्नेछ । उसको कथन छ, "मलाई थाहा छ कि तपाईं धम्मस्थित हुनुहुन्छ र मलाई यो पनि थाहा छ कि तपाईंको संकल्प वज्रसमान दृढ छ तर यस प्रकार घर छोडेर हिँड्नाले उत्पन्न वियोगाग्निले मेरो हृदय जलिरहेको छ । हे धम्मप्रिय ! धम्मका लागि नै तपाईं आफ्नो यस संकल्पलाई छोडिदिनुहोस् ।"

पुरोहितले माता गौतमीको सन्दर्भ उठाए, यशोधरा र पुत्र राहुलको सन्दर्भ उठाए, तर बुद्ध दृढ रहे । उनले आफ्नो उत्तर दिए :

"केही छ या छैन, यसमा मेरा निम्ति कुनै अर्को प्रमाण छैन, तपस्या र साधनाद्वारा मैले स्वयम् सत्यलाई बुझिसकेको छु ।"

"म कुनै यस्तो सिद्धान्तलाई सही स्वीकार गर्न सक्दिनँ, जो अज्ञानाश्रित छ र जसको टाउको तल र खुट्टा माथितिर छन् । म कुनै यस्तो सिद्धान्तलाई सही

स्वीकार गर्न सक्दिनँ, जसमा सयौं कुराहरूलाई त्यत्तिकै पहिलेदेखि सही मानेर हिँड्नुपर्ने हुन्छ । को बुद्धिमान मान्छे केवल कुनै अर्कोमाथि आश्रित भएर कुनै कुरामा विश्वास गर्छ ? मानव जाति त अँध्यारोमा एक अन्धाको पछाडि हिँड्ने चक्षुहीन जाति बनेको छ ।"

"तर यदि कोही सत्य र झूटमा विभेद गर्न सक्दैन, यदि कोही भलो र कुभलोको विषयमा सन्दिग्ध छ भने उसले पनि आफ्नो चित्त भलाइमा नै लगाई राख्नु पर्छ । सद्वृत्ति भएको मानिसका लागि अलिकति व्यर्थको परिश्रम पनि कल्याणकारी नै हुन्छ । तर यो देखेर कि यस पवित्र परम्पराको पनि ठेगान छैन, यो बुझी हाल कि ठीक त्यही हुन्छ, जो विश्वसनीय मानिसहरूको वचन हो र विश्वसनीयताको मतलब हो- निर्दोषता । जो सर्वथा निर्दोष छ, उसले सत्यको अपलाप गर्नै सक्दैन ।

चाहे सूर्य पृथ्वीमा खसोस् र चाहे हिमालय समेत आफ्नो स्थानबाट हटोस्, तैपनि म कुनै हालतमा इन्द्रिय विषयोन्मुख भएर घर फर्किन सक्दिनँ । म बलिरहेको आगोमा प्रविष्ट हुनेछु तर मानव कल्याणको आफ्नो उद्देश्यलाई पूरा नगरिकन घर फर्किन सक्दिनँ ।"

यति भनेर आफ्नो दृढ निश्चयका कारण तथागत सर्वथा उपेक्षावान भएर हिँडिदिए ।

गौतम बुद्धको यस यात्राका क्रममा हजारौं मानिसहरूले (जसमा उनको पुत्र राहुल र सौतेलो भाइ नन्द पनि थिए) बुद्ध, धम्म र सङ्घको शरण लिए र भिक्षु सङ्घमा सामेल भए ।

कपिलवस्तुबाट बुद्ध भिक्षु सङ्घका साथ उत्तरी कोसलको अनुप्रिया नगर पुगे र नजिकको एक बिहारमा बसे । यहीं महानाम, अनिरुद्ध, भद्दिय, भृगु, किम्बिल, देवदत्त, आनन्दजस्ता शाक्य राजकुमारहरूका अतिरिक्त उपालि नाउलाई दीक्षा दिइयो जसले गर्दा तिनीहरू राजकुमारबाट वरिष्ठ भिक्षु बने, ती सबैलाई सँगै लिएर बुद्ध वेलुवन फर्किए । वर्षात्को मौसम यात्राका निम्ति सुविधाजनक हुँदैन । गँड्यौला र अन्य कीरा-फट्याङ्ग्राहरू वर्षाका कारण सडक-बाटाहरूमा निक्लिन्छन्, खुल्ला बाटाहरूमा हिँड्दा कीरा-फट्याङ्ग्रामाथि खुट्टा पर्न सक्छ र वर्षामा भिज्नाले बिरामी हुने सम्भावना पनि हुन्छ । यसैले बुद्धले वर्षाको मौसममा भिक्षुहरूले एकै ठाउँमा बस्नको लागि 'वर्षावास' को नियम बनाए । भिक्षुहरू कुनै एक बुद्ध बिहार या निश्चित केन्द्र छान्न सक्थे । हर केन्द्रका

भौगोलिक सीमाहरू निश्चित हुन्थे । भिक्षुहरूलाई तीन महिनाको वर्षावासका क्रममा सामान्यतया त्यस सीमाभन्दा बाहिर जानलाई अनुमति हुँदैनथ्यो, जबसम्म कुनै खास मजबूरी हुँदैन । यसले भिक्षुहरूमा सामुदायिक विकासको भावना अभिवृद्धि हुन्थ्यो र आपसमा एकता एवम् भाइचाराको भावना पनि बढ्थ्यो । बिहान-बिहान बिहार या केन्द्रको धम्म हलमा या ध्यान कक्षमा केही मामुली परम्पराहरू पूरा गरिसकेपछि सबैभन्दा वरिष्ठ भिक्षुले धम्मका बारेमा प्रवचन दिन्थे । भिक्षुहरूको सङ्ख्या बढी भएको बेलामा उनीहरूलाई समूह-समूहमा बाँड्ने गरिन्थ्यो र हर समूहको जिम्मेदारी एक वरिष्ठ भिक्षुलाई दिइन्थ्यो । प्रवचन र धम्म साधनापछि भिक्षुहरू अलग-अलग दिशाहरूमा 'पिण्डपात' (भिक्षाटन)का लागि निक्लिहाल्थे । भिक्षाटनपछि सबै विहारमा फर्किन्थे र आपसमा बाँडीचुँडी भोजन गर्थे । यदि कुनै भिक्षुले दानमा केही पाएको छैन भने बाँकी भिक्षुहरूले आफ्नो भिक्षामा पाएको भोजन उसका लागि छुट्याउँथे । भोजनपश्चात् केहीबेरको विश्राम हुन्थ्यो । मध्यान्हपछि अपरान्हमा सबैले ध्यानसाधना गर्थे र साँझमा भगवान बुद्ध या कुनै वरिष्ठ भिक्षु धम्म प्रवचन दिन्थे । भगवान बुद्ध स्वयम् पनि वर्षात्का क्रममा एकै ठाउँमा बस्थे र वर्षको बाँकी पूरै समय घुम्दै-घुम्दै गाउँ, टोल र सहरमा गएर धम्म शिक्षा दिन्थे । बुद्धको वर्षावासको अवधि सधैं एकनासको हुँदैनथ्यो । यदि साधकहरूको विपस्सना ध्यान साधना तीन महिनाको वर्षावासमा पूरा भईहाल्यो भने आश्विन पूर्णिमाका दिन वर्षवासको उत्सव समाप्त गरेर अर्को दिन भिक्षु सङ्घका साथमा मानिसहरूमा दान पारमिता बढाउनको लागि र उनीहरूलाई धम्मको उपदेश दिँदै नौ महिनासम्म घुम्छन् । यदि तीन महिनाको वर्षावासको विपस्सना साधना पूरा भएन भने कार्तिक पूर्णिमाको दिन वर्षावासको उत्सव समाप्त गरेर मार्गशीर्ष (अगहन) महिनाको पहिलो दिन भिक्षु सङ्घका साथमा निक्लिएर वर्षका बाँकी आठ महिना घुम्छन् । यदि साधकहरूको साधना चार महिनामा पनि पूरा भएन भने मार्गशीर्ष पनि वर्षवासमा नै बिताइन्छ र पुष महिनाको पहिलो दिन भिक्षु सङ्घका साथमा निक्लिएर सात महिना घुम्छन् । गौतम बुद्धले पहिलो वर्षावास भिक्षु सङ्घका साथमा इसिपत्तन, सारनाथमा बिताएका थिए । दोस्रो वर्षावास (ई.पू. ५२७) राजगृहमा बिताएका थिए ।

तेस्रो (ई.पू. ५२६) र चौथो (ई.पू. ५२५) वर्षावास पनि राजगृहको वेलुवनमा बिताए । वर्षावासका क्रममा मगधको सबैभन्दा धनी व्यापारीको पुत्र महाकाश्यपले धम्म शिक्षा लिए । यसै क्रममा बुद्धले 'राहुलोवाद सुत्त' को उपदेश दिए, जसमा

मन, वचन र शरीरले गरिने कुशल-अकुशल कर्महरू, सत्य बोल्ने र सजगताका बारेमा बेहोस भई लडेको शाही हात्ती र दर्पणको उपमा दिँदै उपदेश दिए । वर्षावासको केही दिनपछि श्रावस्तीवासी अनाथपिण्डक बुद्धलाई भेट्न आयो र बुद्धलाई श्रावस्ती आउनका लागि आमन्त्रित गऱ्यो ।

भिक्षुहरूलाई वेलुवनमा कौंडन्न र उरुवेला कश्यपको नेतृत्वमा छोडेर पाँच सय भिक्षुहरूसहित हिँड्दै चार महिनापछि बुद्ध वैशाली पुगे र महावनको कुटागार विहारमा बसे । यहीं उनले 'तित्तिर जातक' को उपदेश दिएर भिक्षुहरूलाई वरिष्ठ भिक्षुहरूको आदरंसत्कार गर्नु र मिलीजुली रहनुको महत्व बुझाए । त्यहाँनेर दुई सय भिक्षुहरूलाई छोडेर, तीन सय भिक्षुहरूका साथ उनी श्रावस्तीतिर हिंडे । श्रावस्तीमा अनाथपिण्डकले जेतवनराम भिक्षु सङ्घलाई दान दिए । धम्म उपदेश दिँदै बुद्ध वैशाली फर्किए र महावनको कुटागार विहारमा बसे । बुद्धले पाँचौं वर्षावास यहीं कुटागार विहारमा बिताए । यहीं महाप्रजापति गौतमी र अन्य गण्यमान्य महिलाहरूलाई प्रवज्या दिएर 'भिक्षुणी सङ्घ' को स्थापना गरे र 'पजापति सुत्त' को उपदेश गरे जसमा भिक्षुणीका शीलहरूको शिक्षा निहित छ । यसै वर्ष भिक्षु पिण्डोल भारद्वाजले दिव्य शक्तिको प्रदर्शन गरेर बाँसमा बाँधिएको चन्दनको कचौरालाई माथि उडेर ल्याएर आए । जब बुद्धले यो कुरा थाहा पाए त्यसपछि उनले भिक्षुहरूद्वारा दिव्यशक्तिको प्रदर्शनमा रोक लगाए किनकि यसले पूर्ण चित्त विमुक्तिको बाटोमा रोकावट आउने खतरा रहन्छ । साधक मदारी बन्ने र हेर्नेहरूका मनमा अन्धश्रद्धा र अन्धविश्वास उत्पन्न हुने खतरा रहन्छ । यस नियमको बारेमा जब उनका विरोधीहरूले थाहा पाए त्यस बेला उनीहरूले बुद्धलाई कोसल राज्यमा चमत्कार देखाउनका लागि चुनौती दिए । बुद्धले चुनौतीलाई स्वीकार गरे । राजाले सोधेपछि बुद्धले सम्झाए कि जसरी तपाईंको बगैँचाको फल यदि अरूले टिपेर खाए भने उनीहरू दण्डको भागी हुनेछन् तर तपाईंमाथि यो नियम लागू हुँदैन, त्यस्तै प्रकारले धम्मशास्त्रले समयको मागअनुसार धम्मको रक्षाको लागि चमत्कार प्रदर्शन गर्न सक्छ ।

बुद्धले छैठौं वर्षावास (ई.पू. ५२३) मन्कुल पर्वतमा बिताए । धम्म उपदेश गर्दै बुद्ध कोसलको राजधानी श्रावस्ती पुगे र आषाढ पूर्णिमाका दिन यमक-प्रातिहार्य गरेर दिव्यशक्तिहरूको प्रदर्शन गरे र त्यहाँबाट त्रयस्त्रिंश गएर तीन महिनासम्म अभिधम्मको उपदेश दिए, जसमा मन र शरीरको सम्बन्धलाई बिस्तारपूर्वक सम्झाए । सातौं वर्षावास (ई.पू. ५२२) त्रयस्त्रिंशमा बिताए । आश्विन पूर्णिमाको दिन (यसलाई महाप्रवारणा पनि भनिन्छ) संकाश्य नगर (उत्तर प्रदेशको फरुखावाद

जिल्लामा स्थित) गए र अचल चैत्यमा बसे । आठौं वर्षावास (ई.पू. ५२१) सुंसमारगिरिमा बिताए । त्यहाँबाट धम्म उपदेश दिँदै श्रावस्ती गए । त्यहाँ उनले कोसल नरेश प्रसेनजितलाई उपदेश दिए कि भिक्षुहरू ! उमेरले उनीहरूको ज्ञानको अनुमान लगाउनुहुन्न । युवा भिक्षु पनि ध्यान साधनामा निपुण हुन सक्छ । कोसल देशबाट धम्म उपदेश दिँदै बुद्ध बैशाली गए र त्यहाँबाट राजगृह । यसै वर्ष 'जटिल सुत्त' जसमा पहैंलो वस्त्र धारण गर्दैमा कोही सन्न्यासी भइहाल्दैन र साधकहरूको रहन-सहन, घुमाइ र व्यायमसम्वन्धी उपदेश दिए ।

नवौं वर्षावास (ई.पू. ५२०) कौसाम्बीको गोशिरा वनको घोषिताराम बिहारमा बिताए । गोशिरा वन सिसौका रुखहरूले भरिएको थियो । एक दिन साधनापछि हातमा सिसौका केही पातंहरू च्यापेर उनी बिहारमा फर्किए । मुठीमा समातेका पातहरूलाई देखाउँदै बुद्धले सोधे- "भिक्षुहरू, मेरो मुठीमा भएका पातहरूको सङ्ख्या बढी छ कि वनका रुखहरूमा भएका पातहरूको ?" जब भिक्षुहरूले उत्तर दिए कि वनमा रुखहरूमा भएका पातहरूको सङ्ख्या निकै बढी छ अनि बुद्धले भने, "त्यस्तै प्रकार जे म देख्छु, त्यो मेरा शिक्षाहरूभन्दा निकै ठूलो छ । यस्तो यस कारण कि म केवल तिनै कुराहरूको शिक्षा दिन्छु, जो सद्धर्मको मार्गमा सफलताका लागि वास्तवमा आवश्यक र सहायक हुन्छन् ।"

त्यसै वर्ष भिक्षु सङ्घमा केही कुराहरूलाई लिएर मनमोटाव भयो । सुरुआत शीलाचार्य र सूत्राचार्यहरूबाट भयो र बिस्तारैबिस्तारै उनका शिष्यहरू पनि बाझ्न थाले । झगडाको खबर बुद्धकहाँ पुग्यो र उनले धम्मपदको उपदेश दिए कि वैरले वैर शान्त हुँदै, अवैरले हुन्छ । मेरो बदख्वाइँ गऱ्यो, मलाई पिट्यो, मलाई हरायो, मलाई छोडिदियो, यस प्रकारका कुराहरू सोचीसोची मनलाई व्याकुल गरिरहनाले वैर शान्त हुँदैन । यस्ता कुराहरू सोचेर, जसले मन मैलो बनाउँदैनन्, उनीहरूको वैर शान्त भई हाल्छ ।

अक्कोच्छि मे अवधि मे, अजिनि मे अहोसि मे

ये च तं नुपनच्छन्ति, वेरं तेसूपसम्पति ॥४॥- धम्मपद

(गाली गऱ्यो, पिट्यो मलाई । कठै, सबैथोक लुट्यो ! जसै यो चिन्तन छुट्छ, वैर जति सबै छुट्छ)

न हि वेरेने वेरानि, सम्मन्तीध कुदाचनं

अवेरेन च सम्मन्ति, एस धम्मो सनन्तनो ॥५॥- धम्मपद

(वैर वैरले मेटिँदैन, बढ्छ द्वेष दुष्कर्म । वैर मेटियोस् मैत्रीका लागि, यही हो सनातन धर्म ।)

भिक्षुहरूको आपसी कलह हटाउनका लागि समय दिनलाई बुद्ध बालकलोणकार गाउँ गए, त्यहाँ आयुष्मान भृगुलाई धम्म उपदेश दिए । त्यहाँबाट उनी प्राचीनवंश दाब गएर आयुष्मान अनुरुद्ध, नन्दिय र किम्बिलसहित अनेकौं भिक्षुहरूलाई आपसमा मिलिजुली बस्नमा र ध्यान साधनामा बाधक पाँच निवरणहरू र तिनलाई हटाउने उपायहरूका बारेमा उपदेश दिए । यहाँ बुद्धले एक महिना विहार गरे । त्यहाँबाट बुद्ध पारिलेयक वनमा गए र रक्षित वन खण्डका शाल वृक्षहरूका मुनि विहार गर्न थाले । वुद्धको मङ्गल मैत्री साधनाको अभ्यासले त्यहाँका वन्यप्राणीहरूसँग उनको प्रगाढ मैत्री भयो । हस्तिराज आफ्ना सुँडमा भरेर बुद्धका लागि पानी ल्याउँथे । कहिलेकाहीं उनीहरू फलफूल ल्याउँथे । उनले हात्तीहरूको आवाज पनि सिकिसकेका थिए र उनी हात्तीहरूसँग उनीहरूकै आवाजमा कुरा गर्थे । बुद्धले दसौं वर्षाबास (ई.पू. ५१९) पारिलेयक वनमा हात्तीहरू र अन्य वन्यजीवहरूका साथ बिताए । वर्षावास समाप्त भएपछि बुद्ध श्रावस्तीतिर हिंडे । धम्म उपदेश दिंदै दुई हप्तापछि जेतवन पुगे । सबै वरिष्ठ भिक्षुहरूले उनको अगुवाई गरे ।

वैशालीका, जो रिसालु भिक्षु थिए, बिस्तारैबिस्तारै उनीहरूको मनमोटाव हटिसकेको थियो । उनीहरूले श्रावस्ती आएर भिक्षु सङ्घका सामु क्षमा मागे । शीलाचार्य र सूत्राचार्य दुवैले दोष स्वीकार समारोहमा एक-अर्कासँग माफी मागे र यस प्रकारले आपसी मनमोटाव हट्यो । भविष्यमा यस प्रकारको समस्यालाई सुल्झाउनको लागि सात सिद्धान्त भएको सप्ताधिकरण समता बनाइयो । बुद्ध छ महिनासम्म जेतवनमा वसे । त्यहाँबाट राजगृह फर्किनका लागि उनी उरुवेलातिर उपदेश दिंदै निक्लिए । त्यहाँबाट नालन्दा पुगे र एघारौं वर्षावास (ई.पू. ५१८) इकनालाको गाउँमा बिताए । यस वेलासम्म एक-एक गरेर भिक्षुसङ्घका लागि ४५ शील बनाइसकिएका थिए । यसै वर्ष 'प्रतिमोक्ष' को नियम पनि बनाइयो । यसका अनुसार यदि कसैले भिक्षुसङ्घका नियमहरूको उल्लंघन गऱ्यो भने भिक्षु सङ्घको सम्मेलन आयोजित गरेर त्यसमाथि विचार गरिनेछ र अब्रम्हचर्य, चोरी, जीवहिंसाप्रति वैराग्यको र ध्यान साधनामा जुन उपलब्धि भएको छैन त्यसको दावा गरेमा भिक्षु सङ्घबाट निकालिने छ । यी चारवटै शीलहरूको उल्लंघनलाई चार पारिजिकाहरू भनिन्थ्यो । हर महिनाको औंसी र पूर्णिमाका दिन भिक्षु सङ्घ शीलहरूको सामूहिक पाठ गर्थे । प्रत्येक शीलको पाठपछि उपस्थित

भिक्षुहरूसँग सोधिन्थ्यो कि के कसैले यस शीलको उल्लंघन गरेको छ । सबैजना चुप रहँदा अर्को शीलको पाठ गरिन्थ्यो । यदि कसैले उल्लंघन गरेको भए सङ्घका सामु स्वीकार गर्नु पर्थ्यो । यस स्वीकारोक्तिपछि उसलाई क्षमा गरिन्थ्यो । यसै वर्ष बुद्धले नालन्दामा प्रवारिकको आम्रवनमा विहार गर्दै 'असिबंधक पुत्त सुत्त' को उपदेश दिए, जसमा कुललाई नष्ट गर्ने आठ कारणहरूलाई सम्झाए । यसै वर्ष 'निंगठ सुत्त' को उपदेश दिए, जसमा शील सदाचारको अभ्यास र यसका परिणामहरूलाई सम्झाए । त्यहाँबाट बुद्ध उपदेश दिँदै मगधको पञ्चशाला ग्राममा आए । त्यहाँ विहार गर्दै 'पिंड सुत्त' को उपदेश दिए । त्यहाँबाट बुद्ध उपदेश दिँदै कुरु देशको कम्मासदम्मको नजिकको वनमा गए । त्यहाँ मांगदीय ब्राम्हणले आफ्नी अति सुन्दर शीलवान कन्या बुद्धलाई दान दिन चाहे । बुद्धले उसलाई सम्झाए कि उनी काम-भोगहरूबाट पूरै किसिमले मुक्त भइसकेका छन् । केही दिनपछि कम्मासदम्ममा बुद्धले महासतिपट्ठान सुत्तको उपदेश दिए जसमा चार स्मृति प्रस्थान- कायानुपस्सना, वेदनानुपस्सना, चित्तानुपस्सना र धम्मानुपस्सनालाई विस्तारपूर्वक सम्झाए कि कसरी यिनको अभ्यास गर्दै पूर्णमुक्तिको अवस्थासम्म पुग्न सकिन्छ । त्यसको केही दिनपछि कम्मासदम्म टोलमा नै महानिदान सुत्तको उपदेश दिए, जसमा पटिच्चसमुप्पादको नियमलाई विस्तारपूर्वक सम्झाए । कम्मासदम्मबाट उपदेश दिँदै मथुरा हुँदै बुद्धले बेरंजातिर प्रस्थान गरे । बाटोमा उनले पति-पत्नीका गुणहरूको सम्वन्धमा उपदेश दिए । त्यहाँबाट बेरंजा पुगे । बुद्धले बाह्रौं वर्षावास (ई.पू. ५१७) बेरंजामा बिताए । त्यहाँ उनले बेरंजक सुत्तको उपदेश दिए, जसमा क्रियावाद, अक्रियावाद र उच्छेदवादको विवेचना गरे । एक दिन सारिपुत्तले बुद्धसँग भने कि भिक्षुहरूका लागि शीलहरूलाई परिष्कृत गरेर लेखाइयोस्, त्यस बेला बुद्धले भने कि 'अहिले त्यो समय आएको छैन । बाह्र वर्षपहिले जब भिक्षु सङ्घ बनेको थियो त्यसबेला पाँच शील थिए, समयको मागअनुसार शीलहरूको सङ्ख्या बढ्दै गयो र एक सय बीस पुग्यो । आउने दिनहरूमा यो सङ्ख्या बढेर दुई सयभन्दा पनि माथि जान सक्छ । शील याद गरेर र लेखेर अरूलाई बताउनुभन्दा बढी महत्वपूर्ण हो तिनको पालन गर्नु, तिनलाई जीवनमा उतार्नु ।'

वर्षावासपछि बुद्ध भिक्षु सङ्घका साथ दक्षिणतिर हिंडे । संकिसा, कन्नौजमा उपदेश दिँदै प्रयाग पुगे । गंगा नदी तरेर बनारसमा बिहार गर्दै वैशाली पुगे । त्यहाँ महावनस्थित कूटागार बिहारमा बसे ।

तेह्रौं वर्षावास (ई.पू. ५१६) चालिय पर्वतमा बिताए । बुद्धको सहायकको रूपमा

मेघीय उनीसँग बस्थ्यो । मेघीय एकान्तमा ध्यानसाधना गर्दा विचलित भइदिन्थ्यो । बुद्धले उसलाई सम्झाए कि एकान्त साधनाको मतलब मित्रहरूको सहायताबिना रहनु होइन । भिक्षुहरूलाई सङ्घमा राख्नुको अर्थ नै एक-अर्कालाई सहयोग गर्न सकून् भनेर हो । त्यसपछि उनले सौहार्द-सदाशयता, शील-पालन, धम्म सुत्तहरूको अध्ययन, परिश्रमपूर्वक ध्यान-साधना र भावनामयी प्रज्ञाको महत्व सम्झाए ।

वर्षावास पूरा भएपछि बिहार गर्दै बुद्ध वैशाली गए र कुटागार बिहारमा बसे । त्यहाँ उनले लिच्छवीहरूको सेनापतिलाई धम्म उपदेश दिए । त्यसै वर्ष मेण्डक गृहपतिलाई दीक्षा दिए । त्यहाँबाट उनी अङ्गुत्तरायको आपण (माही नदीको उत्तरमा) नामक वस्तीको नजिक एक वनखण्डमा बसे र 'पोतलिय सुत्त'को उपदेश दिए । जसमा आठ शीलहरूको महत्वलाई बिस्तारपूर्वक सम्झाइएको छ । अङ्गुत्तरायमा नै उपदेश दिँदै बुद्धले शैल नामक ब्राम्हणलाई उसका तीन सय शिष्यहरूका साथ सेल-सुत्तको उपदेश दिएर धम्म दीक्षा दिए । त्यहाँबाट बुद्ध बाह्र सय पचास भिक्षुहरूका साथ उपदेश दिँदै कुसीनाराका लागि हिँडे । कुसीनाराका मल्लहरूले बुद्धको भव्य स्वागत गरे । कुसीनाराबाट बुद्ध आतुमा नामक बस्तीमा पुगे र भुसागार विहारमा बसे । आतुमाबाट बुद्ध उपदेश दिँदै श्रावस्तीतिर हिँडे । श्रावस्ती पुगेर अनाथपिण्डकको जेतवनाराममा विहार गरे । त्यहीँ जानुश्रोणि ब्राम्हणलाई 'चूलहस्तिपदोपम- सुत्त' को उपदेश दिए, जसमा भिक्षु जीवनको महत्वलाई र शील-सदाचारको पालनले हुने फाइदाहरूका बारेमा बिस्तारपूर्वक सम्झाए । उपदेश समाप्त भएपछि जानुश्रोणि ब्राम्हण धम्मदीक्षा लिएर भिक्षु सङ्घमा सामेल भयो । त्यसको केही दिनपछि अर्हत सारिपुत्तले भिक्षुहरूलाई 'महा-हत्थिपदोपमसुत्त' को उपदेश दिए । यसै वर्ष आश्वलायन र पाँच सय अन्य ब्राम्हणहरूलाई 'आस्सलायण-सुत्त' को उपदेश दिए, जसमा वर्णव्यवस्थाको खोक्रोपनलाई उजागर गरे ।

चौधौं वर्षवास (ई.पू. ५१५) बुद्धले श्रावस्तीको जेतवनमा व्यतीत गरे । यसै क्रममा उनले 'महाराहुलोवाद-सुत्त' जसमा छ इन्द्रियहरूका विषयहरूमा अनित्यता, अनात्म भावलाई स्पष्ट पार्दै आत्माका सम्बन्धमा व्याप्त भ्रान्तिहरूको खण्डन गरे । राहुललाई सम्झाउँदै उनले भने- रूप (शरीर), विज्ञान, संज्ञा, वेदना र संस्कार यी पन्चस्कन्धहरूमध्ये केही पनि नित्य/शाश्वत छैन र आत्मा जस्तो कुनै तत्व छैन । आत्माका बारेमा तीन भ्रान्तिहरू छन्- शरीर, त्यसको विज्ञान, संज्ञा, वेदना र संस्कार यी पन्चस्कन्ध नै आत्मा हुन्, यो पहिलो भ्रान्ति हो । यदि यो मानिन्छ कि स्कन्ध आत्मा होइन या आत्मा स्कन्धहरूभन्दा पृथक तत्व हो

अथवा स्कन्ध आत्माको वशमा छ, यो दोस्रो भ्रान्ति हो । स्कन्धहरूमा आत्माको उपस्थिति मान्नु तेस्रो भ्रान्ति हो । अनात्मतामाथि ध्यान गर्नुको मतलब हो कि पञ्चस्कन्धहरूको अनित्यता, तिनबाट हुने दुःखमाथि ध्यान गर्नु, जसबाट प्रत्यक्ष अनुभूतिले जान्न सकियोस् कि न त आत्मा हुन्छ र न आत्मसम्बन्ध नै र न आत्मा र स्कन्धहरू एक-अर्कामा विद्यमान हुन्छन् ।

अर्को दिन बुद्धले आत्मनिर्भरता र वर्तमान क्षणमा जिउनुको महत्तामाथि उपदेश दिँदै बताए कि वास्तविक आत्मनिर्भरता के हो ? र एक्लै रहनुको उत्तमतर मार्गका बारेमा उपदेश दिए । आत्मनिर्भर व्यक्ति त्यो हो, जो सचेतनावस्थामा रहन्छ । उसले थाहा पाइरहेको हुन्छ कि वर्तमान क्षणमा के हुँदैछ र उसलाई थाहा हुन्छ कि वर्तमान क्षणहरूमा सबै तत्वहरूमाथि कस्तो धारणा राख्नु पर्छ । ऊ न त अतीतका पछाडि भाग्छ न त स्वयम्लाई भविष्यको भ्रमजालमा फसाउँछ किनकि अतीत त व्यतीत भइसक्यो र भविष्य अझै आएको छैन । जीवनमा जेजति छ, त्यो वर्तमान समय नै हो, जुन जिउनु छ । यदि हामीले वर्तमानलाई बिर्सियौं भने त जीवनलाई पनि बिर्सिन्छौं । यो एक्लै जिउनलाई उत्तमतर मार्ग हो ।

भूतकाल फर्किंदैन र भविष्य भ्रम न हो ।

वर्तमानमा जिउन सकियो भने जिउन जानियो ॥

जेतवनाराममा नै बुद्धले 'अक्खण सुत्त'को उपदेश दिए । त्यसको केही दिनपछि रानी मल्लिकाद्वारा बनाउन लगाइएको तिन्दुकाचीर उपवनमा 'पोट्ठापाद सुत्त' को उपदेश दिए जसमा कार्यकारण नियम, भिक्षु धर्मको लाभलाई तथा आत्मासम्बन्धी भ्रान्तिहरूको बिस्तारपूर्वक विवेचना गरे ।

श्रावस्तीबाट भगवान उपदेश दिँदै भिक्षु सङ्घका साथ अचिरवती नदीको किनारामास्थित मनसाकट गाउँमा पुगे र त्यहाँ आम्रवनमा विहार गरे । त्यहीँ वसिष्ठ र भारद्वाज ब्राम्हणलाई 'तेविज्ज सुत्त' को उपदेश दिए । दुईटा ब्राम्हण युवकहरू ब्रम्हासम्म पुग्नको लागि झगडा गरिरहेका थिए । बुद्धले उनीहरूलाई सम्झाए कि शील, समाधि, करुणाको मार्गबाट ब्रम्हासम्म पुग्न सकिन्छ । त्यहाँबाट उपदेश दिँदै बुद्ध इच्छानङ्गल गाउँमा पुगे र नजिकको वनमा विहार गरे । त्यहीँ अम्बष्ट नामक ब्राम्हणलाई 'अम्बट्ठ सुत्त' को उपदेश दिए, जसमा वर्णव्यवस्थामा चलिआएको क्षत्रिय र ब्राम्हणहरूको एकअर्काभन्दा उच्च भएको दावीको खोक्रोपनलाई उजागर गर्दै जाति-बन्धनबाट मुक्त भिक्षु सङ्घ र चित्तविमुक्तिको मार्गको व्याख्या गरियो, त्यसपछि ठूलो सङ्ख्यामा ब्राम्हणहरू

त्रिशरण लिएर बुद्ध, धम्म र सङ्घको उपासक बने । त्यहाँबाट उपदेश दिँदै बुद्ध कोसल राज्यको ओपसाद नामक गाउँको नजिक देववनमा पुगे, यहाँ उनले 'चंकि-सुत्त' को उपदेश दिए, जसमा वेदहरूको सत्यताका बारेमा अन्ध-वेणु परम्पराको उपमा दिएर सत्य धर्ममाथि प्रवचन दिए, त्यसपछि ठूलो सङ्ख्यामा ब्राम्हण वर्ग बुद्ध, धम्म र सङ्घका उपासक बने । त्यहाँबाट बुद्ध उपदेश दिँदै भिक्षु सङ्घका साथ कपिलवस्तु पुगे र न्यग्रोधारामा विहार गरे । यहाँ महानाम शाक्यलाई 'चूल-दुक्खकन्ध सुत्त' को उपदेश दिए, जसमा चित्तका मयलहरू तथा तिनका दुष्परिणामहरू र तिनबाट छुटकारा पाउने कुरामा बिस्तारपूर्वक उपदेश दिए । त्यहाँबाट उनी मगध राज्यको खाणुमत गाउँमा गए र अम्बलट्ठिका विहार गरे । यहाँ 'कुटदन्त सुत्त'को उपदेश दिए, जसमा सरकारद्वारा अर्थव्यवस्थालाई मजबुत बनाएर रोजगारका अवसरहरू उपलब्ध गराउने, कम ब्याज दरमा ऋण दिने, कर प्रणाली सुधार्ने र गरिबी हटाउनुपर्ने आवश्यकताका बारेमा विस्तृत उपदेश दिए । त्यहाँबाट पाँच सय भिक्षुहरूका साथ अङ्ग देश (आधुनिक बिहारका भागलपुर, मुङ्गेर जिल्लाहरूको गंगाको दक्षिणको भाग) मा उपदेश दिँदै चम्पा पुगे र गर्गपुष्करिणी (घाघरा नदी) को तटमा विहार गरे । यहाँ 'सोणदण्ड सुत्त' को उपदेश दिए जसमा गुणहरूको आधारमा ब्राम्हणको परिभाषा गरियो र शील-समाधि-प्रज्ञाको मार्गको महत्तालाई सम्झाए । त्यहाँबाट उपदेश दिँदै उनी वैशाली पुगे र महावनको कूटागारशालामा विहार गरे । यहाँ उनले 'महालिसुत्त' को उपदेश दिए, जसमा भावित समाधि, दिव्यरूप दर्शन, श्रोतापण्ण, सकृदागामी, अनागामी, अर्हतका अवस्थाहरू, जीव र शरीरको अवस्थाका बारेमा बताए । यसै क्रममा 'तेविज्ज वच्छगोत्त सुत्त' को उपदेश दिए, जसमा अर्हतका दिव्य चक्षु, दिव्य स्मरण, दिव्य चित्तका गुणहरू, गृहस्थ भएर पनि शील-सदाचारबाट सद्गतिप्राप्ति र आजीवक पन्थको निरर्थकतामाथि उपदेश दिए ।

वैशालीबाट उपदेश दिँदै बुद्ध कपिलवस्तु पुगे र पन्ध्रौं वर्षावास (ई.पू. ५१४) कपिलवस्तुको न्यग्रोधाराममा बिताए । यसै वर्ष 'भरण्डु सुत्त' र 'महानाम सुत्त' को उपदेश दिए । यसै वर्ष रोहिणी नदीको पानीको बाँडफाँडलाई लिएर फेरि विवाद जन्मियो र लडाइँको स्थिति आयो, जसलाई बुद्धले दुवै पक्षलाई सम्झाइबुझाइ गरेर कुराकानीबाटै सुल्झाए । कपिलवस्तुमा नै उनले भिक्षुहरूले तीनभन्दा बढी चीवर स्वीकार गर्नमा रोक लगाए ।

क्रमश: उपदेश दिँदै कीटागिरी (उत्तर प्रदेशको जौनपुर जिल्लाको केराकत) मा विहार गर्दै 'कीटागिरी सुत्त' को उपदेश दिएर बुद्ध अलवी (कानपुर जिल्लाको

वर्तमान अर्वल) पुगे र अग्गालन चैत्यमा विहार गरे । सोह्रौं वर्षवास (ई.पू. ५१३) अलवीमा बिताए । यस वर्षका क्रममा आनन्दले कौशाम्बीमा चार मिथ्या दृष्टिहरूका बारेमा सन्दक र यसका साथीहरूलाई 'सन्दक सुत्त' को उपदेश दिए, त्यसपछि ती सबै त्रिशरण लिएर सङ्घमा सामेल भए । बुद्धले 'सिगोलोवाद सुत्त' को उपदेश दिए जसमा एक गृहस्थको आमा-बाबु, पति-पत्नी, गुरु-शिष्य, नोकरचाकर, छिमेकीहरूप्रतिका जिम्मेवारीहरू र सम्बन्धहरूमाथि विस्तृत उपदेश दिए । अलवीबाट उपदेश दिँदै राजगृह पुगे र बेलुवनमा विहार गरे । सत्रौं वर्षावास (ई.पू. ५१२) राजगृहमा बिताए, यहाँ 'चूल सुकुलदायि सुत्त' को उपदेश दिए, जसमा निगंठनाथ पुत्तका परिव्राजकहरूका सिद्धान्तहरूको विवेचना गरेर शील, आत्मभाव र अर्हत पदको विवेचना गरे । त्यहाँबाट उपदेश दिँदै चम्पामा गर्गरापुष्करिणी पुगे र त्यसको किनारामा विहार गरे । त्यहीं 'दिट्ठिवज्ज सुत्त' भनेर धर्म विनयको उपदेश दिए । त्यहाँ बुद्ध अङ्ग देशको अरवपुर बस्तीमा पुगे र 'चूल-अस्सपुर सुत्त' को उपदेश दिएर श्रमण र ब्राम्हण शब्दको अर्थको विवेचना गरे । त्यहाँबाट कजङ्गला (जिल्ला संथाल परगना) पुगे र त्यहाँ 'इन्द्रिय-भावना सुत्त' को उपदेश दिए जसमा एक साधक र एक अर्हतद्वारा इन्द्रिय संयमको अन्तरलाई सम्झाउँदै कसरी विपस्सनाद्वारा चित्त विमुक्ति अवस्था प्राप्त गर्ने यसका बारेमा उपदेश दिए । त्यहाँबाट सुह्य देश (हजारीबाग र संथाल परगना जिल्लाहरूको भाग) को शिलावतीको सेतकन्निकमा विहार गर्दै चालिय पर्वतमा पुगे । अठारौं (ई.पू. ५११) र उन्नाइसौं (ई.पू. ५१०) वर्षवास चालिय पर्वतमा बिताए ।

बीसौं वर्षवास राजगृहमा बिताए (ई.पू. ५०९) । राजगृहमा बुद्ध गृद्धकुट पर्वतमा बस्थे । राजवैद्य जीवक भिक्षुहरूको सेवा गर्दै थियो । जीवकले भिक्षुहरूलाई सफाइसम्बन्धी आधारभूत कुराहरू सम्झायो, जस्तै पोखरीको पानी उमालेर पिउनु पर्छ, सात दिनमा कम से कम एक पटक आफ्ना लुगाहरू राम्रोसँग धुनु पर्छ, विहारमा धेरै शौचालयहरूको व्यवस्था गर्नु पर्छ, बासी भोजनको सेवन गर्नु हुँदैन । बुद्धले जीवकका सबै सुझावहरू स्वीकार गरे ।

अर्को वर्षावास बिताउन बुद्ध जेतवन आए । एक्काइसौं वर्षवास (ई.पू. ५०८) बुद्धले भिक्षु सङ्घका साथ श्रावस्तीको जेतवनाराममा बिताए । बुद्धको आयु पचपन्न वर्ष भइसकेको थियो । यसै समय विशाखाले श्रावस्तीमा पूर्वाराम विहारको निर्माण गराई । पूर्वाराममा भिक्षु सङ्घले दुईटा महत्वपूर्ण निर्णय लिए- आनन्द बुद्धका निजी सहायकका रूपमा रहनेछन् र आफ्नो प्रखर बुद्धि र तेज

स्मरणशक्तिका कारण बुद्धका उपदेशहरूलाई सम्भिरहनेछन् । यो पनि निर्णय लिइयो कि बुद्ध अबदेखि प्रत्येक वर्षावास श्रावस्तीमा नै गर्नेछन् । भिक्षु सङ्घले आफ्नो निर्णय बुद्धलाई सुनाए, जसलाई बुद्धले स्वीकार गरे ।

श्रावस्तीबाट धम्म उपदेश गर्दै बुद्ध कोसल देशकै केस-पुत्त बस्तीमा गए र त्यहाँ 'कालाम सुत्त'को उपदेश दिए, जसलाई स्वतन्त्र चिन्तनको घोषणापत्र भनिन्छ । यसै वर्ष श्रावस्तीको नजिक उनले खुँखार डाकु अङ्गुलिमालको हृदय परिवर्तन गरे ।

बुद्धले अनेक अति महत्वपूर्ण उपदेश, जस्तै- केसपुत्तिय सुत्त, आलवक सुत्त, रट्ठपाल सुत्त, सुन्दरी सुत्त, ब्राम्हण धम्मिय सुत्त, अङ्गुलिमाल सुत्त, सुनक सुत्त, दोण सुत्त, सहस्सभिक्खुनी सुत्त, सुन्दरिका भारद्वाज सुत्त, उदान सुत्त, अत्तदीप सुत्त, मल्लिका सुत्त, सोण सुत्र, जटिल सुत्त, पियजातिक सुत्त, पुण्ण सुत्त, सरिपुत्त सुत्त, मखादेव सुत्त, थपति सुत्त, विसाखा सुत्त, पधानीय सुत्त, जरा सुत्त, बोधि राजकुमार सुत्त, कण्णत्थलक सुत्त, देवदत्त सुत्त, सङ्गाम सुत्त, कोसल सुत्त, वाहीनिक सुत्त, चंकम सुत्त, उपालि सुत्त, अभयराजकुमार सुत्त, सामंज्जफल सुत्त, धम्म चेतिय सुत्त, सामगाम सुत्त, सङ्गीति परियाय सुत्त, चुन्द सुत्त, उक्काचेल सुत्त आदि हजारौं सुत्तहरूको उपदेश लोककल्याणका लागि गरेर करोडौं मानिसहरूको कल्याण गरे र धम्मचारिका गर्दै उनले पैंतालीस वर्ष बिताए ।

धम्म सेनापति सारिपुत्त र मौद्गल्यायनको परिनिर्वाण एक वर्षपहिले नै (ई.पू. ४८४) भइसकेको थियो । पञ्चवग्गीय भिक्षुहरूका प्रमुख कौंडन्न, काश्यप बन्धु, भिक्षुणी महाप्रजापति गौतमी, भिक्षुणी यशोधराका अतिरिक्त अरू कैयौं भिक्षु-भिक्षुणीहरूको पनि परिनिर्वाण भइसकेको थियो । बुद्धको उमेर असी वर्ष हुनै लागेको थियो । बूढेसकालका कारण बुद्धको शरीर पनि जर्जर भएको थियो । तर बुद्ध धम्म उपदेश गर्दै रहे । धम्म उपदेश दिँदै उनी राजगृह पुगे, राजगृहबाट नालन्दा गए, पातालिगाम (आधुनिक पटना) पुगे । त्यहाँ उनलाई बस्नको लागि उपासकहरूले एक अस्थायी विहार बनाए । यहाँ उनी एक रात बसे र गृहस्थहरूको जिम्मेवारीका बारेमा उपदेश दिए । त्यहाँबाट उनी वैशाली गए, आम्रवनमा बसे । अर्कोदिन आम्रपालीले भोजनदानका लागि बोलाई । भोजनपछि उनले सजगता, सचेतता र ध्यानका बारेमा उपदेश दिए ।

महापरिनिर्वाण

भगवान बुद्ध वैशालीको चापाल चैत्यमा विहार गर्दै थिए । बुद्धले आनन्दसँग भने- तथागत तीन महिनापछि महापरिनिर्वाण प्राप्त गर्ने छन् ।

आनन्दले प्रार्थना गरे कि बहुजनको हितका लागि, बहुमनको सुखका लागि, मानिसहरूमाथि अनुकम्पा गर्नका लागि एक कल्पसम्म जीवित रहने कृपा गर्नुहास् । भगवानले आनन्दलाई सम्झाउदै भने, 'सबै संस्कार अनित्य हुन् । हामीले आफ्ना प्रियजनहरूसँग बिछोडिनु नै पर्छ किनकि जुन चीज उत्पन्न हुन्छ, त्यो नष्ट हुनु स्वाभाविक हो ।' तथागतले महापरिनिर्वाण प्राप्त गर्ने निर्णय लिइसकेका छन्, अव त्यो वदल्न सकिँदैन ।

वैशालीबाट बुद्ध वेलुवागाम पुगे । अर्को दिन वैशालीराम विहारमा बुद्धले भिक्षु सङ्घलाई सम्बोधित गर्दै भने- तथागतले त्यसै ज्ञानको उपदेश दिएका छन्, जुन मैले स्वयम् प्रत्यक्ष अनुभव गरेको छु । तथागतले केही पनि सुने-सुनाइएका कुराका आधारमा भनेका छैनन् । भिक्षुहरूले पनि यस ज्ञानको प्रत्यक्ष अनुभूतिद्वारा साक्षात्कार गर्नुपर्छ । उनीहरूले अरूको कल्याण अरूको भलाइका लागि जिउन पर्छ । अर्को दिन भिक्षाटनपछि वैशालीलाई निहार्दै बुद्धले भने, 'तथागत अन्तिम पटक वैशालीको दर्शन गर्दैछन् ।' भगवानले भिक्षुहरूलाई सम्बोधित गरिसकेपछि वैशाली निवासीहरूलाई आफ्नो भिक्षापात्र निशानीका रूपमा भेट दिएर कुशीनगरतिर प्रस्थान गरे ।

बुद्ध अब बिस्तारै-बिस्तारै ठूला शहरहरूको सट्टा साना बस्तीहरू र गाउँतिर उन्मुख हुँदै गइरहेका थिए जहाँ अत्यधिक शान्ति होस् । वैशालीनजिक वेलुवागाममा बुद्धको स्वास्थ्य खराब भयो, आनन्द डराए । तर छिटै उनी स्वस्थ भइहाले । बुद्धले आनन्दलाई सम्झाए कि उनी असी वर्षको हुन थालेका छन् । बुद्धले भने कि उनले जति भिक्षु सङ्घलाई उपदेश दिनु थियो, उनले दिइसकेका छन् । उनको जीवनको लक्ष्य पूरा भइसकेको छ । यसलाई अब निकै देखभालका साथ मात्र चलाएर राख्न सकिन्छ । उनले भने, 'आनैन्द आफ्नो दीप स्वयम् बन (अत्त दीप भव:) आफ्नो शरण स्वयम् बन, कुनै अन्यको शरण होइन । धम्म र केवल धम्म नै सबैको शरणास्थल हो । भिक्षु सङ्घ स्वयम्मा सक्षम छ, उसलाई कुनै केन्द्रीय सत्ताको आवश्यकता छैन ।'

त्यहाँबाट उनी भाँडागाम पुगे र भिक्षुहरूलाई सम्बोधित गरे । त्यहाँबाट हाथीगाम, अम्बागाम, जम्बूगाम र भोगनागाम हुँदै पावा पुगे र चुन्द सुनारको बगैंचामा

बसे । चुन्दले अत्यन्त श्रद्धापूर्वक भगवान बुद्धलाई भोजनका लागि आमन्त्रित गरे । चन्दनका काष्ठफूलहरूद्वारा तयार गरिएको शूकरमाद्व (सुँगुरको मासु) भारी र गरिष्ठ थियो, जो भगवानको बूढो रोगी शरीरका लागि अपाच्य साबित भयो । असह्य पीडा हुन थाल्यो । भगवान पल्टिए । पीडालाई समताभावले सहँदै आनन्दलाई भने कि जब चुन्दलाई थाहा हुनेछ कि उसको भोजनका कारण भगवानले शरीर त्याग्नु पऱ्यो, त्यसबेला ऊ दु:खी हुनेछ । मानिसहरूका व्यङ्ग्य प्रहारहरू सुनेर त झनै व्याकुल हुनेछ । यस चिन्तन मात्रले महान कारुणिकको करुण हृदय द्रवित भयो र उनले आनन्दसँग भने, 'आनन्द ! ध्यान राख्नु, त्यस श्रद्धालु उपासक चुन्दको मनमा कुनै प्रकारको दुश्चिन्तता जाग्न नपाओस् । मेरो कारणले ऊ दु:खी हुन नपाओस् । उसलाई सम्झाउनु कि तिम्रो यो भोजनदान तिम्रो निम्ति पाप होइन, बरु पुण्यको कारण बनेको छ । जुन भोजन ग्रहण गरेर तथागतले पापी मारमाथि विजय प्राप्त गरे र सम्यक् सम्बोधि पाए, सुजाताको खीरको त्यो भोजन जसरी सुजाताका लागि असीम पुण्यको कारण बन्यो, त्यसरी नै तिम्रो यो भोजन ग्रहण गरेर तथागतले अनुपादिशेषनिर्वाण धातु प्राप्त गरेका छन्, सधैंका निम्ति मृत्युराज मारको चङ्गुलबाट मुक्त भएका छन्, अत: तिम्रो यो भोजन पनि सुजाताको खीरभन्दा कम पुण्यदायी छैन, कम फलदायी छैन । आनन्द ! यस्तो भनेर चुन्दको मनको उदासी हटाउनु । उसलाई उत्साहित गर्नु ।'

वैशाख पूर्णिमाको दिन भगवान बुद्ध भिक्षु सङ्घका साथ कुशीनगर नजिक मल्लहरूको सालवनमा पुगे । आनन्दले दुई सालवृक्षहरूका बीचमा ओछ्यान लगाए र भगवान उत्तर दिशातिर मुख फर्काएर पल्टिए । आनन्दले नगरमा खबर गरे कि रातको तेस्रो प्रहरमा तथागत महापरिनिर्वाणलाई प्राप्त हुनेछन् । दर्शनार्थीहरूको ताँती लाग्यो । त्यस समय सुभद्र नामक परिव्राजक आनन्दको छेउमा आयो र बुद्धसँग धम्मदीक्षाको जिद्दी गर्न लाग्यो । आनन्दले उसलाई भने कि तथागत थाकेका छन्, विश्राम गर्दैछन् । बुद्धले उनीहरूको वार्तालाप सुनिहाले र सुभद्रलाई बोलाएर धम्म दीक्षा दिए ।

आनन्दले सोधे - महापरिनिर्वाणका लागि उनले कुशीनगर नै किन चुने, त्यसपछि बुद्धले बताए कि कुनै समय त्यहाँ महासुदर्शन राजाको राजधानी थियो र त्यस नगरको नाम केशवती थियो ।

भिक्षुहरूलाई अन्तिम पटक सम्बोधित गर्दै बुद्धले भने :

वयधम्मा संखारा, अप्पमादेन सम्पादेथ

(भिक्षुहरू ! सुन, सबै निर्मित वस्तुहरू सकिन्छन्, मरणशील छन्, नष्टवान छन् । जति पनि संस्कृत अर्थात् निर्मित वस्तुहरू छन्, व्यक्ति छन्, घटनाहरू छन्, स्थितिहरू छन्, ती सबै नश्वर छन्, भङ्गुर छन्, मरणशील छन्, परिवर्तनशील छन् । यही प्रकृतिको कठोर सत्य हो । प्रमादबाट जोगिँदै, आलस्यबाट टाढा रहँदै, सतत् सचेत र जागरुक रहँदै, प्रकृतिको यस सत्यको सम्पादन गर्दै रहू । यस सत्यमा दृढ रहेर आफ्नो कल्याण साधनामा लीन भइरहू ।)

यो अन्तिम उपदेश दिएर वैशाख पूर्णिमाको रातको तेस्रो प्रहरमा ४८३ ई.पू. का दिन तथागतले महापरिनिर्वाण प्राप्त गरे ।

निर्वाण त्यो अवस्था हो जहाँ न त पृथ्वी छ, न पानी, न प्रकाश छ, न हावा, न त अन्तरिक्ष छ, न आकाश नै, न त शून्य छ, न अशून्य नै छ, न त यो लोक हो, न अन्य लोक नै, यी सूर्य र चन्द्र दुबै हुन्, यो इन्द्रियातीत अवस्था हो । जसरी दियोको ज्वाला उठेर निभिसकेपछि गइहाल्छ, त्यसरी नै महापरिनिर्वाण प्राप्त गरेर बुद्ध गइहाल्छन् ।

सुगन्धहरू, फूलहरू, मालाहरूद्वारा पूजा गर्दै र बाजानगाडाहरू, नृत्य गीतहरूद्वारा सात दिनसम्म तथागतको मृतदेहको सम्मान हुँदै रह्यो र सातौँ दिन अग्निदाह गरियो । अस्थि धातुहरू, अवशेषहरूलाई आठ भागहरूमा बाँडेर कुशीनगरका मल्लहरू, मगध नरेश अजातशत्रु, वैशालीका लिच्छवीहरू, कपिलवस्तुका शाक्यहरू, अल्लकप्पका वल्लीहरू, रामगामका कोलीहरू, वेठा तथा पावाका मल्लहरूमा बाँडियो र हर जनपदमा ती अस्थि धातुहरूमाथि स्तूप बनाइए । द्रोण ब्राम्हणले अस्थिकलशमाथि स्तूप बनाए र पिप्लीवनका मौर्यहरूले चिताका बचेका कोइलाहरूमाथि ।

धम्म नै उत्तराधिकारी

भगवान बुद्धले आफ्नो धम्म शासनमा आफ्नो लागि कुनै विशेष स्थान सुरक्षित राखेका थिएनन् । भगवान बुद्ध अफ्नो धम्मबाट सर्वथा पृथक थिए । उनको आफ्नो स्थान थियो धम्मको आफ्नो । भगवान बुद्धले कसैलाई आफ्नो उत्तराधिकारी बनाउन चाहेनन्, यो पनि यो कुराको प्रमाण हो कि उनी आफ्नो धम्म शासनमा आफ्नो लागि कुनै स्थान सुरक्षित राख्न चाहँदैनथे । उनको उपदेश थियो - धम्म नै धम्मको उत्तराधिकारी हो ।

धेरैजसो धर्महरू देववाणी धर्म मानिन्छन् । बुद्धको धम्म देववाणी होइन । बुद्धले

कहिल्यै पनि आफूलाई ईश्वरको दूत भएको दावा गरेनन् यदि कुनै बेला कसैले यस्तो ठान्दा भगवान् बुद्धले त्यसको खण्डन गरे । भगवान बुद्धको धम्म एक आविष्कार हो, एक खोज हो । पृथ्वीमा जुन मानवीय जीवन छ, त्यसको गम्भीर अध्ययनको परिणाम हो धम्म र जुन स्वाभाविक प्रवृत्तिहरूलाई लिएर मानिसले जन्म ग्रहण गरेको छ, तिनलाई सम्पूर्ण रूपमा बुझ्नुको परिणाम हो र साथै ती प्रवृत्तिहरूलाई पनि, जसलाई मानिसको इतिहासले जन्म दिएको छ र जुन अब उसको विनाशको कारण बनिरहेका छन् ।

केही मानिसहरू प्रचार गर्छन् कि बुद्धको धम्म दुःखवादी हो र यदि सबै निर्वाण प्राप्तिमा लागे भने त भौतिक उन्नति नै हुनेछैन, मानिसहरूले मिहिनेत नै गर्ने छैनन् इत्यादि ... । यी मिथ्या कुराहरू हुन् । वास्तविकता यो हो कि बुद्धका उपदेशहरूको उद्देश्य मानवीय चेतनालाई सुधार्नु र परिस्कृत गर्नु थियो । दुःख र क्लेशले तड्पिएको मानव जीवनलाई सुख र शान्तिको मार्ग देखाउनु थियो ।

स्वयम् भगवान बुद्धले बुद्धत्व प्राप्तिपछि पैंतालिस वर्षसम्म लगातार गाउँ-गाउँ, नगर-नगर घुमेर धम्म उपदेश गर्दै लोकको सेवा गरे र लाखौं-करोडौं मानिसहरूलाई विकार-विमुक्त जीवन जिउने विपस्सना विधिको सन्देश दिँदै, त्यसको समुचित निर्देशन दिँदै, राति लगभग एक प्रहर शरीरलाई विश्राम दिनको लागि पल्टिन्थे, बाँकी सारा समय असीम करुणायुक्त चित्तले लोकसेवा नै लोकसेवामा लागिरहे । निर्वाणको साक्षात्कार गरेर सम्यक् सम्बुद्धले जब स्वयम् लगातार लोकसेवा गरिरहँदा उनीद्वारा बताइएको धम्म मार्गमा हिँड्ने मानिसहरू कसरी हतोत्साहित हुन सक्थे ?

भगवान बुद्ध केवल मार्गदाता थिए । आफ्नो मुक्तिको लागि जो कोहीले पनि स्वयम् आफैंले प्रयास गर्नुपर्छ । हामीले स्वयम् आफ्नो श्रमले पौडिनु पर्ने हुन्छ, मुक्त हुनुपर्ने हुन्छ, तथागतले निकै प्रेमले मार्गको व्याख्या गर्छ, मार्गनिर्देशन गर्छ तर बाटोमा हिँडेर मुक्त स्वयम् आफैं हुनुपर्छ । यसको सबैभन्दा महत्त्वपूर्ण उदाहरण हो भगवान बुद्धका सबैभन्दा निकटस्थ शिष्य आनन्द । कैयौं मानिसहरू आनन्दद्वारा यो विद्या सिकेर अर्हत भएका थिए, तर उनी स्वयम् अहर्त भएका थिएनन्, मात्र स्रोता थिए, किनकि भगवानको सेवामा नै सधैं रहेकाले उनले अभ्यास गर्न पाएका थिएनन् । बुद्धको महापरिनिर्वाणपछि मात्र उनी स्वयम् त्यस मार्गमा हिँडे अर्हत पद प्राप्त गरे । यसबाट यो स्पष्ट हुनेछ कि कुनै बुद्धले पनि कसैलाई मुक्त गर्न सक्दैन, र न मात्र ज्ञानले नै मुक्त गर्न सक्छ । त्यस ज्ञानअनुसार हिँडेर, त्यस मार्गमा हिँडेर नै मुक्ति सम्भव छ ।

सिद्धार्थ गौतम स्वयम् चार असङ्खेय र एक लाख कल्पहरूसम्म आफ्ना परमिताहरूलाई परिपूर्ण गरेर सम्यक सम्बुद्ध भए । कुनै आकस्मिक चमत्कारबाट उनी बुद्ध भएका थिएनन् ।

भारत आदिकालदेखि नै बुद्धहरूको भूमिको रूपमा रहेको छ । मोहनजोदडो-हडप्पा सभ्यताको समयमा पनि श्रमण संस्कृति फल्दै-फुल्दै थियो । गौतम बुद्धभन्दा पूर्व अनेक बुद्ध भइसकेका छन् । तिनीहरूमध्ये सत्ताइस बुद्धहरूका मात्र नाम पाइन्छन् । गौतम बुद्ध अट्ठाईसौँ बुद्ध थिए । अट्ठाईस बुद्धहरूका नाम यसप्रकार छन् :

१) थनाहंकारा २) मेधंकारा ३) सारांकारा ४) दीपङ्कर

५) कोण्डञ्ञ ६) मङ्गल ७) सुमन ८) रेवत

९) सोभित १०) अनोमादस्सी ११) पदुम १२) नारद

१३) पदुमुत्तर १४) सुमेध १५) सुजात १६) पियदस्सी

१७) अत्थदस्सी १८) धम्मदस्सी १९) सिद्धत्थ २०) तिस्स

२१) फुस्स २२) विपस्सी २३) सिखी २४) वेस्सभू २५) ककुसन्ध

२६) कोणागमन २७) कस्सप २८) गौतम

बुद्ध वंशमा चौबीस बुद्धहरूका जीवनीमाथि विस्तारपूर्वक प्रकाश पारिएको छ । महापदान सुत्तमा बुद्धले स्वयम् आफू पूर्वका सात बुद्धहरूका जीवनका बारेमा र विपस्सी बुद्धको पूरा जीवनको बारेमा उपदेश दिएका छन् । बुद्ध वन्दना पनि यसप्रकार छ ।

ये च बुद्धा अतीत च, ये च बुद्धा अनागता ।

पच्चुप्पन्ना च ये बुद्धा, अहं वन्दामि सब्बदा ॥२॥

(यस्ता गुणसम्पन्न बुद्ध जो पहिले भइसकेका छन्, जो भविष्यमा हुनेछन् र जो वर्तमान समयमा विद्यमान छन्, यस्ता सबै तथागत बुद्धहरूलाई म नमस्कार गर्छु ।)

भगवान बुद्ध श्रमण परम्पराका थिए । आफ्नो श्रमद्वारा जुनसुकै व्यक्तिले त्यस अवस्थालाई प्राप्त गर्न सक्छ । भगवान बुद्धको सबैभन्दा महत्त्वपूर्ण देन यो हो कि उनले विश्वलाई देखाए कि उनी स्वयम् पनि अन्य मानिसहरूझैँ गृहस्थ थिए ।

उनी कतैबाट अवतरित भएका थिएनन् । उनको जन्म, विवाह, गृहस्थ जीवन सामान्य र प्राकृतिक थियो । उनले सिकाए कि कसरी एक सामान्य व्यक्ति पनि आफ्नो मिहिनेत, दृढ निश्चय र दस परमिताहरू पूरा गरेर उच्चभन्दा उच्चतम् अवस्थामा पुग्न सक्छ, ऊ विपस्सना साधनाद्वारा बुद्धत्व जस्तो सर्वोच्च अवस्था प्राप्त गर्न सक्छ । यसका निम्ति कुनै वरदान या कुनै दैवी शक्तिको आशीर्वादको आवश्यकता पर्दैन ।

केही लेखकहरूले जनमानसमा यो विश्वास फैलाए कि देवताहरूका त्रिमूर्ति - ब्रम्हा, विष्णु र महेशमध्ये दोस्रो देव विष्णु तबतब पुन: अवतार लिन्छन्, जबजब मानवतामाथि सङ्कट आउँछ । यो परम्परा कति पुरानो हो यो बताउन मुश्किल छ, किनकि वैदिक साहित्यमा पनि पुनर्जन्मको सिद्धान्तको कहिले उत्पत्ति भयो, यसको सटिक अनुमान लगाउन मुश्किल छ । स्वर्गीय धर्मानन्द कोसाम्वीको भनाई छ कि यो बालादित्य (ई.सन् ४६७) पछि बनाइयो । आधुनिक इतिहासकारहरूको भनाइ छ कि अवतारवादको सिद्धान्त चौथो देखि छैठौं शताब्दीमा विकसित गरियो । विष्णुका दशावतारको, शिलालेखका रूपमा प्रारम्भिक सन्दर्भ तमिलनाडुको आदिवराह गुफा मन्दिरको पल्लव ग्रन्थ शिलालेखमा पाइन्छ । दशावतारको यो शिलालेख सातौं शताब्दीको हो । यस शिलालेखमा दश अवतारको तालिका मत्स्यपुराणसँग ठ्याक्कै मिल्छ । यी हुन् - मत्स्य अर्थात् माछा, कुर्म अर्थात् कछुवा, वराह अर्थात् सुँगुर, नरसिंह अर्थात् अर्धमानव-अर्धपशु, वामन अर्थात् बामपुड्के, परशुराम, राम, कृष्ण, बुद्ध र कल्कि जसले अघिल्लो अवतारको रूपमा आउनु छ ।

समयसमयमा विष्णुले अवतार लिने यस सिद्धान्तलाई बौद्धहरू पूरै किसिमले अस्वीकार गर्छन् । वास्तवमा बौद्ध धम्म अवतारको परिकल्पनालाई नै अस्वीकार गर्छ ।

बौद्ध अनुयायीहरू यस सिद्धान्तलाई पूरै रूपमा अस्वीकार गर्छन् कि बुद्ध विष्णुको अवतार थिए, र यो तथ्यपरक छ । भगवान बुद्धले स्वयम् नै अवतारको सिद्धान्तलाई अस्वीकार गरेका थिए । बुद्धत्व प्राप्तिपछि उनले यो उल्लासमय घोषणा गरेका थिए, 'अयं अन्तिमा जाति' - यो मेरो अन्तिम जन्म हो, 'नत्थिदानी पुनब्भवोति' - अब मेरो पुनर्जन्म हुनेछैन । यस्तोमा बुद्धको कुनै अनुयायी कसरी उनको पुनर्जन्मको कुरालाई स्वीकार गर्न सक्छ ?

बौद्धहरू बुद्धलाई विष्णुको अवतार मान्दैनन् भन्ने तथ्यको उपस्थितिमा पनि आखिर किन उनलाई विष्णुको अवतार भनेर प्रचारित गरियो ? डा.एम.एल

जोशीका अनुसार बुद्धलाई विष्णुको अवतारका रूपमा प्रचारित गर्नुको सटिक कारण यो हो कि बुद्धको व्यक्तित्व यति महान् थियो कि त्यसलाई नजरअन्दाज गर्नु कुनै पनि हालतमा सम्भव थिएन । जोशीका अनुसार, 'बुद्धको भारतीय जनमानसमा यति गहिरो पहुँच छ कि पूरै देशमा असङ्ख्य विहारहरूका हजारौं स्तम्भहरू, पर्खालहरू र ढोकाहरूमा उत्कीर्ण गरिएका उनका शिक्षाहरू लगभग समाप्त नहुने पाली र संस्कृत साहित्यका अकूत खजानाका माध्यमले फैलाएर लोकप्रिय गराइए, अनेक राजाहरू र महान चिन्तकहरूले उनको युक्तिवादी एवम् मानवतावादी मिशनलाई अत्यधिक सम्मानका साथ अपनाए, असङ्ख्य भारतीयहरू शताब्दीयौंदेखि उनको प्रशंसाको गुणगान गर्दै आइरहेका छन्, उनी साँच्चिकै यति महान् थिए जसको उपेक्षा गर्न सकिँदैनथ्थ्यो ।' बुद्धको महान व्यक्तित्वले भारतमा मात्र होइन, विदेशमा पनि करौडौं मानिसहरूलाई प्रभावित गरिसकेको छ । आचार्य रजनीश भन्छन् 'भारतको कुनै पनि व्यक्तिले दुनियाँका मानिसहरूलाई यति प्रभावित गरेन जति कि बुद्धले । यदि सम्पूर्ण एशियाका मानिसहरू चाहे जापान होस् या कोरिया, थाईल्याण्ड होस् या सिङ्गापुर, श्रीलंका होस् या चीन, ताईवान होस् या बर्मा, यहाँका निवासीहरू र यूरोप र अमेरिकाका मानिसहरू भारततिर आदरले हेर्छन् र भारतलाई पुण्यभूमि मान्छन् भने त्यसमा आधाभन्दा बढी योगदान बुद्ध र उनका शिक्षाहरूको छ । पूरै विश्वका करोडौं बौद्धहरूको मनमा एक जो अभिलाषा रहन्छ कि जीवनमा कुनै बेला बोधगया, सारनाथ, श्रावस्ती, कुशीनगरको दर्शन भइहालोस्, त्यो अभिलाषा जागेको बुद्धको कारणले हो । यस्तोमा बुद्धलाई नकार्नु भनेको आफ्नै खुट्टामा बञ्चरो हान्नुजस्तै हुन्थ्यो किनकि त्यसपछि बुद्धको नाममा पाइने दान कसरी पाइन्थ्यो, यसैकारण बुद्धलाई नकार्नु असम्भव थियो । यसैले कोशिस यो गरियो कि बुद्धलाई त स्वीकार गर तर उनका शिक्षाहरूलाई अस्वीकार गर, किनकि यदि उनका शिक्षाहरूलाई अस्वीकार गरिएन भने त पूजापाठ, कर्मकाण्ड बन्द हुनेछन् र त्यसबाट हुने आम्दानी पनि बन्द हुनेछ । यसैकारण एक व्यावहारिक तरिका यो खोजियो कि बुद्धलाई नै विष्णुको अवतार घोषित गर्नुपर्छ तर उनका शिक्षाहरूलाई पूरै किसिमले नकार्नु पर्छ । र यो अवतार पनि पुराण र अन्य शास्त्रहरूसम्म मात्र सीमित राखिनु पर्छ । व्यावहारिक जीवनमा न त मन्दिरहरूमा बुद्धको मूर्ति राखिनुपर्छ न बुद्धको पूजा अर्चना नै गरिनुपर्छ ।'

बुद्धलाई अवतार मान्ने कुरा सबैभन्दा पहिले सम्भवतः छैठौं शताब्दीमा मत्स्यपुराणमा गरियो, मत्स्यपुराणको एक चरण ७०० ईसवीमा महाबलीपुरममा, पल्लव स्मारकहरूमा उत्कीर्ण छन् । मत्स्यपुराण (२८५,६-७) मा लेखिएको छ :

'मत्स्यकुर्मो वराहस्का नरसिम्हो था वामाहह ।

रामो रामस क्राष्नास्का बुद्धाह कलकी इति का कर्मत ॥'

लगभग यसै प्रकारको एक चरण वराह पुराण (५-२) मा पनि छ । अपारकीले याज्ञवल्क्य स्मृतिमाथि आफ्नो टिप्पणीमा उपरोक्त चरण (आनन्द आश्रम, पृष्ठ ३३८) उद्घृत गरेका छन् । एलोराका गुफा-मन्दिरहरूमा एक दसावतार गुफा छ । वराहमिहिरले बुद्धका गुणहरू र ठूलो जीउडाल छविको उल्लेख गरेका छन् (वृहत् संहिता, ५७४) । क्षेमेन्द्रले आफ्नो दशावतार चरित्र (११२) मा बुद्धलाई दस अवतारहरूमध्ये सुगतमुनिका रूपमा सामेल गरेका छन् । बुद्ध अवतारको माघ (शिशुपालवध) ले पनि उल्लेख गरेका छन् ।

नरमन कसिन्स लेख्छन् कि बौद्ध धर्मको निर्माण भए पछि हिन्दु धर्मले त्यससँग होड लगाएन, बरु त्यसलाई सोस्यो । बुद्धलाई अवतारका रूपमा सामेल गर्ने मुख्य उद्देश्य बौद्ध धम्मलाई सोसेर त्यसलाई ब्राम्हणीकरण गर्नु थियो, जसलाई ब्राम्हणहरूले विरोध गरेर पनि दबाउन सकेनन् । बुद्धलाई अवतारका रूपमा स्थापित गर्ने काम एक राजनीतिक चालअन्तर्गत गरियो, यो यस कुराले स्वयम् प्रमाणित भइहाल्छ कि पुराण र अन्य धर्मग्रन्गथहरूमा निरन्तर बुद्ध र बौद्ध धम्मका प्रति एक विरोधात्मक एवम् विद्रोहात्मक स्वर देख्न सकिन्छ , उदाहरणका लागि :

क) याज्ञवल्क्यले घोषणा गरे कि सपनामा पनि कुनै बौद्ध सन्न्यासीको दर्शन गर्नु पाप हो र यसबाट बच्ने प्रयास गर्नुपर्छ ।

ख) ब्रम्हपुराणमा यो लेखिएको छ कि अत्यधिक सङ्कट आइपर्दा पनि ब्राम्हणले कुनै बौद्धको घरमा जानु हुँदैन किनकि यसले ऊ महापापको भागी हुनेछ ।

ग) अग्नि पुराणमा उल्लेख छ कि शुद्धोदनका पुत्र (बुद्ध) ले दैत्यहरूलाई बौद्ध बन्नका लागि उक्साए ।

घ) विष्णु पुराणमा बुद्धलाई महाप्रलोभनकारी घोषित गर्दै भन्छ कि ऊ 'महामोह' हो जो राक्षसहरूलाई छल्नको लागि संसारमा आएको छ ।

ङ) भविष्य पुराणमा बुद्धलाई असुर (राक्षस) भनिएको छ :

वलिना प्रेषितो भूमौ, मयः प्राप्तो महासुरः ।

शाक्यसिंह गुरुर्गेयो, बहुमाया प्रवर्तकः ॥३०॥

स नाम्ना गौतमाचार्या, दैत्य पक्ष विवर्धक: ।

सर्व तीर्थेषु तेनेव, यंत्राणि स्थापितानि वै ॥३१॥

तेषामधोगता येतु, बौद्धाश्चासंसमन्तत: ।

शिखा सूत्र विहीनाश्च, बभुवूर्वर्णसंकरा ॥३२॥

दश कोट्य स्मृता आर्या, बूभवुर्बौद्ध मार्गिण: ॥३३॥

(बलिले पृथ्वीमा एक माया प्रवर्तक महान असुरलाई पठायो जो शाक्यसिंहको नामले विख्यात भयो, उसलाई गौतम आचार्य पनि भन्थे । ऊ दैत्यहरूको पक्षलाई बढावा दिन्थ्यो । उसले सबै तीर्थहरूमा आफ्नो संस्था स्थापित गऱ्यो । जो मानिसहरू उसका मंतानुयायी बौद्ध बने, तिनीहरू टुप्पी र जनैहीन भएर एवम् नीच गतिलाई प्राप्त गरेर वर्णसङ्कर भए । दस करोड आर्यहरू बौद्ध मार्गको अनुगामी भए ।)

च) वाल्मिकी रामायणमा भनिएको छ:

यथा हि चोर: स तथा हि बुद्धस्तथागतं नास्तिकमत्र विद्धि ।

तस्माद्धि य: शक्यतम्: प्रजानां स नास्तिके नाभिमुखा बुध:स्यात ॥

(जसरी चोर (डाकु) दण्डनीय हुन्छ, त्यसै प्रकार (वेदविरोधी) बुद्ध (बौद्धमतावलम्बी) पनि दण्डनीय हो । तथागत (नास्तिक विशेष) र (चार्वाक सदृश) अन्य नास्तिकहरूलाई पनि यहाँ यसै कोटीमा सम्झिनु पर्छ । त्यसैले प्रजामाथि अनुग्रह गर्नका लागि राजाद्वारा जुन नास्तिकलाई दण्ड दिन सकिन्छ, उसलाई त चोरसमान दण्ड दिनुपर्छ, तर जुन वशभन्दा बाहिर छ, त्यस नास्तिकका प्रति विद्वान ब्राम्हण कहिल्यै उन्मुख हुनु हुन्न । ऊसँग वार्तालाप गर्नुहुन्न ।)

बुद्धलाई अवतारहरूको श्रेणीमा राख्नुको पछाडि दुर्भाग्यपूर्ण सोच यस कुराले पनि स्पष्ट हुन्छ कि अबौद्धहरूले उनको सम्मानमा कुनै मन्दिरको निर्माण गराएनन्, तार्किक दृष्टिले पनि बुद्धलाई विष्णुको अवतार मान्ने सिद्धान्त दुर्भावनापूर्ण छ । यदि बुद्धलाई श्रद्धावश विष्णुको अवतार मानिएको भए यो कसरी सम्भव छ कि कश्मीर देखि लिएर कन्याकुमारीसम्म र कुच्छदेखि लिएर कलकत्तासम्म हजारौं हिन्दू मन्दिरहरूमध्ये कुनैमा पनि भगवान बुद्धको मूर्ति हुँदैनथ्यो ?

अर्को पटक जन्म लिनबाट मुक्त हुने दृढ विश्वास सम्पन्न कुनै बौद्ध पुनर्जन्मको अवधारणासँग कसरी तालमेल मिलाउन सक्छ ? पुनर्जन्मको अवधारणाका

पछाडि जतिसुकै महत्त्वपूर्ण उद्देश्य किन नहोस्, आखिर त्यो पुनर्जन्म नै हो । वास्तवमा भगवान बुद्धलाई विष्णुको अवतार भन्नु बुद्धत्व प्राप्तिलाई नकार्नु हो, किनकि बुद्धको अर्थ नै हुन्छ कि जन्म-मरणको संसारचक्रबाट पूरै किसिमले मुक्त हुनु । यदि कोही पुन: जन्म लिन्छ भने बुद्ध कसरी भयो ? यसैले बुद्धलाई अवतार भन्नु उनको बुद्धत्वलाई नकार्नु हो । डा. भीमराव अम्बेडकरले जोड दिएर भने कि यो भनाई गलत र धूर्ततापूर्ण हो कि बुद्ध विष्णुको अवतार थिए ।

अब यस भूललाई सुधार्ने कोसिस गरिँदैछ । विपस्सनाका प्रधान शिक्षक श्री एस.एन. गोयन्का र कांची कामकोटि पीठका शंकराचार्य जयेन्द्र सरस्वतीले १२ नोभेम्बर, १९९९ का दिन संयुक्त रूपमा घोषणा गरे कि बुद्ध विष्णुको अवतार थिएनन् । कांची कामकोटि पीठका शंकराचार्य श्री जयेन्द्र सरस्वती र विपश्यनाचार्य गुरु श्री सत्यनारायण गोयन्काको सौहार्दपूर्ण वार्तालापको संयुक्त प्रेस विज्ञप्तिको अंश यहाँ उद्‌घृत छ : 'दुवै यस कुरासँग सहमत छन् र चाहन्छन् कि दुईटै प्राचीन परम्पराहरूमा अत्यन्त स्नेहपूर्वक वातावरण स्थापित रहोस् । यसलाई लिएर जुन छिमेकी देशहरूमा बन्धुहरूमा कुनै कारणले कुनै प्रकारको असमझदारी पैदा भएको छ भने त्यसको छिटोभन्दा छिटो निराकरण होस् । यस सम्बन्धमा निम्न कुरहरूमा सहमति भयो : १) कुनै पनि कारणले पूर्व कालमा पारस्परिक मतभेदहरूलाई लिएर जे-जति साहित्य निर्माण भयो, जसमा भगवान बुद्धलाई विष्णुको अवतार भनेर जे-जति लेखियो, त्यो छिमेकी देशका बन्धुहरूलाई अप्रिय लाग्यो, यसलाई हामी बुझ्छौं । यसैले दुइटै समुदायका पारस्परिक सम्बन्धहरूलाई पुन: स्नेहपूर्वक बनाउनका लागि हामी निर्णय गर्छौं कि भूतकालमा जे भयो, त्यसलाई बिर्सेर हामीले यस प्रकारको कुनै मान्यतालाई बढावा दिनु हुँदैन ।'

यस अध्यायलाई समाप्त गर्नुभन्दा अगाडि एक विषयमाथि अवश्य प्रकाश पार्न चाहन्छु । धेरैजसो मानिसहरू सोध्छन् कि गौतम बुद्धलाई भगवान बुद्ध किन भनिन्छ ? केही मानिसहरू उनलाई महात्मा बुद्ध भन्छन् । उनीहरूको प्रश्न हुन्छ कि गौतम बुद्ध त भगवान (ईश्वर) लाई मान्दै मान्दैनथिए भने उनको नामको अगाडि भगवान किन लेखिन्छ , यस प्रश्नको निराकरण आवश्यक छ ।

'आजको वोलचालको भाषामा भगवानको अर्थ हुन्छ - ईश्वर या परमात्मा, यस सृष्टिको निर्माणकर्ता, पालनकर्ता र संहारकर्ता । ईश्वर अर्थात् ऊ जो संसारको मालिक हो, जसको पूजा गर्नाले, जसको भजन गाउनाले, जसको नाम जप्नाले, जसको ध्यान गर्नाले ऊ प्रसन्न हुन्छ र भक्तहरूका पापहरूलाई क्षमा गरेर उनीहरूलाई भवसागरबाट पार लगाउने दावा गर्छ । यदि बुद्धका लागि प्रयुक्त

भगवान शब्दलाई यस्तो कुनै अर्थमा लिइयो भने गलत हुनेछ । बुद्ध र उनको शिक्षाको अवमूल्यन हुनेछ, किनकि उनको शिक्षालाई राम्ररी बुझेर नै भनिएको छ :

न हेत्थ देवो ब्रम्हा वा, संसारस्सत्थिकारको ।

सुद्धधम्मा पवत्तन्ति, हेतुसम्भारपच्चया ॥

(विसुद्धि २/६८७, पच्चयपरिग्गहकथा)

(संसारको निर्माण गर्ने न कुनै देव हो न ब्रम्हा । हेतु-प्रत्यय अर्थात् कारणहरूमा आधारित मात्र शुद्ध धर्म प्रवर्तित भइरहेका छन् ।)

संसार चक्रलाई यस स्पष्टतासँग बुझ्ने र बुझाउने महापुरुषलाई हामीले संसारको निर्माता ईश्वर मान्यौँ भने वास्तविक 'भगवान' शब्दलाई दूषित गर्नेछौँ । परवर्ती पौराणिक कालमा भगवानलाई यस अर्थमा मान्न थालियो कि ऊ कुनै देवलोकको यस्तो समर्थ देवता हो जो कि समयसमयमा यस पृथ्वीमा यस वा त्यस रूपमा अवतरित हुन्छ अर्थात् जन्म लिन्छ र साधु-सज्जनहरूको परित्राण तथा दुष्ट-दुर्जनहरूको विनाश गर्छ र जो उसको शरणमा आउँछ, उसलाई सारा पापहरूबाट मुक्ति गरिदिने दावा गर्छ । बुद्धलाई यस्तो ईश्वरावतार मान्नु उनीप्रति र उनको शिक्षाप्रति नितान्त अज्ञानताको प्रदर्शन हुनेछ ...

भव-भ्रमणबाट स्वयम् विमुक्त भएका र भव-भ्रमणमा डुबेका अन्य मानिसहरूलाई नितान्त भव-विमुक्त हुन सक्ने शिक्षा दिने बुद्धको सायुज्यता, सारुप्जता र तादात्म्यता पटक-पटक जन्म लिने भव-भ्रमणमा डुबेको कुनै ईश्वर नामधारी देवतासँग गरिन्छ भने यो बुद्ध र उनको शिक्षाका प्रति नितान्त अज्ञानता नै मानिने छ । र फेरि यस्तो ईश्वर जसको शरणमा पर्नाले मात्र ऊ आफ्ना भक्तहरूलाई सारा पापहरूबाट मुक्त गरिदिने दावा गर्छ भने यस्तो मान्यता बुद्धको शिक्षाका विपरीत हो । उनी त निर्धक्क भएर भन्छन् कि :

'तुम्हेहि किच्चमातप्पं, अक्खातारो तथागता'

(धम्मपद २७६, मग्गवग्ग)

(म त बाटो देखाउँछु, आफ्नो मुक्तिको लागि तपस्या त तिमीले नै गर्नुपर्छ ।)

यस्तो मार्ग-व्याख्याता तथागतलाई तारक-ब्रम्हको अर्थ दिने भगवान मान्यौँ भने 'भगवान' शब्दको अर्थको अनर्थ हुनेछ । यसैले बुझौँ - कुन अर्थमा भगवान ?

'भगवाति, गारवाधिवचनं'- भगवान शब्द गौरव र गरिमाको पर्यायवाची हो । गौरव, गरिमायुक्त भएको कारणले गौतम बुद्ध 'भगवान' भनिए ।

'भग्गरागोति भगवा'- राग भग्न गरे, यस अर्थमा भगवान ।

'भग्गदोसोति भगवा'- द्वेष भग्न गरे, यस अर्थमा भगवान ।

वीतराग र वीतद्वेष त आठैवटा ध्यान समापत्तिहरूले सम्पन्न व्यक्ति पनि हुन सक्छ, जो कि मैत्री, करुणा, मुदिता र उपेक्षाका ब्रम्हविहारको जीवन जिउँछ । तर योभन्दा बढी महत्वपूर्ण हो - वीतमोह हुनु, किनकि वीतराग, वीतद्वेष हुँदाहुँदै पनि कुनै काल्पनिक मिथ्या मान्यतामा उल्झिएको, आत्मभावमा बेरिएको, मोहग्रस्त व्यक्ति भवमुक्त हुँदैन । अत: मोह नष्ट हुनु नितान्त अनिवार्य छ । यसैले भनियो :

'भग्गमोहोति भगवा'- मोह भग्न गरे, यस अर्थमा भगवान ।

'भग्गमानोति भगवा'- अभिमान नष्ट गरे, यस अर्थमा भगवान ।

'भग्गदिट्ठीति भगवा'- दार्शनिक मान्यताहरूलाई भग्न गरे, यस अर्थमा भगवान ।

'भग्गकण्डकोति भगवा'- कांडा भग्न गरे, यस अर्थमा भगवान ।

'भग्गकिलेसोति भगवा'- क्लेश भग्न गरे, यस अर्थमा भगवान ।

'भजि विभजि पविभजि धम्मरतनन्ति भगवा'- 'भजि' अर्थात् जसले धर्म रत्नको भजन गरे, अर्थात् सेवन गरे, यस अर्थमा भगवान ।

आजको हिन्दीमा 'भजन' शब्दको अर्थ बदलिसक्यो । आज यो कीर्तनको पर्यायवाची बनिसकेको छ । त्यसबेलाको जनभाषामा यसको अर्थ सेवन गर्नु अर्थात सङ्गति गर्नु थियो । 'भजि' विभाजन गर्ने भन्ने अर्थमा पनि प्रयुक्त हुन्थ्यो । यस अर्थमा पनि भनियो :

भजि, विभजि, पविभजि अर्थात् जसले एक शोधकर्ता वैज्ञानिकलेझैं धर्मरत्नको विभाजन गरे, राम्रो किसिमले विभाजन गरे, विभक्त गरे, विघटन गरे र यसरी विश्लेषण गरी-गरी त्यसलाई राम्ररी बुझे, यस अर्थमा भगवान ।

'भवानं अन्तकरोति भगवा'- आफ्ना भव-संस्कारहरूको अन्त्य गरेर निर्वाणसम्म पुगे, यस अर्थमा भगवान ।

'भावितकायो भावितसीलो भावितचित्तो भावितपञ्ञोति भगवा'- काया, शील, समाधि र प्रज्ञाको साधनालाई आत्मसात गरे, यस अर्थमा भगवान ।

'भागी वा भगवा चतुन्नं झानानं चतुन्नं अप्पमञ्ञानं चतुन्नं अरूपसमापत्तीनन्ति भगवा'- चार सामान्य ध्यान, चार अप्रमाण्य (ब्रम्हविहार) ध्यान, चार अरूप ध्यान समापत्तिहरूको ऐश्वर्यको भागीतार हुन्, यस अर्थमा भगवान ।

'भागी वा भगवा चतुन्नं सतिपट्ठानानं चतुन्नं सम्मप्पधानानं चतुन्नं इद्धिपादानं पञ्चनं इन्द्रियानं पञ्छन्नं बलानं सत्तन्नं बोज्झङ्गानं अरियस्स अट्ठङ्गिकस्स मग्गस्साति भगवा'- चार स्मृति- प्रस्थान, चार सम्यक प्रधान, चार ऋषि पाद, पाँच इन्द्रिय, पाँच बल, सात बोध्यंग र आठ अङ्ग भएको आर्य मार्ग - यसरी यी सैंतीस बोधिपक्षीय धर्महरूको ऐश्वर्यको भागीदार हुन्, यस अर्थमा भगवान ।

'भागी वा भगवा दसन्नं तथागतबलानं चतुन्नं वेसारज्जानं चतुन्नं पटिसम्भिदानं छन्नं अभिञ्ञानं छन्नं बुद्धधम्मानन्ति भगवा', (महानि ।१४९, महावियुहसुत्तनिदेश) दस तथागत बल, चार वैशारद्य, चार प्रतिसंभिदा, छ अभिज्ञान र छ बुद्ध धर्म, अर्थात् बुद्ध-गुणहरूको ऐश्वयको भागीदार हुन्, यस अर्थमा भगवान ।

यी विशेषताहरूको अर्थमा बुद्धलाई भगवान भनिन्छ, न कि ईश्वर या परमात्माको अर्थमा ।

... 'विमोक्खन्तिकमेतं बुद्धानं भगवन्तानं बोधिया मूले सह सब्बञ्ञुतञ्ञाणस्स पटिलाभा सच्छिका पञ्ञत्ति यदिदं भगवा' (महानि ।१४९, महावियुहसुत्तनिदेश)

- बोधि वृक्षमुनि विमोक्षको अन्तिम अवस्था प्राप्त गर्दै भगवान बुद्धले सर्वज्ञता ज्ञानको प्राप्तिसँगसँगै जुन शुद्धिको स्वयम् साक्षात्कार गरे, त्यसैको प्रज्ञप्ति भगवान नाममा साक्षात् स्थापित भयो । यसै कारणले भगवान भनिए ।

'भाग्यवान', शील आदि कुशल कर्महरूका फलस्वरूप हामीलाई जुन लौकिक सुख, ऐश्वर्य प्राप्त हुन्छ, यसबाट हामी भाग्यवान भनिन्छौं । तर उनी यी लौकिक सुखहरूलाई पार गर्दै लोकोत्तर निर्वाणको परम सुखको भागीदार बने । यसैले सामान्य मानिसहरूझैं भाग्यवान नभनिएर भगवान भनिए ।

यी सबै कुराहरूलाई नै ध्यानमा राखेर यो पालि सुत्त रचियो :

इतिपि सो भगवा, अरहं, सम्मासम्बुद्धो,

विज्जाचरणसम्पन्नो सुगूतो लोकविदू,

अनुत्तरो पुरिस-दम्म-सारथी सत्था देवमनुस्सानं, बुद्धो भगवाति ।

(यस्ता जो अहर्त छन्, सम्यक् सम्बुद्ध छन्, सम्पूर्ण जागृत छन्, लोभ, द्वेष र

मोहबाट मुक्त यस्ता भगवान छन्, सर्वज्ञ छन् - ज्ञान र आचरणमा परिपूर्ण छन्, सुगति प्राप्त छन्, वर्तमान तथा भूत-भविष्यका ज्ञाता छन्, यथावादी तथाकारी, जस्तो भन्छन् त्यस्तै गर्छन् र जस्तो गर्छन्, त्यस्तै भन्छन्, यस्तो आचरण भएका छन्, मानिसलाई लोभ, द्वेष र मोहबाट छुटाउने अप्रतिम सारथि छन्, देवता तथा मनुष्यका शास्ता छन्, गुरु छन्, उपदेशक छन्, यस्ता मनुष्यहरूमा अनुपम श्रेष्ठतम् भगवान बुद्ध हुन् ।)

संक्षेपमा भन्नुपर्दा, 'भग्ग रागो, भग्ग द्वेषो, भग्ग मोहोति भगवा' अर्थात् जसले आफ्नो चित्तलाई राग-द्वेष र मोहबाट सम्पूर्णतया मुक्त गऱ्यो, ऊ भगवान भयो । भगवान त्यो जसले भगवत्ता प्राप्त गऱ्यो । यो एक उपलब्धि हो जसलाई पारमिताहरू पूरा गरेर आर्य आष्टाङ्गिक मार्गमा हिँडेर, सम्यक् सम्बोधि प्राप्त गरेर हासिल गर्न सकिन्छ । यसको अवतारवादसँग कुनै लिनुदिनु छैन । बुद्धले स्वयम् भनेका थिए कि प्रत्येक मानिसभित्र सम्बोधिको बीज उपस्थित छ र प्रत्येक मानिसमा बुद्ध हुनसक्ने सम्भावना हुन्छ । यसर्थ बुद्धत्व एक उपलब्धि हो जसलाई स्वयम् हासिल गर्नुपर्दछ । यसमा कसैको कृपा र अनुकम्पाका लागि कुनै स्थान छैन ।

भगवान बुद्ध पैंतालीस वर्षसम्म अनन्त करुणा एवम् मैत्रीसँगै मानिसहरूमाथि अनुकम्पा गरेर त्यस बेलाको जनभाषा पालिमा धम्म सिकाउँदै रहे । उनले बयासी हजार उपदेशहरू दिए ।

तेस्रो अध्याय

धम्म-सार

धम्म पालि भाषाको शब्द हो, जसको अर्थ हुन्छ प्रकृतिका नियमहरूका अनुसार जीवन जिउनु । जुन मानिसले प्रकृतिका नियमहरूका अनुसार जीवनयापन गर्नेछ, ऊ स्वस्थ र प्रसन्न रहनेछ । जसले प्रकृतिका नियमहरूका विपरीत जीवनयापन गर्नेछ, ऊ व्याकुल, अशान्त, अस्वस्थ रहनु स्वाभाविक हो । प्रकृतिका नियमहरूका अनुसार जीवन जिउनुलाई शील र सदाचारको जीवन भनिन्छ र यसका विपरीत जीवन जिउनुलाई दुराचारको जीवन भनिन्छ । प्रकृतिले कुशल कर्महरूका लागि मनको शान्ति दिएर पुरस्कृत गर्छ र अकुशल कर्महरूका लागि हामीलाई अशान्त बनाएर दण्डित गर्छ । मन, वाणी र शरीरद्वारा गरिएका कामहरू जसले स्वयम्लाई या अरूलाई कुनै प्रकारको नोक्सानी हुन्छ, स्वयम्लाई या अरूलाई दुःख हुन्छ भने ती कामहरू अकुशल कर्म या पाप कर्म भनिन्छन् । मन, वाणी र शरीरद्वारा गरिएका यस्ता कार्य जसले स्वयम् या अरूलाई शान्ति र खुसी मिल्छ, कल्याण हुन्छ भने ती कार्यहरू कुशल या पुण्य कर्म भनिन्छन् ।

बुद्धको अर्थ हो परम सत्यको साक्षात्कार गर्न समर्थ, बोधि या बुद्धत्व अर्थात् उच्चतम् ज्ञान प्राप्त गर्नु । एक यस्तो मानिस 'जो समस्त ज्ञेय पदार्थहरूलाई बुझेर, परमसत्यको साक्षात्कार गरेर, स्वयम् शुद्ध एवम् विमुक्त हुन्छ, अरूका लागि विमुक्ति पथको प्रदर्शन गर्छ, देवता तथा मनुष्यहरूमा श्रेष्ठ हुन्छ, बुद्ध भनिन्छ । यो कुनै व्यक्तिको जातिगत या वंशगत नाम होइन, बरु एक विशिष्ट उपलब्धि-विषयक नाम हो ।' 'बुद्ध मानिसको चरम विकासका प्रतीक हुन्छन् । मानव लोकमा बुद्धको प्रादुर्भाव एक दुर्लभ घटना हो ।' बुद्ध दुई प्रकारका हुन्छन्, पच्चेक बुद्ध र सम्यक् सम्बुद्ध । पच्चेक बुद्ध विलुप्त भएको धम्म मार्गलाई खोजेर निकाल्छन् र त्यसमाथि हिंडेर स्वयम् मुक्त हुन्छन् । सम्यक् सम्बुद्ध विलुप्त भएको धम्म मार्गलाई खोजेर न केवल स्वयम् मुक्त हुन्छन् बरु

धम्मचक्र प्रवर्तन गरेर अनेकौं मानिसहरूलाई धम्म उपदेश दिएर उनीहरूको मार्गदर्शक बनेर मुक्तिमा सहायक भएर लोक कल्याण गर्छन् । उनीहरू उत्पन्न भएर बोधिलाभ गरेर धर्मचक्र प्रवर्तन गर्छन् । यही उनीहरूको प्रथम उपदेश हुन्छ जसबाट उनीहरूको धर्म (सिद्धान्त) को जनवर्गका सामु अवतरण हुन्छ । गौतम बुद्धको चर्याले प्रकट हुन्छ कि उनले ऋषिपत्तन मृगदायमा प्रथम धर्मोपदेशपछि पैंतालीस वर्षसम्म सम्पूर्ण भारतका विभिन्न गाउँ-ठाउँ, जिल्ला, शहरहरूमा भ्रमण गर्दै धर्मोपदेश दिए । उनका सामु प्राणी मात्रको कल्याण एक मात्र उद्देश्य थियो । कसैको कृपाको भरोसामा नबसेर स्वयम् नै सत्यताको सहाराले परम सत्यसम्म पुग्नुपर्ने हुन्छ, यसैले बुद्धलाई 'तथागत' पनि भनिन्छ । तथागतको सन्धिविच्छेद गर्दा, तथ्य+आगत हुन्छ । तथता अर्थात् सत्यताको बाटो आउनु-जानु । गौतम बुद्धले चार आर्य सत्यको बोध प्राप्त गरे, स्वयम् बोधि प्राप्त गरेर जनतालाई त्यसको बोध गराए, यसैले उनी 'बुद्ध' भनिए । गौतम बुद्धले तथताको साक्षात्कार गरे, यसैले उनी 'तथागत' हुन् । दुईटै पद परम ज्ञानको प्राप्तिका सूचक हुन् । आचार्य बुद्धघोषको मतानुसार आठ कारणहरूले भगवान बुद्ध 'तथागत' भनिन्छन् - भगवान बुद्ध त्यसैप्रकार (तथा) आए (आगत) जुन प्रकारले अन्य पूर्वका ज्ञानी पुरुष । भगवान बुद्ध त्यसै प्रकार (तथा) गए (आगत) जुन प्रकारले अन्य पूर्वका ज्ञानी पुरुष । भगवान बुद्ध तथा (सत्य) को लक्षणले आगत (समन्नागत) या युक्त छन् । भगवान बुद्धले 'तथा धर्म' को ज्ञान प्राप्त गरेका छन् । भगवान बुद्धले 'तथा' साक्षात्कार गरेका छन्, भगवान बुद्ध 'तथा' को उपदेश दिन्छन्, भगवानको आचरण 'तथा' छ, भगवान सबैमाथि विजयी छन् ।

बुद्धत्व प्राप्त गरिसकेपछि मानिसहरूकाप्रति करुणा देखाएर बुद्धले जेजस्तो बाटो देखाउँछन्, त्यो धम्मको मार्ग भनिन्छ र यो मार्ग हुन्छ दान, शील, समाधि र प्रज्ञाको । धम्म मार्गमा हिंड्ने गृहस्थ मानिसहरू उपासक भनिन्छन्, ध्यान साधना गर्नेहरू साधक भनिन्छन् र गृह त्याग गरेका सन्न्यासी भिक्षुहरू धम्मरूपी अमृतलाई चाख्ने मानिसहरूका चार अवस्थाहरू हुन्छन्, श्रोतापन्न, सकृदागामी, अनागामी र अर्हत । श्रोतापन्न व्यक्ति त्यो हुन्छ जसले निर्वाण सुखमा डुबुल्की लगाइसकेको हुन्छ । ऊ निर्वाणका स्रोतमा परिसकेको छ । अब बढीभन्दा बढी सात पटक अझै जन्म लिनेछ र त्यसपछि भवसंसार चक्रबाट मुक्त हुनेछ । सकृदामी त्यस साधकलाई भनिन्छ जो केवल एक पटक अझै पृथ्वीलोकमा जन्म लिनेछ र त्यसपछि मुक्त हुनेछ । अनागामी उनीहरूलाई भनिन्छ जो मृत्युपछि फेरि कहिल्यै पृथ्वीलोकमा आउने नै छैनन्, ब्रम्हलोकमा जन्म लिएर त्यहींबाट मुक्त भएर भवसंसारवाट पार हुनेछन् । अर्हत उनीहरूलाई भन्छन् जसको

चित्तका सम्पूर्ण मैल-राग, द्वेष, मोह सम्पूर्ण रूपमा समाप्त हुन्छन्, पारमिताहरू पूरा भइसक्छन्, र जन्म-मरणको भवचक्रवाट पूर्णतया मुक्त भइसक्छन् । अव उनीहरूको फेरि जन्म हुने छैन । 'अन्तिमा जाति, नत्थिदानि पुनब्भवोति' (यो उनीहरूको अन्तिम जन्म हुन्छ, अब फेरि जन्म लिनु पर्नेछैन) । प्रत्येक बुद्ध अर्हत हुन्छ, तर प्रत्येक अर्हत वुद्ध हुँदैन । धम्म मार्गमा हिँडेर जुनसुकै मानिस ऊ चाहे जुन देश, जाति, वर्ण, सम्प्रदाय, लिङ्गको होस्, अर्हत पदलाई प्राप्त गर्न सक्छ । भगवान बुद्धको समयमा अनेक स्त्रीहरूले अर्हत पद प्राप्त गरे ।

शील सदाचारको जीवन, मनलाई वशमा राख्नु र भावनामयी प्रज्ञा जगाएर स्वयम् निर्वाण सुख प्राप्त गर्नु र अरूलाई निर्वाण सुख प्राप्त गर्नमा सहायता गर्नु, स्वयम् पनि खुशी रहँदै अरूको खुशीको निम्ति कोसिस गरिरहनु, धम्मको सार हो । भगवान वुद्ध भन्छन्, धन र यश-कीर्ति जीवनमा सर्वाधिक मूल्यवान वस्तुहरू हुँदैनन् । धन-सम्पदा र यश-कीर्ति निकै छिटै फिका भइहाल्छन् । जीवनमा ज्ञान र प्रेम नै सवैभन्दा मूल्यवान हुन् । यदि तिमीमा ज्ञान र प्रेम छ भने तिमी आनन्दको अनुभूति गर्न सक्नेछौ ।

मानव जीवनको कल्याण कसरी हुन्छ, मानिस सुखी र प्रसन्न कसरी रहन्छ, समाजमा समानता, भाइचारा, प्रेम र सौहार्दता, शान्ति र खुशीयाली कसरी रहन्छ, बुद्ध धम्मको यही उद्देश्य हो । बुद्धका सवै शिक्षाहरूमा मानिसलाई प्रमुखता दिइएको छ । यसैले भनिन्छ कि धम्म मानवका निम्ति हो, मानव धम्मको निम्ति होइन । बुद्धले देखे कि मानिसहरू कुनै न कुनै कारणले दुःखी छन् । मानिसहरू दुःखी छन् यसकारण समाज र देश पनि दुःखी छन्, यसैले मानिसहरूको दुःख हटाएर उनीहरूलाई खुशी वनाउनुपर्छ । जब मानिसहरू खुशी हुनेछन्, त्यसपछि समाज पनि खुसहाल हुनेछ । प्रसन्न व्यक्तिहरूले नै प्रसन्न समाजको निर्माण गर्छन् । व्यक्ति समाजको इकाई हो । जबसम्म व्यक्ति प्रसन्न हुँदैन, तबसम्म समाज, देश या विश्व प्रसन्न हुन सक्दैन; किनकि समाजको इकाई त व्यक्ति नै हो यसैले बुद्धले व्यक्तिलाई नै आफ्ना शिक्षाहरूको केन्द्रबिन्दु वनाए ।

धम्मको मतलव हो सदाचरण, जसको मतलव हो जीवनका सवै क्षेत्रमा एक व्यक्तिको अर्को व्यक्तिका प्रति असल व्यवहार धम्मविना समाजको काम चल्न सक्दैन । जसले स्वतन्त्रता चाहन्छन्, उनीहरूका लागि धम्म अनिवार्य हो । धम्म के हो ? धम्मको अनिवार्य आवश्यकता किन छ ? भगवान बुद्धका अनुसार धम्मका दुई प्रधान तत्व छन् - प्रज्ञा र करुणा । प्रज्ञा के हो ? प्रज्ञा केका लागि

? प्रज्ञाको मतलब हो निर्मल बुद्धि । भगवान बुद्धले प्रज्ञालाई आफ्ना धम्मका दुई स्तम्भहरूमध्ये एक मानेका छन्, किनकि उनी चाहँदैनथे कि मिथ्या विश्वासहरूका लागि कहीं कुनै गुन्जाइश बाँकी रहोस् । करुणा के हो ? र करुणा केका लागि ? करुणाको मतलब हो (दया) प्रेम, (मैत्री) । यसका विना न समाज जीवित रहन सक्छ र न समाजको उन्नति हुन सक्छ, यसैले भगवान बुद्धले करुणालाई आफ्नो धम्मको दोस्रो स्तम्भ बनाए ।

बुद्ध धम्मको केन्द्रमा मनुष्य र उसको कल्याण छ, जसबाट समतामूलक समाजको स्थापना होस् । मनुष्य आफ्ना दुःखहरूबाट छुटकारा पाएर मात्र प्रसन्न हुन सक्छ र जब मनुष्य प्रसन्न हुन्छ, त्यसवेला मात्र समाज प्रसन्न हुन्छ । बुद्ध धम्ममा न त कोही उच्च छ न कोही नीच । सबै धर्मावलम्बीहरूलाई समान दर्जा प्राप्त छ । उनीहरूको एउटै पहिचान छ कि उनीहरू धम्मअनुसार आचरण गर्ने मनुष्य भइहाल्छन् । भिक्षुहरूलाई उपदेश दिँदै भगवान बुद्धले भनेका थिए कि जसरी समुद्रमा मिसिएपछि सबै नदीहरू आफ्नो स्वतन्त्र अस्तित्व गुमाएर समुद्र बन्छन्, त्यसरी नै धम्ममा सामेल भएपछि उचनीच, धनी-गरिब आदि सबै भेदहरू मेटिन्छन् । सबै समान हुन्छन् । भगवान बुद्धले परिस्थितिवश डाकु बनेका अङ्गुलिमाल, नगरवधू आम्रपाली, नाउ उपाली, राजा प्रसेनजित, अति धनवान व्यापारी अनाथपिण्डक, सम्राट शुद्धोधन, पुत्र राहुल आदि सबैलाई दीक्षा दिएर समान दर्जा दिए ।

बुद्ध धम्म पूर्णरूपेण वैज्ञानिक धम्म

बुद्धधम्म पूर्णरूपेण वैज्ञानिक धम्म हो जसमा रुढिवाद र अन्धविश्वासका लागि कुनै स्थान छैन । जुन प्रकारले वैज्ञानिकहरू प्रयोग गरेर, विश्लेषण र विभाजन गरेर कुनै पनि प्रक्रियाको तहसम्म गएर निष्कर्षमा पुग्छन्, त्यसै प्रकारले भगवान बुद्धले प्रयोग गरेर र जीव जगतका घटनाहरूको र तिनमा घटित हुने सत्यताहरूको विभाजन गरे । अन्तर केवल यति हो कि वैज्ञानिकहरू यो प्रयोग प्रयोगशालाहरूमा गर्छन् जब कि भगवान बुद्धले सारा प्रयोगहरू आफ्नो शरीर, चित्त र प्रकृतिको प्रयोगशालामा गरे । कस्तो अनौठो संयोग हो कि राजकुमार सिद्धार्थले एक महारानीको कोखबाट जन्म लिए तर राजमहलमा होइन, एक रुखमुनि र खुला प्रकृतिमा । छ वर्षसम्म उनले कन्दराहरूमा-गुफाहरूमा, जङ्गलहरूमा, पहाडहरूमा, आश्रम र विहारहरूमा कठिनभन्दा कठिनतम् तपस्या ध्यान साधना गरे, तर बुद्धत्व प्राप्त भयो एक रुखमुनि, खुला प्रकृतिमा । अनन्त करुणा र मैत्रीले

भरिएर जब उनले धम्म उपदेश सुरु गरे, त्यो पनि पञ्चवर्गीय भिक्षुहरूलाई एक रुखमुनि खुला प्रकृतिमा दिए । पैंतालीस वर्षको लामो समयसम्म धम्मको उपदेश दिँदै भव्य विहारहरू, आश्रमहरू र निवासस्थानहरूमा रहे तर जब महापरिनिर्वाण प्राप्त गरे, त्यो पनि एक रुखमुनि खुला प्रकृतिमा । यसैले भगवान बुद्ध प्रकृतिका नियमहरू र रहस्यहरूलाई निकै राम्ररी बुझ्थे । ध्यान गर्दागर्दै उनले देखे कि बाहिरबाट ठोस देखिने यो शरीर वास्तवमा तरंगहरूको समूहमात्र हो र यी तरंगहरू हरपल उत्पन्न हुन्छन् र नष्ट हुन्छन् । शरीरको न्यूनतम इकाईलाई उनले अष्टकलाप भने जो प्रकृतिका चार पदार्थहरू जल, वायु, पृथ्वी र अग्निका परमाणुहरूले बनेका छन् र आआफ्ना गुणधर्मसँग जोडिएका छन् । भगवान बुद्धले भने कि जतिबेरमा म चुट्की बजाउँछु, त्यतिबेरमै यी परमाणुहरू कोटिसहस्र पटक उत्पन्न हुन्छन् र नष्ट भइहाल्छन् । अमेरिकाको वर्क्ले युनिभर्सिटीका प्रो. अल्वरिसले बब्बल च्याम्बर बनाएर परमाणुहरू उत्पन्न हुने र नष्ट हुने गतिका बारेमा प्रयोग गरे र यस नतिजामा पुगे कि एक सेकेण्डमा १ को अगाडि २३ शून्य लगाइयोस्, यति पटक एक सेकेण्डमा परमाणुहरू उत्पन्न हुन्छन् र नष्ट हुन्छन् । तर यो गति यति तीव्र हुन्छ कि बाहिरबाट पदार्थलाई हामी ठोस नै देख्छौं । प्रो. अल्वरिसलाई यस प्रयोगका लागि नोबेल पुरस्कार पनि दिइयो । भगवान बुद्धले परमाणु उत्पन्न हुने र नष्ट हुने स्वभाव र त्यसको गतिंलाई साँढे दुई हजार वर्ष अगाडि आफ्नो शरीरलाई नै प्रयोगशाला बनाएर जानिसकेका थिए ।

बुद्ध धम्ममा एउटा कुरा पनि त्यस्तो छैन जो कि तर्क र अनुभवको कसीमा खरो न उत्रिएको होस् । दुःख जीव जगतको सत्यता हो, यस सत्यलाई पनि भगवान बुद्धले विश्लेषण-विभाजन गरेपछि मात्र भने । यस सत्यतालाई आज पनि, जसले पनि, जहाँसुकै पनि महसुस गर्न सक्छ यसैले भगवान बुद्धलाई मानव इतिहासको सबैभन्दा ठूलो वैज्ञानिक भनिन्छ र यदि कुनै धर्म विज्ञानको कसीमा खरो उत्रिन्छ भने त्यो एक्लो बुद्धं धम्म मात्र हो । यसैले बौद्ध धम्मका अनुयायीहरू विज्ञानलाई खुला हृदयले स्वागत गर्छन् । आजसम्मको इतिहासमा बौद्ध अनुयायीहरूले कहिल्यै पनि विज्ञानको विरोध गरेनन् बरु दुनियाँका दुःख, पीरहरूलाई हटाउनका लागि समाजमा नैतिक मूल्यहरूको विकास गर्नका लागि, मैत्री, करुणा र मुदिताका गुणहरूलाई बढाउनका लागि वैज्ञानिक दृष्टिकोणलाई नै अपनाए । आर्य आष्टाङ्गिक मार्गलाई जोसुकैले, जहाँसुकै, जहिलेसुकै आत्मसात गरेर हेर्न सक्छ । यसले हर निष्पक्ष अनुसन्धानकर्ताको कसीबाट एकै किसिमको निष्कर्ष निकाल्ने छ । बौद्ध धम्मको समस्त विश्व र सृष्टिको पूरा व्याख्या र कल्पना त्यही हो जो आजका वैज्ञानिकहरूको हो ।

भगवान बुद्धले सधैं आफ्ना अनुयायीहरूलाई वैज्ञानिक दृष्टिकोण अपनाउनलाई शिक्षा दिए । कालामसुत्तमा कालामहरूलाई उपदेश दिँदै भगवान बुद्धले भने :

'हे कालामहरू ! आऊ, तिमीहरू कुनै कुरालाई केवल यसकारण स्वीकार नगर कि यो अनुश्रुत हो, केवल यसकारण स्वीकार नगर कि यो परम्परागत हो, केवल यसकारण स्वीकार नगर कि हाम्रो धर्मग्रन्थ अनुकूल छ, केवल यसकारण स्वीकार नगर कि यो तर्कसम्मत छ, केवल यसकारण स्वीकार नगर कि यसका कारणहरूको सावधानीपूर्वक परीक्षण गरिसकिएको छ, केवल यसकारण स्वीकार नगर कि यसका कारणहरूको सावधानीपूर्वक परीक्षण गरिसकिएको छ, केवल यसकारण स्वीकार नगर कि यसमाथि हामीले विचार गरेर अनुमोदन गरेका छौं, केवल यसकारण स्वीकार नगर कि भन्ने मानिसको व्यक्तित्व भव्य (आकर्षक) छ, केवल यसकारण स्वीकार नगर कि भन्ने श्रमण हाम्रो पूज्य हो । हे कालामहरू ! जव तिमी स्वानुभवले स्वयम् यो बुझ्छौ कि यी कुराहरू अकुशल हुन्, यी कुराहरू दोषयुक्त हुन्, यी कुराहरू विज्ञ पुरुषहरूद्वारा निन्दित हुन्, यी कुराहरूमा हिँड्नाले अहित हुन्छ, दुःख हुन्छ - त्यसवेला हे कालामहरू ! तिमी ती कुराहरूलाई छोडिदेऊ ।'

यहाँनेर भगवानले यो त भनेका नै छन् कि जति सुकै सुदीर्घ परम्पराबाट कुनै कुरा किन नआइरहेको होस्, जतिसुकै मानिसहरू त्यसका बारेमा बोल्ने किन नहोऊन्, यहाँसम्म कि धर्मग्रन्थमा पनि यदि त्यो कुरा किन नहोस्, तर्कसम्मत, अनुमानसम्मत, परीक्षित, अनुमोदित या आकर्षक व्यक्ति या पूज्य आचार्यद्वारा उपदिष्ट किन नहोस्, त्यसलाई तवसम्म नमान जवसम्म आफ्नो अनुभवले थाहा हुँदैन कि यो कुशल छ, दोषरहित छ र यसले अहित गर्दैन र दुःख ल्याउँदैन । आजभोलि जव धर्माचार्यहरू यस कुरामा जोड दिन्छन् कि उनीहरू जे भन्छन् त्यसलाई प्रश्न नगरिकनै र हाम्रा पुराना शास्त्रहरूमा जे लेखिएको छ, त्यसलाई पनि प्रश्न नगरिकनै मान्नुपर्छ, तब त उनीहरू अन्धश्रद्धा या अन्धभक्तिलाई प्रश्रय दिन्छन् । भगवानको कालामहरूलाई दिइएको यो उपदेश विचारहरूको गम्भीर आकाशमा एक यस्तो विद्युतरेखा हो जसले सर्वदा प्रकाश दिईनै रहनेछ ।

बुद्धका शिक्षाहरू उनको स्वयम्को प्रत्यक्ष अनुभवका परिणाम हुन् । दीघनख (संजय) लाई उपदेश दिँदै भगवान बुद्धले भने कि उनका शिक्षाहरू न त कुनै दर्शनशास्त्र हुन्, न सिद्धान्त नै हुन् । न त यी कुनै वादविवादबाट निक्लेका हुन्, न कुनै कल्पनाबाट नै, न कुनै आकाशवाणीबाट नै, न कुनै स्वप्नबाट नै र न कुनै विश्वास या मान्यताबाट नै । उनका भएभरिका शिक्षाहरू उनको स्वयम्को

प्रत्यक्ष अनुभवका परिणाम हुन् । उनले भने, 'मेरा शिक्षाहरू न त कुनै सिद्धान्त हुन् न कुनै दर्शन । यी न त कुनै वादविवादका निष्कर्ष हुन् न विभिन्न दर्शनहरूका समान मान्यताहरू, जसका अनुसार हामी दावा गर्छौं कि अग्नि, जल, वायु, पृथ्वी र आत्मावाट सृष्टिको सिर्जन नै आधारभूत सत्य हो अथवा सृष्टिको अन्त्य हुन्छ, या त्यो अनन्त छ अथवा सृष्टि नित्य हो या अनित्य हो । यसप्रकारका ध्रुवसत्यसम्वन्धी मानसिक मान्यताहरू र विचार-विमर्शजन्य विचारधाराहरू ती कमिलाजस्ता हुन् जो कचौराको किनाराको मात्र सतत परिक्रमा गरिरहन्छन् तर कहीं पुग्दैनन् । मेरा शिक्षाहरू कुनै दर्शन होइनन् । यी त प्रत्यक्ष अनुभूतिहरूको परिणाम हुन् । तपाईं मेरो कथनलाई आफ्नो अनुभूतिहरूद्वारा पुष्टि गर्न सक्नुहुन्छ । म शिक्षा दिन्छु कि सबै वस्तुहरू अनित्य हुन्, पटिच्चसमुप्पाद हुन् र तिनीहरूको कुनै पृथक सत्ता हुँदैन । मेरो शिक्षा यो हो कि प्रत्येक पदार्थ सिर्जन, वर्द्धन र मरणका लागि सबै पदार्थहरूमा निर्भर छन् । कुनै पनि पदार्थ कुनै एक मूल स्रोतबाट उत्पन्न हुँदैन । मैले यस सत्यको प्रत्यक्ष अनुभव गरेको छु जसलाई तपाईं पनि अनुभव गर्न सक्नुहुन्छ । मेरो उद्देश्य सृष्टि-रचनाका विषयमा बताउनु होइन, वरु अन्य मानिसहरूलाई प्रत्यक्ष अनुभूति गर्नमा सहायता गर्नु हो । शब्दहरूबाट त्यस परम सत्यको वर्णन गर्न सकिँदैन । केवल प्रत्यक्ष अनुभवद्वारा मात्र हामी त्यस परम सत्यको साक्षात्कार गर्न सक्छौं ।'

अगाडि बुद्ध भन्छन्, म स्पष्ट पार्न चाहन्छु कि मेरा शिक्षाहरू, ध्रुवसत्यको अनुभूति गर्ने एक पद्धति हुन्, न कि स्वयम्मा एक ध्रुवसत्य । ठीक त्यस्तै प्रकारले जसरी चन्द्रमातिर इङ्गित गर्ने चोर औंला चन्द्रमा भइहाल्दैन । समझदार व्यक्ति चन्द्रमालाई हेर्नका लागि चोर औंलाको प्रयोग गर्छ । यदि कुनै व्यक्ति केवल चोर औंलालाई हेर्छ र त्यसैलाई भ्रमवश चन्द्रमा ठान्छ भने त ऊ चन्द्रमालाई कहिल्यै देख्न सक्दैन । मेरो शिक्षा त साधना - अभ्यासको एक साधनमात्र हो, न कि सधैं त्यसलाई समातेर बसिरहने या पूजाको साध्य । मेरो शिक्षा त नदीपारि जानका लागि डुङ्गाजस्तो हो । नदीको अर्को किनारमा पुगेर कुनै मूर्ख मात्र डुङ्गालाई सँगसँगै बोकेर घुम्छ होला ।

भगवान बुद्धले भिक्षुहरूलाई यहाँसम्म भने कि यदि कसैले उनको या उनको धम्मको आलोचना गर्छ भने उनले दुःखी हुनुपर्ने या उसका प्रति वैमनस्य जगाउनुपर्ने आवश्यकता छैन, यसबाट स्वयम्लाई नै हानि हुनेछ । यस्तै गरेर कसैले प्रशंसा गर्छ भने पनि त्यसबाट खुशी हुनुपर्ने जरुरत छैन बरु सधैं नै सत्यताको सामना गर्दै धम्ममार्गमा हिँड्नुपर्छ । पटिच्चसमुप्पादद्वारा जुन कार्य

र कारणको व्याख्या भगवान बुद्धले गरेका छन्, त्यो आजको वैज्ञानिक सिद्धान्तसँग पूरै किसिमले मेल खान्छ ।

गौतम बुद्धले विपस्सना साधना गर्दागर्दा अणु-परमाणुहरूको विच्छेदन, विश्लेषण-विभाजन गर्दागर्दा देखे कि मानिसहरू बाहिरी कारणहरू जस्तै गरिबी, भोकमरी, असमानता, उचनीच, बिमारी, बुढेसकाल, मृत्यु, प्राकृतिक विपत्तीहरूबाट दु:खी त छन् नै, मनले चाहेको नहुँदा, नचाहिएको कुरा हुँदा प्रियजनहरूसँगको बिछोड, अप्रिय मानिसहरूसँगको मिलनजस्ता स्थितिहरूबाट पनि दु:खी हुन्छन् । बुद्धले ध्यान गर्दागर्दा खोजी गरे कि हाम्रो दु:खको मूल कारण यो हो कि हामी घट्न लागेका घटनाहरू र स्थितिहरूका सही स्वभावसँग अन्जान छौँ । टाढाबाट प्रत्यक्ष देखिने वस्तुस्थितिहरूलाई नै हामी वास्तविक ठानिदिन्छौँ र तिनकाप्रति राग-द्वेष-मोहका गहिरा-गहिरा संस्कार बनाउँदै जान्छौँ । उनले देखे कि जब हामीलाई केही राम्रो लाग्छ तब हाम्रो शरीरमा सुखद संवेदनाहरू प्रकट हुन्छन् । र जब केही नराम्रो लाग्छ अथवा राम्रो लाग्दैन, त्यसबेला शरीरमा दु:खद् संवेदनाहरू पैदा हुन्छन् ।

गौतम बुद्धले भने कि विपस्सना गर्दागर्दा शरीरलाई सूक्ष्मभन्दा सूक्ष्मतर स्तरमा विभाजन-विश्लेषण गर्दै अणु-परमाणुहरूको निरीक्षण-परीक्षण गर्दै स्वयम्को प्रत्यक्ष अनुभवले उनले बुझेका छन् कि संसारमा केही पनि स्थिर छैन, सबैथोक परिवर्तनशील छ जो हर क्षण बदलिँदै छ त्यसैले सबैथोक अनित्य हो । बाहिरबाट ठोस देखिने यस शरीरमा र यससँग जोडिएको चित्तमा र यी दुबै मिलेर चल्ने जीवनधारामा केही पनि 'म' नामक चीज छैन र न यसमा 'मेरो' को नै कुनै अस्तित्व छ, पूरै अस्तित्वमा कसैको पनि पृथक र स्वतन्त्र अस्तित्व छैन । सबैथोक, प्रत्येक प्राणी, वस्तु, घटना धेरै कुरामाथि, चीजहरूमाथि निर्भर छ र सबैथोक कुनै न कुनै कारणले उत्पन्न हुन्छ, विकसित हुन्छ र हेर्दाहेर्दै कुनै नयाँ रूपमा परिवर्तित भइसक्छ । केही पनि (बिना कुनै अपवाद), कुनै एक मूल स्रोतबाट उत्पन्न भएको होइन । एक बीज जब जमिनमा छरिन्छ अनि त्यो जल, माटो, हावाको संयुक्त मद्दतले अङ्कुरित हुन्छ र सूर्यको प्रकाशको मद्दतले ठूलो हुन्छ । यसप्रकार रुखको पातमा पूरै ब्रम्हाण्डको प्रतिनिधित्व हुन्छ जसमा जल, वायु, पृथ्वी अग्नि सबैथोक अटाएको छ । गौतम बुद्धको उद्देश्य ब्रम्हाण्डको उत्पत्तिलाई बुझाउनु थिएन बरु यो थियो कि मनुष्यको आफ्नो एक्लै कुनै स्वतन्त्र अस्तित्व छैन । ऊ बाँच्नको लागि पर्यावरणमाथि, रुख विरुवामाथि, जीवजन्तुहरूमाथि र समाजमाथि निर्भर छ । ऊ कसैको पुत्र, कसैको भाइ, कसैको साथी र कसैको

नातेदार हो । यदि उसले शील-सदाचारको जीवन जिउँछ भने आफ्नो सुख र शान्तिबाट समाजका अन्य प्राणीहरूको सुख-शान्तिमा मद्दत गर्छ । प्रज्ञा जगाउँछ, दान-शील र करुणावान बन्छ र यसो हुँदा अरू मानिसहरूकाप्रति मङ्गल मैत्री जगाउँछ, करुणा जगाउँछ जसले गर्दा समाजमा जो कोही मानिसहरू जुनसुकै कारणले दुःखी छन्, तिनका दुःख हटाउने कोसिस गर्छ ।

कुरा र शब्दहरूले, सत्यलाई जो नित्य हो, शाश्वत हो, अमृत हो, बयान गर्न सक्दैन । यसलाई केवल आफ्नै प्रत्यक्ष अनुभवबाटै जान्न सकिन्छ । यसबाट मानिसहरूलाई जीवन, घटनाहरू, वस्तुहरूको सही र वास्तविक स्वभाव जो परिवर्तनशील छ, हरपल बदलिँदै गइरहेको छ, त्यसलाई बुझ्न मद्दत मिल्छ ।

गौतम बुद्धले बताए कि हामीले सधैँ सुत्नुभन्दा अगाडि आफ्नो जीवन र चित्तका बारेमा केहीबेर विचार गर्नुपर्छ कि हामीभित्त कुन-कुन असल गुण छन् र ती सद्गुणहरूलाई बढाउने कोसिस गरिरहनु पर्छ । कुन-कुन सद्गुण हामीभित्र छैनन्, ती सद्गुणहरूलाई आफूभित्र ल्याउने प्रयास गरौँ । हामीभित्र कुन चाहिँ दुर्गुण छन्, तिनको पहिचान गरेर तिनलाई हटाउने कोसिस गरौँ । जुन दुर्गुणहरू हामीभित्र छैनन्, तिनलाई आफूभित्र आउन नदिनलाई प्रयास गरौँ ।

गौतम बुद्धले उपदेश दिए कि संसारमा चार किसिमका मानिसहरू छन् । पहिलो, जो अन्धकारबाट अन्धकारतिरै जाँदै छन । दोस्रो, जो अन्धकारबाट प्रकाशतिर जाँदैछन् । तेस्रो, जो प्रकाशबाट अन्धकारतिर जाँदैछन् र चौथो, जो प्रकाशबाट प्रकाशतिर जाँदैछन् । पहिलो श्रेणीमा ती मानिसहरू पर्छन् जो गरिब परिवारमा या विकलाङ्गतासहित अथवा दुराचारी परिवारमा जन्मिए जहाँ दुःख नै दुःख छ । जीवन दुःख र कष्टका साथ बितिरहेको छ । तर बानी यस्तो पारिरहेका छन्, जस्तै जुवा, बिँडी, चुरोट, रक्सी-पान मसलाको सेवन, शील-सदाचारको नामोनिशान छैन, क्षणक्षणमा रिसाउँछन् । हर समय मारपिट गर्नलाई तत्पर, बोलीमा तीतोपन यति कि लाग्छ टोक्नेछन्, गफ र झूटो बोल्नमा व्यस्त, यस्ता मानिसहरूको अहिलेसम्मको जीवन अन्धकारमय त थियो नै, अगाडिको जीवन पनि अन्धकारमय नै हुनेछ । दोस्रो श्रेणीमा यस्ता मान्छे पर्छन् जसको अहिलेसम्मको जीवन पहिलो श्रेणीका मानिसहरूको जस्तै दुःखमय थियो तर त्यसका बाबजूद उनीहरू आफ्नो जीवन सुधार्ने कोसिस गर्छन् । विद्यार्थी भए निकै मन लगाएर पढाइ गर्छन् । शील-सदाचारको जीवन जिउँछन्, कुनै पनि वाहियात खर्च गर्दैनन् । यस्ता मानिसहरूको बाँकी जीवन सुखमय हुनेछ या सुखमय हुने सम्भावना अवश्य हुन्छ । तेस्रो श्रेणीमा त्यस्ता मानिसहरू पर्छन् जसको असल

आमा-बाबुको घर, सुखी परिवारमा जन्म भएको हुन्छ या आफ्नो मिहिनेतले पढेर राम्रा नोकरीहरूमा, व्यवसायमा लागेका छन् र यसबेला उनको जीवन सुखमय छ, तर न आफ्नो ज्ञानलाई बढाउने कोसिस गर्छन् न केही नयाँ लेखपढ नै गर्छन् । पहिले जुन कुशल कर्म गरेका थिए, त्यसैको फल मात्रै खाइरहेका छन् । यस्ता मानिसहरूको भविष्यको जीवन दुःखमय नै हुनेछ । चौथो श्रेणीमा ती मानिसहरू पर्छन् जसको वर्तमान जीवन त सुखमय छ नै, मिहिनेत गरेर दान-पुण्य गरेर, शील-सदाचारको जीवन बिताएर आफ्नो, आफ्नो घरपरिवार र समाजको सुख, शान्ति बढाउनमा सहायक बन्छन् । यस्ता मानिसहरू अहिले त सुखी छन्, उनीहरूको अगाडि जीवन पनि सुखमय हुन्छ ।

गौतम बुद्धले भने कि हर मानिसले कोसिस यो गर्नुपर्छ कि ऊ अन्धकारबाट प्रकाशतिर या प्रकाशबाट प्रकाशतिर जाओस् तर प्रकाशबाट अन्धकारतिर या अन्धकारबाट अन्धकारतिर पटक्कै नजाओस् ।

धम्म पदमा भगवान बुद्धले भनेका छन्, शुभ कर्म गर्ने मनुष्य सदैव प्रसन्न रहन्छ । आफ्नो शुभ कर्मलाई देखेर ऊ प्रसन्न भइरहन्छ, आनन्दित हुन्छ । पापी मनुष्य जहाँसुकै सन्तप्त रहन्छ । दुर्गतिभित्र झनै सन्तप्त हुन्छ । जबसम्म पापकर्मले फल दिँदैन, तबसम्म मूर्ख मानिस त्यसलाई महझैँ गुलियो ठान्छ, तर जब पापकर्मले फल दिन्छ, तब उसलाई दुःख हुन्छ, पुण्य गर्नेलाई पनि तबसम्म नराम्रो लाग्छ, जबसम्म पुण्यले फल दिँदैन । जव पुण्यले फल दिन्छ, तब उसलाई राम्रो लाग्छ ।

शील-समाधि-प्रज्ञा नै बुद्ध धम्मको सार हो । शीलको पालन गर्दै सदाचारी जीवन बिताएर, आनापान सतिद्वारा चित्तलाई एकाग्र र सूक्ष्म बनाएर, विपस्सनाद्वारा प्रज्ञा जगाएर कुनै पनि व्यक्ति बुद्धत्व प्राप्त गरेर भगवान बन्न सक्छ । भगवानको पालि भाषामा अर्थ हो - भग्ग रागो, भग्ग द्वेषो, भग्ग मोहो ति भगवा, अर्थात् जसले आफ्नो चित्तबाट राग, द्वेष र मोहलाई समूल नष्ट गर्‍यो, ऊ भगवान भयो । भगवान बुद्धले भनेका छन् कि यो शील-समाधि-प्रज्ञाको बाटो सबैका लागि खुल्ला छ । जुनसुकै व्यक्ति यस बाटोमा हिँडेर त्यहाँ पुग्न सक्छ जहाँ स्वयम् भगवान बुद्ध पुगे । तर यसका लागि प्रत्येक मानिसले स्वयम् हिँड्नु पर्छ । तथागतको अर्थ हो तथता अर्थात् सत्यको सहाराले जसले निर्वाण (परमसत्य) को साक्षात्कार गरेको छ । प्रत्येक व्यक्ति जो दुःखबाट छुटकारा पाएर निर्वाण सुख प्राप्त गर्न चाहन्छ, उसले स्वयम् नै शील-समाधि-प्रज्ञाको मार्गमा हिँड्नु पर्नेछ । कसै अरूले कृपा गरेर, अनुकम्पा गरेर, कसैको उद्धार

गर्न सक्दैन । बढीभन्दा बढी कसैले बाटो देखाउन सक्छ, जस्तो भगवान बुद्धले बताए, तर हिँड्नु स्वयम्ले पर्नेछ । देवता, अर्हत पद, भगवान यी सवै चित्तका अवस्थाहरू हुन् । चित्त जसरी-जसरी निर्मल हुँदै जान्छ, प्रेम आनन्द, मैत्री, बन्धुत्व र क्षमाशीलताको भावना वढ्दै जान्छ र मनुष्य उत्तरोत्तर उन्नति गर्दै जान्छ ।

शील र सदाचार, मानव समाजमा प्रेम र बन्धुत्वको आवश्यकतामाथि जोड दिँदै भगवान बुद्धले बताए कि जसरी आगोले आगो निभ्दैन, त्यसरी नै 'वैरले वैर कहिल्यै शान्त हुँदैन', आगो पानीले निभ्छ, त्यसैगरी वैरलाई प्रेम र मैत्रीले मेटाउन सकिन्छ ।

भगवान बुद्धले बोधिसत्व वन्ने सरल मार्ग देखाए । यसका लागि भगवान बुद्धले दस पारिमिताहरूलाई पूर्ण गर्नलाई बल दिए जसले पारिमिताहरू पूर्ण गर्ने सङ्कल्प गरेको छ, बोधि चित्तग्रहण गरेको छ र जो महाकरुणाले भरपूर हुन्छ, यस्तो साधकलाई बोधिसत्व भनिन्छ । यसप्रकार जुनसुकै व्यक्ति बोधिसत्व बन्न सक्छ ।

पारमिताको अर्थ हो पूर्णता । पारमिता पारमी शव्दले वनेको हो, पारमी अर्थात् पार लगाउने, सद्‌गुणहरूको पराकाष्ठा । यी पारमिताहरू यसप्रकार छन् :

१) निष्क्रमण अर्थात् घर छोड्नु,

२) अधिष्ठान अर्थात् दृढ निश्चय,

३) दान अर्थात् प्राप्तिको कत्ति पनि भावना नराखिएको दान,

४) शील अर्थात् सदाचार,

५) शान्ति अर्थात् जतिसुकै उपकार हुँदा पनि चित्तको सहिष्णुता,

६) वीर्य अर्थात् पुरुषार्थ, परिश्रम,

७) ध्यान अर्थात् स्थूल सत्यताबाट सूक्ष्मतम सत्यतासम्म आफ्नो अनुभूतिले जान्नु र निर्वाणको साक्षात्कारसम्म पुग्नु,

८) प्रज्ञा अर्थात् यथाभूत ज्ञान दर्शन,

९) मैत्री अर्थात् मैत्री करुणा, आनन्दको भाव पुष्ट गर्नु,

१०) उपेक्षा अर्थात् सुख, दुःखमा समता भाव ।

हामी यसबेला जेसुकै हौँ, जस्तोसुकै हौँ, जहाँसुकै छौँ, यी सबै अहिलेसम्म गरिएका कार्यहरूका कारण हुन् । जुन समय बितिसक्यो, त्यो कहिल्यै फर्केर आउँदैन । बितिसकेको हिजोको बारेमा सोच्नाले राग र द्वेष मात्र बढ्छन् । भविष्य जहिले आउँछ वर्तमान बनेर नै आउँछ यसैले बुद्ध धम्ममा भूत र भविष्यको कल्पनामा नबाँचेर बर्तमान क्षणको सत्यतामा समता भावले बाँच्नुपर्नेमा बल दिइन्छ । बर्तमानको जो सत्यता छ, जस्तोसुकै छ (यथाभूत) त्यसलाई जानेर र स्वीकार गरेर नै त्यसमा वदलाव ल्याउनलाई कोसिस गर्न सकिन्छ । भगवान बुद्धले भने कि तिमी स्वयम् नै आफ्नो स्वामी हौ । अरू को हुन सक्छ ? आफ्नो गतिलाई, आफ्नो मनलाई वशमा राख र त्यसलाई निर्मलभन्दा निर्मलतम् बनाईरहू । भगवान बुद्धले मनलाई प्रधान मानेका छन् । जस्तो मन हुन्छ, त्यस्तै फल हुन्छ । मनलाई प्रेरणाको मूल मान्दै उनले भने कि जस्तो सोच्ने छौ, त्यस्तो बन्ने छौ, त्यसैले त्यस्तो सोचजस्तो बन्नु छ ।

शत्रुले शत्रुको जति हानि गर्छ, कुमार्गतिर गएको चित्तले मनुष्यलाई त्योभन्दा कताकता वढी हानि गर्छ ।

माता-पिता र अरू नातेदारहरूले मानिसको त्यति भलाइ गर्दैनन् जति भलाइ सन्मार्गतिर गएको चित्तले गर्छ ।

बुद्ध धम्मका अनुसार निसर्ग नियामता नै धम्म हो । अर्थात् प्रकृतिको नियमअनुसार आचरण गर्नु । प्रकृतिका नियमहरू सार्वजनीन, सार्वकालिक र सार्वदेशिक हुन्छन् । प्रकृतिले नश्ल, वर्ण, रंग, रूप, लिंग, उमेर, हैसियत, स्थान आदिमा भेदभाव गर्दैन । प्रकृति वा निसर्गका नियमले जसरी शरीरबाहिर काम गर्छन्, ठीक त्यस्तै प्रकारले शरीरभित्र पनि काम गर्छन् । रिस उठ्दा, लोभ, ईर्ष्या र वासना जाग्दा हर प्राणीले व्याकुल हुनैपर्छ चाहे ऊ जुनसुकै लिंग, जाति, वर्ग, धर्मको होस् वा जुनसुकै देशको होस्, वा जुनसुकै समयको होस् । जो व्यक्ति प्रकृतिका नियमहरूका अनुसार जीवनयापन गर्छ, ऊ सुखी र शान्त रहन्छ र जसले निसर्गका नियमहरूको उल्लङ्घन गर्छ, ऊ दुःखी र व्याकुल हुन्छ, यसको कुनै अपवाद छैन । भगवान बुद्धको धम्म प्रकृतिका नियमहरूमा आधारित छ, यसैले पूर्णतया वैज्ञानिक छ, जसलाई जोसुकैले, जहाँसुकै, जहिलेसुकै परीक्षण गरेर हेर्न सक्छ, परिणाम सधैं एकै किसिमका आउनेछन् । बौद्ध व्यक्तिले नैसर्गिक नियमहरूमा (सृष्टिको कानुनमा) निकै आस्था राख्छ, र जीवनमा त्यसको पालन गर्छ ।

बौद्धहरूमा कुनै सृष्टिको रचयिता वा निर्मातामा विश्वास गर्ने परम्परा छैन ।

सृष्टिको यस्तो कुनै निर्माताको सही ठेगाना पाइँदैन, उसको केवल तर्कहरूका वलमा कल्पना मात्र गरिन्छ । यो सृष्टि पनि कुनै अन्तिम निर्मिति होइन, सृष्टिको सधैँ विकास भइरहन्छ, निसर्गमा सधैँ परिवर्तन भइरहन्छ । प्रत्येक इकाई सधैँ परिवर्तित भई नै रहनछ, केहीवाट केही वनिनै रहन्छ । सृष्टिको चक्रको कहीँ पनि पूर्णविराम छैन, हर ठाउँमा परिवर्तन छ, यसैलाई भगवान बुद्ध भवसंसार भन्छन् ।

दु:ख, यो एक सत्यता हो । मानिसका यी दु:खहरूलाई कसरी हटाउने ? मानिसलाई वास्तविक सुख कसरी मिल्छ ? मानव समाज दु:खमुक्त होस् र वास्तविक सुख-शान्ति कसरी प्राप्त गर्ने ? यसैको हल भगवान बुद्धले खोजेर निकाले र त्यसलाई जीवनपर्यन्त सिकाइरहे । उनले मानवताको पूजा सिकाए, वास्तविक मानव धर्म सिकाए । मानिसले मानिससँग राम्रो व्यवहार गरोस्, एकअर्काका दु:ख-पीडालाई बुझेर तिनलाई हटाउनमा लागोस्, एकअर्कासँग प्रेमभाव र करुणा मैत्रीले व्यवहार गरोस् ; यस्तो भएमा मानव समाज खुसी बन्नेछ ।

केही मानिसहरू तर्क दिन्छन् कि हामीले मात्र धम्म अपनाएर के हुन्छ ? जबसम्म कि अरू मानिसले पनि धम्मलाई अपनाउँदैनन् । यस्ता मानिसहरूले यो बुझ्नुपर्छ कि एक व्यक्ति समाजको एक इकाई हुन्छ । जब एक व्यक्ति धम्म अपनाएर आफ्नो मनलाई राग, द्वेष र मोहवाट मुक्त बनाउँछ, त्यसवेला समाजको कमसे कम एक इकाई त निर्मल हुन्छ । समाजमा एक व्यक्तिको कटुतामा कमी आउँछ । एक व्यक्तिको दु:खमा त कमी आउँछ । व्यक्तिबाटै समाज, समाजबाट देश र देशबाट विश्व बन्छ । यसैले भगवान बुद्धले भने कि प्रसन्न व्यक्तिहरूले नै प्रसन्न विश्वको निर्माण गर्छन् ।

चार आर्य सत्य

आर्य कुन अर्थमा, जुन सत्यताको साक्षात्कार गरेपछि अनार्य व्यक्ति आर्य हुन्छ, आर्य हुन्छ भन्नुको मतलब निर्मल हुन्छ । जो निर्मल हुन्छ, निर्विकार हुन्छ, ऊ ती दिनहरूमा आर्य भनिन्थ्यो, र जसमा विकार हुन्छ, जो सत्पुरुष हुँदैन, जो निर्मल हुँदैन, ऊ अनार्य भनिन्थ्यो ।

आर्यको अर्थ हो सत्पुरुष, साधु, सन्त पुरुष, ज्ञानी, शीलवान र सदाचारी मान्छे । सत्य त्यसलाई भन्छन्, जसमा कुनै पनि तर्क या युक्तिद्वारा कहिल्यै पनि वैपरीत्य ल्याउन नसकियोस् । श्रेष्ठ ज्ञानीजनहरूद्वारा अनुभव गरिएका र अनुमोदित गरिएका सत्यलाई आर्य सत्य भन्छन् । चार आर्य सत्य मनुष्यको जीवन जगतका

ठोस सत्यता हुन् । भगवान बुद्धले मानव कल्याणका लागि चार आर्य सत्यको कुरा ठूलो अनुसन्धानपछि भनेका छन् :

१) दु:ख आर्य सत्य,

२) दु:ख समुदय आर्य सत्य,

३) दु:ख निरोध आर्य सत्य,

४) दु:ख निरोधगामिनी पटिपदा आर्य सत्य ।

१) दु:ख आर्य सत्य :

मानव जीवनमा कैयौं प्रकारका दुखहरू विद्यमान छन्, संसारमा जन्म लिनु दु:ख हो, हर बालक रुँदै जन्म लिन्छ । कुनै पनि मानिस विमार हुन चाहँदैन र न बिमारीको पीडा नै सहन चाहन्छ । रोगहरूले ग्रस्त हुनु दु:ख हो । बूढो हुनु दु:खमय कुरा हो । बुढेसकालमा कैयौं रोगहरूले समात्छन् । कुनै पनि व्यक्ति बूढो हुन चाहँदैन । कुनै पनि जीवसत्व मर्न चाहँदैन, अत: मृत्यु पनि दु:खमय कुरा हो । व्याकुलता, शोकाकुल मनोदशा दु:खदायक हुन्, बेचैनी, अशान्ति, पश्चाताप दु:खदायक हुन् । प्रिय व्यक्ति, वस्तु वा स्थितिको वियोग हुनु, बिछोड हुनु दु:खमय हो । अप्रिय व्यक्ति र वस्तु या स्थितिसँग संयोग हुनु दु:खकर हो । हामी जेजस्तो चाहन्छौं, जसको इच्छा कामना गर्छौं, यदि हाम्रो त्यो चाहना या इच्छा पूरा भएन भने निकै दु:ख लाग्छ । नचाहेको कुनै कुरा भयो भने पनि दु:ख लाग्छ । जस्तो चाह्यो त्यस्तो भएन भने पनि दु:ख लाग्छ । सङ्क्षेपमा हेर्ने हो भने मनका पाँचै उपदान स्कन्ध नै दु:ख हुन् । प्रत्येक व्यक्ति जसले यस संसारमा जन्म लिएको छ, उसले यस्ता दु:खहरू बेहोर्नु नै पर्छ । यही हो पहिलो दु:ख आर्य सत्य ।

२) दु:ख समुदय आर्य सत्य :

जेजति दु:ख हुन्छ, त्यो आफैं या विनाकारण हुँदैन । प्रत्येक दु:खका पछाडि केही न केही कारण अवश्य छ । यो सत्य दोस्रो आर्य सत्य मानिन्छ । दु:खको मूल कारण हो - तृष्णा । आसक्ति या तृष्णाले नै अनेक दु:खहरूको निर्माण गर्छ । मनुष्य कहिल्यै पनि आफ्नो वर्तमान स्थितिसँग सन्तुष्ट नभएर सधैं त्यसका लागि भागिरहन्छ जो उसँग छैन । तृष्णाको उदयसँगै दु:खको समुदय हुन्छ ।

३) दु:ख निरोध आर्य सत्य :

जहाँ दु:खहरूको उदय हुन्छ, त्यहाँ निवारण पनि हुन्छ । जुन तृष्णा निर्मित हुन्छ, त्यस तृष्णालाई नष्ट गर्न सकिन्छ । यस सत्यतालाई दु:ख निरोध आर्य सत्य भनिन्छ । दु:खका कारणहरूको निवारणले निर्वाण सुख प्राप्त हुन्छ ।

४) दुःख निरोधगशमिनी पटिपदा आर्य सत्य, मार्ग:

तथागतले भने कि विषय-भोगहरूमा मोजमस्ती या शरीरलाई कष्ट दिने खाले तपसाधना यी दुवै अति कुराहरू छाडेर मध्यम मार्गको अवलम्बन गर्नुपर्छ । यस मध्यम मार्गमा हिँडेर दुःखका सबै कारणहरूलाई र दुःखहरूलाई मेटाउन सकिन्छ र निर्वाणसुखको प्राप्ति हुन्छ, यस्तो मार्गलाई आष्टाङ्गिक मार्ग भन्छन् ।

यी चार आर्यसत्यहरूलाई अनुभूतिमा उतार्नुपर्ने हुन्छ, र मध्यम मार्गमा हिँड्ने व्यक्तिले मात्र यी चार आर्य सत्यहरूलाई अनुभूतिमा उतार्न सक्छ ।

आर्य आष्टाङ्गिक मार्ग

आर्य आष्टाङ्गिक मार्ग भगवान बुद्धको अद्भूत खोज थियो । सबै दुःखहरूबाट वर्तमान जीवनमा नै मुक्ति पाउनका लागि र यसै जीवनमा वास्तविक सुखशान्तिलाई प्राप्त गर्नका लागि भगवान बुद्धले आर्य आष्टाङ्गिक मार्ग देखाएका छन् । आष्टाङ्गिक मार्ग कुनै एक सम्प्रदायको नभएर सार्वजनीन मार्ग हो किनकि यो प्रकृतिका नियमहरूमा आधारित छ । जोसुकै व्यक्ति यस मार्गमा हिँड्छ, ऊ दुःखहरूबाट मुक्त हुन्छ नै । यसलाई स्वयम्ले अनुभव गरेर बुझ्नु आवश्यक छ । यसका आठ अङ्गहरू यसप्रकार छन् :

१) सम्यक् दृष्टि:

सम्यक दृष्टि अर्थात् सम्यक् दर्शन । यहाँ दर्शन शब्दको सही र वास्तविक अर्थ हो - जुन कुरा, जुन वस्तु जस्तो छ, त्यसलाई त्यस्तै त्यसको गुण-धर्म-स्वभावमा हेर्नु अर्थात् अनुभवले जान्नु । अतः वास्तविक दर्शन, प्रत्येक वस्तु-व्यक्ति तथा स्थितिको यथाभूत दर्शन, सत्य दर्शन, यथाभूत ज्ञान दर्शनलाई नै सम्यक् दृष्टि भनिन्छ । यसको अनुभव विपस्सना साधनाद्वारा गर्न सकिन्छ ।

२) सम्यक सङ्कल्प :

सङ्कल्प अर्थात् चिन्तन-मनन । हाम्रो सङ्कल्प, हाम्रो सोच सही र सकारात्मक हुनुपर्छ । अर्थात् खराब-दूषित विचारहरूबाट मुक्त, रागरहित, द्वेषरहित र मोहरहित चिन्तन-मननलाई सम्यक सङ्कल्प भनिन्छ । सम्यक् स्मृतिको अभ्यास गर्दागर्दै विपस्सना साधनाद्वारा सम्यक् सङ्कल्पको अभ्यास गर्न सकिन्छ ।

३) सम्यक् वचन:

हाम्रो वाणी सम्यक् होस् अर्थात् हामी झूटो नबोलौं, तीतो (कटु) भाषा बोलेर

कसैको मन नदुखाऔँ, कसैको निन्दा नगरौँ, कसैको कुरा नलगाऔँ, गाली-गलौज नगरौँ । मधुर बोली बोलौँ, सत्यवादी बनौँ । वाणी मृदु र संयमित होस् । वाणी यस्तो होस्, जसले दुई पक्षहरूलाई जोड्ने काम गरोस्, प्रेमभाव, मैत्री भाव, बन्धुभाव बढाउने काम गरोस्, यस्तो वाणीलाई सम्यक् वाणी भनिन्छ ।

४) सम्यक कर्म :

मन, वचन र शरीरद्वारा गरिने कार्य सम्यक् होऊन् अर्थात् ठीक होऊन् । मिथ्याचार, परस्त्रीगमन, व्यभिचार असम्यक् कर्म हुन् । कसै अरूको वस्तु चोर्नु, चोरी गर्नु असम्यक् कर्म हो, लागूपदार्थको सेवन गर्नु असम्यक् कर्म हो । अरूलाई क्षति पुऱ्याउनु, कुनै प्राणीको हत्या गर्नु असम्यक् कर्म हो । शरीर, वचन र मनले यी दुष्कर्महरूबाट सर्वथा टाढै रहेमा मात्र सम्यक् कर्म हुनेछ ।

५) सम्यक् आजीविका :

हर व्यक्तिले आफ्नो परिवारको भरणपोषणका लागि कुनै न कुनै कार्य गर्नु आवश्यक छ । हाम्रो आजीविकाको बाटो सम्यक् अर्थात् सही हुनुपर्छ । आजीविकाको साधनमा कुनै व्यक्तिलाई हानि हुनु हुन्न । कसैलाई धोका दिनु हुन्न । अरूलाई हानि पुऱ्याएर, लुटेर, चोरेर, ठगेर या धोका दिएर यदि जीविका चलाइन्छ भने त्यो असम्यक् आजीविका हो । केवल पैसा कमाउनका लागि यस्ता व्यापार-धन्धा या कार्यहरू नगरौँ जसले अन्य मानिसहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष हानि पुऱ्याउँछन् । लागू एवम् मादक पदार्थहरूको व्यापार, विषालु पदार्थहरूको व्यापार असम्यक् हो । मांश-मदिराको व्यापार, प्राणीहरूको व्यापार, हातहतियारको व्यापार असम्यक् हो ।

६) सम्यक् व्यायामः

मनको कमजोरी हटाउनको लागि, मनको विकार हटाउनका लागि मनको व्यायाम आवश्यक छ । मनको स्वयम् परीक्षण गरौँ । यदि यस तथ्यको अनुभव भयो कि मनमा केही खराबी या दुर्गुण छन् भने तिनलाई निकाल्ने प्रयास गरौँ । कुनै पनि किसिमका अवगुण या दुर्गुणहरू हामीभित्र आउन नपाऊन्, यस कुरामा स्वयम् सजग रहौँ । मनमा असल कुराहरू र सद्‌गुणहरूलाई बसालौँ । सद्‌गुणहरू आर्जन गर्नका लागि सधैँ तत्पर रहौँ, आफ्ना सद्‌गुणहरूमा सधैँ वृद्धि गर्ने प्रयास गरौँ । अरूमा केही असल गुणहरू देखिए भने तिनलाई ग्रहण गर्ने प्रयास गरौँ ।

आफ्नो चित्तलाई सद्‌गुणहरूतिर अग्रसर गर्नेहरू यस मानसिक प्रयासलाई सम्यक् व्यायाम भन्छन् ।

७) सम्यक स्मृति:

स्मृतिको अर्थ हो - जागरुकता, सजगता । वर्तमान क्षणमा शरीरमा हुने संवेदनाहरूकाप्रति सजगता र जागरुकता । शरीर र चित्तमा स्वभावगत हिसाबले हुने क्रिया-प्रतिक्रियाहरूकाप्रति सचेत रहेर, जागरुक रहेर त्यस वास्तविकतालाई, त्यस सत्यतालाई समता भावले हेर्नु, बुझ्नु, यही सम्यक स्मृति हो । अर्थात् शरीरमा जुनबेला जुनसुकै र जस्तोसुकै संवेदना भइरहेको छ, त्यसको यथाभूत ज्ञान दर्शन, विपस्सनाद्वारा नै यसको अभ्यास गर्न सकिन्छ ।

८) सम्यक् समाधि :

समाधि अर्थात् मनको एकाग्रता । चित्तको एकाग्रता लाभदायक हुन्छ । मन कुनै पनि आलम्बनले एकाग्र नहुन सक्छ । विकारहरूले भरिएको मन पनि एकाग्र नहुन सक्छ । अत: मनको एकाग्रता मात्र सम्यक् समाधि होइन, अपितु जुन आलम्बनद्वारा मन एकाग्र गरिँदै छ, त्यसलाई लिएर यदि हामी राग, द्वेष, मोह पैदा गर्छौं भने यो सम्यक समाधि भएन । आलम्बन रागविहीन, द्वेषविहीन र मोहविहीन हुनु आवश्यक छ । यही सम्यक समाधि हो । अत: कुशल चित्त र निर्मल चित्तको एकाग्रतालाई नै सम्यक समाधि भन्छन् । आनापान सतिको अभ्यासले सम्यक् समाधि उपलब्ध हुन सक्छ । विपस्सना साधनाद्वारा सम्यक् समाधिको योग अभ्यास गर्न सकिन्छ ।

सम्यक्को अर्थ हो सही, सम्यक्कको अर्थ हो साँचो ।

यो आर्य आष्टाङ्गिक मार्ग सबै दु:खहरूबाट मुक्ति पाउने र वास्तविक सुख, शान्तिले जीवन जिउने अनमोल बाटो हो । यसले वर्तमान जीवनमा नै निर्वाणको साक्षात्कार गराउन सक्छ । यसमा मनलाई वशमा राख्न र निर्मल राख्नमा विशेष जोड दिइएको छ, किनकि सबै अवस्थाहरू सर्वप्रथम मनमा उत्पन्न हुन्छन् । मन नै प्रधान हो । मलिन एवम् दूषित मनले बोल्दा या कार्य गर्दा दु:ख पछाडि-पछाडि त्यत्तिकै लाग्छ जसरी गोरुगाडाका पाङ्ग्राहरू गोरुगाडाका गोरुहरूका पछाडि । जब मनुष्य स्वच्छ, निर्मल मनले बोल्छ या कर्म गर्छ, त्यसबेला सुख उसको पछाडि त्यसरी नै लाग्छ जसरी तपाईंको आफ्नो छाया ।

भगवान बुद्धले धम्मको सार यी शब्दहरूमा बताएका छन् :

'सब्बपापस्य अकरणं कुसलस्स उपसम्पदा ।

सचित्तपरियोदपणं एतं बुद्धान सासनं ॥'

अर्थात्, कुनै पापकार्यहरू गर्नु हुँदैन, कुशल कार्यहरू सधैं गरिरहनु पर्छ र आफ्नो चित्तलाई सधैं पूर्णतः शुद्ध निर्मल राखिरहनुपर्छ ; यही सबै बुद्धहरूको शिक्षा हो ।

यो आर्य आष्टाङ्गिक मार्ग स्वयम्मा पूर्णतया शुद्ध र परिपूर्ण छ केवल परिपूर्ण, केवल परिशुद्ध अर्थात् यसमा केही पनि अरू जोड्ने आवश्यकता छैन, किनकि यो पहिलदेखि नै परिपूर्ण छ । यसैप्रकार यसबाट केही पनि निकाल्नुपर्ने आवश्यकता छैन किनकि यो पहिलेदेखि नै परिशुद्ध छ ।

भगवान बुद्धले पटकपटक यस कुरामा जोड दिए कि धम्मका सुत्तहरू पढ्नाले र कण्ठ गर्नाले या गाउनाले त्यस बेलासम्म कुनै कल्याण हुनेछैन जबसम्म कि त्यसमाथि स्वयम् परीक्षण गरिँदैन र त्यसमाथि हिँडेर आफ्नो अनुभवमा उतारिँदैन । भगवान बुद्धले भने कि धम्मका कुराहरूलाई केवल कण्ठ पार्नेको दशा त्यस ग्वालाको जस्तो हुन्छ जो अरूका गाईहरू चराउँछ र दिनभरि चराएर साँझ यो गिन्ती गर्छ कि कसका कति गाईहरू थिए र त्यति नै गाईहरू फर्के कि फर्केनन्, तर ती गाईहरूको दूधको एक थोपा पनि त्यस ग्वालाले पाउँदैन । यसैप्रकार धम्मको बाटोमा नहिँडेर मात्र धम्मका कुराहरूको चर्चा गर्नु र तिनमाथि बहस गर्नेहरूको हालत पनि अरूका गाईहरू चराउने ग्वालाहरूको जस्तै हुन्छ । भगवान बुद्धको जीवनमा एक घटनाबाट यो कुरा झनै पुष्टि हुन्छ :

भगवान बुद्ध श्रावस्तीमा अनाथपिण्डकको जेतवन विहारमा घुम्थे र मानिसहरूलाई धम्म सिकाउँथे । एक दिन एक उपासक भगवानसँग एकान्तमा भेट्न आयो र भन्यो कि भगवान, तपाईंले अनगिन्ती मानिसहरूलाई धम्मदीक्षा दिनुभएको छ, जसमा तीन प्रकारका मानिसहरू छन् । एउटा त यस्ता मानिसहरू छन् जो पूरै किसिमले धम्मको बाटोमा हिँडिरहेका छन, शील-सदाचारको जीवन व्यतीत गरिरहेका छन् र शील-समाधि-प्रज्ञामा प्रतिस्थापित छन् । तिनका अनुहारको शान्ति, तिनको व्यवहार र तिनको रहनसहन इत्यादि देखेर जोसुकैले पनि बुझ्न सक्छ कि ती मानिसहरू राग-द्वेष-मोहबाट मुक्त भइसकेका छन्, अर्हत पदलाई प्राप्त गरिसकेका छन् अर्थात् अर्हत भइसकेका छन् ।

निकै मानिसहरू यस्ता छन् जो राग-द्वेष-मोहले झनै पूरै किसिमले मुक्त त भएका

छैनन्, तर यथासम्भव शील एवम् सदाचारको जीवन जिउँछन् । उनीहरूका अनुहारको शान्ति र कान्ति, व्यवहारमा शालीनता र रहनसहनबाट पनि यो कुरा स्पष्ट देखापर्छ कि उनीहरूलाई धम्मको बाटोमा हिँड्नाले निकै लाभ भएको छ । तेस्रो, यस्ता पनि मानिसहरू छन् जसमध्ये म पनि एउटा हुँ जो धम्मचर्चा त सधैं सुन्छन्, तर धम्ममाथि डुब्न सक्दैनन् । यसैले भगवान, यतिका दिनसम्म धम्मचर्चा सुनिसकेपछि पनि कुनै खास फाइदा भएको देखिएन । यसैले हे भगवान, तपाईं त सर्वज्ञानी हुनुहुन्छ, भूत भविष्यलाई जान्नुहुन्छ, सम्यक् सम्बुद्ध हुनुहुन्छ, सर्वशक्तिमान हुनुहुन्छ भने तपाईं कृपा गरेर हामी सबैलाई किन तार्नुहुन्न र मोक्ष दिलाउनुहुन्न ?

भगवान बुद्धले उसको मनस्थिति बुझेर उसँग प्रतिप्रश्न गरे कि ऊ कहाँको वासिन्दा हो । उसले जवाफ दियो कि ऊ श्रावस्तीमा नै व्यापार गर्छ, तर मगधको वासिन्दा हो । भगवानले उसँग सोधे कि श्रावस्तीमा जो उसका मित्रहरू छन्, उनीहरूमध्ये कोही मगध जाने बाटो सोध्दा होलान्, अनि के ऊ बताइदिन्छ ? उसले भन्यो - भगवान, त्यो निकै राम्ररी बताइदिन्छ र सम्झाई पनि दिन्छ कि श्रवास्तीबाट बनारस जाऊ, बनारसबाट बोधगया-पटना-मगध । उसले भन्यो कि ऊ त बाटो निकै राम्रोसँग सम्झाउँछ । भगवान बुद्धले मुस्कुराएर सोधे - त्यसो भए तिनीहरू सबै जसलाई उसले मगधको बाटो बोलायो, तिनीहरू त्यत्तिकै मगध पुगे । उसले लजाउँदै भन्यो कि भगवान्, उनीहरू सबै बाटो थाहा पाएर मात्र त्यत्तिकै कसरी पुग्छन् जबसम्म कि त्यस बाटोमा हिँडेर मगधसम्मको दूरी पूरा गर्दैनन् । भगवान बुद्धले मुस्कुराउँदै भने, यही कुरा त म पनि सम्झाउँदै छु कि म तथागत हुँ, मलाई राग-द्वेष-मोहबाट र दुःखबाट मुक्त हुने मार्ग थाहा छ किनकि म स्वयम् त्यस बाटोमा सत्यताको सहाराले हिँडेर पूरै किसिमले मुक्त भएको छु, र जो कोही यस बाटोमा हिँड्छ, ऊ दुःखबाट मुक्त हुन्छ । जब कुनै मानिस मैले बताएको शील-समाधि-प्रज्ञाको मार्गमा हिँड्दैन, शील-सदाचारको जीवन जिउँदैन र यहीं बसीबसी बुद्धम् शरणम् गच्छामिको जप मात्र गरिरहन्छ भने ऊ कसरी राग-द्वेष-मोहबाट र दुःखबाट मुक्त हुन सक्छ यो कुरा सुनेर त्यस व्यक्तिको मनका सारा शङ्काहरू समाप्त भए र ऊ धम्मको बाटोमा हिँडेर विपस्सना गर्दागर्दा मुक्त भयो ।

भगवान बुद्धभन्दा पहिले धेरैजसो मानिसहरू, विशेषतः वैदिक संस्कृतिबाट प्रभावित मानिसहरूको यो मान्यता थियो कि हामी जो कर्म गर्दैछौं, त्यसको फल मृत्युपछि मिल्नेछ र असल कर्म गर्नेहरूलाई स्वर्ग र खराब कर्म गर्नेहरूलाई नर्क प्राप्त

हुनेछ । वर्तमान जीवनको सत्यता र आम मानिसका समस्याहरू तथा उसका सुख एवम् दु:खको करिबकरिब उपेक्षा नै गरिन्थ्यो । भगवान बुद्धको सबैभन्दा ठूलो योगदान यो हो कि उनले वर्तमान जीवनको सत्यतामाथि बल दिए । धम्मको सम्पूर्ण मार्ग नै मनुष्यका दिन-प्रतिदिनका समस्याहरू र उसको जीवनका सुख-दु:खहरूसँग सम्बन्धित छ । बुद्धको सम्पूर्ण शिक्षा नै लौकिक हो, जसमा कर्म गर्नु र त्यसको फल आउनुमा कुनै समय अन्तराल छैन । यसैले धर्मलाई अकालिक भनिन्छ । यदि हामी असल कर्म गर्छौं भने त्यसको फल असल नै आउँछ र तुरुन्त आउँछ । यदि हामी खराब कर्म गर्छौं भने त्यसको फल खराब नै आउँछ । यसका लागि मृत्युपछि कुनै अरू पराशक्ति, दैवी शक्तिको फैसलाको आवश्यकता छैन । क्रोध गर्नाले, लागू पदार्थको सेवन गर्नाले, दुराग्रही हुनाले, धर्मान्ध हुनाले, धोकेबाज हुनाले, ईर्ष्यालु हुनाले, आत्मप्रशंसक हुनाले, परनिन्दक हुनाले, घमण्डी हुनाले र खराब विचार राख्नाले मानिस अपवित्र हुन्छ ।

शील र सदाचारको जीवन बाँच । सावधान रहू ताकि इन्द्रियहरू राम्ररी संयत रहून् । कुनै पनि यस्तो वेदना नहोस् जसले तिम्रा खुट्टाहरूलाई भूमिमा रहन नदेओस् । खानपिनमा मर्यादित रहू, जागरुक रहू, सावधान रहू । एकान्तमा इन्द्रिय-संयमी रहू, पाँचै नीवरणहरूले रहित बन र ध्यानहरूको अभ्यास गर ।

एक कमजोर र अल्छी मानिसका लागि यस धर्म विनयमा न फलको प्राप्ति छ न अर्हत्वको प्राप्ति छ । जो सतत् साधना गर्छन्, उनीहरू नै सफल हुन्छन् । प्रमाद सबै अरू नैतिक विमारीहरूको मूलमा छ । जो आफू स्वयम्लाई प्रमादबाट मुक्त गर्न सक्छ, ऊ सबै अरू नैतिक बिमारीहरूबाट पनि मुक्त हुनेछ ।

मनुष्य र मानव समाजको कल्याण नै बुद्धका शिक्षाहरूको केन्द्र हो ।

श्रावस्तीको जेतवन उद्यानमा मङ्गलसुत्तको उपदेश दिँदै भगवान बुद्धले भने कि अज्ञानीहरूबाट टाढा रहनू, ज्ञानीहरूको सङ्गत गर्नू, जो पूज्य छन्, तिनको पूजा गर्नू, उपयुक्त देशमा बस्नू, पूर्वकर्महरूको सञ्चित पुण्य हुनू, स्वयम्लाई सम्यक् रूपले समाहित राख्नू, अनेक विद्याहरू र शिल्पकलाहरूमा निपुण हुनू, विनय स्वभावमा सुशिक्षित हुनू, कुराकानीमा मृदुभाषी हुनू, मातापिताको सेवा गर्नू, परिवारको पालन-पोषण गर्नु, व्याकल नगर्ने खाले निष्पाप व्यवसाय गर्नू, दान दिनू, धम्माचरण गर्नू, आफन्तहरूको सहायता गर्नू, दुष्कर्म नगर्नू, तनमनले पापहरूको त्याग गर्नू, लागू पदार्थहरूको सेवनबाट टाढा रहनू, कुशल धर्महरूको पालनामा सधैं सचेत रहनू, सन्तुष्ट रहनू, कृतज्ञ रहनू, उचित समयमा धर्म सुन्नु, सहनशील हुनु, आज्ञाकारी हुनू, भिक्षुहरूको दर्शन गर्नू, उचित समयमा धर्म चर्चा

गर्नू, ध्यान गर्नू, ब्रम्हचर्य पालन गर्नू, चार आर्य सत्यहरूको अनुभव गर्नू, निर्वाणको साक्षात्कार गर्नू, लाभ-हानि, यस-अपयश, निन्द्रा-प्रशंसा, सुख र दु:ख यी आठ प्रकारका लोक धर्महरूको स्पर्शबाट चित्तलाई विचलित हुन नदिनू, नि:शोक निर्मल र निर्भय रहनू । जो उपर्युक्त मङ्गलधर्महरूको पालना गर्दै सर्वत्र कल्याणलाभ गर्छन्, ती मङ्गलमार्गीहरूका लागि यही श्रेष्ठ मङ्गल हो ।

उपर्युक्त सुत्तमा धम्मको सम्पूर्ण सार समाहित छ ।

भगवान बुद्धले आफ्नो सम्पूर्ण शिक्षामा वैज्ञानिक दृष्टिकोण अपनाए र पटिच्चसमुप्पादद्वारा यो सिद्ध गरे कि वास्तवमा अहम् र आत्माको कुनै अस्तित्व छैन । संसारमा प्रत्येक वस्तु र घटना अरू धेरैजसो चीज र परिस्थितिहरूमाथि निर्भर हुन्छन् र तिनको परिणाम हुन् ।

चौथो अध्याय

पटिच्चसमुप्पाद

पटिच्चसमुप्पादको नियम भगवान बुद्धको अद्‌भूत खोज हो । पटिच्चसमुप्पादको अर्थ हो- कुनै न कुनै कारणले गर्दा केही न केही को उत्पत्ति । भगवान बुद्धले भने: 'इमासमिम इदं होति, इमासमिम असति इदं न होति ।' यो हुन्छ भने यो हुन्छ, यो हुन्न भने यो पनि हुन्न । जोसुकैको निर्माण, जो सुकैको उत्पत्ति, जोसुकैको विनाश कुनै न कुनै कारणले हुन्छ । यसैले पटिच्चसमुप्पादलाई कारण र कार्य अथवा परस्पर सम्वर्धनको नियम पनि भनिन्छ । यस प्रकृतिमा, सम्पूर्ण अस्तित्वमा जेजति विद्यमान छ, जीव-निर्जीव, सानो वा ठूलो, केही पनि यस नियमको अपवाद छैन । सम्पूर्ण विश्वमा कतै पनि विनाकारण केही पनि हुँदैन ।

दुनियाँमा यदि हिंसा र आतङ्कवाद छ भने यसको मतलब हो कि केही मानिसहरूको मन र दिमागमा भय, असुरक्षा, क्रोध र घृणा भरिएको छ र सम्बन्धित सरकारहरूका साथै प्रशासनले प्रभावित मानिसहरूका गुनासा र त्रासहरूलाई हटाउन सकिरहेका छैनन् र उनीहरूभित्र विश्वास जगाउन सकिरहेका छैनन् । यदि मानिसहरू भोकले मरिरहेका छन् भने यसको कारण हो कि उनीहरूसँग अनाज किन्नको लागि पैसा छैन । यदि मानिसहरू गरिब छन् भने यसकारण कि उनीहरू वेरोजगार छन् र उनीहरूसँग आम्दानीको साधन छैन वा जेजति कमाइरहेका छन् त्योभन्दा बढी खर्च गरिरहेका छन् वा कसैले उनीहरूको शोषण गरिरहेको छ । यसै प्रकार मानिसहरू यदि बिमार छन् भने यसकारण कि उनीहरू या त

अस्वस्थकर परिस्थितिहरूमा रहनका लागि बाध्य छन् या फेरि पेटभरि खाना पाइरहेका छैनन् या उनीहरू शारीरिक मिहिनेत गरिरहेका छैनन् या फेरि आफ्नो दिनचर्या गलत ढङ्गले प्रकृतिका नियमबिरुद्ध बिताइरहेका छन् या फेरि कुनै रोगले आक्रान्त छन् र उपचार पाइरहेका छैनन् । तर हरवस्तु र घटनाका पछाडि कुनै न कुनै कारण अवश्य छ । विनाकारण यस दुनियाँमा केही पनि हुँदैन । यसैले पटिच्चसमुप्पादलाई कारण र प्रभावको नियम पनि भन्छन् । भगवान बुद्धले पटिच्चसमुप्पादलाई आफ्ना शिक्षाहरूको आधार बनाए ।

भगवान बुद्धले बताए कि मन र शरीरले लगातार एकअर्कासँग प्रतिक्रिया गरेर एकअर्कालाई प्रभावित गर्छन् र प्रभावित भइरहन्छन् । मन र शरीरको गहिरो सम्बन्ध छ, इन्द्रियहरूको विषयहरूसँग टकराव भई नै रहन्छ जसको कारणले शरीरका जैव रासायनिक र विद्युत चुम्बकीय प्रतिक्रियाहरू लगातार भइरहन्छन् । यसका कारणले शरीरमा सुखद, दुःखद् र न सुखद, न दुःखद् संवेदनाहरू उत्पन्न भई नै रहन्छन् । सुखद संवेदनाहरूप्रति राग एवम् दुःखद संवेदनाहरूप्रति द्वेष लगातार जागी नै रहन्छ । अवचेतन मनले लगातार राग-द्वेष जगाई रहन्छ र राग- द्वेषका संखार बनाइरहन्छ ।

इन्द्रियहरूको जव आफ्ना विषयहरूसँग टकराव हुन्छ जस्तो कि आँखाको रूपसँग, कानको ध्वनिसँग, नाकको गन्धसँग, जिभ्रोको स्वादसँग, त्वचाको स्पर्शसँग र मनको विचारसँग त्यसबेला मानसको पहिलो हिस्सा जसलाई त्यसबेलाको भाषामा विज्ञान भन्थे, त्यसले यो सूचित गर्छ कि केही टकराव भयो र यस्तो हुनासाथ पूरै शरीरमा एक तरङ्ग प्रवाहित हुन्छ, जस्तो कि काँसको भाँडामा हान्दा हुन्छ । यस्तो हुनासाथ मानसको दोस्रो हिस्सा जसलाई ती दिनहरूको भाषमा 'संज्ञा' भनिन्थ्यो, त्यसले टकरावको सङ्ग्रहित जानकारीहरूका आधारमा मूल्याङ्कन गरेर फैसला सुनाउँछ कि जुन टकराव भयो त्यो सुखद हो या दुःखद् या न सुखद हो न दुःखद् । उदाहरणका निम्ति हामी जुन भाषा जान्दछौँ या बुझ्न सक्छौँ त्यस भाषामा यदि कसैले हाम्रो प्रशंसा गर्छ, कुनै सुखद समाचार दिन्छ भने हामी खुशी हुन्छौँ, हामीभित्र सुखद तरङ्गहरू प्रवाहित हुन थाल्छन् र यदि गाली गर्छ वा निन्दा गर्छ, अपमान गर्छ या कुनै यस्तो कुरा भन्छ जो हामीलाई राम्रो लाग्दैन, त्यस बेला हामीलाई खराब लाग्छ र दुःखद् तरङ्गहरू प्रवाहित हुन्छन् । तर हाम्रो त्यो प्रशंसा या बदख्वाई कुनै यस्तो भाषामा गरिन्छ जुन हामी बुझ्दैनौँ, त्यस बेला भने त्यसप्रति हाम्रो कुनै प्रतिक्रिया हुँदैन । किनकि 'संज्ञा' ले त सङ्ग्रहित सूचनाहरूका आधारमा मूल्याङ्कन गर्छ र त्यस भाषाको ज्ञान नभएको

कारणले 'संज्ञा' ले फैसला गर्न सक्दैन । यो ठ्याक्कै त्यस्तो हो जस्तो कि कम्प्युटरमा कुनै यस्तो डिस्क हालियोस् जसको सफ्टवेयर कम्प्युटरमा छैन भने त त्यस डिस्कलाई कम्प्युटरले पढ्न सक्दैन । तर यदि त्यो सफ्टवेयर कम्प्युटरमा छ भने त उसले तुरुन्त पढी हाल्छ । ठीक यसै प्रकार, यो फैसला हुनेबित्तिकै कि जुन टकराव भयो या जुन सूचना पाइयो त्यो सुखद हो या दुःखद्, मानसको तेस्रो हिस्सा जसलाई त्यस बेलाको भाषामा 'वेदना' भनिन्थ्यो, त्यसले आफ्नो काम गर्छ र शरीरमा जुन तरङ्गहरू उत्पन्न भएका थिए ती दुःखद् या सुखद तरङ्गहरू संवेदनाहरूमा बदलिन्छन् र यी संवेदनाहरू उत्पन्न हुनेबित्तिकै मानसको चौथो हिस्सा जसलाई ती दिनहरूका भाषामा 'संखार' भनिन्थ्यो, त्यसले आफ्नो काम आरम्भ गर्छ र सुखद संवेदनाहरूकाप्रति राग र दुःखद् संवेदनाहरूप्रति राग पैदा गर्छौं र यदि दुःखद संवेदना छ भने हामी त्यसप्रति द्वेष जगाउँछ । यदि संवेदना सुखद हुन्छ भने हामी त्यसप्रति द्वेष पैदा गर्छौं । यो जो राग-द्वेषको प्रतिक्रिया हुन्छ, त्यसका कारणले मानस-पटलमा एक प्रतिविम्व या छवि बन्छ जसलाई पालि भाषामा संखार भनिन्छ । यी संखार तीन प्रकारका हुन्छन्:

पहिलो प्रकारका संखार पानीमाथि खिँचिएका रेखाहरू जस्तै हुन्छन् । यी संखार वन्नेबित्तिकै मेटिन्छन् या केही बेरपछि मेटिन्छन् । यिनको अवधि लामो हुँदैन । उदाहरणका रूपमा हामी सधैं अखबार र पत्र-पत्रिकाहरू पढ्छौं, रेडियो र टेलिभिजन सुन्छौं-हेर्छौं, खाना खान्छौं, तर यदि कसैले याद गर्न चाह्यो कि केही महिनाअगाडि कुन दिन कुन क्षण के पढेको थियो, के सुनेको थियो, के हेरेको थियो या के खाएको थियो, त्यस बेला याद गर्न मुस्किल हुनेछ, किनकि यी संखार अति नै अस्थायी हुन्छन् ।

दोस्रो प्रकारका संखार बालुवामाथि खिँचिएका रेखाहरू जस्तै हुन्छन् जसलाई मेटिन केही समय लाग्छ । उदाहरणका रूपमा अखबारको कुनै यस्तो खबर जसले हाम्रो हृदयलाई छुन्छ र कैयौं दिनसम्म त्यसका बारेमा हामी सोचिरहन्छौं या यस्तो कुनै दृश्य जो हामीलाई कैयौं दिनसम्म याद आइरहन्छ या कुनै यस्तो उत्सव जसलाई हामी कैयौं दिनसम्म सम्झिराख्छौं । यस प्रकारका संखार समय वित्दै जाँदा मेटिन्छन् ।

तेस्रो किसिमका संखार ढुङ्गामाथि खिँचिएका रेखासमान हुन्छन् जुन अन्तर्मनको गहिराइहरूसम्म बस्छन् र जसलाई समाप्त हुनमा निकै लामो समय लाग्छ । उदाहरणका रूपमा आफन्तहरूको मृत्यु र उनीहरूसँगको बिछोड, कुनै अति सुखद या दुःखद् घटना जो बिर्सेर बिर्सिन्न र हामीले नचाहेरै अक्सर मानसपटलमा

आइरहन्छन् र याद आइरहन्छन् । यी संखार निकै गहिरा हुन्छन् र हामीलाई सबैभन्दा वढी व्याकुल बनाउँछन् । जब जब यी संखारले टाउको उठाउँछन्, तब-तब हामीभित्र राग र द्वेष बढ्दै जान्छ ।

यी संखारहरू बन्ने मूल कारण यिनका स्वभावप्रति हामी अज्ञान हुनु हो । अज्ञानको कारण यिनकाप्रति अन्जानमै लगाव पैदा गरिहाल्छौं र मन त्यसैमा गोता लगाइरहन्छ । अज्ञानका कारणले बन्ने यी संखारहरूका कारणले भवचक्र अवाध गतिले चलि नै रहन्छ । यसै सिद्धान्तलाई पटिच्चसमुप्पाद भन्छन् । भगवान बुद्धले यसलाई दुःख चक्रको अनुसन्धान गरेर खोजेर निकाले । भगवान बुद्धले भने :

अनुलोमं

अविज्जापच्चया संखारा, संखारापच्चया विञ्ञाणं,

विञ्ञाणपच्चया नाम-रूपं, नाम-रूपपच्चया सलायतनं,

सलायतनपच्चया फस्सो, फस्सपच्चया वेदना,

वेदनापच्चया तण्हा, तण्हापच्चया उपादानं,

उपादानपच्चया भवो, भवपच्चया जाति,

जातिपच्चया जरा-मरणं-सोक-परिदेव-दुक्ख-दोमनस्सुपायासा सम्भवन्ति ।

एवमेतस्स केवलस्स दुक्खक्खन्धस्स सकुदयो होति ॥

अर्थः अविधा (अज्ञान) यस कुराको कि शरीरभित्र अवचेतन मनमा लगातार राग र द्वेषको प्रक्रिया चलिरहेको छ र कसरी हामी हरक्षण राग र द्वेषका गहिरा-गहिरा संखार बनाउँदै गइरहेका छौं र भवचक्रको जालमा फस्दै गइरहेका छौं । अविद्याका कारण संखार, संखारका कारण विज्ञान, विज्ञानका कारण नाम-रूप (चित्त र शरीर) नाम-रूपका कारण छ इन्द्रियहरू, छ इन्द्रियहरूका कारण स्पर्श, स्पर्शका कारण वेदना, वेदनाका कारण, तृष्णा, तृष्णाका कारण उपादान (गहन आसक्ति), उपादानका कारण भव, भवका कारण जाति (जन्म),जातिका कारण बूढेसकाल र मृत्यु आउँछ । जसले गर्दा शोक, दुःख र पीडा हुने गर्छ । यस प्रकार भएभरका दुःख समुदायको उदय हुन्छ । यसलाई नै दुःखचक्र या भवचक्र

भन्छन् । यही संसारचक्र हो । यो पटिच्चसमुप्पाद चक्र, नाम रूप स्कंधको जन्म एवम् मरणको चक्र नै हो । यसलाई कार्य-कारण परम्परा चक्र पनि भन्छन् । यसमा कतै पनि म, मेरो, आत्मा भन्नलाई केही छैन । यसैले यसलाई अनात्मवादको सिद्धान्त पनि भनिन्छ ।

पटिलोमं

अविज्जायत्वेव असेस विराग निरोधा संखारनिरोधो, संखारनिरोधा विञ्ञाणनिरोधो,

विज्जानिरोधा नाम- रूपनिरोधो, नाम-रूपनिरोधा सलायतननिरोधो,

सलायतननिरोधा फस्सनिरोधो, फस्सनिरोधा वेदनानिरोधो,

वेदनानिरोधा तण्हानिरोधो, तण्हानिरोधा उपादाननिरोधो,

उपादाननिरोधा भवनिरोधो, भवनिरोधा जातिनिरोधो,

जातिनिरोधा जरा-मरणं, सोक-परिदेव-दुक्ख-दोमनस्सुपायासा निरुज्झन्ति ।

एवमेतस्स केवलस्स दुक्खक्खवन्धस्स निरोधे होति ।

अर्थः अविद्या (अज्ञान) लाई पूर्णतया निरोध गर्नाले संखारहरूको निरोध भई हाल्छ, संखारहरूको निरोधले विज्ञानको निरोध भई हाल्छ, विज्ञानको निरोधले नाम रूप (चित्त र शरीर) को निरोध भई हाल्छ, नाम रूपको निरोधले छ इन्द्रियहरूको निरोध भई हाल्छ, छ इन्द्रियहरूको निरोधले स्पर्शको निरोध भई हाल्छ, स्पर्शको निरोधले वेदनाको निरोध भई हाल्छ, वेदनाको निरोधले तृष्णाको निरोध भई हाल्छ, तृष्णाको निरोधले उपादान (गहिरो आसक्ति) को निरोध भई हाल्छ, उपादानको निरोधले भवको निरोध भई हाल्छ, भवको निरोधले जन्मको निरोध भई हाल्छ, जन्मको निरोधले बूढेसकाल, मृत्यु, शोक, रुनु-धुन, वेचैनी एवम् व्याकुलताको निरोध भई हाल्छ । यस प्रकार सम्पुर्ण दुःख समुदायको निरोध भई हाल्छ । प्रतिलोम संसारचक्र या भवचक्रबाट धम्मचक्रमा परिवर्तन हो । अब सवाल यो उठ्छ कि भवचक्रलाई धम्मचक्रमा परिवर्तित गर्ने कसरी ? जवसम्म जीवन छ, इन्द्रियहरूको आफ्ना विषयहरूसँग टकराव रहने नै छ । जब-जब जन्म हुन्छ, शरीर सँग-सँगै इन्द्रियहरू हुन्छन् नै । इन्द्रियहरूलाई जतिसुकै रोके पनि, उनीहरूको आ-आफ्ना विषयहरूसँग टकराव हुन्छ नै । पूरै विश्वमा हामी जहाँसुकै जाऔं, कुनै यस्तो ठाउँ छैन जहाँ इन्दियहरूको विषय हुन्न । र यदि एकै छिनका लागि कुनै यस्तो ठाउँ पाई हालियो नै भने पनि मन

त सधैं हाम्रो शरीरसँग नै रहन्छ र मनका आफ्ना विषयहरू छन् जोसँग ऊ लगातार प्रतिक्रिया गरी नै रहन्छ । केही राम्रो लाग्यो भने त्यसप्रति राग जगाउँछ, केही नराम्रो लाग्यो भने त्यसप्रति द्वेष जगाउँछ ।

भगवान बुद्धको अद्भूत खोज यो थियो कि इन्द्रियहरूसँग सम्पर्क हुँदा शरीरमा दु:ख या सुखद या असुखद या अदु:खद् संवेदना हुन्छ र त्यस संवेदनाप्रति राग-द्वेष जाग्छन् । उदाहरणका लागि नशापान गर्नेहरूको लगाव नशापानप्रति नभएर नशापानको कारणले हुने संवेदनाहरूकाप्रति नै हुन्छ ।

भगवान बुद्धले बताए कि भव-चक्रलाई तोड्नका लागि वेदनाबाट सुरु गर्नुपर्ने हुन्छ किनकि अज्ञान त हर कडीसँग जोडिएको छ । हाम्रो मनको बानी नै यस्तो हुन्छ कि ऊ लगातार राग-द्वेषमा लडीबुडी गरिरहन्छ । यदि संवेदना सुखद छ भने त्यसलाई झनै धेरै मात्रामा चाहन्छ र संवेदना यदि दु:खद् छ भने त्यसलाई हटाउन चाहन्छ, तर यदि संवेदनाहरूलाई हामीले तटस्थ भावले या भोक्ताभावको सट्टा द्रष्टाभावले हेर्‍यौं भने यो कुरा छिट्टै बुझ्न सकिन्छ कि संवेदना चाहे जस्तो होस्, त्यो अनित्य नै हुन्छ, हर संवेदना क्षणिक हुन्छ र धेरै बेरसम्म रहँदैन । यी संवेदनाहरू क्षण-प्रतिक्षण परिवर्तन भई नै रहन्छन् । यदि हामीले यिनका अनित्य स्वभावलाई आफ्नो स्वयम्को प्रत्यक्ष अनुभवद्वारा चिन्न सक्यौं भने त हामी यिनकाप्रति राग र द्वेष जगाउन बन्द गरी दिनेछौं र यिनलाई भोक्ताभावको सट्टा द्रष्टा भावले हेर्न थाल्छौं, यिनकाप्रति नयाँ राग र द्वेष बन्न बन्द भई हाल्छ र राग-द्वेषका पुराना संखार जो अन्तर्मनका गहिराइहरूमा दबेर रहेका हुन्छन्, ती मनको सतहमा आउन थाल्छन् र हामीले तिनकाप्रति द्रष्टाभाव बनाई राख्नाले ती कमजोर भएर समाप्त हुँदै जान्छन्, मन त्यति नै निर्मल र शान्त हुँदै जान्छ । यस सिद्धान्तको व्यावहारिक पक्ष विपस्सना हो जसमा साधक स्वयम् आफ्नो प्रत्यक्ष अनुभूतिद्वारा संवेदनाहरूको अनित्य स्वभावलाई अनुभव गर्न सक्छ । अनित्यको प्रत्यक्ष ज्ञानले नयाँ संखारहरू बन्न बन्द हुन्छन् र पुराना सङ्ग्रहित संखारहरू कमजोर भएर समाप्त हुँदै जान्छन् :

'खीणं पुराणं नवं नत्थि सम्भवं' ।

त्यसपछि एक अवस्था यस्तो आउँछ जहाँ चित्त सम्पूर्ण रूपले सबै संखाहरूबाट मुक्त भई हाल्छ:

'विसङ्खरगतं चित्तं, तण्हानंखयमज्झगा' ।

जब कुनै संखारहरू नै रहेनन् भने त नयाँ विज्ञान बन्ने छैन, नयाँ विज्ञान बनेन

भने त नयाँ नाम- रूप (शरीर र चित्त) बन्ने छैन, नयाँ नाम- रूप बनेन भने त छ इन्द्रियहरू पनि बन्ने छैनन्, यदि इन्द्रियहरू बनेनन् भने त तिनीहरूको विषयहरूसँग टकराव हुने छैन, इन्द्रियहरूको विषयहरूसँग टकराव भएन भने त वेदना उत्पन्न हुने छैन, जब वेदना उत्पन्न भएन भने त त्यस वेदनाप्रति तृष्णा पनि जाग्ने छैन । जब तृष्णाले हुर्किन पाएन भने त त्यस तृष्णाप्रति आसक्ति पनि पैदा हुने छैन । भवको निर्माण भएन भने त नयाँ जन्म पनि हुने छैन र यदि नयाँ जन्म नै भएन भने त रोगहरू, बूढेशकाल, मृत्यु, प्रियजनहरूसँगको बिछोड, अप्रिय मानिसहरूसँगको मिलाप हुने छैन, नचाहेका कुरा हुँदा र मनले चाहेको कुरा नहुँदाको दुःख हुने छैन र यस किसिमले सम्पूर्ण दुःखहरूबाट मुक्ति पाइने छ ।

विपस्सना शारीरिक संवेदनाहरूको माध्यमले मानसिक विकारहरूलाई जरैदेखि निकाल्ने अद्भूत वैज्ञानिक विद्या हो जसलाई जोसुकै, जहाँसुकै, जहिलेसुकै अपनाएर हेर्न सक्छ । तर अपनाउनका लागि कम से कम दस दिनको विपस्सना शिविरमा सामेल भएर, सुखद एवम् दुःखद् संवेदनाहरूलाई आफ्नो अनुभूतिले जान्नुपर्ने हुन्छ । कुनै पनि साधकले केवल पढेर या सुनेर धर्मचक्र प्रवर्तनलाई बुझ्न सक्ने छैन जबसम्म कि ऊ स्वयम् यसलाई आफ्नो अनुभूतिले चिन्दैन । पटिच्चसमुप्पादको ज्ञानबिना निर्वाणको प्राप्ति असम्भव छ । बौद्ध ग्रन्थहरूका अनुसार जुन वस्तु आफ्नो ज्ञानभन्दा या समझभन्दा टाढा छ त्यसमाथि बहस गर्नु, चर्चा गर्नु र समय खेर फाल्नु अनुचित मानिएको छ । यदि कसैले यस्तो गर्छ भने उसलाई वस्तुस्थितिको सम्यक् ज्ञान नभएर मतिभ्रम नै हुनेछ । अतः सुधी उपासक-उपासिकाहरूले आफ्नो बहुमूल्य समय यस सिद्धान्तलाई आफ्नो अनुभूतिमा अपनाएर हेर्नको लागि कुनै प्रशिक्षित विपस्सना शिक्षकको देखरेखमा कम से कम एउटा दस दिवसीय शिविरमा सामेल भएर विपस्सना साधना सिक्नु पर्छ ।

पाँचौं अध्याय

विपस्सना

विपस्सना साधना भारतवर्षको एक अत्यन्त पुरातन साधना पद्धति हो । झण्डै पच्चीस सय वर्षअगाडि गौतम बुद्धले यसको खोज गरेर लोक कल्याणका लागि यसलाई सर्वसुलभ बनाएका थिए । यस्तै पाँच सय वर्षसम्म यो साधना-पद्धति आफ्नो शुद्ध रूपमा भारतमा प्रचलित रह्यो, तर त्यसपछि केही अवाञ्छित तत्वहरूको सम्मिश्रणका कारण यो विकृत भयो र वाञ्छित परिणाम आउन बन्द भए । कालान्तरमा यो विधि भारतवर्षवाट सर्वथालुप्त भयो । तर सौभाग्यवश भारतको छिमेकी देश बर्मामा गुरु-शिष्य परम्पराबाट यो आफ्नो शुद्ध रूपमा कायम रह्यो ।

१९६९ मा बर्मा देशका प्रख्यात उद्योगपति श्री सत्यनारायण गोयनकालाई विपस्सनाका आचार्य श्री सयाजी ऊ बा खिनले विधिवत् विपस्सनाचार्य घोषित गरे र लोक कल्याणकारी साधनालाई भारतमा र भारतबाट शेष दुनियाँमा फैलाउने जिम्मेवारी दिए । यस प्रकार १९६९ मा विपस्सना साधना आफ्नो जन्मस्थान भारतमा पुन: आफ्नो शुद्ध रूपमा फर्कियो । यस बेला संसारका पाँचै महाद्वीपका पचासभन्दा बढी देशहरूमा विपस्सना साधनाका ९१ केन्द्र छन् र अरू जाति, सम्प्रदाय र विभिन्न मतहरूका लाखौंमानिसहरू यस अद्भूत पद्धतिको लाभ

उठाइरहेका छन् । विपस्सना साधना एक सार्वजनिक, सार्वकालिक र सार्वभौमिक साधना हो, जसलाई जोसुकैले, जहिलेसुकै, जहाँसुकै अपनाएर हेर्न सक्छ र यस विद्याको लाभ उठाउन सक्छ ।

विपस्सना साधनाको मुख्य लक्ष्य चित्तको शुद्धिकरण गर्नु हो । यसका माध्यमले साधक आफूभित्र सङ्ग्रहित राग-द्वेष-भय-मोह-लालच-आसक्ति इत्यादि विकारहरू, दैनिक जीवनका तनावहरू र मानसिक वन्धनहरूबाट मुक्ति प्राप्त गर्छ । ऊ जीवनमा आउने समस्याहरूप्रति अभिमुख भएर तिनको सफलतापूर्वक समाधान खोज्नमा समर्थ हुन्छ । अप्रिय परिस्थितिहरूमा अविचलित भएर तिनको सामना गर्ने क्षमता उसमा आउँछ ।

विपस्सना बुद्ध धम्मको एक महत्वपूर्ण आधारशीला हो विपस्सनाबाट निर्वाणको अवस्था जीवनकालमा नै हासिल गर्न सकिन्छ । अर्हत अवस्था नै निर्वाणको द्योतक हो । अर्हत पद पाउने चार अवस्थाहरू छन्:

(१) श्रोतापण्ण

(२) सकृदागामी

(३) अनागामी

(४) अर्हत

यी चार चित्तका अवस्थाहरू हुन् र ती जीवनकालमा नै प्राप्त गर्न सकिन्छ । अर्हत सारिपुत्र, अर्हत मोद्‌गल्यायन, अर्हत महेन्द्र, अर्हत आनन्द अनेकौं मानिसहरूले अर्हत पद आफ्नो जीवनकालमा नै प्राप्त गरेका थिए । चित्तका यी उच्चतम अवस्थाहरू केवल 'ध्यान समाधि' र 'विपस्सना' द्वारा मात्र प्राप्त गर्न सकिन्छ । समाधि आर्य आष्टाङ्गिक मार्गको दोस्रो स्कन्ध हो, र प्रज्ञा तेस्रो स्कन्ध हो । यी दुवैका तीन-तीन अङ्ग छन् । यी सबै विपस्सना ध्यान साधनाद्वारा मात्र प्राप्त गर्न सकिन्छ ।

भगवान बुद्धले मनलाई नै धम्ममा प्रधान स्थान दिएका छन् । र मनलाई वशमा गर्नको लागि, मनलाई जित्नको लागि विपस्सनाको मार्ग देखाएका छन् । विपस्सना पालि भाषाको शब्द हो, जसको सन्धिविच्छेद हुन्छ, वि+पस्सना । 'वि' को अर्थ हो- सूक्ष्मतापूर्वक, वास्तवमा, पूर्णतया, सकारात्मक आदि र पस्सनाको अर्थ हो- हेर्नु, वुझ्नु परीक्षण निरीक्षण गर्नु, शोधगर्नु, विश्लेषण गर्नु, निष्कर्ष निकाल्नु आदि-आदि । स्थूलताले सधैं भ्रम पैदा गर्छ, वास्तविकता देखाउँदैन । स्थूलताको

विभाजन र विश्लेषणले त्यसको वास्तविकता बुझ्न थालिन्छ । कुनै पनि वस्तु, स्थितिलाई विपस्सनाको दृष्टिले हेर्नु विज्ञानको उपज हो । वैज्ञानिकले पनि कुनै भौतिक वस्तुका वास्तविकतालाई बुझ्नको लागि वस्तुको विभाजन गर्छ र सूक्ष्मतासँग त्यसको परीक्षण-निरीक्षण गर्छ र त्यसपछि मात्र उसलाई वस्तुको सूक्ष्मतम् वास्तविकता थाहा हुन्छ । यही प्रयोग भगवान बुद्धले मानव चित्त र शरीरमाथि गरे । विपस्सनाद्वारा नै उनले चार आर्य सत्य, र शरीर चित्तका पञ्च स्कन्ध (रूप स्कन्ध, विज्ञान स्कन्ध, संज्ञा, वेदना स्कन्ध र संखार स्कन्ध) बताएका छन् । विपस्सनाद्वारा नै उनले छ भित्री आयतन (छ भित्री इन्द्रियहरू) बताएका छन् । जस्तै- चक्षु इन्द्रिय, जिह्वा इन्द्रिय, घ्राण इन्द्रिय, श्रोत इन्द्रिय, स्पर्श इन्द्रिय, र मनेन्द्रिय । भगवान बुद्धको विपस्सनाको नै प्रयोग केही मात्रामा वैज्ञानिकहरू गर्छन् । उनीहरू भौतिक वस्तुलाई पृथकीकरण गरेर नै हेर्छन् । पालि सुत्त छ:

'विविधेन पस्सति ति विपस्सना, विसेसेन पस्सति ति विपस्सना,

अनेकांगेन पस्सति ति विपस्सना, विभज्जेन पस्सति ति विपस्सना' ।

विविधताले, विशेष रूपले, अनेक अङ्गहरूले, विभाजन, पृथक्करण गरेर हेर्नुलाई नै विपस्सना भन्छन् ।

जब हामी कुनै वस्तु अथवा परिस्थितिलाई टुक्रा-टुक्रा गरेर साक्षी भावले हेर्छौं तब थाहा हुन्छ कि जुन वस्तु अथवा स्थिति जस्तो देखिन्छ, वास्तवमा त्यस्तो हुँदैन । सतही अथवा बाहिरी हिसाबले प्रतीत हुने त्यसको स्वरूप पनि नकार्न योग्य हुँदैन किनकि त्यो पनि एक वास्तविकंता नै हुन्छ, जसलाई स्थूल अथवा भासमान सत्य भन्न सक्छौं । तर गहिराइमा पस्दा थाहा हुन्छ कि वास्तविक सत्यता केही अरू नै हो । यस्तो स्पष्ट रूपमा थाहा हुन थाल्छ कि कुनै पनि वस्तु अथवा स्थिति स्थिर छैन । बरु क्षण-प्रतिक्षण त्यसमा केही न केही परिवर्तन भई नै रहन्छ । जब यस स्थितिको भान हुन थाल्छ तब साधक भासमान सत्यलाई नि:सार ठानेर आफ्नो दैनिक व्यवहारमा वास्तविक सत्यलाई अपनाउन थाल्छ । यस्तो गर्नाले ऊ भासमान सत्यको कारणले पैदा हुने उत्तेजनाहरू र आशङ्काहरूसँग त्रस्त हुँदैन र होशपूर्ण जीवन बिताउन थाल्छ । होशपूर्ण जीवन बिताउन थाल्नेबित्तिकै उसको काया, वाणी तथा चित्तका कर्महरू सुध्रिन थाल्छन् र जसरी-जसरी यी कर्महरूमा सुधार आउन थाल्छ त्यसरी-त्यसरी मानव तनावहरूबाट मुक्त हुन थाल्छ र आफ्नो अन्त: स्थलमा शान्तिको अनुभव गर्न थाल्छ । तव यसका फलस्वरूप चित्तसँग सम्बन्ध राख्न अनेक रोगहरूको शमन हुन थाल्छ र व्यसनहरू उखेलिन थाल्छन् ।

बुद्धले विपस्सनाद्वारा मानव शरीरको दर्शन गर्नासाथ मनको शूक्ष्म विभाजन गरे । शरीर र मन सधैं परिवर्तित भई रहन्छन्, बदलिरहन्छन् । भगवान बुद्धको यो अद्भूत खोज थियो । विपस्सना ध्यान बुद्ध धम्मको अनुपम देन हो । 'चत्तारो सतिपट्ठान' अर्थात् चार सतिपट्ठानका ध्यान हुन्:

(१) कायानुपस्सना

(२) वेदनानुपस्सना

(३) चित्तानुपस्सना र

(४) धम्मानुपस्सना ।

आफ्नो कायामा क्षण-प्रतिक्षण भइरहेको बदलावलाई द्रष्टाभावले हेर्नु कायानुपस्सना भनिन्छ । यसै प्रकार शरीरमा प्रकट हुने दुःखद-सुखद र अदुःखद-असुखद वेदनाहरू जो अनित्य छन् र सधैं बदलिरहन्छन्, तिनीहरूलाई द्रष्टाभावले हेरिरहनु वेदनानुपस्सना भनिन्छ । चित्तमा उठ्ने किसिम-किसिमका विचारहरू, जो हर पल बदलिरहन्छन्, तिनीहरूकाप्रति प्रतिक्रिया नजनाएरै द्रष्टाभावले हेरिरहनु चित्तानुपस्सना भनिन्छ । पूरै अस्तित्वमा प्रकृतिका नियमहरूका अनुसार जेजति घटिरहेको छ, त्यसको कुनै कर्ता छैन । त्यसमाथि कसैको पनि सत्ता चल्दैन, त्यसमा म र मेरो भन्नलाई पनि केही छैन । समस्त प्रकृति आफ्नै नियमहरूद्वारा स्वयम् सञ्चालित भइरहेको छ, यस सत्यलाई द्रष्टाभावले यथाभूत हेर्नु धम्मानुपस्सना भनिन्छ ।

यी चारैवटा ध्यानको मूलमा नै विपस्सना छ । कुनै पनि भिक्षु या उपासक अर्हत्वका चारै अवस्थाहरूलाई केवल विपस्सना मार्गबाटै हासिल गर्न सक्छ । स्वयम् भगवान बुद्धलाई पनि बोधिज्ञान या बुद्धत्व विपस्सनाबाटै प्राप्त भयो । निर्वाणको अर्थ हुन्छ क्लेशहरूबाट मुक्त हुनु । क्लेशहरूबाट मुक्ति त्यसबेला मात्र सम्भव छ जब चित्तबाट राग र द्वेष जरैदेखि निक्लिन्छ । यो त अब लगभग सबै धर्मका प्रचारकहरू भन्छन् कि राग-द्वेष नै दुःखको कारण हो, यसैले राग-द्वेष राख्नु हुँदैन र चित्तलाई निर्मल राख्नु पर्छ । तर चित्तलाई निर्मल कसरी राख्ने, त्यसको व्यावहारिक पक्ष र वास्तविक विधि भगवान बुद्धका अतिरिक्त कसैले बताएन । भगवान बुद्ध पहिला महामानव थिए जो न केवल स्वयम् मुक्त भए वरु लाखौं-करोडौं मानिसहरूलाई विपस्सना सिकाएर उनीहरूलाई राग-द्वेषबाट मुक्त भएर निर्वाणपद पाउनमा सहायता गरे ।

पलेंटी मारेर, आँखा चिम्लेर, भगवान बुद्धका जेजति मुद्राहरू देखिन्छन् ती ध्यानस्थ मुद्राहरू नै हुन् । र ध्यान अर्थात् कुनै बाहिरी ईश्वर, आत्मा-परमात्माको ध्यान होइन अपितु विपस्सनाद्वारा स्वयम्लाई बोध गर्नु हो । मनलाई वास्तविक रूपमा बुझ्नु मनका विकारहरूलाई हटाउनु, मनलाई परिशुद्ध, निर्मल गर्नु, यो विपस्सनाद्वारा मात्र सम्भव छ । विपस्सना ध्यान वास्तविकतामा र केवल सत्यमा नै आधारित हुन्छ ।

विपस्सनाको लक्ष्य पीडाबाट मुक्ति हो । यसले आन्तरिक शान्तितिर अग्रसर गराउँछ जसलाई यसका साधकहरू अरूसँग बाँड्न सक्छन् । उपचार, रोगको उपचार होइन अपितु मानव-पीडाको अनिवार्य उपचार, विपस्सनाको प्रयोजन हो । विपस्सनाले नैतिक समर्पण, जीवनकालिक आत्मविश्लेषणयुक्त अनुशासन, आत्मज्ञान र स्वतः उत्तरदायित्वको माध्यमले उपचार गर्छ । अध्यात्मको यस अभ्यासमा सम्पूर्ण जीवनको आलिङ्गन छ । यहाँ कुनै अन्ध-भक्ति छैन, कुनै दैविक हस्तक्षेप छैन, कुनै भावशून्य पराश्रित याचना छैन, जसले हाम्रो उद्धार गर्नेछ । विपस्सनाले हामीलाई आफूप्रति उत्तरदायी बनाउँछ किनकि यसले आत्मअवलोकनद्वारा यो उजागर गर्छ कि हामी आफ्ना प्रतिक्रियाहरू र मान्यताहरूलाई आफ्नो जीवनमा कति अपनाउँछौं । यस मार्गमा प्रत्येक पलको विचारलाई चित्तको बीज बनाइन्छ जसले स्नेह र शान्तिको फल दिनेछ । विपस्सनाको माध्यमले हामी शरीर-मस्तिष्क, या पूर्व-पश्चिम, दोहोरोपनबाट अगाडि जान सक्छौं र नैतिक जडहरू, सुविचारित विवेक तथा बुद्धिमत्तालाई तिनका सबै अनुरागपूर्ण रूपहरूमा अङ्गीकार गर्न सक्छौं ।

विपस्सना साधना सिक्नको लागि कुनै प्रशिक्षित विपस्सना शिक्षकको देख-रेखमा दसदिवसीय शिविरमा शामेल हुनु पर्छ । दस दिनको प्रशिक्षण शिविरमा साधकले त्रिशरण एवम् पञ्चशीलको याचना गर्नुपर्ने हुन्छ र दस दिनसम्म पाँचै शीलहरूको पालन गर्नुपर्ने हुन्छ ।

पहिलो शील हो- जीव-हिंसाबाट अलग रहनु । यस शीलबाट करुणाभाव जागृत हुन्छ ।

सब्बे तसन्ति दण्डस्स, सवबे भायन्ति मच्चुनो ।

अत्तानं उपमं कत्वा, न हनेटय न घातये ॥

(सबै दण्डसँग डराउँछन् । सबैलाई मृत्युसँग डर लाग्छ । अत : सबैलाई आफै जस्तो ठानेर कसैको हत्या न गरौं, हत्या गर्नको लागि प्रेरित नगरौं)

दुनियाँमा कुनै पनि जीव आफ्नो खुसीले मर्न चाहँदैन । सबै प्राणीहरूलाई मृत्युको भय हुन्छ । जसरी हामीलाई आफ्नो प्राणको मोह हुन्छ त्यसरी नै हामीले अन्य प्राणीहरूका प्राणलाई सम्झिनु पर्छ । हामीले केवल मानव-हिंसाबाट मात्र होइन बरु अन्य प्राणीहरूको हत्या गर्नबाट पनि बच्नु पर्छ । समाजमा कानून र व्यवस्था बनाई राख्नको लागि यो जरुरी छ कि जस्तो व्यवहारको अपेक्षा हामी गर्छौं त्यस्तै व्यवहार हामी अरू प्राणीहरूसँग गरौं । जीव-हिंसावाट टाढा रहनुको यो त भासमान कारण हो तर जब साधक ध्यानद्वारा आफूभित्र हेर्न सुरु गर्छ अनि यो कुरा बुझिन्छ कि कुनै पनि मानिस तबसम्म हिंसा गर्न सक्दैन जबसम्म कि ऊ आफूभित्र क्रोध जगाउँदैन र क्रोध उत्पन्न हुनासाथ श्वासले आफ्नो स्वाभाविक गति गुमाउँछ र शरीरभित्र जैब-रासायानिक र विद्युत चुम्बकीय प्रतिक्रियाहरूको कारणले हानिकारक विषयुक्त पदार्थहरू उत्पन्न हुन थाल्छन् जसले हामीलाई अत्यन्त हानि पुऱ्याउँछन् । क्रोधका कारण मन अस्थिर भई दिन्छ र अस्थिर मनले हामी शरीरमा हुने संवेदनाहरूलाई महसुस गर्न सक्दैनौं । यसैले साधनाको लागि पनि र सुखी जीवनको लागि पनि यस शीलको पालन आवश्यक छ ।

दोस्रो शील हो- चोरीबाट टाढा रहनु । संसारको कुनै पनि व्यक्ति यो चाहँदैन कि कुनै अर्को व्यक्तिले उसको धन-सम्पति चोरोस् । यसैले कसैलाई पनि यो अधिकार छैन कि ऊ अर्काको श्रमले अर्जित धनसम्पति चोरोस् । जस्तो हामी चाहन्छौं कि हाम्रो कुनै पनि वस्तुको चोरी नहोस्, त्यस्तै जो-कोही चाहन्छ । अर्कालाई धोका नदेऊ या आफ्नो प्रभाव एवम् सत्ताको प्रभावको प्रयोग गरेर अन्य व्यक्तिहरूका वस्तुहरू नखोस । यसै प्रकार अर्काको श्रम र पसिनाको कमाइबाट आफूले लाभ उठाउनु पनि यस शीलको प्रतिकूल हो । यदि सबै नागरिकहरूले यस शीलअनुरूप आचरण गरे भने सामाजिक समानताको विकास हुनेछ र लुट र हत्याका घटनाहरू पनि शीघ्र नै समाप्त हुनेछन् । समाजमा कानून र व्यवस्था बनाई राख्नको लागि यो जरुरी छ कि जस्तो व्यवहारको अपेक्षा हामी गर्छौं त्यस्तै व्यवहार हामी अरू प्राणीअरूसँग गरौं । चोरीबाट टाढा रहनुको यो त भासमान कारण हो तर जब साधक ध्यानद्वारा आफूभित्र हेर्न सुरु गर्छ अनि छिट्टै यो कुरा बुझिन्छ कि कुनै पनि मानिस तबसम्म चोरी गर्न सक्दैन जबसम्म कि आफूभित्र लालच जगाउँदैन र लालच उत्पन्न हुनासाथ श्वासले आफ्नो स्वाभाविक गति गुमाउँछ र शरीरभित्र जैव-रासायनिक र विद्युत चुम्बकीय प्रतिक्रियाहरूको कारणले हानिकारक विषयुक्त पदार्थहरू उत्पन्न हुन थाल्छन् जसले हामीलाई अत्यन्त हानि पुऱ्याउँछन् । लालचको कारणले मन अस्थिर भई

दिन्छ र अस्थिर मनले शरीरमा हुने संवेदनाहरूलाई हामी महसुस गर्न सक्दैनौं यसैले साधनाका लागि पनि र सुखी जीवनको लागि पनि यस शीलको पालन आवश्यक छ ।

तेस्रो शील हो- ब्रम्हचर्यको पालन गर्नु र व्यभिचारबाट टाढा रहनु । यस शीलको पालन गर्नले परिवारमा विश्वास र हर्ष बढ्छ र अरू मानिसहरूलाई अनावश्यक कष्टवाट वचाउन सकिन्छ । कुनै पनि मानिस यो चाहँदैन कि उसका आफन्तहरू व्यभिचार गरुन्, यहाँसम्म कि अति विकसित र अति अविकसित देशहरूमा पनि यसले जहाँ आफ्ना आफन्तहरूकाप्रति विश्वासघात हुन्छ, त्यहीं आत्मग्लानिका ग्रन्थिहरू विकसित हुन्छन् । समाजमा कानून र व्यवस्था बनाई राख्नका लागि यो जरुरी छ कि जस्तो व्यवहारको अपेक्षा हामी गर्छौं, त्यस्तै व्यवहार हामी अरू प्राणीहरूसँग गरौं । व्यभिचारबाट टाढा रहनुको यो त भासमान कारण हो तर जब साधक ध्यानद्वारा आफूभित्र हेर्न सुरु गर्छ अनि छिट्टै यो कुरा बुझिन्छ कि कुनै पनि मानिस तबसम्म व्यभिचार गर्न सक्दैन जबसम्म कि आफूभित्र कामवासना जगाउँदैन र कामवासना उत्पन्न हुनासाथ श्वासले आफ्नो स्वाभाविक गति गुमाउँछ र शरीरभित्र जैब-रासायनिक र विद्युत चुम्बकीय प्रतिक्रियाहरूको कारणले हानिकारक विषयुक्त पदार्थहरू उत्पन्न हुन थाल्छन् जसले हामीलाई अत्यन्त हानि पुऱ्याउँछन् । केही मानिसका ओठ र मुख सुक्न थाल्छन्, मुटुको ढुकढुकी बढ्न थाल्छ र ब्लड-प्रेसर बढ्छ । कैयौं मानिसहरूलाई नसाको रोग, डिप्रेसन, नर्भसनेस इत्यादि हुन थाल्छ । कामवासनाका कारण मन अस्थिर भई दिन्छ र अस्थिर मनले हामी शरीरमा हुने संवेदनाहरूलाई महसुस गर्न सक्दैनौं । यसैले साधनाका लागि पनि र सुखी जीवनका लागि पनि यस शीलको पालन आवश्यक छ ।

चौथो शील हो- असत्य भाषणबाट टाढा रहनु । कुनै पनि मानिस यो चाहँदैन कि मानिसहरू उसका विरुद्ध कुरा लाउन् र गलत कुराहरू फैलाउन् जसले मानिसहरूमा विभाजन होस या घृणा बढोस् । प्रत्येक मानिसका कुराहरू सत्य र यथार्थमा आधारित हुनु पर्दछ । हो भन्नुको अर्थ 'हो' र होइन भन्नुको अर्थ 'होइन' । शब्दले नै गलतफहमी र घृणा पैदा गर्न सक्छन्, यसैले हामी जे बोल्छौं त्यो अति सावधानी र सोच-विचारका साथ बोलौं । समाजमा प्रेम र भाइचारा बनाई राख्नको लागि यो जरुरी छ कि जस्तो व्यवहारको अपेक्षा हामी गर्छौं, त्यस्तै व्यवहार हामी अरू प्राणीहरूसँग गरौं । झूटो बोलनबाट र कुरा लाउनबाट टाढा रहनुको यो त भासमान कारण हो । तर जब साधक ध्यानद्वारा

आफूभित्र हेर्न सुरु गर्छ अनि छिट्टै यो कुरा बुझिन्छ कि कुनै पनि मानिस तबसम्म झूटो बोल्न सक्दैन या कुरा लाउन सक्दैन जबसम्म कि आफूभित्र भय र इर्ष्या जगाउँदैन र भय र इर्ष्या उत्पन्न हुनासाथ श्वासले आफ्नो स्वाभाविक गति गुमाउँछ र शरीरभित्र जैव-रासायनिक र विद्युत चुम्बकीय प्रतिक्तियाहरूको कारणले हानिकारक विषयुक्त पदार्थहरू उत्पन्न हुन थाल्छन् जसले हामीलाई अत्यन्त हानि पुऱ्याउँछन् । भय र ईर्ष्याका कारण मन अस्थिर भई दिन्छ र अस्थिर मनले हामी शरीरमा हुने संवेदनाहरूलाई महसुस गर्न सक्दैनौं । यसैले साधनाका लागि पनि र सुखी जीवनका लागि पनि यस शीलको पालन आवश्यक छ ।

वैज्ञानिक अनुसन्धान गरेर यस नतिजामा पुग्छौं कि असी प्रतिशतभन्दा बढी रोगहरू हाम्रो मनबाट उत्पन्न हुन्छन् । मुटुको रोग, डायबिटिज, कम्मर दुख्ने, ढाड दुख्ने, तनाव र छालाका अधिकांश रोगहरू हाम्रो मनमा पैदा हुने घृणा, क्रोध, इर्ष्या, भय र लालचको कारणले उत्पन्न हुन्छन् । औषधिहरूले केही समयका लागि सन्चो त हुन्छ तर रोगका जराहरू गाडिएकै हुन्छन् । वैज्ञानिकहरूको मान्यता छ कि हामीले क्रोध, घृणा र मानसिक तनाव पैदा गऱ्यौं भने यसको पहिलो असर मस्तिष्कको बाहिरी हिस्सा सिरेवल कार्टेक्समा पर्छ । झण्डै तेह्र अरब स्नायु कोषहरू क्रियाशील भइदिन्छन्, जसमध्ये दश अरब कोषहरू मस्तिष्कभित्र हुन्छन् । क्रोध र घृणाको सन्देश चार सय कि. मी. प्रति घण्टाको वेगले स्नायुतन्त्रमा दौडिन थाल्छ । यो सन्देश हाइपोथ्यालेमसमा पुग्छ जहाँबाट यसलाई किडनीमाथि उपस्थित एडिल ग्ल्याण्डमा पठाइन्छ र त्यहाँ पुग्नासाथ शरीरलाई रोगी बनाउने चार प्रकारका हार्मोनहरू बन्ने प्रक्रिया सुरु हुन्छ । यी हार्मोनहरूले लड्ने या भाग्ने शक्ति दिन्छन्, यी घृणा र क्रोध उत्पन्न हुनासाथ बन्न सुरु हुन्छन् । यी हार्मोनहरू बन्नेबित्तिकै कलेजोबाट ग्लूकोज निक्लिन सुरु हुन्छ, जसले लड्ने र भाग्ने शक्ति आउँछ । यसका साथै हृदयको धड्कनको गति बढ्छ जसले शरीरलाई बढी रगत पठाउन सकियोस् । रगतलाई छिटोछिटो पम्प गर्नको लागि त्यसको गाढापनलाई कम गरेर पातलो गर्नको लागि ओठ र छालाबाट पानी रगतमा तानिन थाल्छ, यसैले क्रोध र घृणा पैदा भएको केही बेरमा हाम्रो ओठ, मुख र गला सुक्न थाल्छ । पाचन क्रियाको लागि रगत जाने क्रम रोकिन्छ र पाचन क्रिया या त पूरै बन्दै हुन्छ या निकै सुस्त हुन्छ । ब्लडप्रेसर बढ्छ । शरीरको पूरा रसायनिक सन्तुलन बिग्रिन्छ र रोगहरूसँग लड्ने शरीरको अवरोधक क्षमता कम हुन थाल्छ । पटकपटक हुने क्रोध, घृणा र

ईर्ष्याका कारणले पटकपटक एड्रीनिल र कार्टीसोल हार्मोनहरू बन्छन् र शरीरको रसायनिक सन्तुलनलाई बिगारेर रोगहरूसँग लड्ने अवरोधक क्षमतालाई कम गरिदिन्छन् । हृदयघात, हाई कोलस्ट्रोल, क्यान्सर, इन्फ्लुएन्जा, चिकन पक्सजस्ता रोगहरू लाग्छन् । हार्मोनहरूको श्रावले पेप्सिन नामक एन्जाइम बढी मात्रामा बन्न थाल्छन् जसले गर्दा पेटको म्यूकस सुक्छ र पेटमा अल्सर हुन्छ ।

हाम्रो मस्तिष्कको आकार हाम्रो शरीरको केवल दुई प्रतिशत हुन्छ तर जुन अक्सिजन हामी सासबाट लिन्छौं, त्यसको बीस प्रतिशत उपयोग मस्तिष्कले गर्छ । क्रोध, घृणा र ईर्ष्या उत्पन्न हुनासाथ मस्तिष्कको क्रियाशीलता बढ्छ, जसले गर्दा मस्तिष्कलाई अझ बढी अक्सिजन र रगतको आवश्यकता पर्छ, यसबाट हृदयमाथि अझ बढी रगत पठाउनका लागि दबाब पर्छ । पटकपटक यस्तो हुनाले हृदयघात हुन्छ साथै बुद्यौली छिटो आउँछ ।

हाम्रो मस्तिष्कले कम्प्युटरझैँ काम गर्छ । मनका विकारहरू जस्तै: क्रोध, लालच, वासना, ईर्ष्या, मोह, घृणा, राग र द्वेषले कम्प्युटर भाइरसले झैं हाम्रो मस्तिष्कमाथि हमला गर्छन् र जसरी भाइरसले कम्प्युटरको सामान्य कार्यप्रणालीलाई तहसनहस गरिदिन्छ, त्यसरी नै मनका विकाररूपी भाइरसले हाम्रो मस्तिष्क र शरीर दुवैलाई प्रभावित गर्छन् । जसरी कम्प्युटरलाई सामान्य कार्यप्रणालीमा ल्याउनका लागि हामी एन्टी भाइरस सफ्टवेयर प्रयोग गर्छौं, त्यसरी नै शील-सदाचारको पालन गरेर आफूभित्र करुणा र मैत्री जगाएर हामी मनका विकारहरूको उपचार गर्न सक्छौं ।

पाँचौं शील हो- मद्यपान वा लागू पदार्थको सेवनबाट टाढा रहनु ।

मद्यपान र उत्तेजक पदार्थहरूको सेवनले चित्तको स्पष्टता समाप्त भइदिन्छ र साधक शरीरमा हुने सूक्ष्म संवेदनाहरूलाई महसुस गर्न सक्दैन । नशामा रहेर ऊ स्वयम् आफ्नो लागि, आफ्नो परिवार तथा अन्य मानिसहरूका लागि अनेक मुश्किलहरू पैदा गर्छ । मद्यपान र लागूपदार्थको सेवनले तन-मन-धन, मान-सम्मान, बुद्धि, समय र पारिवारिक शान्ति-सबैतिर नोक्सान हुन्छ । यस शीलको पालन गर्नाले शरीर र मन स्वस्थ रहन्छ । शरीर र मन स्वस्थ रहँदा मानिसले सही कुरा सोच्न सक्छ र सही निर्णय लिन सक्छ ।

यी शीलहरूको पालन यसकारण आवश्यक ठानिएको छ किनकि यस्तो गर्नाले मनको उत्तेजना कम हुन्छ र उत्तेजनारहित मनले साधनाको अभ्यास बढी राम्रो ढङ्गले गर्न सकिन्छ । यदि शील भङ्ग गर्छौं भने विकारहरूले अभिभूत भएर

मन उत्तेजित भइदिन्छ र अन्त:करणका गहिराइहरूसम्म पुग्न सम्भव हुँदैन । शीलहरूको व्रत लिएपछि मनलाई एकाग्र गर्न सिकाइन्छ जसलाई आनापान भनिन्छ । आनापानका लागि विपस्सनाचार्यसँग आनापान सिकाउनलाई याचनाको औपचारिकता गर्नुपर्ने हुन्छ । आनापान पालि शब्द हो जो आन+अपानबाट बनेको छ । आन अर्थात् आउने सास, अपान अर्थात् जाने सास । सासको आउने-जाने त्रियालाई आफ्नै अनुभवबाट आफ्नै नाकका दुवै प्वालहरूमा हेर्न सिकाइन्छ । प्रशिक्षित मार्गदर्शकको रेखदेखमा, साधक पलेंटी मारेर बसेर आँखा बन्द गरेर आफ्नो मनलाई आफ्नो नाकको दुवै प्वालहरूमा केन्द्रित गरेर, नाकद्वारा आउने-जाने हरेक स्वाभाविक, नैसर्गिक साससलाई हेर्न सिक्छ । यसबाट चञ्चल मन स्थिर र स्थूल मन सूक्ष्म भइदिन्छ जुन शरीरमा हुने सूक्ष्म संवेदनाहरूलाई महसुस गर्न लायक बनिदिन्छ । आनापानले मनको एकाग्रता र स्मरणशक्ति बढ्छ ।

साढे तीन दिनसम्म आनापानद्वारा समाधिको अभ्यास गरेपछि चौथो दिन विपस्सनाचार्यबाट विपस्सना सिकाउनलाई याचनाको औपचारिकता गर्नुपर्ने हुन्छ जसले गर्दा विपस्सनाका माध्यमबाट आफूभित्र प्रज्ञा जागृत हुन्छ । त्यसले नै अनित्य, परिवर्तनको बोध हुन थाल्छ । मनलाई सासको आधारले एकाग्र गर्दै सासलाई सामान्य एवम् नैसर्गिक रूपमा लिँदै शरीरभित्र क्षण प्रतिक्षण उत्पन्न हुने तथा परिवर्तित भइरहने वेदना-संवेदनालाई द्रष्टाभावले, तटस्थ भावले, उपेक्षा भावले, यथाभूत बुझ्न सिकाइन्छ । हेर्दाहेर्दै, बुझ्दाबुझ्दै आफूभित्र लगातार वेदना-संवेदनाहरूको वास्तविक नैसर्गिक स्वभाव बुझ्न थालिन्छ । साधकले आफ्नो प्रत्यक्ष अनुभवले थाहा पाइहाल्छ कि कुनै पनि वेदना चाहे दु:खद होस् या सुखद होस् या अदु:खद र असुखद होस्, स्थायी नभएर परिवर्तनशील हुन्छ र हरपल बदलिइरहन्छ । हामीले चाहेर पनि त्यसको परिवर्तनलाई रोक्न सक्दैनौँ । शरीरमा प्रकट हुने वेदना स्वयम् प्रकट हुन्छ र हेर्दाहेर्दै समाप्त भइहाल्छ, बदलिहाल्छ । यसै प्रकारले मनमा प्रकट हुने हर विचार हेर्दाहेर्दै समाप्त भइहाल्छ, बदलिहाल्छ । जब साधकले आफ्नो स्वयम्को प्रत्यक्ष अनुभवले यो थाहा पाउँछ कि हर वेदना परिवर्तनशील छ, नश्वर छ, अनित्य स्वभावको छ र हरपल बदलिइरहन्छ, त्यसबेला वेदनाहरूकाप्रति तटस्थ भाव बन्न थाल्छ । वेदनाहरूकाप्रति जुन राग-द्वेष जागिरहन्थ्यो, त्यो कम हुन थाल्छ र बिस्तारै-बिस्तारै समाप्त हुन थाल्छ । जुन वेदनाले अज्ञानमा मनलाई बाँध्दै गइरहेको थियो, त्यही वेदना ज्ञानको प्रकाशमा मनलाई विमुक्त गर्न थाल्छ । शरीरको वास्तविक दर्शन,

चित्तको वास्तविक दर्शन, तिनको अनित्य अनात्म र सधैं बदलिरहने स्वरूप, विपस्सनाद्वारा ज्ञात हुन थाल्छ ।

पटकपटक विपस्सना गर्नाले अनित्यको बोध निरन्तर बनिरहन्छ जसले गर्दा वीतरागता, वीतद्वेषता र वीतमोहतातिर अग्रसर हुन थाल्छन् । जसरीजसरी राग-द्वेष र मोहका बन्धनहरू शिथिल हुन थाल्छन्, त्यसरीत्यसरी पहिलेदेखि सञ्चित विकारहरू समाप्त हुन थाल्छन् । परिणामस्वरूप मनमा अपूर्व शान्तिको सञ्चार हुन थाल्छ । यसप्रकार काया र चित्तको अनित्य स्वभावगत प्रपञ्चको साक्षी भावले दर्शन गर्दागर्दै तत्सम्बन्धी आसक्तिहरूबाट छुटकारा पाउँदै साधक काया र चित्तभन्दा पर इन्द्रियातीत, परम सत्यको साक्षात्कार गर्छ जुन नित्य हो, शाश्वत हो, ध्रुव हो, अमृत हो ।

विपस्सनाको पथ, जस्तो कि बुद्धले सिकाएका छन्, गलत र क्षणिक म को रक्षाले उत्पन्न लालच, घृणा र मोहका नकारात्मकताहरूबाट टाढा, एक अनम्य आत्म-अवधारणाले उत्पन्न लालसा तथा विद्वेषबाट टाढा लिएर जान्छ । यो पथ अनुभवी अन्तर्दृष्टिले उत्पन्न सद्गुणहरू र गुणहरूमा गएर खुल्छ । अनित्यको अनुभव स्वयम् आफ्नो तथा आफ्नो चारैतिर उपस्थित विश्वभित्र हेर्ने एक गहिरो अन्तर्दृष्टि हो । यसले एक क्षणभङ्गुर विश्वमा एक क्षणभङ्गुर जीवनसँग टाँस्सिरहनुको मूखर्तालाई उजागर गर्छ । यसले आत्म आसक्तिको मुट्ठीमा जकडिएका गलत आशाहरूलाई विश्राम दिन्छ र अन्य सबै क्षणभङ्गुर जीवनहरूसँग स्वतः पहिचानको प्रवाहलाई सुसाध्य बनाउँछ । अनुभवले उत्पन्न अनुभूतिका सबै वस्तुहरू अनित्य हुन्, म अनित्य हुँ भन्ने कुराबाट यथासम्भव गूढ समानुभूति उत्पन्न हुन्छ : सबै प्राणीहरूका साथ कुटुम्बका भावनाहरू जुन अलग मको भ्रमले उत्पन्न वेदनाबाट समान रूपले पीडित छन्, सबै प्राणीहरूका साथ भाइचाराका भावनाहरू, जो अलगाव, मरण र मृत्युको व्यथाबाट उद्धारका लागि बढ्छन् ।

दसौं दिन मङ्गल मैत्रीको साधनाको अभ्यास गराइन्छ, जसमा साधक सम्पूर्ण विश्वको मङ्गलको कामना गर्छ ।

वैज्ञानिकहरूले अनुसन्धान गरेर यो सिद्ध गरेका छन् कि क्रोध, घृणा र ईर्याको कारण शरीरको बिग्रिएको रासायनिक सन्तुलन मङ्गल मैत्रीको साधना गर्नाले ठीक गर्न सकिन्छ । मङ्गल मैत्रीको अभ्यासले बढेको कोलस्ट्रोल कम हुँदै जान्छ, रागहरूसँग लड्ने शरीरको प्रतिरोधक क्षमता बढ्छ । यदि हरेक दिन

केही बेरका लागि विपस्सना गरेर चित्तलाई निर्मल बनाएर मङ्गल मैत्रीको साधना गरियो भने धेरैजसो रोगहरू ठीक हुन्छन् ।

हरेक दिनको अभ्यासले मङ्गल मैत्रीका तरंगहरू हाम्रो वरिपरको वातावरणलाई मङ्गल तरंगहरूले भरिदिन्छन् जसले हाम्रो मन-मस्तिष्क-वाणी र कर्म सबै प्रभावित हुन्छन् । मानिसहरूकाप्रति हाम्रो हेराइमा परिवर्तन हुन्छ र परस्पर सम्वन्ध सुधिन्छन् । सम्पूर्ण जीवहरूकाप्रति हामीभित्र दया, करुणा र मैत्री बढ्छ जसले गर्दा रासायनिक प्रतिक्रियाहरू र विद्युत चुम्बकीय तरंगहरू सन्तुलित रहन्छन् । हाम्रो जीवन सुखमय बन्छ र समाज तथा विश्वलाई हामी खुसीहरू बाँड्न सक्छौं । रुख-विरुवाहरू समेत समस्त प्रकृतिकाप्रति मङ्गल मैत्रीले पर्यावरण सुधिन्छ । भगवान बुद्धले मङ्गल मैत्रीद्वारा नै डाँकु उङ्गलिमाल र हात्ती नालागिरीलाई आफ्नो वशमा गरेका थिए ।

लगातार विपस्सना गर्नाले केही मानिसहरूलाई असाधारण शक्तिहरू, रिद्धिहरू पनि प्राप्त हुन्छन् । जस्तो कि महामोग्गालन, उप्पलवण्णा, अनुरुद्ध र सारिपुत्तलाई प्राप्त भएका थिए । भगवान बुद्धले असाधारण शक्तिहरूले अभिभूत हुनुलाई हतोत्साहित गरेका छन् । असाधारण शक्तिहरूको प्रदर्शन गरेर मानिसहरूमा श्रद्धा जगाउनु बौद्ध धम्मको नियमहरूका विरुद्ध हो, किनकि विपस्सनाको अन्तिम लक्ष्य चित्तलाई राग-द्वेषबाट सम्पूर्ण रूपले मुक्त गर्नु हो । असाधारण शक्तिहरू र चमत्कार देखाउने चक्करमा लागेर साधक पूर्ण मुक्तिको लक्ष्यबाट विमुख हुन सक्छ, किनकि 'पूर्ण मुक्ति' त चित्त र शरीरमा घटित हुने प्रतिक्रियाहरूको अनित्यबोधबाट नै सम्भव छ ।

विपस्सना पूर्णत: वैज्ञानिक ध्यान विधि हो । र सबै सम्प्रदायका मानिसहरू यसको अभ्यास गरेर लाभ उठाइरहेका छन् । विपस्सना साधनाको अभ्यासले अनेक मानसिक एवम् शारीरिक रोगहरू ठीक हुन्छन्, मनको एकाग्रता र स्मरणशक्ति बढ्छ, कार्यकुशलतामा वृद्धि हुन्छ, रचनात्मक गुणहरूमा निखार आउँछ, नैतिकता र अनुशासन तथा आत्मविश्वासका सद्‌गुणहरूमा वृद्धि हुन्छ । लागूपदार्थको बानी परेका मानिसहरूलाई यी कुलतहरूबाट मुक्त हुनमा सहायता मिल्छ । मनोविकारहरूबाट टाढा रहनाले मन निर्मल, शान्त र प्रसन्न हुन्छ र परिवारमा सुख र शान्ति बढ्छ । विपस्सना साधनाद्वारा शील-सदाचारको पालन र करुणा, मैत्री, मुदिता र समताजस्ता उच्च मानवीय गुणहरूलाई विकसित गरेर हामी शान्ति र सुखको जीवन बिताउन सक्छौं ।

प्रत्येक उपासक, उपासिका र सुख-शान्ति चाहने प्रत्येक मानिसले कुनै प्रशिक्षित विपस्सना शिक्षकको रेखदेखमा दस दिनको विपस्सना शिविरमा सामेल भएर यो अद्भूत विद्या अवश्य सिक्नुपर्छ । विपस्सना शिविरमा सामेल हुनका लागि कुनै शुल्क लिइँदैन । विपस्सना साधना केन्द्रहरूको खर्च पुराना साधकहरूद्वारा दिइएको दानबाट चल्छ । बस्ने र खाने व्यवस्था निःशुल्क हुन्छ । यसैले गरिबभन्दा गरिब व्यक्ति पनि विपस्सना साधना केन्द्रहरूमा गएर यो अद्भूत विद्या सिकेर लाभ उठाउन सक्छ । शिविरहरूमा विपस्सना सिक्नका लागि प्रत्येक सम्प्रदाय, प्रत्येक जाति, प्रत्येक देश, प्रत्येक भाषाका मानिसहरू सामेल हुन सक्छन् । सबैसँग समान व्यवहार गरिन्छ र कसैसँग कुनै भेदभाव गरिँदैन । सामान्यतः उपासकको उमेर अठार वर्ष या यसभन्दा बढी हुनुपर्छ । शिविर समाप्त भएपछि साधकले आफ्नो सुविधा र सामर्थ्यअनुसार चाह्यो भने दान दिन सक्छ तर व्यवस्थापकहरूका तर्फबाट कसैसँग पनि कुनै दान मागिँदैन र जुन दान लिइन्छ, त्यसको रसिद दिइन्छ ।

भगवान बुद्धको जीवनकाल असी वर्षको रह्यो । पैँतीस वर्षको उमेरमा उनलाई बुद्धत्व प्राप्त भयो र उनी सम्यक् सम्बुद्ध बने । त्यसपछि पैँतालीस वर्षसम्म अनन्त करुणा एवम् मैत्रीका साथ मानिसहरूमाथि अनुकम्पा गरेर त्यसबेलाको जनभाषा पालिमा धम्म सिकाउँदै रहे । उनको धम्म सिकाउने विधि निकै सरल र अनौठो थियो ।

छैठौं अध्याय

बुद्धका उपदेशहरू

भगवान बुद्धले करोडौं मानिसहरूलाई धम्म सिकाए, उनले यश कुल पुत्र एवम् उसका साथीहरू, काश्यक बन्धुहरू, सारिपुत्र तथा मौद्गल्यायन, राजा बिम्बीसार, अनाथपिण्डक, राजा प्रसेनजित, जीवन, रट्ठपालसहित अनेक कुलीनहरू तथा धर्मज्ञहरूलाई धम्म सिकाए । उनले गँवार ब्राम्हणहरू, उत्तरवतीका ब्राम्हणहरू, नाऊ उपाली, कूचीकार सुणीत, सोपाक तथा सुप्पिय दलितहरू, सुमङ्गल, कुष्ठरोगी सुप्रबुद्ध, अङ्गुलिमाल र अनेक स्त्रीहरू, प्रकृति नामक चण्डालिका, नगरवधू आम्रपालीसहित अनेकौं मानिसहरूलाई धम्म दीक्षा दिए जो हर वर्गका थिए, हर सम्प्रदायका थिए, हर उमेरका थिए । उनीद्वारा दीक्षित हुनेहरूमा स्वयम् उनका पिता राजा शुद्धोधन, माता गौतमी, पत्नी यशोधरा र पुत्र राहुलसमेत कपिलवस्तुका अनेक शाक्यवंशीहरू थिए ।

उनका अनुयायीहरूमा भिक्षुहरूको सङ्ख्या केही लाख मात्र थियो तर गृहस्थ

अनुयायीहरूको सङ्ख्या करोडौँमा थियो जसमा धनी, गरीव, स्त्री, पुरुष, बुढा-जवान, विख्यात र सामान्य, राजा र रंक, कर्मचारी र अधिकारी, मालिक र नोकर, उच्च र निम्न सबै वर्गका मानिसहरू सामेल थिए, तर सबैलाई समान दर्जा प्राप्त थियो । धम्ममा कसैसँग कुनै प्रकारको भेदभाव गरिँदैनथ्यो ।

उपदेश पद्धति

पैँतालीस वर्षसम्म धम्मचारिका गर्दै भगवान बुद्धले बयासी हजार उपदेशहरू दिए । भगवान बुद्धको धम्म सिकाउने पद्धति अद्भूत र सरल थियो सबैभन्दा पहिले उनी स्रोताहरूको मानसिक स्थितिलाई बुझ्थे र स्रोताहरूको मानसिक स्तरलाई ध्यानमा राखेर दिनप्रतिदिनका केही सामान्य घटनाहरूको चर्चा गर्थे । जब सुन्नेहरू अलि गम्भीर बन्थे र भगवान बुद्धसँग तारतम्य स्थापित गर्थे, त्यसवेला उनी धम्मका सामान्य र मूलभूत सिद्धान्तहरू जस्तै दान, नैतिकता, शील, सदाचार आदिको चर्चा गर्थे र जब स्रोताहरूको मनस्थिति धम्ममा एकाकार हुन पुग्थ्यो अनि मात्र अनित्य, प्रतीत्य समुत्पाद, प्रज्ञा र आर्य आष्टाङ्गिक मार्ग सम्झाउँथे कि कसरी दुःख पैदा हुन्छ, कसरी दुःखबाट छुटकारा पाउन सकिन्छ र कसरी परम शान्ति र परम सुख प्राप्त गर्न सकिन्छ । भगवान बुद्ध सधैँ स्थानीय लोक भाषा पालिमा उपदेश दिन्थे र विशेष कुराहरूलाई पटकपटक दोहोर्‍याउँथे जसले गर्दा सुन्नेहरूको मन-मस्तिष्कमा मुख्य कुराहरू सम्पूर्ण रूपमा बस्थे । आफ्ना उपदेशलाई सरल र जनताले बुझ्न सक्ने लायक बनाउनको लागि जीवनमा दिनप्रतिदिन घट्ने सामान्य घटनाहरूलाई उदाहरण र माध्यम बनाउँथे ।

पायेक्का हात्तीको कथा

कोशल नरेश प्रसेनजितसँग पायेक्का नामक हात्ती थियो जो आफ्नो बल, बहादुरी र साहसका लागि प्रख्यात थियो । हात्ती हेर्दा निकै विशाल थियो र बुद्धि एवम् चलाखीमा बेजोड थियो । यो हात्ती राजको शान मानिन्थ्यो र राजालाई उसमाथि निकै गर्व थियो । भनिन्थ्यो कि यदि महाराज प्रसेनजित पायेक्का हात्तीमाथि सवार छन् भने युद्ध उनैले जित्नेछन् र कुनै पनि सेनाले उनलाई हराउन सक्दैनथ्यो । पायेक्काले कराएको भयंकर आवाज सुनेर दुश्मनहरूको सेनामा भागदौड मच्चिन्थ्यो । अतः दुश्मनहरूका सेनाले पायेक्कालाई मार्नका लागि किसिमकिसिमका षड्यन्त्रहरू रचे, युद्धमा पनि मार्ने कोसिस गरे तर पायक्कालाई मार्न सकेनन् ।

समय बित्दै गयो र बिस्तारैबिस्तारै हात्ती बूढो भयो । उसको पुरानो माउते पनि बूढो भएर सेवानिवृत्त भइसकेको थियो । एकदिन हात्ती तलाउमा नुहाउन गयो र हिलोमा फस्यो । हिलोबाट निक्लनका लागि हात्तीले निकै बल लगायो तर ऊ बाहिर निक्लिनकोलागि जति बढी लगाउँथ्यो, त्यति नै दलदलमा धसिँदै जान्थ्यो । हात्तीलाई दलदलबाट निकाल्नकालागि उसको नयाँ माउतेले धेरै किसिमका उपाय गऱ्यो । हात्तीलाई उखु र केरा देखाए, जसरी पण्डित-पुजारी मानिसहरूलाई स्वर्गको लालच देखाउँछन् कि सायद लालचमा आएर बढी बल लगाओस् र बाहिर आउन सकोस्, केही मानिसहरूले हात्तीलाई डराउन-तर्साउनका लागि भाला र जञ्जीरहरू फ्याले, जसरी पण्डित पुजारीहरू मानिसहरूलाई नर्कदेखि तर्साउँछन्, तर कुनै उपाय काम लागेन । आफ्नो दुर्दशा देखेर हात्ती रुन थाल्यो । यो खबर सुनेर राजा प्रसेनजित पनि तलाउ आइपुगे । आफ्नो सबैभन्दा प्रिय हात्तीको दुर्दशा देखेर राजा पनि निकै दुःखी भए । साँझ पर्दासम्म यो खबर पूरै श्रावस्तीमा आगोझैँ फैलियो र तलाउनेर मानिसहरूको ठूलो भीड जम्मा भयो ।

भगवान बुद्ध त्यसबेला श्रावस्तीमा नै अनाथपिण्डकको जेतवनाराममा विहार गर्दै थिए र हात्तीको पुरानो माउते सरकारी नोकरीबाट निवृत्त भएर भगवान बुद्धको शरणमा धम्म सिक्दै थियो । हात्तीको खबर जब भगवान बुद्धकहाँ पुग्यो, तब उनले पुरानो माउतेलाई हात्तीको सहायता गर्नका लागि पठाए । आदेश पाएर माउते तलाउनेर पुग्यो । दलदलमा फसेको हात्तीतिर हेरेर पहिले ऊ निकै बेस्सरी हाँस्यो, त्यसपछि युद्धको विगुल बजाउनलाई आदेश दियो । युद्धको विगुल सुन्नेबित्तिकै हात्ती यति बेस्सरी करायो कि पूरै श्रावास्तीमा उसको आवाज गुञ्जियो । मानिसहरूले उसको आवाज नसुनेको वर्षौं भइसकेको थियो । ठूलो आवाजले कराउँदै हात्ती फूर्तिका साथ यस्तो सहजता र मस्तीसँग दलदलबाट बाहिर निक्लियो मानौं कि तलाउमा कुनै दलदल नै छैन र ऊ त्यसमा फसेको नै छैन ।

भीडमा केही भिक्षुहरू पनि थिए । साँझको सभामा उनीहरूले भगवान बुद्धलाई पूरै घटना बताएर माउतेले हाँसेको र विगुल बजाउन लगाएको कारण सोधे । बुद्धले त्यस दिनको प्रवचनमा यसै घटनालाई आधार बनाए । उनले साधकहरूलाई सम्झाए कि हात्तीबाट केही सिक । माउते यसकारण हाँस्यो कि यति महान हात्ती, जसको ख्याति सयौं मील टाढासम्म छ, र यस्तो शक्तिशाली हात्ती जाबो तलाउको दलदलमा फसेको छ, उसले यो कसरी बिर्स्यो कि ऊ एक महान् हात्ती

हो जसले अनेक युद्धहरू जितेको छ । र विगुल यसकारण बजाउन लगायो जसले कि हात्तीलाई आफ्नो स्वभावको सम्भना होस्, र यस्तै भयो । विगुल सुन्नेबित्तिकै हात्तीले विर्स्यो कि ऊ दलदलमा छ । एकछिनका लागि उसलाई युद्धको सम्भना हुन थाल्यो र उसले आफ्नो सम्पूर्ण शक्ति, सम्पूर्ण ध्यान युद्धतर्फ लगायो र दलदलबाट बाहिर निक्लियो । बुद्धले भने कि हात्तीबाट केही सिक कि कसरी बलवानभन्दा बलवान जवान एक दिन बूढो भएर शक्तिहीन भइदिन्छ, कसरी धनीभन्दा धनी मानिसहरू एकदिन निर्धन हुन्छन् । यस संसारमा केही पनि सधैं एकैजस्तो भइरहँदैन । हामी वासनाहरूका जेजति बानी जवानीमा पाछौं, बुढेशकालमा तिनले भन् बलियोसँग टाउको उठाउँछन् । यो हात्ती जवानीमा पनि त्यस तलाउमा नुहाउन जाने गर्थ्यो होला त्यसवेला जवानीको तागत थियो त्यसैले फसेन । बूढो भइसक्दा पनि तलाउमा नुहाउन जाने बानी बदलिएन, यसैले कहिल्यै भ्रममा पर्नुहुन्न कि जवानीमा ऐश गरिहालौं, बुढेशकालमा छोडौंला । बुद्धले भने कि माउतेले विगुल बजाउन लगाएर हात्तीलाई उसको स्वभावको सम्भना गरायो कि ऊ एक महान हात्ती हो । हात्तीले विर्सियो कि ऊ दलदलमा छ र युद्धोन्मादमा ठूलो आवाज निकाल्दै दलदलबाट बाहिर आयो । बुद्धले भने कि म पनि अनित्यताको विगुल बजाइरहेको छु, तिमीहरू भवसंसारको हिलोबाट बाहिर आउन सक्छौ । जन्म-मरण, रोग-बूढेशकालको दु:खदायी दलदलबाट वाहिर निक्लिन सक्छौ यदि आफ्नो सम्पूर्ण ध्यान, सम्पूर्ण तागत राग, द्वेष, मोह र भयका संखारहरू मेटाउनमा लगायौ भने । इच्छाशक्तिलाई मजबूत वनाऊ र भवसंसाररूपी दलदलबाट बाहिर निक्ल ।

यस घटनाले यो पनि थाहा पाइन्छ कि साँचो मार्गदर्शकले आफ्ना अनुयायीहरूलाई न स्वर्गको लालच देखाउँछ न नर्कको भय । उसले त उनीहरूलाई केवल उनीहरूको वास्तविक स्वभावसँग परिचित गराइदिन्छ र सही र साँचो मार्ग देखाइदिन्छ, जसमाथि हिंडेर मानिसहरू स्वयम् निर्वाणको परम आनन्द प्राप्त गर्न सकुन् र जीवनलाई दु:खहरूबाट मुक्त गर्न सकुन् ।

धम्मको फल धम्म मार्गमा हिंडेर मात्र सम्भव

एक समय भगवान बुद्ध श्रावस्तीमा मिगारमाता विशाखाको पुब्बाराममा विहार गर्दै थिए । धम्म सिक्न र सुन्न निकै मानिसहरू हरेक दिन त्यहाँ आउँथे, तिनीहरूमा मोग्गालन नामक ब्राम्हण लेखाकार पनि आउँथ्यो । एक दिन ऊ छिटै आयो र भगवानलाई एक्लै देखेर उनीकहाँ गएर भन्यो कि उसको मनमा एक

प्रश्न उठिरहन्छ कि भगवानकहाँ जुन मानिसहरू आउँछन्, तिनीहरूमध्ये केही त चरम ज्ञान प्राप्त छन्, केही मानिसहरू यसका नजिक छन् तर केही मानिसहरू यस्ता पनि छन् जसलाई यस सुखको प्राप्ति भएको छैन । अनि भगवान, तपाईं जस्तो अद्भुत शिक्षक र पथप्रदर्शक हुनुहुन्छ, निर्वाणको अद्भूत मार्ग छ, तैपनि के कारण हो कि केही साधकहरूलाई निर्वाण सुख प्राप्त हुन्छ र केहीलाई हुँदैन । अनि भगवान तपाईं आफ्नो अपार करुणाले किन सवैलाई निर्वाण सुख दिनहुन्न र भवसंसारका बन्धनहरूबाट मुक्त गर्नुहुन्न ?

भगवान बुद्ध सवाल सोध्नेको मनस्थिति हेरेर कहिलेकाँही प्रतिप्रश्न गर्थे । उनले मोग्गालनसँग भने, 'ब्राम्हण म तिम्रो यस प्रश्नको उत्तर दिनेछु, तर पहिले तिमीलाई जस्तो लाग्छ, त्यस्तै मेरो प्रश्नको उत्तर देऊ । ब्राम्हण, अब यो बताऊ कि के तिमीलाई राजगृह आउने-जाने बाटो राम्रोसँग थाहा छ ?'

मोग्गालनले भन्यो, 'श्रमण गौतम ! मलाई निश्चय नै राजगृह आउने-जाने बाटो राम्रोसँग थाहा छ ।'

'अब कुनै एक मानिस आउँछ र राजगृह जाने बाटो सोध्छ तर उसलाई जुन बाटो वताइन्छ, त्यसलाई छाडेर ऊ अर्कै बाटो समात्छ, ऊ गलत बाटोमा हिँडिदिन्छ, पूर्वको सट्टा पश्चिमतिर हिँडिदिन्छ । त्यसैबेला अर्को मानिस आउँछ र ऊ पनि बाटो सोध्छ र तिमी उसलाई पनि ठीकठीक त्यसरी नै बाटो बताइदिन्छौ, ऊ तिमीले बताएको बाटोमा हिँड्छ र सकुशल राजगृह पुग्छ ।' ब्राम्हणले भन्यो, 'म के गरूँ त, मेरो काम बाटो देखाउने हो ।'

भगवान बुद्धले भने, 'त्यसो भए ब्राम्हण, म पनि के गरूँ, तथागतको काम पनि केवल बाटो देखाउनु हो ।'

जस्तो कर्म त्यस्तै फल

पाथमा महानाम सुत्तमा भगवान बुद्धले घिउ र मसिना ढुंगाहरूले भरिएका दुई घडाको उदाहरण दिएर सम्झाए कि जस्तो हाम्रो कर्म हुन्छ, त्यस्तै फल पाइनेछ । एक समय भगवान बुद्ध नालन्दामा विहार गर्दै थिए । एक दिन एउटा युवक रुँदै भगवान बुद्धको छेउमा आयो । भगवान बुद्धले उसँग सोधे, 'के भयो बाबु, किन रुँदैछौ ?'

'भगवान, हिजो मेरो बूढा पिताको मृत्यु भयो ।'

'तर रोएर त उनी फर्केर आउँदैनन् ।'

'म बुझ्छु भगवान कि रोएर केही हुनेछैन तर म तपाईंकहाँ आएको छु कि तपाईं मेरा दिवङ्गत पिताका लागि केही गर्नुहोस् ।'

'म के गर्न सक्छु तिम्रा दिवङ्गत पिताका निम्ति ?'

'भगवान, तपाईं पक्कै केही गर्न सक्नुहुन्छ, तपाईं त करुणासागर र शक्तिमान हुनुहुन्छ । पण्डित पूजारी, तन्त्रमन्त्र गर्नेहरू त मरेका मानिसहरूका लागि किसिम-किसिमले क्रियाकर्म गराउँछन्, जसले गर्दा मर्नेहरूलाई स्वर्गमा ठाउँ पाइन्छ । तपाईं त महान हुनुहुन्छ, कृपा गरेर मेरा पिताका लागि तपाईं कुनै क्रियाकर्म गरिदिनुहोस्, जसले गर्दा उनी भवसागर तर्न सकून् ।'

भगवान बुद्धले उसको दशा देखेर बुझिहाले कि केवल शब्दहरूले सम्झाउनाले यसले बुझ्ने छैन । भगवान बुद्धले त्यस युवकसँग दुईटा माटोका घडा ल्याउनलाई भने, युवकले ल्यायो । बुद्धले ऊसँग भने कि एउटामा ढुङ्गाका ससाना टुक्राहरू र अर्कोमा घिउ भर । युवकले त्यस्तै गऱ्यो । भगवान बुद्धले भने, अब यी दुवै घडालाई बन्द गरेर पोखरीमा हाल । युवकले त्यस्तै गऱ्यो । दुईटै घडा पानीमा डुबे । भगवान बुद्धले भने, अब एउटा बाँस ल्याऊ र त्यस बाँसले दुईटै घडा फोर ।

युवक दङ्ग थियो कि यता घडाहरू फुट्छन् र उता उसको पिताका लागि स्वर्गको ढोका खुल्छ भनेर । युवकले बाँसले घडाहरू फोरिदियो । घडाहरू फुट्नासाथ घिउ पानीमाथि तैरिन थाल्यो र ढुङ्गाका टुक्राहरू पानीभित्र डुबे ।

भगवान बुद्धले युवकसँग भने, 'यति क्रियाकर्म त मैले गराइदिएँ । अब आफ्ना पण्डित-पूजारीहरूलाई बोलाएर तन्त्रमन्त्रद्वारा घिउलाई पानीभित्र र ढुङ्गाका टुक्राहरूलाई पानीमाथि ल्याउनलाई भन । म पनि हेरूँ उनीहरू कसरी गर्न सक्छन् ।'

'भगवान, तपाईं त ठट्टा गर्दै हुनुहुन्छ, यस्तो कसरी हुन सक्छ ? ढुङ्गाका टुक्राहरू पानीभन्दा गह्रौं छन् त्यसैले तलै रहनेछन् र घिउ पानीभन्दा हलुङ्गो छ यसैले पानीमाथि तैरिन्छ, तल जानै सक्दैन, यो प्रकृतिको नियम हो,' युवकले भन्यो ।

भगवान बुद्धले भने, 'युवक, तिमीले प्रकृतिको नियमलाई यति राम्ररी बुझेका छौ तर यो बुझ्न सकेनौ कि तिम्रा पिताले यदि असल र पुण्य कर्म गरेका छन् भने त उनको सद्गति नै भयो होला, कसैले उनलाई तलको लोकमा पठाउन सक्दैन र यदि ढुङ्गाका टुक्राहरूझैं दुष्कर्म र पाप गरेका छन् भने त दुर्गति नै भयो होला, कसैले उनलाई सद्गति दिलाउन सक्दैन । यसैले प्रकृतिको नियमलाई बुझ र

प्रकृतिका नियमहरूका अनुसार शील र सदाचारको जीवन बिताऊ ।'

युवकले बुझिहाल्यो कि जस्तो कर्म हुन्छ, त्यस्तै फल हुन्छ । कसैले त्यसलाई बदल्न सक्दैन । हामीले पनि पण्डित-पूजारी, ज्योतिषीहरू र देवीदेवताहरूको चक्करमा नपरेर, शील सदाचारको जीवन बिताउँदै पुण्यकर्म गर्नुपर्छ र पापकर्महरूबाट बच्नुपर्छ ।

बुद्धका प्रमुख अनुयायीहरू

भगवान बुद्धको शिक्षाबाट प्रभावित भएर हर वर्ग र समुदायका मानिसहरू, करोडौं सङ्ख्यामा उनका अनुयायी बने । भगवान बुद्धका केही अनुयायीहरूको कथा संक्षिप्त रूपमा प्रस्तुत गरिँदै छः

मगध नरेश बिम्बिसार

बिम्बिसार मगधका सम्राट थिए । भगवान बुद्धका प्रथम राजसी शिष्य एवम् प्रमुख संरक्षक बने । महाभिनिष्क्रमणपछि जब गौतम मगध साम्राज्यको राजधानी राजगृह आएका थिए त्यसबेला राजा बिम्बिसारले उनलाई गृहस्थ जीवनमा फर्काउनको लागि आफ्नो आधा राज्य दिने कुरा गरेका थिए, जसलाई सिद्धार्थले सादर अस्वीकार गरिदिएका थिए र राजा बिम्बिसारसँग भनेका थिए, "म संसारका कलहहरूले आहत छु । म शान्तिको खोजीमा छु । म यस दुःखको अन्त गर्नुको साटो यस पृथ्वीको राज त के दिव्य लोकको राज्य पनि चाहन्नँ ।"

महाराज बिम्बिसार सिद्धार्थका वचनहरूले निकै प्रभावित भए र उनीसँग वचन लिए कि जुन बेला उनलाई बुद्धत्व प्राप्त हुनेछ, उनी राजगृह अवश्य आउने छन् र उनलाई पनि दीक्षा दिने कृपा गर्नेछन् । आफ्नो यसै वचनलाई पूरा गर्नका लागि भगवान बुद्ध काश्यप बन्धुहरू र भिक्षु सङ्घसमेत राजगृह पुगे । महाराज बिंम्बिसारले आफ्ना दरबारियाहरू र हजारौं प्रजाहरूका साथ भगवान बुद्ध र भिक्षुहरूको स्वागत गरे । भगवान बुद्ध र उरुवेला काश्यपलाई देखेर केही

मानिसहरू असमञ्जसमा परे कि दुवैमध्ये को गुरु हो को चेला ? काश्यपले मानिसहरूको समस्या बुझ्दै भने कि सारहीन र क्षणिक-भोगहरूलाई त्यागेर भगवान बुद्धका शील, सदाचार, करुणा, मैत्री, बन्धुत्व र समताको मार्गलाई, जसले निर्वाण सुखसम्म लिएर जान्छ, उनले अपनाएका छन् । यो कुरा झन्डै काश्यपले भगवान बुद्धका चरणमा सिर झुकाएर बुद्ध गुरु भएको प्रमाण दिए ।

भगवान बुद्धले उपस्थित मानिसहरूलाई धम्मको उपदेश दिए, जसलाई सुनेर र बुझेर महाराज बिम्बिसार र अनेक मानिसहरूलाई निर्वाणको पहिलो अवस्था, श्रोतापण्ण प्राप्त भयो । सम्राटले भगवान बुद्ध र भिक्षु सङ्घलाई भोजन दानका लागि आफ्नो महलमा आउनलाई निमन्त्रणा दिए । भगवानले मौन रहेर निमन्त्रणा स्वीकृतिको सङ्केत दिए ।

निश्चित समयमा भगवान बुद्ध काश्यप बन्धुहरू, सारिपुत्त र मोग्गालनसहित बाह्रसय पचास भिक्षुहरूका साथ उनीकहाँ भोजनदानका लागि राजमहल पुगे । सम्राट बिम्बिसारले छ हजार पाहुनाहरू र दरबारियाहरूका साथ महलको मुख्य द्वारमा उनीहरूको स्वागत गरे । राजसी स्वागतका साथ भिक्षु सङ्घलाई महलको आँगनमा पुऱ्याइयो, जसलाई भव्य किसिमले सजाइएको थियो । भगवान बुद्धलाई मण्डपको बीचमा अग्लो आसनमा बसाइयो । उनी बसीसकेपछि सबै जना आ-आफ्नो ठाउँमा बसे । सम्राटले स्वयम् आफ्ना हातहरूले भगवान बुद्धका लागि शुद्ध शाकाहारी भोजन पस्किए । सबै जनाले पूर्ण मौन रहेर शान्तिपूर्वक खाना खाए । भगवान बुद्ध र भिक्षु सङ्घको शान्ति र सौम्यतापूर्ण मौनताले सबै उपस्थित पाहुनाहरू निकै प्रभावित भए । भोजन समाप्त भएपछि भिक्षु सङ्घका भिक्षापात्रहरू धोएर उनीहरूलाई फिर्ता गरिए । भगवान बुद्धले उपस्थित सबैलाई पञ्चशीलका बारेमा उपदेश दिए ।

प्रवचन समाप्त भएपछि सम्राटले भिक्षु सङ्घलाई वेलुवन (बाँसहरूको बगैंचा) दानमा दिए, जसलाई भगवान बुद्धले मौन रहेर स्वीकार गरे । भिक्षु सङ्घले पाएको यस किसिमको यो पहिलो दान थियो । वेलुवनमा किसिम-किसिमका छायादार रुखहरू थिए । लोखर्केहरू यहाँ निकै भएकाले यसलाई लोखर्के पार्क पनि भनिन्थ्यो । पार्क नगरबाट न धेरै नजिक थियो न धेरै टाढा थियो । मानिसहरू आरामले नगरबाट आउनजान सक्थे । यसैले साधनाको लागि निकै उपयुक्त थियो । भगवान बुद्धले दोस्रो, तेस्रो, चौथो लगातार तीन वर्षावास र पछि तीन अरू वर्षावास वेलुवानमा बिताए र अनेक उपदेश दिए ।

महाराज बिम्बिसारले आफ्नो पुत्र युवराज अजातशत्रु र महारानी विदेहीका साथ बुद्ध, धम्म र सङ्घको शरण लिए । आफ्नो राजवैद्य जीवकलाई बुद्ध र भिक्षु सङ्घको सेवाका लागि तैनाथ गरे । भगवान बुद्धको शिक्षाले अभिभूत जीवक पनि उपासक बन्यो । सम्पूर्ण मगधमा धम्मको प्रचार-प्रसार भयो र लाखौं मानिसहरूलाई धम्म लाभ भयो र उनीहरूलाई दुःखहरूबाट छुटकारा मिल्यो ।

बिम्बिसारले आफ्नो बगैंचामा बुद्धको कपाल र नङ लिएर एक बुद्ध विहार बनाएका थिए ।

अनाथपिण्डक (सुदत्त)

सुदत्त कोशल राज्यको राजधानी श्रावस्तीको निवासी थियो । कोशल नरेश प्रसेनजितको ऊ खजान्ची थियो । ऊ गरिबहरूलाई निकै दान दिन्थ्यो यसैले उसको नाम अनाथपिण्डक थियो । अनाथपिण्डककी पत्नी पुण्यलक्षणा सुन्दर एवम् गरिमामयी महिला थिई । उनीहरूका तीन छोरी र एक छोरा थिए ।

सुदत्त कुनै कामले राजगृह आफ्नो बहिनी ज्वाइँकहाँ गएको थियो, त्यहीं ऊ भगवान बुद्धको सान्निध्यमा आयो । अनाथपिण्डकले भगवान बुद्धबाट केही उपदेशहरू सुन्ने इच्छा व्यक्त गऱ्यो । अनि भगवान बुद्धले उसलाई उपदेश दिए- 'जे जति चीजहरू अस्तित्वमा आउँछन् ती सबै सरोकारजन्य हुन्छन् । न ती ईश्वरद्वारा निर्मित हुन्छन् न ब्रम्हद्वारा न आत्माद्वारा न विनाकारण अस्तित्वमा आउँछन् । हाम्रा आफ्नै कर्महरू नै हुन्, जो असल र खराब परिणाम जन्माउँछन् ।'

सम्पूर्ण संसार पटिच्चसमुप्पादको नियमबाट सञ्चालित हुन्छ ।

"हामी आत्मा र आत्मार्थबाट मुक्त होऔं किनकि सबै चीजहरू कारण र कार्यका नियमसँग बाँधिएका छन् । यसैले हामी कुशल कर्म गरौं ताकि तिनको परिणाम पनि कुशल नै होस् ।" अनाथपिण्डले भन्यो, "तथागतका वचनहरूको सत्यलाई म हृदयङ्गम गर्दै छु । म आफ्ना अज्ञानलाई अझ धेरै टाढा गर्न चाहन्छु ।

मानव सेवाको उत्कट इच्छा व्यक्त गर्दै उसले भगवान बुद्धसँग सोध्यो- के यो उचित होला कि आफ्नो सम्पति, आफ्नो घर र आफ्नो कारोबारको त्याग गरिदिऊँ र धम्ममय जीवनको सुख प्राप्त गर्नको लागि बेघर भईदिऊँ ?"

तथागतको उत्तर थियो- धम्ममय जीवनको सुख प्रत्येक त्यस व्यक्तिका निम्ति उपलब्ध छ, जो आर्य आष्टाङ्गिक मार्गमा हिँड्छ । जसको धनमा आसक्ति छैन,

जोसँग धन छ तर ऊ त्यसको उचित उपयोग गर्छ । यस्तो मानिस आफ्ना मानव बन्धुहरूका लागि एक बरदान को । मानिसको जीवन, ऐश्वर्य र अधिकार उसलाई आफ्नो दास बनाउँदैनन् बरु जीवन, ऐश्वर्य र अधिकारप्रति मानिसको आसक्तिले नै उसलाई आफ्नो दास बनाउँछ..... मानिस चाहे जे गरुन्, चाहे उनीहरू कारिगर होउन्, चाहे व्यापार गरुन्, चाहे सरकारी नोकरी गरुन् अथवा संसारलाई त्यागेर ध्यान भावनामा रत रहुन्, उनीहरूले आफ्नो काम पूरै मन लगाएर गर्नु पर्छ । उनीहरूले परिश्रमी र उत्साही भई रहनु पर्छ र यदि उनीहरू त्यस कमलझैं पानीमा रहेर पनि पानीबाट नछोइएर रहे जस्तै जीवन सङ्घर्षमा रहँदा-रहँदै पनि आफ्नो मनमा ईर्ष्या र घृणालाई ठाउँ दिँदैनन्, यदि उजीहरू संसारमा रहेर पनि स्वार्थपूर्ण होइन बरु परमार्थपूर्ण जीवन व्यतीत गर्छन् भने यसमा कुनै पनि सन्देह छैन कि उनीहरूको मन आनन्द, शान्ति र सुखले भरिनेछ ।

अनाथपिण्डकलाई यो अनुभूति भयो कि यो सत्यको धम्म हो, सरलताको धम्म हो र प्रज्ञाको धम्म हो । उसको सद्धम्ममा प्रगाढ आस्था जाग्यो र उसले प्राणान्तसम्म शरणागत उपासक भई रहने प्रार्थना गऱ्यो ।

अनाथपिण्डकले भगवान बुद्धसँग प्रार्थना गऱ्यो कि ऊ श्रावस्तीमा एक विहारको स्थापना गर्न चाहन्छ र भगवान त्यहाँ आएर विहारको दान स्वीकार गरुन् । भगवानले मुस्कुराएर स्वीकृति प्रदान गरे ।

श्रावस्तीमा आएर अनाथपिण्डकले राजकुमार जेतको उद्यान (पार्क) हेऱ्यो, जो सहरभन्दा टाढा थियो र साधना केन्द्रका लागि उपयुक्त थियो । अनाथपिण्डकले राजकुमार जेतसँग त्यो उद्यान खरीद गर्ने इच्छा प्रकट गऱ्यो तर राजकुमारले बेच्न मानेन । अनाथपिण्डकले जिद्दी गरेपछि राजकुमारले झोक्किँदै भनिदिए कि लिनु नै छ भने यसको सम्पूर्ण जमिनमा सुन बिछ्याउनु पर्नेछ । अनाथपिण्डकले सुन बिछ्याउन सुरु गरिदियो । गोरुगाडाहरूमा भरेर सुनका सिक्का ल्याउँथ्यो र उद्यानको जमिनमा बिछ्याँउथ्यो । एक-एक गरेर उसले अठार करोड सुनका सिक्काहरू बिछ्याई दियो ।

जब राजकुमारलाई थाहा भयो कि यस ठाउँमा साधना केन्द्र बन्नेछ र भगवान बुद्ध मानिसहरूलाई धर्म सिकाउने छन् त्यसपछि उसले बाँकी जमिन आफ्नो तर्फबाट दान दियो । अनाथपिण्डकले थप अठार करोड सुनका सिक्काहरू खर्च गरेर त्यहाँ एक विशाल विहारको निर्माण गरायो, जसलाई अनाथपिण्डकको जेतवनारामको नामले चिनिन्थ्यो । भगवान बुद्धले अनेक वर्षावास यहीं बिताए ।

पटाचारा

कोशल राज्यको राजधानी श्रावस्तीमा एक अत्यन्त धनी दम्पती थियो जसको एक सानो छोरा एवम् छोरी थिई । आमा-बाबु पैसा कमाउने र अन्य कामहरूमा व्यस्त रहन्थे । छोरा र छोरीको लागि अलग-अलग नोकर राखिएका थिए । जवानीको उमेरमा पाइला राख्नेबित्तिकै छोरीले बाटो बिराई । बीस वर्षकी भएपछि आमा-बावले एक सुखी-सम्पन्न परिवारमा बिहेको कुरा छिने । जन्ती आउनुभन्दा अगाडि नै त्यो केटी नोकरसँग भागीहाली । दुई वर्षपछि उसले एक छोरो पाई । केही समयपछि ऊ फेरि गर्भवती भई । लोग्ने स्वास्नी अति नै गरिब भइसकेका थिए यसैले उनीहरूले माइती फर्किने निर्णय गरे । बाटोमा ठूलो हुरी-बतास आयो र घनघोर वर्षा हुन थाल्यो । त्यसै बेला उसलाई प्रसव पीडा हुन थाल्यो । पतिले सोच्यो केही काठहरू काटेर ल्याउँछु र पातहरूले छोपेर एक कुटी बनाउँछु । तर ऊ पूरै रात बितिसक्दा पनि फर्केन । त्यस डरलाग्दो रातमा हिलाम्य बाटोमा युवती एक्लै छट्पटाइ रही र एक बच्चालाई जन्म दिई । उज्यालो भई सक्दा पनि पति नफर्केपछि दुइटै बच्चाहरूलाई लिएर पतिलाई खोज्न हिंडी । अलिकति हिंडेपछि पतिको लाश भेटियो, जो सर्पले डसेर नीलो भइसकेको थियो । रुँदै-कराउँदै बच्चाहरूलाई छातीमा च्यापेर ऊ श्रावस्तीतिर हिंडी । बाटोमा अचिरवती नदी पर्‍यो, वर्षाका कारण त्यसमा पनि बाढी आएको थियो । सँगैदुइटा बच्चाहरूलाई लिएर नदी पार गर्न उसलाई मुश्किल लाग्यो । त्यसैले पहिले सानो बच्चालाई कपडामा बेरेर पारीपट्टि झाडीमुनि सुताएर ऊ ठूलो बच्चालाई लिन आई । नदीको बीचमा मात्र के ऊ पुगेकी थिई कि उसले देखी एक ठूलो गिद्ध सानो बच्चामाथि झम्टिँदै छ । ऊ नदीको बीचमा उभिएर बच्चालाई बचाउनको लागि 'हा-हा' गर्दै दुइटै हात हल्लाउन थाली तर गिद्धमाथि यसको कुनै असर भएन र ऊ बच्चालाई पन्जामा च्यापेर उडिहाल्यो । यता ठूलो बच्चाले आमाले आवाज दिएको र हात हल्लाएको देखेर ठान्यो कि आमाले उसलाई बोलाइरहेकी छे र ऊ नदीमा गयो । हेर्दा-हेर्दै ऊ नदीमा बगिहाल्यो । त्यस बिचरीको दुःखको सीमा रहेन । रुँदै-कराउँदै ऊ श्रावस्तीको श्मशानघाटहुँदै हिंड्दै थिई र त्यसैबेला उसलाई थाहा भयो कि रातमा आएको ठूलो आँधीबेहरी र वर्षाले गर्दा उसको बुबाको सात तले महल लड्यो र परिवारका सबै सदस्य त्यसमा दबेर मरे । घाटमा उनीहरूकै लाशहरू जलाइँदै थिए । अब संसारमा उसको कोही बाँकी थिएन । दुःख सहन नसकेर उसको होश हरायो र त्यहीं पछारिन पुगी । मन यति विक्षिप्त भयो कि ऊ पागल भई हाली । एक-एक गरेर

शरीरका सबै लुगाहरू च्यातेर ऊ निर्वस्त्र भई । पूरै नाङ्गै भएर ऊ श्रावस्तीका गल्लीहरूमा आफ्नो छाती पिट्दै रुन्थी-कराउँथी । केटा-केटीहरू बौलाही-बौलाही भनेर उसको पछाडि दौडिन्थे । उसमाथि ढुङ्गा फ्याँक्थे । यस्तै अवस्थामा एक दिन ऊ जेतवन बिहारको छेउबाट हिँड्दै थिई । त्यहाँ भगवान बुद्ध एक ठूलो सभालाई धम्म बुझाउँदै थिए । मानिसहरूले उसलाई आउँदै गरेको देखे र उसले कतै अशान्ति पैदा नगरिदेओस् भन्ने आशङ्काले उसलाई भगाउन चाहे । तर भगवान बुद्धको करुण दृष्टि उसमाथि पर्‍यो र उनले उसलाई आफ्नो छेउमा बोलाए । त्यसपछि करुणापूर्ण शब्दहरूमा भने, "मेरो दुखिया छोरी ! होशमा आऊ !" बाणीमा अमृत भरिएको थियो, बुद्धको वाणी सुन्नेबित्तिकै त्यस दुखियालाई अलिकति होश आयो । उसको ध्यान आफ्नो सम्पूर्ण नाङ्गो शरीरमाथि गयो र लाजले ऊ खुम्चन थाली । ऊ त्यहीं टुसुक्क बसी हाली । छेउमा उभिएको कुनै सज्जनले उसमाथि आफ्नो चादर ओढाई दियो । उसले तुरुन्त चादर ओढी हाली । चादर आढेकी यस दुखियाको नाम 'पटाचारा' रहन गयो ।

पटाचाराले भगवान बुद्धलाई आफ्नो हाल बताई । आफ्ना दुःखहरूलाई याद गरेर पटाचारा फेरि धुरु-धुरु रुन थाली । भगवानले भने- "छोरी होशमा आऊ ! माता-पिता, भाइ-बन्धु, पति-पुत्रले शरण दिन सक्दैनन् । वास्तविक शरण त आफूले धारण गरेको धम्मले नै दिनेछ । ...... समझदारले बझ्नु पर्छ कि यस असीम दुःखमय भवसागरको सत्यतालाई जानेर शीघ्रभन्दा शीघ्र मुक्तिको मार्ग खोजोस् । सधैंको लागि दुःख विमुक्त भई हालोस् ।"

भगवानको वाणी सुन्दा-सुन्दा त्यस दुखियाको चित्त एकाग्र भयो । केही बेरका लागि चित्त स्वमुखी भयो, अन्तर्मुखी भयो । शरीरका अणु-अणुमा उदय-व्ययको प्रत्यक्ष अनुभूति भयो । त्यहीं बस्दा-बस्दै पटाचाराले निर्वाण अवस्थाको साक्षत्कार गरी । श्रोतापण्ण भई । उसले भगवानसँग प्रव्रज्याको याचना गरी । भगवानले उसलाई भिक्षुणीहरूकहाँ पठाएर प्रव्रजित गराए र पटाचारा मुक्तिको मार्गमा दृढतापूर्वक आरुढ भई ।

पटाचारा भगवानका प्रमुख शिष्याहरूमध्ये एक भई । उसले आफ्नो बाँकी जीवन आफू जस्ता दुखिया नारीहरूलाई धम्मको मार्गमा परिचालित गरेर दुःख-मुक्त गराउनमा नै बिताई । आफ्नो कल्याणका साथ-साथै अनैकौंको कल्याणको कारण वनी ।

किसा गौतमी

श्रावस्तीको एक अत्यन्त निर्धन र समाजमा दलित मानिएको कुलमा गौतमी तिस्सा नाम गरेकी युवती थिई । अत्यन्त दुब्ली भएको कारणले उसको नाम किसा (कृशा) गौतमी भयो । उसको विवाह एक धनी परिवारमा भएको थियो । गरिब घरबाट आएकी हुनाले पतिबाहेक घरका बाँकी मानिसहरूले उसको आदर गर्दैनथे । तर जब उसले एक सुन्दर पुत्रलाई जन्म दिई अनि त परिवारका सबै मानिसहरूको प्रिय भई हाली । एक दिन बगैँचामा खेलिरहेको बेला सर्पको टोकाईवाट बच्चाको अकाल मृत्यु भयो । यसबाट ऊ मानसिक रूपले विक्षिप्त भईहाली । बच्चाको लाशलाई छातीमा च्यापेर ऊ रुन थाली ।

रुँदै-कराउँदै ऊ भगवान वुद्धकहाँ गई । र भन्न थाली- भन्ते भगवान ! मानिसहरू मबाट मेरो वावु खोस्न चाहन्छन् । यो मरेको छैन । भगवान ! यो सुतेको छ ! वेहोस भएको छ । तपाईं यसलाई ब्यूँझाई दिनु होस् । तपाईं यसलाई होशमा ल्याई दिनुहोस् !

भगवान बुद्ध- छोरी यो निष्प्राण छ ।

किसा- यदि यो निष्प्राण छ भने पनि भगवान तपाईं त महाभिषक हुनुहुन्छ, कसैले भनेको छ कि तपाईंसँग सञ्जीवनी औषधि छ, मेरो बच्चामा नयाँ प्राण फुकिदिनुहोस्, यसलाई औषधि अवश्य दिनुहोस् ।

भगवानलाई लाग्यो, यस्तो अवस्थामा यसले केही बुझ्न सक्दिन । भगवानले भने कि गएर एक चिम्टि जति सर्सिउँ यस्तो परिवारबाट मागेर ल्याऊ, जुन परिवारमा आजसम्म कोही मरेको छैन । बच्चालाई छातीमा च्यापेर ऊ सर्सिउँ माग्नलाई हिँडी । किसा दिनभरि श्रावस्तीमा घुम्दै रही तर एउटा पनि यस्तो घर पाइएन, जहाँ कोही मरेको नहोस् । ऊ फर्केर भगवानकहाँ आई ।

भगवानलाई लाग्यो, अब यसको मनस्थिति बुझ्नलायक भएको छ । भगवानले उसलाई सम्झाए, "मृत्यु सबै प्राणीहरूको अनिवार्य धम्म स्वभाव हो । केवल गाउँलेहरूको होइन, केवल नगरवासीहरूको होइन, केवल एक कुलका मानिसहरूको मात्र होइन, यो त देवताहरूसमेत सबै मानिसहरूको धम्म स्वभाव हो । सबै अनित्याधर्मा हुन्, सबै मरणधर्मा हुन् । यस सत्यतालाई जसले बुझ्दैनन्, उनीहरू सन्तान, पशुहरू र धन-सम्पतिहरूका प्रति आसक्त रहन्छन् । जसरी नदीमा एकाएक आएको बाढीले गहिरो निदमा सुतेको गाउँलाई बगाएर

लैजान्छ, त्यसरी नै यी प्रमत्त आसक्त मानिसहरूलाई मृत्युले बगाएर लैजान्छ । जो यस मोह-निद्राबाट जाग्यो, जसले आफूभित्र अनित्यबोध जगायो, उदय-व्ययको दर्शन गऱ्यो भने, मात्र ऊ मृत्यु दुःखबाट सधैं-सधैंको लागि मुक्त हुन सक्छ ।

सय वर्षसम्म उदय-व्ययको अनुभवविना जिउनुको अपेक्षा उदय-व्ययको अनुभव गर्दै केवल एक दिनको जीवन नै बढी श्रेष्ठ हो, श्रेयस्कर हो । किसा गौतमीलाई तथागतको धम्म ज्ञान सुनेर उदय-व्यय, उदय-व्यय यस अनित्य धर्मको आफूभित्र सम्यक् दर्शन भयो । उदय-व्यय, उदय-व्ययको दर्शन गर्दा-गर्दै उत्पाद निरोधको दर्शन भयो । त्यहीं त्यसै अवस्थामा निर्वाणको साक्षात्कार भयो । ऊ श्रोतापण्ण अवस्थामा प्रतिष्ठित भई । नितान्त दुःख विमुक्तिको मार्गमा प्रतिष्ठित भई । र भगवान बुद्धको एक प्रमुख शिष्या बनी । आफ्ना दुःखहरूबाट त मुक्त भई नै, र कैयौं दुखिया नारीहरूलाई दुःखबाट छुटकारा पाउनमा सहयोगी भई र अनेकौंलाई धम्म लाभ गराउनमा सहायक बनी ।

अङ्गुलिमाल

अङ्गुलिमालका पिता गार्ग्य र माता मैत्रायणी थिए । अङ्गुलिमालको वास्तविक नाम अहिंसक थियो । उसका पिता कोशल नरेशका दरबारीया थिए । पढ्नको लागि अङ्गुलिमाललाई तक्षशीला पठाइएको थियो, जहाँ राजकुमारहरू र धनाढ्य परिवारका बच्चाहरू आउँथे । अङ्गुलिमाल एक शीलवान र कुशाग्र बुद्धिको बालक थियो र गुरुमाताको स्नेहपात्र छात्रहरूमा थियो । यस कुराको ईर्ष्याले एक राजकुमारले गुरुमातासँग अवैध सम्बन्धको लाच्छना लगाएर गुरुको कान भऱ्यो । गुरुले यस मिथ्या आरोपको जाँच नगरेरै अहिंसकलाई मृत्युको सजाय दिनका लागि षड्यन्त्र रच्यो र गुरुदक्षिणको रूपमा दायाँ हातका एक हजार औंलाहरू ल्याउने आदेश दियो । गुरु-आज्ञाको पालनका लागि अहिंसक कोशल राज्यको जालिनी जङ्गलमा बस्न थाल्यो र मानिसहरूको हत्या गरेर उनीहरूका दायाँ हातका औंलाहरू काट्न थाल्यो । यस प्रकार ऊ हत्यारा बन्यो । गिन्ती याद राख्नको लागि जसको ऊ हत्या गर्थ्यो त्यसको एक औंला काटेर आफ्नो मालामा गाँसेर गलामा लगाउँथ्यो, यसैले उसको नाम अङ्गुलिमाल रहन गएको थियो ।

बुद्धत्व प्राप्तिको बीसौं वर्षमा जब भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा थिए त्यसवेला उनले अङ्गुलिमालको कथा सुने । 'एक विचरालाई बाटो बिराउन

लगाइएको छ र ऊ दु:खको गर्त्तमा फस्दै गइरहेको छ' यो विचार गरेर तथागतले उसलाई धम्मको बाटोमा ल्याउने निश्चय गरे र एक दिन भोजन गरिसकेपछि चीवर धारण गरेर अङ्गुलिमाल भएतिर हिँडिदिए । तथागतलाई त्यस बाटोतिर लागेको देखेर मानिसहरूले उनलाई रोक्न कोसिस गरे, तर तथागत आफ्नो बाटोमा अगाडि बढ्दै गए । अङ्गुलिमालले टाढैबाट तथागतलाई आफूतिर आउँदै गरेको देख्यो । उसले मन-मनै सोच्यो यतातिर मानिसहरू समूहमा समेत आउने साहस गर्दैनन् र यो श्रमण एक्लै आइरहेको छ । श्रमणको हत्या गर्ने विचारले, उसले कराएर तथागतसँग भन्यो-'पख !'

जब दुवै भेटिए, तथागतले मङ्गल मैत्री र करुणा भरिएका शब्दहरूमा भने:

'अङ्गुलिमाल म त रोकिएको छु । अब तिमी पनि पाप कर्म गर्नबाट रोकिऊ । म यस कारण यहाँसम्म आएको छु कि तिमी पनि सत्यपक्षको अनुगामी बन्न सक । तिमीभित्रको कुशल अझै मरेको छैन । यदि तिमीले यसलाई केवल एक अवसर दियौ भने यसले तिम्रो कायापलट गरिदिने छ ।'

अङ्गुलिमालमाथि प्रभाव पर्‍यो । उसले भन्यो, 'आखिर यस मुनिले मलाई जिती नै हाल्यो ।'

अङ्गुलिमालले आफ्नो घाँटीबाट औंलाहरूको माला निकालेर फ्याँक्यो र तथागतका पाउमा शिर राखेर धम्म दीक्षाको याचना गर्न थाल्यो । तथागतले भने- 'भिक्खु आ ।'

र अङ्गुलिमाल त्यसै समयमा भिक्षु बन्यो ।

अङ्गुलिमालले व्रत लिइसकेको थियो कि ऊ अरण्यमा नै रहने छ, भिक्षामाथि नै निर्वाह गर्नेछ र तीनभन्दा बढी चीवरहरूको व्यवहार गर्ने छैन र तीन चीवर पनि पंसूकूलिक हुने छन् अर्थात् फोहोरको थुप्रामा फ्यालिएका कपडाहरूबाट बनेका हुने छन् ।

भिक्षु अङ्गुलिमाल भिक्षाका लागि नगरमा जान्थ्यो, केही मानिसहरूले उसलाई ढुङ्गाले हान्थे, उसको शरीरबाट रगत बग्थ्यो तर पनि उसको हृदयबाट मङ्गल मैत्री नै निक्लिन्थ्यो । ऊ मानिसहरूलाई सम्झाउँथ्यो कि उसले अन्जानमा जुन पाप गर्‍यो, त्यसको सजाय त उसले स्वयम् पनि भोगेको छ, तर तपाईंहरू कुनै पाप नगर्नुहोस् जसले कि तपाईंले दु:ख भोग्नु परोस् । अङ्गुलिमालले विपस्सना गर्दा-गर्दा अर्हत पद प्राप्त गरे ।

विशाखा र मिगार

विशाखा एक अत्यन्त धनवान व्यक्ति धनञ्जयकी पुत्री थिई र उसकी माताको नाम सुमनादेवी थियो । ७ वर्षका उमेरमा ऊ भगवान बुद्धको शरणमा आई र श्रोतापण्ण अवस्था प्राप्त गरी । सोह्र वर्षको उमेरमा उसको विवाह एक अति धनी व्यक्ति मिगारको छोरा पुन्नवधनसँग भयो ।

विशाखाका ससुरा निगण्ठहरूका अनुयायी थिए । एक दिन उसका ससुरा भोजन गर्दै थिए, त्यसैबेला एक बौद्ध भिक्षु भिक्षाका लागि आए । मिगार भिक्षुलाई नदेखेझैं गरेर भोजन गरिरहे । विशाखाले नम्र निवेदन गर्दै भिक्षुसँग भनी कि तपाईं अहिले जानुहोस् किन कि उसका ससुरा बासी खाना खाँदै छन् ।

मिगारले यसलाई आफ्नो अपमान ठान्यो र विशाखालाई घरबाट निकाल्नको लागि पञ्चायत बोलायो । विशाखाले आफ्नो सफाइ दिँदै भनी कि उसका ससुरा यस समयमा कुनै दान-पुण्य त गर्दैनन् र उनले जुन दान-पुण्य पहिले गरेका थिए त्यसैको फल अहिले खाइरहेका छन् । यसैले मैले भिक्षुलाई भनें कि ससुराले बासी खाँदै हुनुहुन्छ । पञ्चायतले विशाखालाई निर्दोष मान्यो र उसको ससुरालाई दोषी ठहऱ्यायो । पञ्चायतले विशाखालाई घरमा आफ्नो धार्मिक श्रद्धाअनुसार आचरण गर्ने स्वतन्त्रता दियो ।

विशाखाले भगवान बुद्धलाई भोजनदानका निम्ति आफ्नो घरमा आमन्त्रित गरी । भोजनपश्चात, भगवान बुद्धले धम्मोपदेश दिए । उपदेश सुनेर मिगारभित्र धम्म जागृत भयो र ऊ श्रोतापण्ण अवस्थामा पुग्यो । ऊ यति अभिभूत थियो कि विशाखालाई आफ्नो धम्ममाता मान्यो । त्यस बेलादेखि विशाखाको नाम मिगारमाता विशाखा भयो । विशाखाले सत्ताईस करोड स्वर्ण मुद्राहरू खर्च गरेर श्रावस्तीको पूर्वमा पुब्बाराम नामक ठूलो विहार बनाउन लगाएर भिक्षु सङ्घलाई दान दिई ।

जीवक

जीवक कौमार भृत्यले तक्षशिला विश्वविद्यालयमा सात वर्षसम्मको पढाइ गरेको थियो । राजगृह फर्केर उसले मानिसहरूको उपचार गर्न सुरु गऱ्यो र छिट्टै प्रख्यात भई हाल्यो । राजा बिम्बिसारको भगन्दर रोग ठीक गरेकाले राजाका सबै रानीहरूले आफ्ना सबै गहनाहरू जीवकलाई दिएका थिए, र जीवक मगध नरेशको राजवैद्य बन्यो । जीवकले राजगृहको एक साहुको टाउकाको सफल

शल्यचिकित्सा (अपरेसन) गऱ्यो, बनारसको एक व्यापारीको आन्द्राको अपरेशन गऱ्यो, यस प्रकार अनेक अपरेसन जीवकले गरेको थियो ।

जीवक पनि भगवान बुद्धको शिक्षाबाट अभिभूत थियो । भगवान बुद्धमा उसको अटुट श्रद्धा थियो । ऊ भगवान बुद्धको उपासक बन्यो । भगवान बुद्ध चाहन्थे कि जीवक उपचारद्वारा रोगीहरूको सेवा गरिरहोस्, यसैले उसलाई भिक्षु न बनाएर उपासक बनाए । तर महापरिनिर्वाण भन्दा तीन वर्ष अगाडि बुद्धले जीवकलाई भिक्षु बन्नलाई अनुमति दिए र उसको नाम विमल कौंडन्न राखे । जीवक जीवनभरि मानिसहरूको सेवा गर्दै रहे ।

भगवान बुद्ध जब-जब राजगृह आउँथे, तब-तब राजवैद्य जीवक दिनमा दुई पटक बुद्धलाई भेट्न जान्थे । जीवकलाई लाग्यो कि वेलुवन उनको घरभन्दा निकै टाढा छ । राजगृहमा जीवकको आँपहरूको आम्रवन नामक निकै ठूलो बगैँचा थियो, जुन उनको घरबाट नजिक थियो । जीवकले आम्रवनमा एक निकै ठूलो विहार बनाउन लगाएर विहार र आम्रवन भिक्षु सङ्घलाई दान गरे ।

आम्बपाली

आम्बपाली वैशाली राज्यमा बस्ने एक ऋषिकी पुत्री थिई । आँपको बगैँचामा जन्म भएकाले उसको नाम आम्बपाली राखिएको थियो । ऊ यति सुन्दर थिई कि टाढा-टाढाका राज्यहरूसम्म उसको सौन्दर्यको चर्चा थियो । अनेकौं राजकुमारहरू ऊसँग विवाह गर्नको लागि प्रस्ताव पठाउन थाले । युवती एक, चाहना गर्नेहरू अनेक । युद्धसम्मको स्थिति आइपुग्यो । अन्ततोगत्वा आम्बपालीलाई वैशालीको नगरबधू बनाइयो । युद्धबाट हुने नरसंहारलाई रोक्नको लागि आफ्नो मुटुमाथि ढुङ्गा राखेर बाध्यतावश आम्बपालीले यो आदेश मान्नु पऱ्यो । तर यस शर्तका साथ कि उसकहाँ कसैलाई त्यस बेला मात्र आउने इजाजत हुनेछ जब ऊ चाहन्छे र त्यो मात्र आउन सक्नेछ जसलाई ऊ चाहन्छे । सौन्दर्यका साथै ऊ नाचगानका लागि पनि प्रख्यात थिई तर कुनै पनि व्यक्तिले भनेर ऊ आफ्नो कला प्रदर्शन गर्दिन थिई, यदि कसैको तौरतरिका उसलाई राम्रो लागेन भने ऊ आफ्नो कला प्रदर्शन गर्दिन थिई । भलै कोही उसलाई जति नै सुन-चाँदीको लालच किन नदेओस् । यस प्रकार कैयौं अर्थमा ऊ सम्राज्ञी थिई ।

वैशालीमा आम्बपालीको आँपहरूको एक निकै ठूलो बगैँचा थियो । एक पटक भगवान बुद्ध भिक्षु सङ्घका साथमा त्यसै बगैँचामा रोकिएका थिए । आम्बपालीलाई जब यस कुराको जानकारी भयो, अनि ऊ तथागतको प्रवचन सुन्नलाई आई ।

भगवान बुद्धको करुणामयी दृष्टिले आम्बपालीका दुःखहरू कम भए र खुसीले गर्दा उसका आँखा टलपल-टलपल भए । आम्बपालीले भनी कि अपार धन-सम्पदा हुँदा पनि ऊभित्रबाट कति दुःखी छे । भगवान बुद्धले उसलाई धम्म सम्झाउँदै भने- कुनै अन्य वस्तुका समान नै सौन्दर्य पनि आउँछ र गई हाल्छ । प्रसिद्धी र सम्पत्ति पनि यसै किसिमले आउँछन्-जान्छन् । विपस्सना गर्नाले जुन शान्ति, खुसी र स्वतन्त्रता मिल्छ, त्यसैबाट साँचो आनन्द मिल्छ । आम्बपाली ! यस जीवनका जति क्षणहरू बाँकी रहेका छन्, तिनलाई बिताऊ र तिनको पूरा ख्याल राख, आफ्नो जिन्दगीलाई झूठा भ्रमहरूमा र एश-आराममा बर्बाद नगर ।

प्रवचन सुनेपछि आम्बपालीले बुद्ध र भिक्षु सङ्घलाई अर्को दिन भोजनका लागि आफूकहाँ निमन्त्रणा दिई, जसलाई तथागतले मौन रहेर स्वीकार गरे । वैशालीका लिच्छवीहरू पनि भिक्षु सङ्घलाई भोजनदान दिन चाहन्थे, उनीहरूले आम्बपालीसँग भने कि ऊ उनीहरूसँग एक लाख रूपैयाँ लिई हालोस् तर अर्को दिनको भोजन लिच्छवीहरूलाई गर्न देओस् । आम्बपालीले भनी कि एक लाख त के यदि उनीहरू उपगरहरूसमेत पूरै वैशाली नै दिन चाहन्छन् भने पनि अर्को दिनको भोजनदान ऊ नै दिन्छे । हार मान्दै लिच्छवीहरू बुद्धकहाँ गए र अर्को दिन भोजन आफूकहाँ गर्नको लागि प्रार्थना गरे । तथागतले यो भनेर अस्वीकार गरे कि उनले आम्बपालीको निमन्त्रण पहिले नै स्वीकार गरिसकेका छन् । उनीहरू चाहन्छन् भने त्यसको अर्को दिन भोजनदान गर्न सक्छन् । लिच्छवीहरूले त्यस्तै गरे ।

अर्को दिन आम्बपालीले समस्त भिक्षु सङ्घलाई स्वादिष्ट भोजन तयार गरी । निश्चित समयमा तथागत भिक्षु सङ्घका साथमा भोजन गर्नलाई आई पुगे । भोजन समाप्त भएपछि आम्बपालीले आफ्नो आँपहरूको बगैंचा भिक्षु सङ्घलाई दान दिई, जसलाई तथागतले मौन रहेर स्वीकार गरे र दानको अनुमोदन गर्दै प्रवचन गरे ।

शील-समाधी र प्रज्ञाको मार्गमा हिंड्दा-हिंड्दा आम्बपालीले अर्हत पद प्राप्त गरी ।

मगध र कोशल साम्राज्यसहित अनेक राज्यहरूका लाखौं मानिसहरू धम्म मार्ग अपनाउँदै गइरहेका थिए । भिक्षुहरूले भगवान बुद्धलाई सूचित गर्दै भने कि यो त सुखद समाचार हो । भगवान बुद्धले उनीहरूलाई सम्झाउँदै भने कि यो कुरा यति महत्वपूर्ण होइन कि कति मानिसहरू यस धम्ममा सामेल भइरहेका छन्, जति कि भिक्षुगण कति मिहिनेत र मनले धम्म साधना गर्छन् । सफलता-असफलता दुइटैलाई हामीले समताभावले हेर्नु पर्छ ।

भगवान बुद्धको विरोध

मिथ्यारोपी चिन्चा

भगवान बुद्धको शिक्षाको प्रभाव दिन-प्रतिदिन बढ्दै गयो र करोडौं मानिसहरू धम्मका अनुयायी बने । पण्डित-पुरोहितहरूको आम्दानी कम हुन थाल्यो किनकि मानिसहरूले आडम्बरयुक्त पूजा-पाठ, यज्ञ इत्यादि गर्न बन्द गरिदिएका थिए । यसै कारण अन्य सम्प्रदायका अनुयायीहरू भगवान बुद्धको महत्व जनताका आँखामा कम गराउनका लागि षड्यन्त्र रच्न थाले । उनीहरूले सोचे कि पद, यश र पैसाको आरोप त लाग्न सक्दैन किनकि भगवान स्वयम् राजपाट त्यागेर आएका छन् । यसैले चिन्चा नाम गरेकी एक सुन्दर ब्राह्मणी परिव्राजिकालाई तयार गरे कि यस्तो अफवाह फैलाओस् जसले गर्दा भगवान बुद्धको लोकप्रियता कम होस् । चिन्चा रूपवती युवती थिई ।

योजनाअनुसार, जब मानिसहरू साँझ धम्म कथा सुनेर जेतवनबाट समूह-समूहमा निक्लिन्थे, त्यसै बेला सधैं चिन्चा सिंगासिएर जेतवनतिर जान्थी र जेतवनको नजिक तीर्थिकाराममा रात बिताएर बिहान सहरतिर फर्कन्थी । मानिसहरूको मनमा शङ्का उत्पन्न होस् भनेर त्यसै किसिमको व्यवहार गर्थी । मानिसहरूसँग गर्वका साथ भन्थी कि श्रमण गौतमसँग उनको गन्धकुटीमा विहार गर्छु । केही दिनपछि ऊ कतै लुकेर बसी र नवौं महिनामा पेटमा काठको गोलो टुक्रा बाँधेर जेतवनमा आई पुगी ।

भगवान उपदेश दिँदै थिए । त्यसै बेला चिन्चा त्यहाँ आईपुगी र सबैका सामु भगवानसँग भनी कि आफ्नो जन्मिन लागेको बच्चाको बारेमा सोच्नुहोस् र आफ्नो कुनै शिष्यलाई भनेर उसको पालनपोषणको व्यवस्था गराई राख्नुहोस् ।

भगवान बुद्धले चाहेका भए आफ्नो शिष्य कोशल नरेश प्रसेनजितलाई आदेश दिएर चिन्चालाई सजाय दिलाउन सक्थे कि ऊ झूठो बोलिरहेकी छे । तर भगवान बुद्धले मुस्कुराउँदै अत्यन्त करुणापूर्ण शब्दहरूमा भने- बहिनी ! तिमीले जे भन्यौ, त्यसको सत्यसत्यको ज्ञान केवल मलाई छ र तिमीलाई छ ।

षड्यन्त्रकारीहरूले यस्तो प्रतिक्रियाको कल्पना गरेका थिएनन् होला । उनीहरूले सोचेका थिए होलान् कि चिन्चाको आरोप सुनेर भगवान बुद्ध रिसाएर केही भन्ने छन्, त्यसपछि चिन्चाले गाली-गलौज सुरु गर्छे, यस प्रकार विवाद बढ्ने छ । तर भगवान बुद्धको संयत र करुणापूर्ण प्रतिक्रिया सुनेर चिन्चा डराई हाली र खोक्न थाली । उसले खोकेको कारणले काठको टुक्रा बाँधिएको डोरीको गाँठो खुकुलो भयो र काठको टुक्रा पेटबाट खुस्किएर खुट्टामा खस्यो । गर्भ जस्तो फुलेको पेट स्याप्प भई हाल्यो । चिन्चाको पोल खुल्नेबित्तिकै मानिसहरूले उसलाई डण्डा र ढुङ्गाले हानी-हानी त्यहाँबाट भगाई दिए ।

मिथ्याचारी सुन्दरी

भगवान बुद्धको बढ्दो लोकप्रियताबाट खिन्न भएका केही अरू मानिसहरूले पनि यस्तै एक षड्यन्त्र रचे । तैर्थिक सम्प्रदायकी सुन्दरी नामक युवतीको हत्या गराएर उसको शव जेतवन विहारमा बुद्धको कुटीनजिकै गाड्न लगाएर उनीहरूले पुलिसकहाँ उजुरी गरे । पुलिसले चिहान खनाएर लाश बरामद गऱ्यो । विरोधीहरूले लाशसँगै जुलूस निकालेर पूरै श्रावस्तीमा बुद्धलाई बदनाम गरे, जसले गर्दा निकै अनुयायीहरूलाई धक्का लाग्यो । केही त बुद्धलाई छोडर पनि गए । भिक्षुहरूले पनि भिक्षाको सट्टा व्यङ्ग्य र गालीहरू पाउन थाले । बुद्धले भिक्षुहरूलाई भने कि उनीहरू आफ्नो जागरुकता बनाई राखुन् र बदनामीबाट दुःख नहोउन् । बुद्धले भने-अनुचित आरोप जहाँसुकै र जहिले सुकै लगाउन सकिन्छ । तपाईंहरूले लज्जित हुनु पर्ने आवश्यकता छैन । लज्जाको एउटामात्र कारण हुन सक्छ जब तपाईंहरू शुद्ध जीवनयापनको साधनाका प्रयासहरूबाट विमुख हुनुहुनेछ । झूठा आरोपहरू केही दिनसम्म फैलिने छन् र त्यसपछि समाप्त भई हाल्ने छन् । भोलि जब तपाईंहरू भिक्षादानका लागि जानुहुनेछ त्यसबेला कसैले यस घटनाको चर्चा गऱ्यो भने भनी दिनु होला- जो यसका लागि जवाफदेही छ, उसले यसको फल पाउनेछ ।

र यही भयो । हत्याराहरू राती भट्टीमा रक्सी खाएर पैसाको बाँडफाडमा झगडा गर्दै थिए र त्यसै बेला समातिए । अदालतमा हत्याराहरूले आफ्नो अपराध

स्वीकार गरे र यो पनि बताए कि सुन्दरीको सम्प्रदायका मानिसहरूले नै ठूलो रकम दिएर बुद्धलाई बदनाम गर्नको लागि उसको हत्या गराएका थिए ।

राजा प्रसेनजितले जव जेतवन गएर भगवान बुद्धलाई यो खवर सुनाए अनि बुद्धले उनलाई परामर्श दिए कि अपराधीहरूलाई क्षमा गरियोस् किनकि जबसम्म मानिसहरू आफ्ना द्वेष र घृणालाई जित्ने छैनन् तबसम्म यस्ता अपराधहरू वारम्वार भईरहने छन् । वास्तविकता थाहा भएपछि, भिक्षुहरूलाई पुनः आदर-सत्कार मिल्न थाल्यो ।

देवदत्त

देवदत्त सिद्धार्थ गौतमको भाइ पर्थ्यो । ऊ आनन्द र अन्य शाक्य राजकुमारहरूसँगै भिक्षु बनेको थियो । देवदत्त अर्हतको कुनै पनि अवस्थासम्म पुग्न सकेको थिएन, तर उसलाई कैयौं रिद्धिहरू प्राप्त भएका थिए ।

देवदत्त अति प्रतिभावान र राम्रो वक्ता थियो । भिक्षु बनेको सुरुआती दिनहरूमा देवदत्तले एक आदर्श भिक्षुको जीवन बितायो । तर पछि सांसारिक मान-सम्मान र बुद्धकाप्रति बढ्दो ईर्ष्याले देवदत्तलाई तथागतको सबैभन्दा ठूलो शत्रु बनाई दियो । ईर्ष्या र अरू मानसिक विकारहरूका कारणले देवदत्तसँग जे-जति रिद्धि-सिद्धि थिए, ती सबै समाप्त भई हाले ।

देवदत्तले स्वयम्लाई भिक्षु सङ्घको प्रमुख बनाउनको लागि बुद्धलाई भन्यो । बुद्धले मनाही गरेपछि देवदत्तले यसलाई आफ्नो अपमान ठान्यो र भिक्षु सङ्घमा फुट ल्याउने षड्यन्त्र रच्नमा लिप्त भयो ।

एक पटक तथागत सङ्घका साथमा राजगृहको वेलुवनमा विहार गर्दै थिए । प्रवचन समाप्त भईसकेपछि देवदत्त उभियो र बुद्धलाई नमस्कार गरिसकेपछि सुझाव दियो कि भिक्षुहरूलाई इच्छारहित सादगीपूर्ण जीवन बिताउनको लागि यी पाँच नियम बनाइयोस्:

एक: भिक्षु सदैव वनमा रहुन् र गाउँ या नगरमा उनीहरूलाई सुत्ने अनुमति न होस् ।

दुई: भिक्षु भिक्षाटन गरुन् र उपासकहरूकहाँ भोजन गर्ने निमन्त्रण कहिल्यै स्वीकार नगरुन् ।

तीन: भिक्षु थोत्रा-मोत्रा कपडाहरूबाट आफ्ना चीवर सिलाउन् र

उपासकहरूबाट चीवर वस्त्र उपहारस्वरूप स्वीकार नगरुन् ।

चार: भिक्षुहरू वृक्षमुनि सुतुन्, कुटी या भवनहरूमा नसुतुन् ।

पाँच: भिक्षुहरूले केवल शाकाहारी भोजन मात्र गर्नु पर्छ ।

प्रभु, यदि भिक्षुहरूले यी पाँच नियमहरूको पालन गरे भने न्यूनतम इच्छाहरूका साथ सादगीपूर्ण जीवन व्यतीत गर्नमा सफल हुने छन् ।

भगवान बुद्धले यी पाँच नियमहरूलाई अनिवार्य गर्न अस्वीकार गरे । बुद्धले भने कि भिक्षुले वनमा बस्न चाहे भने बस्न सक्छन् तर जो भिक्षु विहार, कुटी नगरमा बस्न चाहन्छन् उनीहरू त्यहाँ बस्न सक्छन् । यसै प्रकार भिक्षाटनद्वारा पनि भोजन गर्न सक्छन् र उपासहरूको निमन्त्रणा पनि स्वीकार गर्न सक्छन् यसबाट भिक्षु र उपासकहरूबीच विचार-विमर्शको अवसर मिल्छ । चीवरका बारेमा पनि तथागतले भने कि भिक्षुहरू उपासकहरूद्वारा दिएका चीवरदान स्वीकार गर्न सक्छन् यदि उनीहरूसँग तीन जोडीभन्दा बढी चीवर छैन भने । जो भिक्षु रुखमुनि सुत्न चाहन्छन् सुत्न सक्छन् र कुटि या विहारमा सुत्न चाहन्छन् भने पनि सुत्न सक्छन् । शाकाहारी भोजनका बारेमा बुद्धले भने कि उनलाई कुनै आपत्ति छैन तर जुन भिक्षुहरूलाई मासुसहितको भोजन भिक्षापात्रमा प्राप्त हुन्छ, उनीहरूलाई स्वीकार गर्न सक्छन् शर्त यो हो कि उनका निम्ति जीवहत्या गरिएको हुनु हुँदैन ।

यसपछि देवदत्तले भिक्षुसङ्घमा फुट पैदा गऱ्यो र पाँच सय भिक्षुहरूको आफ्नो सङ्घ बनाएर गयाशीर्ष गई हाल्यो । तर सारिपुत्र र मोग्गालनले गयाशीर्ष गएर अधिकाँश भिक्षुहरूलाई फर्काएर ल्याए ।

भगवान बुद्धले सारिपुत्र र मोग्गालनलाई धम्म सेनापति बनाएका थिए, यस कारण पनि देवदत्त भगवान बुद्धसँग रिसाएको थियो । उसको इच्छा स्वयम् प्रधान बन्ने थियो । ईर्ष्यावश देवदत्तले भगवान बुद्धलाई तीन पटक मार्नेसमेत प्रयास गऱ्यो ।

एक पटक भगवान बुद्ध गृधकूट पर्वतको छायामा घुम्दै थिए, त्यसैबेला देवदत्तले माथिबाट एउटा ठूलो ढुङ्गा गुल्टाई दियो, बुद्धलाई मार्नका लागि । तर त्यो ढुङ्गा अर्कोतिर चट्टानमा गएर खस्यो । ढुङ्गाको एक सानो टुक्रा बुद्धको खुट्टाको औंलामा ठोकियो र औंलामा घाउ भयो तर उपचारद्वारा ठीक भई हाल्यो ।

दोस्रो पटक, देवदत्त राजकुमार अजातशत्रुकहाँ गयो र ऊसँग भन्यो, मलाई केही

मानिसहरू देऊ । देवदत्तको विचारसँग अनभिज्ञ अजातशत्रुले आफ्नो केही मानिसहरू देवत्तसँग पठायो र देवदत्तको आज्ञा मान्ने आदेश दियो । देवदत्तले यिनीहरूमध्ये एउटालाई भगवान बुद्धलाई मार्ने आज्ञा दियो, तर उसले यो कुकृत्य गर्न मानेन ।

यस्तै प्रकार तेस्रो पटक उसले नालागिरी नामक एक नर हात्तीबाट भगवान बुद्धलाई मार्ने प्रयास गऱ्यो । देवदत्त राजगृहमा पुग्यो र माउतेहरूलाई उच्चपद र तलबको लालच देखाएर भन्यो कि जुन बेला श्रमण गौतम यस बाटोबाट हिँड्छन्, त्यसै बेला नालागिरीलाई छोडी दिनु । माउतेहरूले त्यस्तै गरे, तर भगवान बुद्धको अगाडि पुग्नेवित्तिकै त्यो मदमस्त हात्ती बुद्धको मङ्गलमैत्रीको प्रभावले त्यहीँ बस्यो र उसले भगवान बुद्धलाई प्रणाम गऱ्यो । यस प्रकार देवदत्तको तेस्रो प्रयास पनि असफल भयो ।

मानिसहरूलाई उसका दुष्ट प्रयासहरूको जानकारी भयो र जनताहरूले उसको आदर-सम्मान गर्न बन्द गरे । राजा अजातशत्रुले पनि ऊसँग भेटघाट गर्न र राजकीय संरक्षण दिन बन्द गरिदिए ।

आफ्ना करतुतहरूले बदनाम भएको कारणले ऊ राजगृह छोड्नलाई बाध्य भयो, ऊ कोशल पुग्यो तर प्रसेनजितले पनि उसलाई शरण दिएनन् । देवदत्त गम्भीर रूपमा अस्वस्थ भयो, उसलाई पानी दिने पनि कोही थिएन । जीवनका अन्तिम क्षणहरूमा उसले फेरि बुद्धको शरण लियो र 'बुद्धम् शरणम् गच्छामि' भन्दै प्राण त्याग्यो ।

सातौं अध्याय

बुद्धको प्रासङ्गिकता

भगवान बद्धका शिक्षाहरूको मुख्य उद्देश्य मानवजीवनलाई सुखमय बनाउनु हो । बुद्धले प्रकृतिका नियमहरूको गहन अध्ययन गरे र यस नतीजामा पुगे कि जुन नियमहरूले बाहिर वातावरणमा काम गरिरहेका छन्, तिनैले हाम्रो शरीरभित्र पनि काम गरिरहेका छन् । मानव शरीरमा सबै लोक अटाएका छन् । मानव जीवनको मूल समस्या हो कि राग, द्वेष, मोह, घृणा, लालच र भयका विकारहरूबाट कसरी छुटकारा पाउन सकिन्छ ? यिनै विकारहरूले आपसी लडाइँ, एक-अर्कासँग युद्ध, आर्थिक असमानता, शोषण- अत्याचार, भेद-भाव, हिंसा र आतङ्कवादलाई जन्म दिन्छन् । यी यस्ता मूलभूत समस्याहरू हुन्, जो हर युगमा रहने छन् । केवल उनीहरूको रूप र स्थान बदलिन्छ । यी समस्याहरू जति बुद्धको समयमा थिए, आज त्योभन्दा पनि बढी छन् । दुनियाँलाई आज युद्धको होइन, बुद्धको आवश्यकता छ । केही मानिसहरूलाई भ्रम छ कि बुद्धले केवल अहिंसाको कुरा गरेका छन् । यस्तो होइन । भगवान बुद्धले मानव- जीवन र त्यसको वरिपरिको वातावरणसँग सम्बन्धित हर पाटोको विवेचना गरेका छन् र उपदेश दिएका छन् । बुद्धका विचारहरूको प्रासङ्गिकता आज पहिलेभन्दा पनि बढी छ । भगवान बुद्धका केही उपदेश र उनका शिक्षाहरू यहाँ प्रस्तुत छन् ।

सामाजिक समानतामा योगदान

भगवान बुद्धले आफ्नो धम्ममा समता र बराबरीमाथि निकै जोड दिए । उनले समाजमा मानिसहरूका बीच समानताको न केवल शिक्षा दिए बरु स्वयम् त्यसलाई व्यवहारमा अपनाए । उनले महिलाहरूलाई दीक्षाको अधिकार दिए, भिक्षुणी बन्ने मौका दिए र दुनियाँको इतिहासमा पहिलो पटक एक पृथक र स्वतन्त्र भिक्षुणी सङ्घको स्थापना गरे । स्त्रीहरूलाई बराबरीको हक दिने भगवान बुद्ध विश्वको पहिलो धम्म गुरु बने । भिक्षुणी सङ्घको स्थापना गरेर गौतम बुद्धले नारी स्वतन्त्रतालाई अभिव्यक्ति दिए र उनीहरूको बहुमुखी विकासको बाटो प्रशस्त गरे । यो यस्तो क्रान्तिकारी कदम थियो जसबाट स्त्रीहरूको स्वतन्त्र अस्तित्व, उनीहरूको व्यक्तित्वलाई अभिव्यक्त गर्ने मौका मिल्यो र दुनियाँको इतिहासमा पहिलो पटक स्त्रीलाई यो सिद्धी गर्ने मौका मिल्यो कि आध्यात्मिक मार्गमा हिँड्न र आध्यात्मिक शक्तिहरू प्राप्त गर्नमा स्त्रीहरू कुनै पनि किसिमले पुरुषहरूभन्दा पछाडि छैनन् । दीक्षित हुने अधिकार प्राप्त भएर स्त्रीहरूलाई पहिलो पटक घरको चुलो-भाँडो गर्नुका अतिरिक्त आफ्नो आत्म-उन्नति गर्नका लागि साधना गर्ने मौका मिल्यो र आफ्ना मानवीय गुणहरूको बहुमुखी र सर्वाङ्गिण विकारको अवसर मिल्यो । भगवान बुद्ध भिक्षुणीहरूका उपलब्धिहरूलाई हृदय खोलेर तारीफ गर्थे । 'भगवान बुद्धको मान्यता थियो कि स्त्रीहरू पनि ज्ञान प्राप्त गर्न सक्छन् र ज्ञानद्वारा निर्वाण सुखको साक्षात्कार गर्न सक्छन् । गौतम बुद्धभन्दा अगाडि, वैदिक व्यवस्थामा स्त्रीहरूलाई बराबरीको अधिकार थिएन । उनीहरूलाई यज्ञोपवीतको पनि अधिकार थिएन (आज पनि छैन)' यस्तोमा गौतम बुद्धले उनीहरूलाई बराबरीको दर्जा दिएर समाजमा उनीहरूलाई आफ्नो महत्व अनुभव गर्ने मौका दिए जसबाट स्त्रीहरूमा आफूप्रति गौरव र आदरको भाव त जाग्यो नै, सामाजिक दृष्टिकोणमा पनि उनीहरूकाप्रति परिवर्तन आयो । गौतम बुद्धले स्त्रीहरूलाई शिक्षा र राजनीतिक जागरुकतामाथि पनि जोड दिए । महिलाहरूलाई भिक्षुणी बन्ने अधिकार दिएर सामाजिक र धार्मिक क्रान्ति गरे, जब कि त्यस समयको वैदिक संस्कृतिमा स्त्रीहरूलाई केवल भोग-विलासको वस्तु सम्झने गरिन्थ्यो, र उनीहरूका लागि धार्मिक कार्य निषेधित थियो ।

भिक्षुणी सङ्घमा दीक्षित हुने मौका मिल्नेबित्तिकै हजारौँको सङ्ख्यामा स्त्रीहरू भिक्षुणी बने । भिक्षुणी सङ्घमा हर वर्ग हर सम्प्रदाय, हर ठाउँका महिलाहरू, महाप्रजापति गौतमी जस्ता राजा-रानीहरू, प्रकृतिजस्ता चण्डालिनी, आम्बपाली जस्ता नर्तकी, खेमा जस्ता राजकुमारी, हर वर्गका महिलाहरू थिए, सुमङ्गला,

मथिका, वासन्ती जस्ता अनगिन्ती महिलाहरूले आध्यात्मिक जीवनका उँचाइहरूमा पुगेर आफूसँगै भिक्षुणी सङ्घको नाम प्रकाशमा ल्याए र निर्वाण सुखको प्राप्ति गरे । उनीहरूले कला-संस्कृति र साहित्यका क्षेत्रमा अभूतपूर्व प्रगति हासिल गरे । थेरीगाथा भिक्षुणीहरूले नै लेखे । वास्तवमा थेरीगाथा नारी स्वतन्त्रतालाई प्रकट गर्ने प्रथम ग्रन्थ हो । भिक्षुणी सुमङ्गालामाताले आफ्ना उद्‌गार केही यस किसिमले प्रकट गरेकी छिन्:

सुमुत्तिका, सुमुत्तिका, साधुमुत्तिकाम्हि मुसलस्स ।

अहिरिको मे छत्तकं वा पि, उक्खलिका मे देड्डुभं वा ति ॥२३॥

(ओहो, म मुक्त नारी हुँ । मेरो मुक्ति कति धन्य छ, पहिले म मूसल बोकेर धान कुट्ने गर्थें, आज म त्यसबाट मुक्त भएकी छु । मेरो दरिद्र अवस्थाका ती साना-साना भाँडा-कुँडाहरू, जसका बीच म फोहोरी भएर बस्थें र मेरो निर्लज्ज पति मलाई ती वस्तुहरूभन्दा पनि तुच्छ ठान्थ्यो, जसलाई ऊ आफनो जीविकाका लागि बनाँउथ्यो ।)

थेरीगाथाबाट भिक्षुणीहरूको प्रतिभा र राजनीतिक सोचको स्पष्ट ज्ञान हुन्छ । सारिपुत्रले ब्राह्मण जातिमा जन्मेर पनि पहिले नै ब्राह्मण धर्म र यसका संस्कारहरूसँग विद्रोह गरेका थिए । उनी ज्ञान र विमुक्तिको चाहमा बुद्धको शरणमा गएका थिए । चाला(सारिपुत्रकी बहिनी) ले पनि सोची कि ब्राम्हण धर्ममा न ज्ञान छ, न विमुक्ति छ र न मानवता नामको कुनै चीज छ । चाला भन्छिन्-

इतो बहिद्धा पासण्डा, दिट्ठियो उपनिस्सिता ।

न ते धम्म विजानन्ति, न ते धम्मस्स कोविदा ॥१८४॥

अत्थि सक्यकुले जातो, बुद्धो अप्पटिपुग्गलो ।

सो मे धम्मदेसेसि, दिट्ठिनं समतिक्कमं ॥१८५॥

(मिथ्या मार्गको अवलम्बन गर्ने, मिथ्या दृष्टिहरूमा फसेका साधुहरूसँग मेरो कुनै सम्बन्ध अथवा लेन-देन छैन । उनीहरू यस मार्गबाट निकै टाढा छन् । सत्-धम्मको सम्वन्धमा उनीहरू केही जान्दैनन् । तर शाक्य-कुलमा एक बुद्धले जन्म लिएका छन्, उनी अप्रतिम पुरुष हुन् उनले मलाई धम्मको उपदेश दिएका छन्, जुन सुनेर मैले मिथ्या दृष्टिहरूलाई पार गरिसकेकी छु ।)

दुक्खं दुक्खसमुप्पादं, दुक्खस्स च अतिक्कमं ।

अरियं च अट्ठङ्गिकं मग्गं, दुक्खूपसगामिनं ॥१८६॥

तस्साहं वचनं सुत्वा, विहरिं सासने रता ।

तिस्सा विज्ज अनुप्पत्ता, कतं बुद्धस्स सासनं ॥१८७॥

(दु:ख के हो, दु:खको उत्पत्ति कसरी हुन्छ र दु:खको अतिक्रमण कसरी गरिन्छ ? यसका लागि बुद्धले मलाई दु:ख निवारणतिर लिएर जाने आर्य आष्टाङ्गिक मार्गको उपदेश दिएका छन् । भगवान बुद्धका ती उपदेशहरू सुनेर म उनको शासनको अनुशरणमा लागें । मैले तीनवटै विद्याहरूलाई प्राप्त गरिसकेकी छु, बुद्धको शासनलाई पूरा गरिसकेकी छु ।)

अनाथपिण्डकको घरकी दासीकी पुत्री पुण्णिका भगवान बुद्धका उपदेशहरूमा प्रतिष्ठित भएर एक तथाकथित ब्राम्हणलाई वास्तविक विशुद्धको मार्गका बारेमा बताउँदै भन्छिन्-

को नु ते इदमक्खासि, अजानन्तस्स अजानको ।

दकाभिसेचना नाम, पापकम्मा पमुच्चति ॥२४०॥

सग्गं नून गमिस्सन्ति, सब्बे मण्डूककच्छपा ।

नागा च सुसुमारा च, ये चञ्ञे उदके चरा ॥२४१॥

(गंगा-स्नान-शुद्धिले पाप मुक्ति हुन्छ, यो तँलाई कसले भन्यो ? यो त अज्ञानी, मूर्ख व्यक्तिको अज्ञानी मूर्खकाप्रति उपदेश हो । यदि गङ्गाजलले नै शुद्धि हुने भए त भ्यागुता, गोही, पानीका सर्प, कछुवा र अन्य जलप्राणीहरूको स्वर्ग जानु सुनिश्चित छ ।)

भिक्षुणी मित्रा आफ्नो पुर्वजीवनमाथि अनुचिन्तन गर्दै, ज्ञानको प्रकाशको उल्लासमा भन्छिन्-

चातुद्दसिं पञ्चदसिं, या च पक्खस्स अट्ठमी ।

पाटिहारियपक्खञ्च, अट्ठङ्गसुसमागतं ॥३१॥

उपोसथं उपागछिं, देवकायभिनन्दिनी ।

साजज एकेन भत्तेन, मुण्डा सङ्घाटिपारुता ।

देवकायं न पत्थहं, विनेटय हृदये दरंति ॥३२॥

(म हर औंसी र पुर्णेका दिन र प्रत्येक पक्षको अष्टमीको ब्रत बस्थें र आठ प्रकारका सङ्कल्पहरूको ब्रत बस्थें । केका लागि ? यो सोचेर कि देव-योनिलाई प्राप्त गरेर म स्वर्गमा बास गर्नेछु । त्यही म, आज सधैं एक पटक आहार ग्रहण गर्छु, मुण्डन भएको मेरो शिर छ, चीवर वस्त्र लगाउँछु । तर आज मलाई देव-योनिको कामना छैन, स्वर्गमा वास गर्ने अभिलाषा छैन । कारण, मैले हृदय (मन)का चिन्ताहरू (पीडाहरू) लाई नै टाढा फ्याँकिदिएकी छु ।)

पटाचारा, सुजाता, सीसूपचाला, आम्रपाली, इसिदासी, मित्ताकाली, भद्रा कापिलायिनी आदि कैयौं भिक्षुणीहरूले आफ्नो आत्मव्यथालाई निकै सुन्दर काव्यहरूमा वर्णन गरे । भिक्षुणी शुभाले भिक्षुणी बन्नुभन्दा पहिलेको र पछिको जीवनको जति बेजोड र रोचक विवरण दिएकी छिन् र आफ्नो मूल्याङ्कन गरेकी छिन्; त्यो एक अत्यन्त सचेत, जागरुक, शिक्षित, प्रतिभावान र संवेदनशील मानिसले मात्र गर्न सक्छ ।

भिक्षुणी सङ्घमा भिक्षुणीहरूलाई लगातार शिक्षा-संस्कृति र ध्यानसाधना सिकाइन्थ्यो जसले गर्दा उनीहरूको व्यक्तित्वको बहुमुखी विकास भयो ।

भगवान बुद्धद्वारा बनाइएको भिक्षुणी सङ्घ श्रीलङ्कामा १०१७ ईसवीसम्म फल्यो-फुल्यो, त्यसपछि अनुराधापुरामाथि चोल आक्रमणका कारण बिस्तारै-बिस्तारै भिक्षुणी सङ्घ छिन्न-भिन्न भयो । तर सन् १९९६ मा भिक्षुणी सङ्घको पुनर्स्थापना गरियो । विचारणीय कुरा यो हो कि यदि बुद्धले उनको धर्म पाँच सय वर्षमा समाप्त भई हाल्ने छ भनेर भनेका भए चीन, जापान, कोरिया, भूटान, बर्मामा किन समाप्त भएन ? आज पनि बौद्ध धर्म न केवल यी देशहरूमा फल्दै-फुल्दै छ बरु अमेरिका र यूरोपमा निकै तीव्र रूपमा फैलिँदै पनि छ ।

केही निहित स्वार्थी मानिसहरूले, जो महिलाहरूलाई दीक्षा दिने पक्षमा थिएनन्, गौतम बुद्धमाथि आरोप लगाए र भने कि पहिले उनको धम्म एक हजार वर्षसम्म चल्थ्यो तर स्त्रीहरू भिक्षुणी बनेकाले केवल पाँच सय वर्ष मात्र चल्नेछ । यो आरोप आधारहीन र बास्तविकताबाट निकै टाढा छ । गौतम बुद्ध जस्तो महामानवले कहिल्यै यस्तो भन्न सक्दैन । यस्तो प्रतीत हुन्छ कि त्रिपिटकमा यस्ता भ्रामक कुराहरू पछि लेखिए । जब कि वस्तुस्थिति यो हो कि भगवान बुद्धले महिलाहरूलाई पुरुषहरूको बराबरको दर्जा दिए र समाजमा उनीहरूलाई उचित स्थान दिलाए । बुद्धले स्त्रीहरूलाई राजनीतिक अधिकार दिए र भिक्षुणी सङ्घलाई स्वतन्त्र रूपले चलाउने अवसर प्रदान गरेर उनीहरूको सङ्गठनात्मक क्षमता,

राजनीतिक सोच र आफ्नो अलग पहिचान विकसित गर्ने अवसर प्रदान गरे । गौतम बुद्धले यस अवधारणालाई तोडे कि स्त्रीहरू मात्र बच्चाहरू जन्माउनका लागि हुन्छन् । उनले यस अवधारणलाई पनि तोडे कि छोरा जन्मिनु; छोरी जन्मिनुभन्दा असल हो । यसले समाजमा स्त्रीहरूको मान-सम्मान निकै बढ्यो । धेरैजसो भिक्षुणीहरूले निर्वाण सुखलाई साक्षात्कार गरे र अर्हत पद प्राप्त गरे । मानव इतिहासमा आजसम्म स्त्रीहरूको स्वतन्त्रता, शिक्षा, समानता र मान-सम्मान का लागि कसैले पनि त्यति योगदान दिएन, जति कि एक्लै गौतम बुद्धले ।

गौतम बुद्धले जुन सामाजिक सङ्गठनको ढाँचा बनाए, भिक्षु सङ्घ त्यसको एक आर्दश नमूना थियो । यो सङ्घ पूर्ण तवरले प्रजातान्त्रिक थियो । बुद्धले सङ्घका लागि जुन नियम बनाए, त्यसको स्वयम्ले पालन गरे । पञ्चशील र अष्टशील भिक्षु-भिक्षुणी र गृहस्थ उपासक-उपासिकाहरू सवैले पालन गर्थे ।

सामाजिक समरसता

ई.पू. ५१५ मा, भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गर्दै थिए । भगवान बुद्धका सामाजिक समानताका उपदेशले ब्राम्हणहरू रुष्ट थिए । एक दिन आश्वलायन माणवक नामक ब्राम्हणलाई ब्राम्हणहरूले शास्त्रार्थ गर्नका लागि भगवान बुद्धकहाँ पठाए । आश्वलायन ब्राम्हणहरूलाई लिएर बुद्धकहाँ पुग्यो । र भन्यो- हे गौतम ! ब्राम्हणहरूको भनाइ छ कि ब्राम्हण नै श्रेष्ठ वर्ण हो, अरू वर्णहरू साना हुन् । ब्राम्हण नै शुक्ल वर्ण हुन्, अरू वर्ण कृष्ण हुन् । ब्राम्हण नै शुद्ध हुन्छन्, अब्राम्हण हुँदैनन् । ब्रास्हण नै ब्रम्हका वैधानिक पुत्र हुन्, मुखबाट उत्पन्न, ब्रम्हज, ब्रम्हनिर्मित, ब्रम्हाका पुत्र हुन्, यस विषयमा तपाईं के भन्नु हुन्छ ?

भगवानले भने- आश्वलायन ! ब्राम्हणहरूका ब्राम्हणीहरू ऋतुमती, गर्भिणी, सुत्केरी भएका देखिन्छन् । उनीहरू पनि अरू मानिसहरू जस्तै योनिबाट उत्पन्न हुन्छन्, यस प्रकार ब्राम्हण मात्र श्रेष्ठ वर्ण होइनन् ।

भगवानले आश्वलायनसँग प्रतिश्न गरे, आश्वलायन । क्षत्रिय प्राणी-हिंसक, चोर, दुराचारी, झूठो, फटाहा, कटुभाषी, लोभी, द्वेषी छ भने के शरीर छोडेर मरेपछि उसले दुर्गति प्राप्त गर्दैन ? ब्राम्हण प्राणी-हिंसक छ भने के नरकमा उत्पन्न हुने छैन ? वैश्य, शूद्र नरकमा उत्पन्न हुन्छ कि हुँदैन ?

आश्वलायनको उत्तर थियो- क्षत्रिय पनि प्राणी-हिंसक छ भने नरकमा उत्पन्न हुनेछ, ब्राम्हण पनि, वैश्य पनि, शूद्र पनि । चारै वर्णका मानिसहरू प्राणी-हिंसक

छन् भने नरकमा उत्पन्न हुने छन् ।

भगवानले आश्वलायनसँग फेरि प्रतिप्रश्न गरे, आश्वलायन ! के प्राणीहिंसा, चोरी, दुराचार, झूठ, खुराफात, कटुवचन आदिबाट टाढा रहेर अलोभी, अद्वेषी, सम्यक् दृष्टि सम्पन्न ब्राम्हण मात्र शरीर छोडेर मरेपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ, क्षत्रिय हुँदैन, वैश्य हुँदैन, शुद्र हुँदैन ?

आश्वलायनको उत्तर थियो- होइन गौतम क्षत्रिय पनि प्राणीहिंसाबाट टाढा रहेर सुगति स्वर्गलोकमा उत्पन्न हुन सक्छ । ब्राम्हण पनि, वैश्य पनि, शुद्र पनि । सबै चारै वर्णका मानिसहरू ।

भगवानले आश्वलायनसँग फेरि प्रतिप्रश्न गरे, आश्वलायन ! यदि एक क्षत्रियले एक ब्राम्हण कन्यासँग सहवास गऱ्यो भने सन्तान मानव-सन्तान नै हुनेछ ?

आश्वलायनको उत्तर थियो- हो ।

भगवानले आश्वलायनसँग फेरि प्रतिप्रश्न गरे, आश्वलायन ! के तिमीले सुनेका छौ कि यवन र कम्बोज देशमा र अन्य छिमेकी देशहरूमा पनि दुई किसिमका मात्र वर्ग हुन्छन्, एक आर्य (स्वामी), अर्को दास(गुलाम), र एक आर्य दास बन्न सक्छ र एक दास आर्य ?

आश्वलायनको जवाफ दियो- हो, मैले सुनेको छु ।

यदि तिम्रो चातुर्वर्ण्य, एक आदर्श समाज हो भने, यो सबै देशहरूमा किन छैन ?

आश्वलायन निरुत्तर थियो । आश्वलायन र ऊसँगै आएका ब्राम्हणहरूले बुद्ध, सङ्घ र धम्मको शरण लिए ।

भगवान बुद्धले उपदेश दिए कि उँचो आदर्शको महत्व छ, उँचो जातिमा जन्म ग्रहण गर्नुको छैन । जाति होइन, असमानता होइन, उँच-नीच होइन- यही तथागतको उपदेश थियो । यस प्रकार बुद्धले समातमूलक समाजको स्थापना गर्नमा महत्वपूर्ण योगदान दिए ।

जातिको कुनै स्थान छैन

एक दिन बुद्ध भिक्षु सङ्घका साथमा गङ्गाकिनारमा स्थित एक गाउँमा भिक्षाटनका लागि जाँदै थिए । बाटोमा बुद्धले एक व्यक्तिलाई मल-मूत्र लिएर जाँदै गरेको देखे जसको नाम सुनीत थियो । बुद्ध र भिक्षु सङ्घलाई देखेर ऊ गङ्गाको किनारतिर

गयो । सुनीतले बाटो बदलेको भएर बुद्ध पनि उसैतिर अगाडि बढे, ऊ फोहोरका बाल्टीहरू एकातिर फ्याँकेर नदीमा पस्यो र हात जोडेर उभियो । ऊ यस अपराधबोधले ग्रस्त थियो कि ऊ अछूत भएको कारणले बुद्ध र भिक्षुहरू अपवित्र नहोउन् । बुद्ध पानीको नजिक गएर भने- मित्र मेरो नजिक आऊ, ताकि हामी एक-अर्कासँग कुरा गर्न सकौँ । सुनीतले भन्यो- प्रभु म यस्तो गर्ने साहस कसरी गर्न सक्छु ?

बुद्धले उत्तर दिए- हाम्रो सद्धर्म मार्गमा जाति-पातिको कुनै भेदभाव छैन । तिमी पनि हामीजस्तै एक मानव हौ । हामीलाई अपवित्र हुने डर छैन । केवल लोभ, घृणा र ईर्ष्याले मात्र हामीलाई अपवित्र गर्न सक्छन् । तिमीजस्तो असल व्यक्ति त हाम्रो लागि आनन्दका अतिरिक्त कुनै कुराको कारण बन्नै सक्दैन । सम्बोधिको मार्गमा जातिको कुनै स्थान छैन । जसरी गङ्गा, जमुना, अचिरवती, माही र रोहिणी नदीहरू समुद्रमा मिसिएपछि आफ्नो पृथक आस्तित्व गुमाउँछन्, त्यसरी नै जुन व्यक्ति सद्धर्म अपनाउँछ, उसको जन्म जातजाति छुटिहाल्छ । भलै ऊ ब्राम्हण, क्षत्रिय, वैश्य, शूद्र अथवा अछुत जातिमा जन्मेको नै किन न होस् । सुनीत, यदि तिमी चाहन्छौ भने अरू जस्तै तिमी पनि भिक्षु बन्न सक्छौ ।

बुद्धले सुनीतलाई त्यहीँ प्रवज्या दिए र भिक्षु सङ्घमा सामेल गरे ।

राजधानीमा उच्चवर्णका मानिसहरूमा खलबली मच्चियो । कोसल राज्यको इतिहासमा अहिलेसम्म कुनै अछूतलाई धार्मिक सम्प्रदायमा सम्मिलित गरिएको थिएन । धार्मिक नेताहरूले राजालाई भेटेर यस कुरामा चिन्ता व्यक्त गरे, र राजा प्रसेनजितलाई पनि विचलित गराई दियो । केही दिनपछि राजा प्रसेनजित आफै जेतवन गएर बुद्धलाई भेटे ।

भगवान बुद्धले राजा प्रसेनजितसँग भने- आतम-मुक्तिको मार्गमा जातिको कुनै भेद छैन । चेतनावस्था प्राप्त व्यक्तिका सामु सबै समान हुन्छन् । हरेक व्यक्तिको रगत रातो हुन्छ र हरेक व्यक्तिको आँसु नुनिलो । हामी सबै मानव हौँ । हामीले यस्तो मार्ग खोज्नु पर्छ, जसबाट प्रत्येक व्यक्ति आफ्नो सम्मान र सम्भावनाहरूको पूर्ण प्राप्ति गर्न सकोस्, यसै कारण मैले सुनीतलाई भिक्षु सङ्घमा सम्मिलित गरेको हुँ ।

राजाले आफ्नो तर्फबाट सत्य शिक्षाहरूको समर्थन गर्नको लागि आफ्नो शक्तिले भ्याएसम्म प्रयत्न गर्ने वचन दिए र उनी हिंडे ।

आज पनि जब संवैधानिक रूपमा छुवाछुत खतम भइसकेको छ तर पनि

छुवाछुतका कारण समाजको एक विशेष समुदायलाई अधिकारहरूबाट वञ्चित गरिन्छ, सम्भावना र अवसरहरूबाट वञ्चित गरिन्छ । यस्तोमा बुद्धका यी अनमोल उपदेशहरू जन-जनसम्म पुऱ्याउनु नितान्त आवश्यक छ, तब मात्र देशले प्रगति गर्ने छ ।

धर्मनिरपेक्षता

भगवान बुद्ध सर्व धर्म समभावको पक्षधर थिए । उनले कहिल्यै पनि आफ्ना शिक्षाहरूको प्रशंसालाई न त आवश्यकताभन्दा बढी महत्व दिए र न त्यसको आलोचना गर्नेहरूको नै निन्दा गरे । अम्बालथ्थिकामा ब्रम्हमाजाल सुत्तको उपदेश दिँदै उनले भने, "भिक्षुहरू, जुनसुकै बेला तपाईंहरूले मेरो या सद्धर्म मार्गको आलोचना सुन्नु भयो भने, त्यसमाथि रिसाउनुपर्ने हैरान हुनुपर्ने र असहिष्णुता अनुभव गर्नपर्ने कुनै आवश्यकता छैन । यस्ता भावनाहरूले तपाईंहरूको आफ्नै हानि हुनेछ । जुन बेला कसैले मेरो या सद्धर्मको प्रशंसा गर्छ, त्यस बेला पनि प्रसन्न, हर्षित अथवा सन्तोषका भावनाहरू मनमा आउन न दिनुहोस् । यसले पनि तपाईंहरूको आफ्नै हानि हुनेछ । यस सम्बन्धमा सही दृष्टिकोण यो हो कि आलोचनामा कुन कुरा सत्य हो र कुन असत्य, यस्तो विश्लेषण गरेर नै तपाईं आफ्नो अध्ययनमा प्रगति गर्न सक्नु हुनेछ र साधना अभ्यासमार्गमा अगाडि बढ्न सक्नु हुनेछ । जसले धर्मको सूक्ष्मता र मुख्य तत्वहरूलाई बुझेका छन्, उनीहरू प्रशंसाका थोरै शब्दहरू मात्र बोल्ने छन्, उनीहरू चेतना-जागृतिको साँचो ज्ञानलाई बुझ्छन् । यस्तो ज्ञान प्रगाढ, सूक्ष्म र अनिर्वचनीय हुन्छ । यो सामान्य विचारहरू र शब्दहरूभन्दा परको कुरा हो । भिक्षुहरू, यस संसारमा अगणित दर्शन, सिद्धान्त र मतहरू छन् । मानिसहरू यी सबैमाथि अनन्त समयसम्म आलोचना-प्रत्यालोचना गर्न सक्छन् । तर मैले यिनीहरूको जुन सार बुझेको छु, त्यसका अनुसार मुख्य ६२ सिद्धान्त छन् जसमा हजारौं दर्शनहरू र धार्मिक मत-मतान्तरहरूलाई समाहित गर्न सकिन्छ । चेतना जागृति र आत्ममुक्तिको मार्गका अनुसार यी सबै सिद्धान्तहरूमा त्रुटिहरू छन् र तिनबाट वाधाहरू उत्पन्न हुन्छन् ।"

राजगृहमा गृद्धकूट शिखरमा दुई हजार भिक्षुहरू र भिक्षुणीहरूलाई सम्झाउँदै उनले सङ्घमा एकता बनाई राख्न र बिघटनबाट बचाई रहनका लागि भने- दल बनाएर आपसमा मिलिरहू, धम्म चर्चा गर्दै रहू, भेटिने र छुट्टिने बेलामा सहयोग-एकताको भावना राख, निर्धारित शीलहरूको पालना गर, सङ्घका गुणी र

अनुभवी वरिष्ठ भिक्षुहरूको आदर गर र उनीहरूका मार्गनिर्देशहरूको पालन गर, आकाङ्क्षाहबाट मुक्त शुद्ध एवम् सादगीपूर्ण जीवन बिताऊ, उद्वेगरहित शान्तिपूर्ण जीवनलाई जागृत राख, जसले गर्दा मित्रहरूलाई धम्म मार्गमा शरण दिन सक र उनीहरूलाई सहायता गर्न सक । यदि यस्तो गर्‍यौ भने धम्म फल्ने-फुल्नेछ र कहिल्यै यसको पतन हुने छैन । बाहिरको कुनै तागतले सङ्घलाई तोड्न सक्ने छैन । आन्तरिक कलह र मतभेदले नै सङ्घ विभाजित हुन सक्छ । गफ गर्ने, बढी सुत्ने, नाम, यश र प्रसिद्धि बटुल्ने लालसा नगर, कामनाहरूको पछाडि न दौड र घटिया चरित्र भएका मानिसहरूको सङ्गतमा समय बर्बाद नगर । सजग अवस्थामा यात्रा गर, धम्मको विश्लेषण गर्दै रहू, सजग र शान्त चित्तले ध्यान गर्दै रहू र सङ्खारहरूको अनित्यतालाई सधैं ध्यानमा राख जसबाट पूर्ण मुक्त भएर निर्वाणसम्म पुग्न सक ।'

प्रजातन्त्रमा योगदान

भगवान बुद्धले प्रजातान्त्रिक मूल्यहरूलाई निकै महत्व दिए । विभिन्न राज्यका राजाहरू र शासनका अधिकारीहरलाई उनले सल्लाह दिए कि कामकाज निश्चित कानून र नियमअनुसार चल्नु पर्छ र यदि नियम र कानून बदल्नुपर्ने भए बाकायदा जनप्रतिनिधिसभामा त्यसमाथि बहस भएर त्यहाँबाट स्वीकृत हुनु पर्छ । उनले सल्लाह दिए कि राज्यका विभिन्न विभागहरूमा बराबर तालमेल हुनु पर्छ र परस्पर अविश्वासको स्थिति रहनु हुँदैन । उनीद्वारा स्थापित भिक्षु सङ्घ र भिक्षुणी सङ्घ दुईटैको सङ्गठन र सञ्चालन पूर्णतया प्रजातान्त्रिक ढङ्गले हुन्थ्यो । सङ्घका काइदा कानून र तिनलाई चलाउने प्रक्रियाले थाहा हुन्छ कि ब्रिटेनमा प्रजातन्त्र आउनुभन्दा दुई हजार वर्षअगाडि बुद्धले भिक्षु र भिक्षुणी सङ्घमा प्रजातन्त्रको प्रणाली लागू गरिसकेका थिए । सङ्घको भाषा यस कुराको उदाहरण हो । गौतम बुद्ध चौध भाषाहरूमा दक्ष थिए, तैपनि उनले सारा उपदेशहरू त्यस बेलाको लोकभाषा पालिमा दिए जसले गर्दा आम जनताले धम्मलाई बुझ्न सके र आफ्नो जीवनमा अपनाउन सके ।

गौतम बुद्धका शिक्षाहरूको केन्द्रमा जातिगत भेदभाव खतम गरेर सामाजिक समानताको स्थापना गर्नु थियो । बुद्धले बारम्बार भने कि जन्मले न कोही ब्राम्हण हुन्छ र न कोही शूद्र । मानिसको मूल्य उसको जातिबाट होइन, उसका कामहरूबाट देखिन्छ । उनले भने कि कर्मले नै मानिस ब्राम्हण बन्छ र कर्मले नै चण्डाल । ब्राम्हण जन्मले श्रेष्ठ हुन्छ, यस वैदिक मान्यतालाई बुद्धले पूर्णतया

नकारिदिए । बुद्धको समानताको सिद्धान्तले मानिसहरूका हृदयलाई छुन्थ्यो किनकि त्यसबाट उनीहरूको स्वाभिमान र आत्मसम्मान बढ्थ्यो तथा भौतिक जीवन जिउने प्रेरणा मिल्थ्यो, जुन कि प्रत्येक मानिसको मूलभूत आवश्यकता हो ।

दबेका, पिछडिएका मानिसहरू र आम जनता बुद्धका शिक्षाहरूमा एक आर्दश जीवन र समाज देख्थे, जो उनीहरूका आर्थिक र राजनीतिक हैरानीहरू तथा सामाजिक शोषणबाट मुक्ति दिलाउनमा सहायक थिए । पहिलो पटक मानिसहरू आफ्नो जीवनको वास्तविक लक्ष्य बुझ्दै थिए । उनीहरूलाई लागिरहेको थियो कि निर्वाणको आनन्द जीवित अवस्थामै प्राप्त गर्न सकिन्छ; प्रत्येक मानिस यस लायक छ कि यदि उसले चाह्यो र मन र लगनले मिहिनेत गर्‍यो भने निर्वाणसम्म यसै जीवनमा पुग्न सक्छ । यसका लागि कसैको कृपाको आशामा नबसेर स्वयम् मिहिनेत गर्नुपर्ने हुन्छ ।

गरिबी, अपराध, हिंसा र आतङ्कवादसँग लड्ने उपाय

भगवान बुद्धले आफ्ना आर्थिक र राजनीतिक विचार चक्कवत्ती सिंहनाद सुत्त र कूटदन्त सुत्तमा व्यक्त गरेका छन् । उनले भने, "चोरी, हिंसा, घृणा, निर्दयता जस्ता अपराधहरू र अनैतिक कार्यहरूको कारण गरिबी हो ।" यी अपराधहरूलाई सजाय दिएर रोक्न सकिँदैन ।

अलवी गाउँमा भोजन गरिसकेपछि गौतम बुद्धको उपदेश सुरु हुन लागेको थियो कि एक जना किसान आइपुग्यो, जो भोको थियो । भगवान बुद्धले भने पहिले यस किसानलाई खाना ख्वाऊ, त्यसपछि मात्र उपदेश सुरु हुनेछ । भगवान बुद्धले भने, "भोको मानिसको मन उपदेश सुन्नतिर कसरी लाग्छ ? भोकभन्दा ठूलो कुनै दुःख हुँदैन । भोकले हाम्रो शरीरको तागतलाई खतम गरिदिन्छ जसले गर्दा हाम्रो खुसी, शान्ति, स्वास्थ्य सबै थोक समाप्त भई दिन्छन् । हामीले भोका मानिसहरूलाई कहिल्यै बिर्सनु हुँदैन । यदि हामीलाई एक समयको खाना प्राप्त भएन भने हैरानी हुन थाल्छ, त्यसैले ती मानिसहरूका कष्टको कल्पना गर्नुहोस्, जसलाई कैयौं दिन र हप्ताहरूमा खाना प्राप्त हुँदैन । हामीले यस्तो बन्दोबस्त गर्नु पर्छ जसबाट यस दुनियाँमा एक जनाले पनि भोको बस्नु नपरोस् ।"

श्रावस्तीमा कोशल नरेश प्रसेनजितलाई उपदेश दिँदै भगवान बुद्धले भने, 'राज्यको अर्थ-व्यवस्था र न्याय-प्रणाली सुधार । सजाय दिएर, जेलमा राखेर शारीरिक दण्ड दिएर अपराधहरूमाथि काबू पाउन सकिँदैन । अपराध र हिंसा त भोक र

गरिबीका स्वाभाविक परिणाम हुन् । अतः जनताको सहायता गर्न र उनीहरूको सुरक्षाको सर्वोत्तम उपाय गर्नको लागि स्वस्थ अर्थव्यवस्थाको निमार्ण गर्नतिर ध्यान केन्द्रित गर्नु उचित हुनेछ । गरिब किसानहरूलाई भोजन, बीज र मल जस्ता कुराहरूमा तबसम्म आर्थिक सहायता दिइयोस् जबसम्म उनीहरू आत्मनिर्भर हुँदैनन् । साना व्यापारीहरूलाई पुँजी सापटी दिइयोस् । सरकारी कर्मचारीहरूलाई पर्याप्त तलब दिइयोस् । मानिसहरूलाई विनामजदुरी बलपूर्वक काममा लगाउन बन्द गरियोस् । मानिसहरूलाई आफ्नो व्यवसाय-धन्धा छान्ने मौका दिइयोस् । मानिसहरू जुन काम गर्न चाहन्छन्, त्यसको प्राविधिक शिक्षाको बन्दोबस्त गरियोस् । आ-आफ्नो काम-धन्धामा लागिसकेपछि कसैले पनि एक-अर्कालाई बाधा पुऱ्याउने छैनन् । यसरी अर्थ-व्यवस्थामा सुधार आउनेछ र राज्यको आम्दानी बढ्नेछ । जनतामा अमनचैन र खुसीयाली आउनेछ । मानिसहरू बच्चाहरूलाई आफ्ना काखमा बोकेर नाच्ने-गाउने छन् र ढोकाहरू उघारै राखेर सुत्ने छन् । यस प्रकार बुद्धले कानून-व्यवस्था र अमन-चैन कायम गर्नको लागि भय र दण्डको सहारा नलिएर मानिसहरूका समस्याहरूलाई बुझेर तिनलाई सुल्झाउनलाई भने, जसले गर्दा समस्याको जडलाई समाप्त गर्न सकियोस् । आज जब विश्व नै हिंसा र आतङ्कवादसँग जुझिरहेको छ, यस्तो स्थितिमा बुद्धको कूटदन्त सुत्तमा दिइएको शिक्षा झन् धेरै प्रासङ्गिक हुन आएको छ ।

राजनीतिमा धम्म

भगवान बुद्ध भन्छन्: जब राजनीतिज्ञ पर्याप्त प्रज्ञा-सम्पन्न र प्रेमभावले युक्त हुनेछ, त्यसबेला ऊ निर्धनता, कष्ट र उत्पीडन विषयक सत्य स्थितिलाई बुझ्न सक्नेछ । यस्तो व्यक्तिले शासन-व्यवस्थामा यस्ता सुधारहरू गर्न सक्छ, जसले गर्दा धनी र गरिबका बीचको दूरी कम हुन सकोस् र अन्य मानिसहरूका साथ बल-प्रयोगको आवश्यकता नै समाप्त होस् । राजनीतिज्ञ र शासकहरूले स्वयम् एउटा उदाहरण बन्नु पर्छ । विलासितापूर्ण जीवनको काखमा नरमाऊ किनकि धन नै तपाईंहरू र जनताहरूका बीच सर्वाधिक बाधाहरू भएर उपस्थित हुन्छ । सादा र सर्वाङ्ग जीवन जिऊ, आफ्नो समय मनिसहरूको सेवामा लगाऊ, न कि भोग विलासमा । यदि नेताले स्वयम् राम्रो उदाहरण प्रस्तुत गर्न सकेन भने उसले मानिसहरूको प्रेम र सम्मान कसरी आर्जित गर्न सक्छ । सदाशयताको शासन कानून र व्यवस्थाका नियमहरूभन्दा सर्वथा भिन्न छ । सदाशयताको शासन दण्डमा आधारित हुँदैन । चेतना जागृतिको मार्गअनुसार साँचो प्रसन्नता या आनन्द सदाशयता अथवा दया-भावमा मात्र प्राप्त गर्न सकिन्छ ।

शासनमा धम्म

राजधर्म सम्झाउँदै गौतम बुद्ध भन्छन्, "राजाले कुनै निर्णय हतारमा लिनु हुँदैन । निकै विचार गरेर गर्नु पर्छ ।" यसै प्रकार एक अन्य प्रसङ्गमा भगवानले भने -"राजाले मुद्दाहरूको फैसला धर्म र न्यायअनुसार गर्नु पर्छ । राग, द्वेष आदि विकारहरूले अभिभूत भएर होइन ।" कपिलवस्तुमा राजा शुद्धोधन र शाक्यवंशका मानिसहरूलाई उपदेश दिँदै गौतम बुद्धले भने कि शासन र राजनीतिमा धम्मको प्रयोग गरेर शासनव्यवस्थालाई सुधार्न सकिन्छ । सामाजिक समानता ल्याउन सकिन्छ र सबैलाई न्याय दिन सकिन्छ । जातक कथामा भगवान बुद्धले राजा (आजको सन्दर्भमा राजनेता र सरकारी अधिकारी) का दस कर्तव्य बताएका छन् ।

१. पहिलो कर्तव्य हो उदारता, विशाल हृदय र दानशीलता । शासनमा बसेका मानिसहरूले धन-सम्पतिसँग मोह नगरेर सरकारी आम्दानीलाई जनताको भलाइका लागि प्रयोग गर्नु पर्छ ।
२. शील र सदाचारको जीवन जिउनु पर्छ ।
३. जनताको भलाइका लागि आफ्ना सुख-सुविधाहरू त्यागेर, नाम र प्रसिद्धिको चक्करमा नलागेर जनताको हितमा काम गर्नु पर्छ ।
४. शासनलाई इमानदारी र तन्मयताका साथ बिना कुनै दबाव र पक्षपातले चलाउनु पर्छ ।
५. सौम्य र दयालु हुनु पर्छ
६. जीवन सादा र साधारण, भोग-विलासरहित हुनु पर्छ ।
७. कसैकाप्रति ईर्ष्या, वैर-भव र द्वेष राख्नु हुँदैन ।
८. अहिंसात्मक हुनुपर्छ । देशमा शान्तिका लागि प्रयासरत रहनु पर्छ ।
९. सहनशीलता, धैर्य र सहिष्णुताका साथ, आफ्नो विवेक नगुमाएर दुःख पीडा सहने सामर्थ्य हुनु पर्छ ।
१०. जनताको रायका अगाडि उसले नतमस्तक हुनु पर्छ ।

समग्रमा उनीहरूले कुनै पनि यस्तो काम गर्नु हुन्न जसबाट जनतालाई नोक्सानी हुन्छ र मानिसहरूको सुख-शान्ति र एकतामा बाधा पुग्छ । महान् सम्राट

अशोकले आफ्नो शासनकालमा उपयुक्त सबै कुराहरूलाई ध्यानमा राखेर शासन चलाए, जो भारतको सर्वोत्तम शासन मानिन्छ र जसको कारणले अशोकलाई 'देवानामप्रिय अशोक' र 'अशोक महान' का उपाधिहरूले विभूषित गरियो ।

गणराज्यको सुरक्षा

वैशाली गणराज्यको खुसीयालीले आसपासका कैयौं राज्यहरूलाई ईर्ष्या हुन्थ्यो । यस कारण वैशालीमाथि आक्रमण हुने खतरा निरन्तर बनिरहन्थ्यो । मगध र वैशालीका बीचमा पारस्परिक मनमुटाउ पनि थियो । एक पटक भगवान वैशाली आए र त्यहाँको सारन्दद चैत्यमा बसेका थिए, त्यहाँ उनले वज्जी गणराज्यको सुरक्षाका लागि लिच्छिवीहरूलाई सात व्यावहारिक उपदेश दिए । यी सप्ताङ्गिक उपदेश छन्:

(१) लिच्छिवीहरू, जबसम्म वज्जी एकता कायम राख्दै बारम्बार सँगै बसिरहने छन्, तबसम्म उनीहरू अजेय रहने छन् ।

एकत्रित भएर देशको सुरक्षामाथि विचार-विमर्श गरिरहनु ताकि सीमापारिका दुश्मनहरूलाई आक्रमणको प्रोत्साहन नमिलोस् । सांसदहरूलाई बेखबर देखेर उनीहरू चोरहरूले झैं जनपदमा घुसपैठ गरेर लूटपाट गर्न थाल्छन् । तर सांसदहरू सजग भए भने कुनै पनि घुसपैठलाई रोक्न सक्छन्, र शत्रुको मर्दन गर्न सक्छन् ।

ततो बलं पेसेत्वा अमित्तनद्दनं करोन्ति ।

न सक्का अम्हेहि वग्गबन्धेहि विचरितुन्ति-भिज्जित्वा पलायन्ति ।

(२) लिच्छिवीहरू, जबसम्म बज्जी एकमत भएर उठिरहने छन्, र एकमत भएर जे करणीय छ त्यो गरिरहने छन्, तबसम्म उनीहरू अजेय रहने छन् ।

राष्ट्रको सुरक्षाका लागि राष्ट्रभरि उत्साह जगाउनुहोस् ।

असुकट्ठानेसु गामसीमा बा निगमसीवा वा

को गत्वा इमं अमित्तमद्दनं करिस्सति अहं पठमं ।

(जब राज्यका तर्फबाट घोषणा हुन्छ कि फलानो स्थानमा, गाउँको या निगमको सीमामाथि दुश्मनले हमला गरेका छन् र यस्तो स्थितिमा जब प्रजासँग सोधियोस्

कि कसले त्यहाँ गएर दुश्मनहरूको मर्दन गर्ने छ, त्यसबेला 'पहिले म, पहिले म' को वीरोक्तिले सारा गणराज्य गुञ्जियोस्)

सङ्कट आई पर्दा सम्पूर्ण देशवासीले देशको सुरक्षामा सहयोग दिनु आफ्नो कर्तव्य ठानुन् ।

(३) लिच्छिवीहरू, जबसम्म बज्जी आफ्नो परम्परागत राज्य-विधान र न्यायसंहिताको अतिक्रमण गर्ने छैनन्, तबसम्म उनीहरू अजेय रहने छन् ।

नियमानुसार प्रजासँग जुन कर लिनु पर्छ त्यसलाई आफ्नो मनमानी ढङ्गले बढाउँछ अथवा जुन कर लिनु हुँदैन त्यसलाई जबरजस्ती लागू गर्छ भने यो विधानको अतिक्रमण हुनेछ । यसले असन्तोष फैलिने छ, असन्तुष्ट प्रजाले सङ्कटको समयमा सहयोग दिने छैन । यसै प्रकार न्यायसंहिताको अलिकता पनि उल्लङ्घन नगरिकनै शासन चलाइयो भने प्रजा प्रसन्न रहनेछ, देशको सुरक्षामा सहर्ष भागीदार बन्ने छ । यसैकारण संविधानलाई अक्षुण्ण राख्नु आवश्यक छ ।

(४) लिच्छिवीहरू, जबसम्म ब्रज्जी वयोवृद्धहरूलाई आदर-सत्कार, सम्मान-पूजन र गौरव प्रदान गरिरहनेछन्, उनीहरूका कथनमाथि ध्यान दिइरहने छन्, तबसम्म उनीहरू अजेय रहनेछन् ।

देशका अनुभवप्राप्त बयोवृद्ध, अवकाशप्रप्त सांसदहरूको मान-सम्मान भई रह्यो र उनीहरूको उपेक्षा गरिएन भने शासनसम्बन्धी अथवा सुरक्षासम्वन्धी उनीहरूका लामा अनुभवहरूको लाभ प्राप्त भइरहने छ । उनीहरूको अवहेलना भयो भने उनीहरूका दीर्घकालीन अनुभवहरूको लाभबाट राष्ट्र वञ्चित रहने छ ।

(५) लिच्छिवीहरू, जबसम्म बज्जी प्रजाका छोरी-बुहारीलाई उचित संरक्षण दिइरहने छन्, कसैको अपहरण गर्ने छैनन्, तबसम्म उनीहरू अजेय रहने छन् ।

सत्ताको मात निकै प्रबल हुन्छ, कुनै सांसद मदमस्त भएर अरूका छोरी-बुहारीहरूमाथि अत्याचार गर्छ भने तिनका परिवारका मानिसहरू दुखित भएर राज्यद्रोही बन्न सक्छन् र राज्यमाथि सङ्कट आईपरेको बेलामा दुश्मनहरूको साथ दिन सक्छन् । यसैले सांसदहरूले दुराचारबाट बच्नु पर्छ, प्रजाका छोरी-वुहारीलाई उचित संरक्षण दिनु पर्छ ।

(६) लिच्छिवीहरू, जबसम्म बज्जीले राजनगरभित्र र बाहिर जति चैत्यहरू छन्, देवस्थान छन्, तिनको मान-सम्मान गरिरहने छन्, राज्यका तर्फबाट उनीहरूलाई

जुन आर्थिक अनुदान प्राप्त भइरहेको छ, त्यसलाई कायम राख्ने छन्, तवसम्म अजेय रहने छन् ।

समझदार राज्यले सवैलाई प्रसन्न राख्नु पर्छ सन्तुष्ट राख्नु पर्छ, दुर्व्यवहार गरेर उनीहरूहरूलाई देशद्रोही बनाउनु हुँदैन । उनीहरूका देवस्थानहरूलाई पूरा संरक्षण प्रदान गर्नु पर्छ, उनीहरूको अनुदान बन्द गरेर उनीहरूलाई रुष्ट बनाउनु हुँदैन, ताकि उनीहरू राज्यमाथि सङ्कट आई पर्दा दुश्मनहरूसँग नमिलुन् ।

(७) लिच्छिवीहरू, जबसम्म वज्जी सन्त, अर्हतहरूका लागि सुरक्षाको सुव्यवस्था कायम राख्नेछन्, तबसम्म उनीहरू अजेय रहने छन् ।

राज्यमा सन्त, अर्हतहरूलाई उचित मान-सम्मान र सुरक्षा व्यवस्था प्राप्त भएमा सन्त, अर्हतहरू राज्यमा वस्छन् यसले गर्दा मानिसहरू सत्धर्मका उपदेशहरूबाट बञ्चित हुँदैनन् अन्यथा सत्धर्मका उपदेशहरूबाट वञ्चित मानिसहरू सदाचारविहीन हुँदै जान्छन् र दुराचार बढ्दै जान्छ । चरित्रवान मानिसहरूको अभाव हुन थाल्छ र सुख-शान्ति सौहार्दता नष्ट हुन थाल्छ । यस प्रकार देश दुर्वल बन्न पुग्छ । अत: सन्त, अर्हतहरूको सुरक्षा नितान्त आवश्यक छ ।

भगवान वुद्धका यी सप्ताङ्गिक उपदेशहरू आज पनि जुनसुकै देशको सुरक्षाका लागि नितान्त आवश्यक छन् । प्रजातन्त्रमा विश्वास राख्दै र प्रजातान्त्रिक ढङ्गले शासन चलाइयो भने र प्रजाको हितसम्बर्द्धन गरियो भने कुनै गणराज्यलाई खतरा हुँदैन ।

अन्तर्राष्ट्रिय सम्बन्ध

सम्पूर्ण दुनियाँमा आजभोलि हिंसा, डर आतङ्कको माहौल बनेको छ र हामी तनावमा बाँचिरहेका छौं । प्रत्येक देशले अर्को देशलाई शङ्काको दृष्टिले हेरिरहेको छ । विज्ञानको भीषण नरसंहारक हतियार बनाउनमा दुरूपयोग गरिएको छ । पूरै मानव जाति विनाशको सँघारमा उभिएको छ । ठूलो र शक्तिशाली देशहरू साना र कमजोर देशहरूमाथि आफ्नो हैकम जमाइरहेका छन् र आफ्नो मर्जीको सरकारहरू बनाइरहेका छन् र निर्लज्जतापूर्वक आफ्नो सामरिक संहारक क्षमताको प्रदर्शन गरिरहेको छन् । जुन देशले उनीहरूको दादागिरीलाई अस्वीकार गर्छ, त्यही देश मानवताको दुश्मन ठानिनेछ । मानिसहरू एक अनौठो डर र आतङ्कको माहौलमा जिउनलाई बाध्य बनाइँदै छन् । यस्तो समयमा बुद्धका शिक्षाहरू पहिलेभन्दा पनि बढी प्रासङ्गिक भएका छन् । "बैरले वैर कहिल्यै शान्त हुँदैन, अबैरले मात्र

बैर शान्त हुन्छ । यही संसारको सनातन नियम हो ।" भगवान बुद्धको यो उपदेश विश्वमा शान्ति बनाई राख्नका लागि अति आवश्यक छ ।

एउटा मानिसले युद्धमा लाखौं मानिसहरूलाई जितोस् र एक अर्को मानिसले स्वयम्लाई जितोस् । बुद्ध भन्छन्, यो दोस्रो मानिस नै साँचो युद्धविजेता हो । अरूलाई जित्नुको साटो स्वयम्लाई जित्नु श्रेष्ठ हो । जसले स्वयम्लाई जितेको छ, जसले आफूलाई नित्य संयत राख्छ, उसको जितलाई न देवता, न गन्धर्व, न ब्रम्हासहित मार नै, हारमा परिणत गर्न सक्छन् ।

विजयबाट वैर उत्पन्न हुन्छ, पराजित दु:खी भइरहन्छ ।

विजय, पराजय दुवैलाई छोडेर शान्त मनुष्य सुखपूर्वक सुत्छ ।

बुद्धले युद्धको हर सम्भव विरोध गरेका छन् । उनले पटक-पटक भने कि युद्ध कुनै पनि समस्याको समाधान होइन किनकि हर युद्धमा जन-धनको अपार हानि हुन्छ । दुनियाँमा 'धर्म-युद्ध'या 'उचित युद्ध' या 'न्यायका लागि युद्ध'जस्ता शब्दहरू जनतालाई भ्रममा राख्नको लागि र मूर्ख बनाउनको लागि रचिएका छन् । कुनै पनि युद्धलाई उचित या न्यायपूर्ण भन्न सकिँदैन किनकि हर युद्ध (कुनै पनि अपवादविना) आफ्ना पछाडि बर्बादी र विनाश मात्र छोडर जान्छ । जो शक्तिशाली छन् तिनले गरेको युद्ध उचित र जो कमजोर छन् तिनले गरेको युद्ध अनुचित ? हामी जे गर्छौं त्यो उचित, अर्कोले जे गर्छ त्यो अनुचित, यो कसरी चल्छ ? यसैले बुद्धले भने कि हर राष्ट्रको विदेश नीति पन्चशील र परस्पर शान्तिपूर्ण सह-अस्तित्वमा आधारित हुनु पर्छ ।

श्रावस्तीमा कोशल नरेश प्रसेनजितलाई धम्मको उपदेश दिँदै बुद्धले भने कि एक देशको समृद्धि र सुरक्षा अरू देशहरूको गरिबी र असुरक्षाको मूल्यमा हुनु हुँदैन । स्थायी शान्ति र सम्वृद्धि त्यस बेला मात्र सम्भव छ, जब राष्ट्र सबैको कल्याणार्थ एकजुट भएर निष्ठापूर्वक कार्य गर्छ । तपाई वास्तवमा चाहनुहुन्छ कि तपाईंको राज्यमा शान्ति होस् र यद्धमा तपाईंको राज्यका युवकहरू नमारिउन्, यदि यस्तो चाहनु हुन्छ भने तपाई अन्य राज्यहरूलाई पनि शान्ति प्राप्त गर्नमा सहायता गर्नुहोस् । विदेश नीति र आर्थिक नीतिहरूमा पनि यदि करुणाको मार्ग अपनाइयो भने साँचो शान्ति सम्भव हुन्छ । यसका साथै तपाईं आफ्नो राज्यका नागरिकहरूलाई प्रेम गर्दै अन्य राज्यहरू यथा मगध, काशी, विदेह, शाक्य र कोलियका प्रति पनि प्रेम राख्न सक्नुहुनेछ । उपर्युक्त उपदेश वर्तमान युगमा खास गरेर केवल एक महाशक्ति भएको युगमा झनै प्रासङ्गिक भएको छ । जुनसुकै देश जतिसुकै शक्तिशाली किन नहोस् तर उसको सुरक्षा तबसम्म स्थिर भन्न सकिँदैन जवसम्म अरू देश असुरक्षित छन् ।

गृहस्थ एवम् पारिवारिक जीवनका लागि उपदेश

भगवान बुद्धले परिवारका मानिसहरूमा उनीहरूको आपसी सम्बन्ध कस्तो हुनु पर्छ, साथीहरू र नातेदारहरूसँग सम्बन्ध कस्तो हुनु पर्छ, मानिसहरूको आपसी सामाजिक सम्बन्ध कस्तो हुनु पर्छ, यस कुरामा बिस्तारपूर्वक उपदेश दिएका छन् ।

माता-पितालाई भिक्षुहरू ! सय वर्षसम्म एउटै काँधमाथि बोक्ने र उनीहरूलाई नुहाईदिने, तेल घस्ने, हात-खुट्टा मिच्ने आदि कामले सेवा गरेर र उनीहरूले उसको काँधमाथि दिसा-पिसाब गर्छन् भने पनि भिक्षुहरू, यो माता-पिताले गरेका उपहारको प्रत्युपकार हुँदैन । भिक्षुहरू, यस रत्न-बहुल पृथ्वीको ऐश्वर्य-राज्य समेत माता-पितालाई सुम्पिए पनि यो माता-पिताले गरेका उपकारको प्रत्युपकार हुँदैन । यो किन ? भिक्षुहरू, माता-पिताको सन्तानहरूमाथि निकै उपकार छ । उनीहरूले सन्तानको देखभाल गर्छन्, पोषण गर्छन्, मातापिताले सन्तानलाई यो लोक देखाउँछन् । अर्थात् उनीहरू सन्तानहरूलाई यस लोकसँग परिचित गराउँछन् । भिक्षुहरू जसले अश्रद्धावान् माता-पितालाई श्रद्धासम्पदामा शीलसम्पदामा प्रेरित गर्छ, स्थापित गर्छ प्रतिष्ठापित गर्छ, दुःशील माता-पितालाई शील सम्पदामा प्रेरित गर्छ, स्थापित गर्छ, प्रतिष्ठापित गर्छ- दुष्प्रज्ञ मातापितालाई प्रज्ञा-सम्पदामा प्रेरित गर्छ, स्थापित गर्छ, प्रतिष्ठापित गर्छ- तब मात्र माता-पिताले गरेको उपकारको प्रत्युपकार हुन्छ ।

दीघ निकायको सिगाला सुत्तबाट थाहा पाइन्छ कि भगवान बुद्ध राजगृहमा एक पटक वेलवानमा विहार गर्दै थिए । भिक्षाटनका लागि निक्लिएका बुद्धको श्रेष्ठिपुत्र सिगालसँग भेट भयो, जो छ दिशाहरूलाई झुकेर नमस्कार गरिरहेको थियो । बुद्धले सोधेपछि उसले बतायो कि उसका पिताले बाल्यकालमा उसलाई छ दिशाहरूलाई नमस्कार गर्न सिकाएका थिए, तर यसको अर्थ उसलाई थाहा छैन ।

भगवान बुद्धले सिगाललाई उपदेश दिँदै भने कि उनको धम्ममा पूर्वको अर्थ माता-पिता, दक्षिणको अर्थ गुरु र शिक्षक, पश्चिमको अर्थ पत्नी र सन्तानहरू, उत्तरको अर्थ मित्र, नातेदार र समाज, धरतीको अर्थ कर्मचारी, नोकर-चाकर र आकाशको अर्थ साधु, सन्त, महापुरुष तथा आर्दश व्यक्ति हुन्छ । बुद्धले भने कि छ दिशाहरूको पूजा यस ढङ्गले गर्नु पर्छ । भगवान बुद्धले माता-पिताको सेवा गर्न सिकाए । उनले कुनै काल्पनिक ईश्वरलाई होइन बरु माता-पितालाई नै ब्रम्हा भने । 'ब्रम्हा ती मातापितंरो' बुद्धिमान मानिसले माता-पिताको उचित

आदर-सत्कार गर्नु पर्छ, उनीहरूको पूजा गर्नु पर्छ । ब्रम्हको अर्थ हो अनन्त मैत्री, अनन्त मुदिता, अनन्त करुणा र अनन्त उपेक्षा (समभाव) ले भरिएको व्यक्ति । बुद्धले माता-पितालाई नै ब्रम्हको दर्जा दिए । उनले भने कि माता-पिता नै जन्मदाता हुन् र सन्तानहरूको पालन-पोषण गर्छन् । यसैले हर मानिसले आफ्ना माता-पिताको आदर गर्नु पर्छ, बुढेसकालमा उनीहरूको देखभाल गर्नु पर्छ र उनीहरूका लागि सम्भव भएसम्म सबै थोक अवश्य गर्नु पर्छ । बुद्धले भने कि आफ्नो परिवारको मान-सम्मानलाई अक्षुण्ण राख्नु पर्छ र सन्तानहरूले आफ्ना माता-पिताद्वारा कमाइएको सम्पत्तिको रक्षा गर्नु पर्छ । उनले भने कि जुनसुकै मानिसले दिन-रात आफ्ना माता-पिताको सेवा गरे पनि ऊ उनीहरूको ऋणबाट मुक्त हुन सक्दैन । उनीहरूको ऋणबाट मुक्त हुने एउटै तरिका छ कि यदि माता-पिता शीलवान छैनन् भने उनीहरूलाई शीलवान बन्नमा सहयोग गरौं; शीलवान छन् तर समाधिमा प्रतिष्ठापित छैनन् भने समाधिमा प्रतिष्ठापित गर्नमा सहयोग गरौं । यदि शीलवान छन् र समाधिमा प्रतिष्ठित छन् तर प्रज्ञामा प्रतिष्ठित छैनन् भने उनीहरूलाई प्रज्ञामा प्रतिष्ठित गरौं । बुद्धले अगाडि भने कि माता-पिताको पनि आफ्ना सन्तानहरूकाप्रति उत्तरदायित्व हुन्छ, उनीहरूका जिम्मेदारी छन् कि उनीहरू आफ्ना बच्चाहरूलाई खराब बानीहरू र अकुशल कामहरूबाट बचाएर राखुन्, उनीहरूलाई राम्रोभन्दा राम्रो शिक्षा दिलाउन् उनीहरूलाइ राम्रो आय हुने असल काम-धन्धामा लगाउन्, विवाहयोग्य भएपछि उनीहरूको विवाह गरिदिउन् र उचित समय आएपछि पारिवारिक सम्पति उनीहरूलाई हस्तान्तरण गरिदिउन् ।

शिष्यले आफ्नो गुरुको आदर-सम्मान गर्नु पर्छ, उनको आज्ञाको पालन गर्नु पर्छ, उनका आवश्यकताहरूलाई पूरा गर्नु पर्छ र मिहिनेत तथा लगनका साथ पढाई गर्नु पर्छ । शिक्षकले पनि आफ्नो शिष्यलाई सही र समुचित शिक्षा-ज्ञान दिनु पर्छ, उसलाई उचित रूपले पढाउनु पर्छ, असल सङ्गतको लागि उसलाई प्रेरित गर्नु पर्छ, शिक्षा समाप्त भएपछि रोजगार प्राप्त गर्नमा सहायक बन्नु पर्छ ।

पति र पत्नीका बीचको प्रेमलाई उनले पवित्र प्रेमको संज्ञा दिए । त्यसलाई सादर ब्रम्हचर्या (पवित्र गहस्थ जीवन) भने । उनले पति र पत्नीको सम्बन्धलाई सर्वोच्च सम्मान दिए । उनले भने कि पति र पत्नी एक-अर्काको विश्वासपात्र बनुन्, एक-अर्काको सम्मान गरुन्, एक-अर्काप्रति पूर्णतया समर्पित रहुन्, एक अर्काप्रति आफ्ना उत्तरदायित्वको पालन गरुन् । उनले भने कि पति-पत्नी एक -अर्काको पूरक हुन्छन् । पतिको कर्तव्य हो कि उसले आफ्नी पत्नीको मान-

सम्मानको रक्षा गरोस्, कहिल्यै अपमान नगरोस्, अपमान हुन नदेओस्, अनैतिक मिथ्याचारबाट टाढा रहोस्, आफ्नो आम्दानीको हिसाबले धन-सम्पतिबाट पत्नीलाई सन्तुष्ट राखोस् र समय-समयमा पत्नीलाई वस्त्र-आभूषण उपहार दिई रहोस् । पत्नीको पनि यो कर्तव्य हो कि घरका कामकाज ठीकसँग गरोस् घरको कामकाजमा अल्छी नगरोस् परिवारका सबै व्यक्तिहरूलाई आदर गरोस्, नातेदारको उचित आदर-सम्मान गरोस्, अनैतिक मिथ्याचारबाट टाढा रहोस्, पतिको आम्दानीको सुरक्षा गरोस्, सतर्क र दक्ष रहोस् ।

भगवान बुद्धले भने कि मित्र-छरछिमेकी-नातेदारहरूको उचित सादर-सत्कार गर्नु पर्छ, उनीहरूसँग प्रेम र प्रसन्नतापूर्वक कुराकानी गर्नु पर्छ, उनीहरूको भलाईको कामना गर्नु पर्छ, उनीहरूसँग बराबरीको व्यवहार गर्नुपर्छ र आइपरेको वेला उनीहरूलाई मदत गर्नु पर्छ, सङ्कटको समयमा कहिल्यै साथ छोड्नु हुँदैन ।

मालिकको आफ्ना नोकरहरू र कर्मचारीहरूकाप्रति पनि उत्तरदायित्व छ । उसको यो जिम्मेदारी हुन्छ कि ऊ उनीहरूलाई योग्यता र क्षमताअनुसारको काम मात्र देओस् कामको बदलामा समुचित तलब र पारिश्रमिक देओस् । उनीहरूको स्वास्थ्यको ख्याल राखोस्, समय-समयमा उनीहरूलाई अनुदान, बक्सिस् र बोनस दिई रहोस् । नोकर र कर्मचारीहरूको पनि जिम्मेदारी हो कि उनीहरू आलस्यलाई त्यागेर मिहिनेत-लगन र पूरै निपुणताले आफ्नो काम गरुन्, इमानदार रहुन्, अज्ञाकारी रहुन र कहिल्यै पनि मालिकलाई धोका नदिउन् ।

उपासक र भिक्षुका सम्बधका बारेमा बुद्धले भने कि उपासक-उपासिकाहरूले आफ्ना धम्मगुरु, भिक्षुहरूका भौतिक आवश्यकताहरूलाई प्रेम र सम्मानका साथ पूरा गर्नु पर्छ । धम्मगुरुले करुण-हृदयले उपासक-उपासिकाहरूलाई धम्म सिकाउनु पर्छ, जसबाट कि उनीहरू धम्ममार्गमा हिंडेर नैतिक एवम् आध्यात्मिक जीवन जिउन सकुन् ।

यति मात्र होइन उनले सिगाललाई भने कि लालच, रिस, वासना, भय र ईर्ष्यामा वशीभूत भएर कुनै काम गर्नु हुन्न । उनले अगाडि भने कि मद्यपान नगर, सडकहरूमा राती अबेरसम्म घुमफिर नगर, जुवा नखेल, वेश्यावृत्ति र नाचगानहरूबाट टाढा रहू, चरित्रहीन मानिसहरूसँग सङ्गत नगर र अल्छि नबन किनकि यी बानीहरूले विनाशतिर लिएर जान्छ । यति मात्र होइन उनले यो पनि बताए कि कस्तो व्यक्तिसँग मित्रता गर्नु पर्छ, उनले भने कि असल मित्र

त्यही हो जसको मित्रतामा स्थिरता हुन्छ, जो सम्पन्नता-विपन्नता, सुख-दुःख, सफलता-असफलता सबै परिस्थितिहरूमा समान व्यवहार गर्छ, जसको भावना तपाईंका प्रति ढुलमुल हुँदैन, तपाईंको कुरा सुन्छ, सङ्कटको समयमा साथ दिन्छ, आफ्ना सुख-दुःखमा सामेल गर्छ र तपाईंका सुख-दुःखलाई आफ्नो ठान्छ ।

सद्‌गुणी मानिसहरूसँग सम्बन्ध बढाऊ र घटिया मानिसहरूको सङ्गत र घटिया मार्ग त्यागी देऊ, आत्म-साधना र सच्चरित्रता बढाउने वातावरणमा बस, सद्धर्म एवम् शील अपनाउने र आफ्नो कार्य गहनतापूर्वक गर्न सक्ने अवसरहरूलाई बढाउँदै रहू, आफ्ना माता-पिता या पत्नी र बच्चा-बच्चीहरूको राम्रो सङ्गतले हेरगिवचार गर, उनीहरूका निम्ति समय निकाल । आफ्नो समय, साधनहरू र प्रसन्नतामा अरूहरूलाई पनि भागिदार बनाऊ । सद्‌गुण अपनाउनको लागि अवसर जुटाऊ र मद्यपान एवम् जुवाबाट बच । विनम्रता, कृतज्ञता र सादा जीवन जीवनयापनको कला सिक । भिक्षुहरूको निकट आउने अवसरको खोजीमा लाग, जसले गर्दा सद्धर्मको अध्ययन गर्न सक । चार आर्य सत्यहरूको आधारमा जीवनयापन गर । ध्यान साधना सिक जसले गर्दा दुःख र चिन्ताहरूको नाश हुन सकोस् ।

भगवान बुद्धले बताएका यी सूत्रहरूको पान गरेर हामी आफ्नो गृहस्थ र पारिवारिक जीवन सुखी बनाउन सक्छौं ।

पुत्र या पुत्री

एक पटक भगवान बुद्ध श्रावस्तीको जेतवनमा विहार गर्दै थिए । कोसलराज प्रसेनजित त्यहाँ उपस्थित थिए । कोसलराजनेर एक सन्देशबाहक आयो र उसले राजालाई प्रणाम गरेर उनको कानमा सन्देश बतायो- देव, मल्लिका देवीले कन्या जन्माउनुभयो । कन्याको नाम सुनेर राजा खिन्न भए । भगवान बुद्धले मनोभाव बुझिहाले र भने- राजन ! कतिपय स्त्रीहरू पुरुषहरूभन्दा श्रेष्ठ हुन्छन्, मेधावी हुन्छन् । शीलवती हुन्छन् । ससुरा-सेवक हुन्छन् । पतिव्रता हुन्छन् । राजन उनीहरूबाटै दिशाहरूमा विजय प्राप्त गर्ने महाशूरवीर पुत्रले जन्म लिन्छ । दिशापति हुन्छ । त्यस सुयोग्य स्त्रीको पुत्रले राज्य शासन गर्छ ।

आज जब गर्भ परीक्षण गराएर मानिसहरू कन्याको भ्रूण हत्या गराउँछन्, आज पनि कन्या जन्मिँदा कैयौं मानिसहरू दुःखी हुन्छन् । यस्ता मानिसहरूका लागि भगवान बुद्धद्वारा राजा प्रसेनजितलाई दिइएको धम्मोपदेश अनुकरणीय छ ।

आम्दानी र खर्चको सन्तुलन

भगवान बुद्धलाई राम्रोसँगले थाहा थियो कि मानिसहरूको सुख-सुविधाहरूका निम्ति आर्थिक स्थिरता हुनु जरुरी छ । यसै कारण उनले मानिसहरूलाई निकै मिहिनेत र इमानदारीका साथ, अर्कालाई शोषण नगरेरै, त्यसरी नै पैसा कमाउनलाई भने जसरी 'माहुरीले फूलहरूलाई कुनै नोक्सानी नपुऱ्याएरै मह निकाल्छ ।' उनले भने- "एक गृहस्थसँग न्यायत: ठूलो परिश्रमले, बाहुबलले, पसिना बगाएर कमाएको धन हुनु पर्छ ।"

उनले बताए कि धन कमाउनको लागि अल्छी गर्नु हुँदैन र सर्दी-गर्मी, घाम-छाया आदिको पर्वाह नगरेर आफ्नो परिवारको भरण-पोषणका लागि धन कमाउनु पर्छ । तर अनैतिक तरिकाहरूले, नाजायज ढङ्गले होइन । यस्ता धन्धाहरूले जो शील-सदाचारको सट्टा कुटिलता र दुराचारको सहायक हुन्छन् जस्तै रक्सी र लागूपदार्थहरूको व्यापार, हतियारहरूको खरीद-विक्री र मासुको व्यापार गर्नु हुँदैन । जायज तरिकाहरूले र अहिंसात्मक ढङ्गले नै धन कमाउनु पर्छ ।

नैतिक मूल्यहरूको विकासप्रति सचेत रहनु पर्छ र लालचलाई काबूमा राख्नु पर्छ । काम-भोगहरूमा लिप्त भई रहनु हुँदैन । आफ्ना इच्छाहरूलाई काबूमा राख्ने प्रयास सधैं गरिरहनु पर्छ । आफ्नो आम्दानीलाई चार भागमा बाँडेर एक हिस्सा दैनिक जीवनको खर्चमा लगाउनु पर्छ, दोस्रो-तेस्रो हिस्सा आफ्नो व्यापार-व्यवसायलाई बढाउनमा लगाउनु पर्छ, चौथो हिस्सा भविष्यका लागि जोगाएर राख्नु पर्छ । आजको युगमा आर्थिक वातावरण निकै परिवर्तन भइसकेको छ, तै पनि बुद्धको उपर्युक्त शिक्षा त्यति नै प्रासङ्गिक छ जति उनको समयमा थियो । केवल उपभोग र वचतको प्रतिशत परिवर्तन हुन सक्छ, मूलभूत सिद्धान्त त्यही हो । बुद्धले धन कमाउने र खर्च गर्ने, दुईटै कुरामा नैतिक मूल्यहरूमाथि निकै जोर दिएका छन् । बुद्धले गृहस्थ उपासकहरूलाई सल्लाह दिए कि आम्दानीलाई परिवार, कर्मचारीहरू, नातेदारहरू, मित्रहरू र आध्यात्मिक साधनामा लागेका मानिसहरूमा बाँड्नु पर्छ । धन कमाउनुको उद्देश्य पारिवारिक र सामाजिक जिम्मेदारीहरूलाई पूरागर्नको लागि हुनु पर्छ न कि धन थुपार्नका लागि । बुद्धले यस्ता गृहस्थहरूको तुलना गाउँ-सहरको निकटस्थित स्वच्छ नीलो र शीतल जलयुक्त यस्तो तालसँग गरे जसको पानी मानिसहरू पिउन सक्छन्, त्यसले नुहाउन सक्छन् र अन्य उपयोगमा ल्याउन सक्छन् । यस प्रकार गृहस्थहरूलाई पञ्चशीलको पालन गर्दै धन कमाउने सल्लाह दिइएको थियो ।

बुद्धले गृहस्थ र भिक्षुहरूलाई एकै किसिमको नैतिक शिक्षाहरू दिए, अन्तर केवल शीलको मात्राको थियो । जहाँ गृहस्थका लागि पञ्चशील र अष्टशील पर्याप्त छन्, त्यहीं भिक्षुहरूले दुई सय पचास शीलहरूको पालन गर्नुपर्ने हुन्छ ।

श्रमको महत्व

भगवान बुद्ध श्रमलाई निकै महत्व दिन्थे । श्रमिकहरूलाई उनी सम्मानको दृष्टिले हेर्थे । भगवान बुद्ध श्रमण संस्कृतिका थिए । श्रमणको अर्थ हुन्छ कसैको कृपाको भरोसामा नबाँचेर आफ्नै श्रमद्वारा मुक्त अवस्थासम्म पुग्नु ।

भगवान बुद्धलाई शारीरिक श्रमसँग पनि कुनै किसिमको अरूचि थिएन । वप्रमङ्गल उत्सव (ध्यान छर्ने पहिलो दिन मनाइने उत्सव जसमा हर शाक्यले आफ्नो हलो जोत्नु पर्छ ।) को समयमा उनी स्वयम् हलो जोत्ने गर्थे । उनका पिता राजा शुद्धोदनसँग निकै खेत थिए । एक दिन आफ्ना केही मित्रहरूका साथ सिद्धार्थ आफ्ना पिताको खेतमा गए । त्यहाँ उनले देखे कि मजदूरहरू खेतहरूमा काम गरिरहेका छन् तर उनीहरूका शरीरमा पर्याप्त लुगा पनि छैनन् । उनीहलाई मध्यदिनको तात्तातो घामले पोलिरहेको छ । यस दृश्यले सिद्धार्थ गौतमको कोमल मनमा गहिरो प्रभाव पाऱ्यो । उनको मनमा यस प्रश्नले जरा गाड्यो कि मजदूर मिहिनेत गर्ने र मालिक उसको मजदूरीबाट मोज गर्ने, यो कसरी ठीक हुन सक्छ ? एउटा मानिसले अर्को मानिसको शोषण गर्ने, के यससलाई ठीक भन्न सकिन्छ ?

बुद्धत्व प्राप्तिको एघारौं वर्षमा गौतम बुद्ध मगधमा थिए ।

एक समय भगवान मगधको दक्षिणागिरिमा एकनाला नामक ब्राम्हणहरूको गाउँमा विहार गर्दै थिए । त्यस समय कासिभारद्वाज ब्राम्हणका पाँच सय हला बीउ छर्ने समयमा जोताइको काममा लागेका थिए । तब भगवान पूर्वार्द्ध समयमा कपडा लगाएर, पात्र र चीवर लिएर जहाँ कासिभारद्वाज ब्राम्हणको कार्यस्थल थियो, त्यहाँ गए, त्यस समय कासिभारद्वाज ब्राम्हणकहाँ भोजन पस्किने काम भइरहेको थियो । कासिभारद्वाज ब्राम्हणले भगवानलाई भोजनका लागि उभिएको देख्यो र भगवानसँग यस्तो भन्यो, 'हे श्रमण, म जोत्छु र बीउ छर्छु, जोतेर अनि बीउ छरेर खान्छु । हे श्रमण, तिमी पनि जोत र बीउ छरेर खाऊ ।'

भगवान बुद्धले भने, "ब्राम्हण, म पनि जोत्छु, अनि बीउ छर्छु, जोतेर अनि बीउ छरेर खान्छु ।"

"हामीहरू तपाईंका हलो, जुवा, फाली अथवा गोरुहरू देखिरहेका छैनौं, तैपनि गौतम तपाईं यस्तो भन्दै हुनुहुन्छ- ब्राम्हण, म जोत्छु र बीउ छर्छु, जोतेर अनि बीउ छरेर खान्छु ।"

"तपाईं आफूलाई कृषक भन्नुहुन्छ तर तपाईंको कृषिलाई हामी देखिरहेका छैनौं । हामी सोध्नेहरूलाई आफ्नो कृषि देखाउनुहोस्, जसले कि हामीहरू तपाईंको कृषिलाई चिनौं ।"

भगवान बुद्धले भने, "श्रद्धा मेरो बीउ हो, तप वृष्टि, प्रज्ञा मेरो जुवा र हलो हो, लज्जा हरिस हो, मन जोतारो हो, स्मृति मेरो फाली हो । शरीरले संयत छु । वचनले संयत छु । भोजन र पेटकाप्रति संयत छु । म सत्यको मजदूरी गर्छु । अर्हत्वको प्राप्ति नै मेरो बाली काट्नु हो । मेरो वीर्य गोरु हो र निर्वाणको गाडी हो । त्यो नरोकिएरै हिँड्छ र त्यहाँ गइरहेको छ जहाँ गएर शोक मान्नु पर्दैन । यस प्रकारले गरिएको यो कृषि अमृतफलदायी हुन्छ, यस कृषिलाई गरेर मनुष्य सम्पूर्ण दुःखहरूबाट मुक्त हुन्छ ।"

तब कासिभारद्वाज ब्राम्हणले एक निकै ठूलो कांसको थालमा खीर पस्केर भगवानको छेउमा ल्यायो र खीर खानलाई आग्रह गर्न थाल्यो । तर भगवानले भने :

गाथागीतं मे अभोजनेय्यं, संपस्सतं ब्राम्हण नेस धम्मो ।

गाथा भिगजीतं पनुदन्ति बुद्धा, धम्मे सति ब्राम्हण वुत्तिरसा ॥

(धर्मोपदेश गर्नाले प्राप्त भोजन मेरा लागि अभोज्य हो । ब्राम्हण, असल जानिफकारको यो नियम होइन । बुद्ध धर्मोपदेशले प्राप्त भोजनलाई त्यागीदिन्छन् । ब्राम्हण, धर्म विद्यमान रहँदा यो रीति हो ।)

ज्ञानी, महर्षि र चन्चलतारहितहरू मेरा लागि अर्को खाना र पेय ल्याऊ । पुण्य चाहनेका लागि यो उत्तम क्षेत्र हुन्छ ।

यस प्रकार भगवान बुद्धले मानसिक र शारीरिक दुवै प्रकारका श्रमलाई उत्तिकै महत्व दिए ।

प्रेम र सौहार्दको महत्व

गौतम बुद्ध एक पटक श्रावस्तीमा अनाथपिण्डक जेतवनाराममा विहार गर्दै थिए । एक दिन कोशल नरेश प्रसेनजितले सोधे, भगवान सुनेको छु कि तपाईं

प्रेम गर्नलाई मनाही गर्नु हुन्छ । तपाईं भन्नुहुन्छ कि प्रेमले दुःख उत्पन्न हुन्छ र प्रेमले भय, जो प्रेमले मुक्त छ, उसलाई शोक र भय कहाँबाट हुन्छ, भगवान अनि के प्रेमविना जीवन निरस हुने छैन ?

बुद्धले भने, "प्रेम कैयौं किसिमका हुन्छन्, प्रेमको स्वभावलाई चिन्नुहोस् । प्रेम जीवनमा निकै आवश्यक छ, तर प्रेम कामवासनाबाट वशीभूत भएर, आकर्षण, भेदभाव र पूर्वाग्रहहरूमा आधारित हुनु हुँदैन । प्रेम मैत्री र करुणामा आधारित हुनु पर्छ । साधारणतया लगाव या पूर्वाग्रहका कारण नै मानिसहरू स्वयम् पनि दुःखी हुन्छन् र अरूलाई पनि दुःखी बनाउँछन् । राजन, सबै मानिसहरू जुन प्रेमको भोको हुन्छन्, त्यो हो मैत्री र करुणा । मैत्री यस्तो प्रेम हो, जसले अरूलाई पनि हर्षित गर्न सक्छ । करुणा यस्तो प्रेम हो, जसबाट अरूका दुःख हटाउन सम्भव हुन्छ । मैत्री र करुणालाई कुनै प्रतिफलको अपेक्षा हुँदैन । प्रेमपूर्ण मैत्री र करुणा आफ्ना मातापिता, पति या पत्नी, बच्चाबच्चीहरू, नातेदारहरू, आफ्नो जातिका सदस्यहरू या देशका मानिसहरूसम्म मात्र सीमित हुँदैन । यसमा म र मेरोको कुनै भेद हुँदैन । जब कुनै प्रकारको भेदभाव हुँदैन भने तदनुरूप कुनै लगाव पनि हुँदैन । यसबाट कुनै दुःख या निराशा हुँदैन । मैत्री र करुणाविना जीवन अर्थहीन र खोक्रो हुन्छ । मैत्री र करुणाले जीवन शान्ति, उल्लास र सन्तोषले भरिन्छ । तपाईं एउटा देशको राजा हुनुहुन्छ, यदि तपाईंले प्रेमपूर्ण मैत्री र करुणा अपनाउनुभयो भने तपाईंका समस्त प्रजाजनहरूलाई लाभ हुनेछ ।"

भगवान बुद्धले भने कि प्रेम र स्वतन्त्रता दुवै सँगसँगै हिँड्छन् । त्यही प्रेम साँचो प्रेम हो जसमा दुइटै प्रेमीहरूलाई स्वतन्त्रता हुन्छ । स्वतन्त्रताविना प्रेम जेलको कैदजस्तो हुन पुग्छ । उनले प्रसेनजितसँग सोधे कि के त्यस बूढी स्वास्नीमान्छेको कथा सुन्नुभएको छ जसले आफ्नै छोराहरूलाई जहर दिई ?

उत्पलवर्णाले आफ्नो जीवनगाथा बताई कि सोह्र वर्षको उमेरमा विवाह भएपछि उसका ससुरा बिते र उसकी सासु आफ्नै पुत्रसँग नै शरीर सम्पर्क राख्न थाली । उत्पलवर्णाले एक पुत्रीलाई जन्म दिई र आफ्नी सासु र पतिका सम्बन्धहरूले दिक्क भएर पुत्रीलाई छाडेर घरबाट भागेर गई । केही वर्षपछि उसले एक व्यापारीसँग विवाह गरी । उसलाई थाहा भयो कि उसको पतिले पनि एउटी रखेल्नीलाई राखेको छ । गोप्यरूपले खोजबीन गरेपछि थाहा भयो कि त्यो रखेल्नी अरू कोही होइन, बरु उसकै त्यो छोरी थिई, जसलाई उसले वर्षौंअघि छोडेर भागेकी थिई । उसको कष्ट र कटुता यति तीव्र थियो कि ऊ समस्त

संसारलाई नै घृणा गर्न थालेकी थिई । न ऊ कसैलाई प्रेम गर्थी न कसैको भरोसा नै । ऊ नर्तकी बनिसकेकी थिई । तर भिक्षुणी बनेपछि ऊ धम्म मार्गमा आरुढ भई र हृदयबाट रागद्वेष पूरै किसिमले निकालेर अर्हत पद प्राप्त गरी ।

भगवान बुद्धका अनुसार सहृदयता र प्रेम एउटै हुन् । सहृदयताविना प्रेम हुनै सक्दैन । प्रत्येक प्राणीको प्रकृति उसको भौतिक रचना, भावनात्मक र सामाजिक स्थितिहरूका अनुरूप निर्मित हुन्छ । यस तथ्यलाई बुझिसकेपछि ऊ निर्दयतापूर्वक व्यवहार गर्नेप्रति पनि घृणा गर्न सक्दैन । सहृदयताले करुणा र प्रेमका भावहरूको उदय हुन्छ, जसले व्यक्ति सद्कर्महरूति र प्रवृत्त हुन्छ । प्रेम गर्नको लागि पूर्ण सत्यलाई बुझ्नुपर्ने आवश्यकता हुन्छ । यसैले मुक्तिको कुन्जी सहृदयतापूर्ण ज्ञान हो । भगवान बुद्धले भने कि प्रेमको स्वभावबाट बुझ । यस दुनियाँमा केही पनि सधैं एकै जस्तो रहँदैन । परिवर्तन नै संसारको नियम हो ।

सामाजिक क्रान्ति

शील, सदाचारले आफू सँगसँगै अरू मानिसहरूको पनि कल्याण अनिवार्य रूपले हुन्छ नै । यसैले यदि मनुष्यको कल्याण भइरहेको छ भने समाजको कल्याण हुन्छ नै । चित्तमा ब्रम्हप्रवृत्तिहरू जाग्छन् नै, समाधि र प्रज्ञा प्रबल भए भने अरूका प्रति मङ्गलमैत्री, करुणा र मुदिताको भावना जाग्छ नै । वैर-वैमनस्य मेटियो भने समाजमा शान्ति बढ्छ नै । चित्तको सजगता र जागरुकताले हामी चारैतिर घट्ने घटनाहरूका प्रति संवेदनशील बन्छौं र सामयिक आर्थिक समस्याहरू गरिवी, भोकमरी, रोगहरूसँग लड्नमा मानिसहरूको मदत गर्नका लागि बढी तत्पर हुन्छौं । व्यक्तिको कुनै स्वतन्त्र सत्ता हुँदैन, उसको कुनै स्वतन्त्र अस्तित्व हुँदैन । ऊ धेरैजसो चीजहरूका लागि अरूमाथि निर्भर हुन्छ । व्यक्ति र समाजको पारस्परिक निर्भरता, आफ्नो र अरूको पारस्परिक निर्भरतालाई पटिच्चसमुपपादको मदतले बुझ्न सकिन्छ ।

धार्मिक क्रान्ति

गौतम बुद्धभन्दा पहिले जुन वर्णाश्रिम व्यवस्था प्रचलनमा थियो, त्यसमा यो मान्ने गरिन्थ्यो कि जीवनका सुरुका पच्चीस वर्ष ब्रम्हचर्य, छब्बीसदेखि पचास वर्ष गृहस्थ, एकावन्नदेखि पचहत्तर वर्षसम्म वानप्रस्थ र त्यसपछि सन्न्यास लिनु पर्छ । बुद्धले यस व्यवस्थालाई पूर्णत नकारी दिए । उनले बताए कि यदि सही अर्थमा सन्न्यास लिनु छ र सही अर्थमा मनोविकारहरूबाट मुक्त हुनु छ भने

शील-सदाचारको पालन युवावस्थादेखि नै गर्नु पर्छ । उनले भने कि जो मानिस यस मार्गमा हिँडेर पूर्ण मुक्त अवस्थासम्म पुग्न चाहन्छन्, उनीहरूले पचहत्तर वर्षको उमेरसम्म प्रतीक्षा गर्नुपर्ने आवश्यकता छैन, उनले सम्झाए कि शारीरिक शक्ति एउटै हो चाहे त्यसलाई काम-वासनाहरूमा नष्ट गर या आफ्ना मनोविकारहरूलाई हटाउनमा त्यसको सदुपयोग गर । जुन बानीहरू हामी जवानीमा पाल्छौं, बूढेसकालसम्म ती कायम रहन्छन् । बूढेसकालमा हाम्रो शक्ति त क्षीण हुन्छ तर वासनाहरूका मनोविकार बढ्दै जान्छन्, यसैले जसले आफ्नो जवानीका दिनहरूदेखि नै धम्मको जीवन सुरु गर्छन्, उनीहरूको तुलना बादलहरूले मुक्त चन्द्रमासँग हुन्छ, जसले सारा दुनियाँलाई उज्यालोले भरिदिन्छ ।

बुद्धका शिक्षाहरूले मानिसका हृदय र मस्तिष्कलाई छुन्थे, जसले गर्दा हजारौं पुरुष र महिलाहरू भिक्षु र भिक्षुणी बने र करोडौंको सङ्ख्यामा गृहस्थ मानिसहरू बुद्ध धम्मका अनुयायी बने । यस प्रकार बुद्धले मानव इतिहासमा पहिलो पटक यति ठूलो धार्मिक क्रान्ति गरेर देखाए, जसमा कहीं पनि र कहिल्यै पनि कुनै प्रकारको बल, लोभ, लालचको प्रयोग गरिएको थिएन । मानिसहरू स्वेच्छाले चुम्बकझैं तानिएर आउँथे । बुद्धले भने कि उनी पनि हामीहरूजस्तै एक सामान्य रीतिले जन्मिए, एक सामान्य बालकझैं बाल्यकाल बिताउँदै, बालकबाट युवक भए, स्कुल गए अनि विवाह गरे र तेह्र वर्षसम्म गृहस्थ जीवन बिताए, एक बच्चाको पिता बने र उनन्तीस वर्षको परिपक्व उमेरमा गृहत्याग गरे । उनको पूरा जीवन ऐतिहासिक छ र ऐतिहासिक दस्तावेजहरूले प्रमाणित छ । उनको जीवनको कुनै घटनामा कतै कुनै पौराणिकता, असामान्यता र कल्पना छैन । उनले यो प्रमाणित गरिदिए कि कसरी एक सामान्य व्यक्ति आर्य आष्टाङ्गिक मार्गमा हिँडेर, शील-समाधि-प्रज्ञाको जीवन जिएर मुक्त हुन सक्छ र मानव जीवनको सर्वोच्च लक्ष्य निर्वाणलाई प्राप्त गर्न सक्छ ।

भगवान बुद्धको कथनी र करनीमा कहिल्यै कुनै अन्तर रहेन । उनले त्यही सिकाए जस्तो जीवन उनले स्वयम् बिताए । यसैले उनलाई "यथावादी तथाकारी, तथाकारी यथावादी" भन्ने गरिन्छ । दुनियाँमा यसरी कैयौं धर्म-शिक्षक र प्रचारक जन्मे जसले कुरा त निकै आदर्शका गरेका छन् तर ती आदर्शहरूलाई स्वयम् आफ्नो जीवनमा लागू गरेनन्, तर बुद्धको कथनी र करनीमा कहिल्यै कुनै अन्तर रहेन । उनको सम्पूर्ण जीवनमा कहिल्यै कुनै रहस्य र शंकाको कुरा देखिएन । गौतम बुद्धसँग सम्बन्धित सारा घटनाहरू, उनको जन्म-बाल्यकाल-गृहस्थ जीवन-महाभिनिष्क्रमण-बुद्धत्व प्राप्ति-उपदेश-महापरिनिर्वाण सबैथोक ऐतिहासिक दस्तावेजहरूबाट प्रमाणित छन् । भगवान बुद्ध पैंतालिस वर्षसम्म लगातार गाउँ-गाउँ, टोल-टोल, सहर-सहर

गएर धर्म उपदेश गरिरहे र अनन्त करुणा र मैत्रीका साथ कुनै पनि प्रकारको भेदभाव नगरिकनै सबैलाई मुक्त हृदयले धम्म बाँडिरहे । भारतवर्षमा पहिलो पटक स्त्रीहरू र वैदिक व्यवस्थामा नीच ठानिने शोषित र दबाइएका - कुल्चिएका मानिसहरूले बराबरीको हक पाए । बुद्धले सबैलाई आफ्नो सङ्घमा सामेल गरेर, दुनियाँमा पहिलो पटक विना कुनै हिंसा या विना कुनै बल प्रयोगले सामाजिक क्रान्ति गरेर देखाए । भगवान बुद्ध दुनियाँमा पहिलो धर्मप्रचारक थिए जसले भिक्षु र भिक्षुणीहरूलाई चारै दिशाहरूमा धम्म सिकाउनका लागि पठाए र पैंतालिस वर्षसम्म स्वमय् पनि धम्मोपदेश दिँदै रहे ।

आज, जब दुनियाँमा असमानता बढिरहेको छ, एक नयाँ किसिमको आर्थिक साम्राज्यवाद हुर्किँदै छ र शक्तिशाली देशहरू कमजोर देशहरूमाथि धाक जमाइरहेका छन्, राजनेताहरू नियम र कानुनहरूको धज्जी उडाइरहेका छन् । मानिसहरूका आपसी नाताहरूमा तनाव आइरहेको छ, संयुक्त परिवार छिन्नभिन्न भइरहेका छन्, वूढा र कमजोर मानिसहरूका प्रति उपेक्षाभाव बढिरहेको छ, यस्तो समयमा भगवान वुद्धका शिक्षाहरू पहिलेभन्दा पनि बढी प्रासङ्गिक भएका छन् ।

भगवान वुद्धका उपदेशहरूलाई पालि भाषामा सङ्गृहीत गरिएको छ । पन्ध्र हजार पृष्ठहरूमा पालि भाषामा सङ्गृहीत मूल बुद्धवाणी, पैंतीस हजार पृष्ठहरूमा अट्ठकथाहरू तिनमाथि लेखिएका टीकाहरू सङ्गृहीत छन् । धम्मपथमा हिँड्ने प्रत्येक साधकका लागि बौद्ध वाङ्मयको ज्ञान अत्यावश्यक छ किनकि धम्मको व्यावहारिक पक्षलाई सुदृढ गर्नको लागि सैद्धान्तिक पक्षको ज्ञान हुनु जरुरी छ ।

-समाप्त-

यस पुस्तकका लेखक आनन्द श्रीकृष्णले बुद्धको जीवनीसँग जोडिएका अनेक मिथकहरूलाई तोडेका छन्– बुद्धले घर किन छोडे, भिक्षुणी संघको स्थापना कसरी भयो, अवतारवाद जस्ता भ्रान्तिहरू कसरी फैलिए इत्यादि ।

लेखकले दृढतापूर्वक लेखेका छन् कि सिद्धार्थ परिवारका समस्त सदस्यहरू र राज्यको जनतालाई जानकारी दिएर २९ वर्षको उमेरमा सन्न्यासीका रूपमा सत्यको खोजका निम्ति निक्लिएका थिए, न कि रातको त्यस समयमा जब घरका सम्पूर्ण सदस्यहरू सुतेका थिए । पुस्तकमा सम्झाइएको छ कि युद्धले कहिल्यै कुनै समस्याको समाधान हुँदैन ।

– डा. नामवर सिंह
(हिन्दी साहित्यका सुप्रसिद्ध लेखक)

BN Pustak Sansar Pvt.Ltd.
Adwaitmarg, Bagbazar, ktm. +977-01-4233874
Email:info@bnpustaksansar.com
www.bnpustaksansar.com

Rs. 225.00